# पारिजातका कथामा प्रजाति, पर्यावरण र क्षण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र

सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत

दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो

सत्रको शोधप्रबन्ध ७२० को

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध

शोधकर्ता

पुण्यप्रसाद गुरागाईं

क्रमाङ्क : २४

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

२०८१

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रका शोधार्थी पुण्यप्रसाद गुरागाईंले तयार पार्नुभएको *पारिजातका कथामा प्रजाति, पर्यावरण र क्षण* शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति २०८१/ ०७/२९

.............................

सहप्रा. डा.रजनी ढकाल

(शोधनिर्देशक)

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

दर्शनाचार्य-विद्यावारिधि तह

कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**दर्शनाचार्य-विद्यावारिधि तह**

**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तह तेस्रो सत्रका शोधार्थी पुण्यप्रसाद गुरागाईंले तयार पार्नुभएको *पारिजातका कथामा प्रजाति, पर्यावरण र क्षण* शीर्षकको शोधप्रबन्ध स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

**हस्ताक्षर**

| | | |
|---|---|---|
| १ . | प्रा.डा. कृष्णप्रसाद न्यौपाने<br>(विभागीय प्रमुख) | ................................... |
| २ . | सहप्रा.डा.रजनी ढकाल<br>(शोध निर्देशक) | ................................... |
| ३ . | सहप्रा.डा नेत्रमणि सुवेदी<br>(आन्तरिक परीक्षक) | ................................... |
| ४. | प्रा.डा. लक्ष्मणप्रसाद गौतम<br>(बाह्य परीक्षक) | ................................... |

# कृतज्ञताज्ञापन

'पारिजातका कथामा प्रजाति, पर्यावरण र क्षण' शीर्षकको प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य-विद्यावारिधि तह, तेस्रो सत्रको पाठ्यांश सङ्केतार्थ ७२० को प्रयोजनार्थ तयार पारिएको छ । प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सहयोग र सुझाव प्रस्तुत गर्नुहुने नेपाली केन्द्रीय विभागका प्रमुख प्रा.डा.कृष्णप्रसाद न्यौपानेप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शोधप्रबन्ध आदरणीय सहप्रा.डा.रजनी ढकालको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । आफ्ना व्यावहारिक कार्यव्यस्तताहरूलाई थाती राखेर कुशल र समुचित दिग्दर्शन गराउनु हुने सहप्रा. डा. रजनी ढकालप्रति हार्दिक कृतज्ञाताज्ञापन व्यक्त गर्दछु । आन्तरिक मूल्याङ्कन गरेर मेरो शोधप्रबन्ध सुधार गर्ने अवसर प्रदान गर्नुहुने सहप्रा.डा.नेत्रमणि सुवेदीप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्ध तयार पार्ने क्रममा विशेष सहयोग र सुझाव प्रदान गर्नुहुने दर्शनाचार्य-विद्यावारिधि तह, नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा.कृष्णप्रसाद न्यौपाने, नेपाली केन्द्रीय विभागका प्राध्यापकहरू प्रा.डा. लक्ष्मणप्रसाद गौतम, सहप्रा.डा. दुर्गा घर्तीलगायत सम्पूर्ण गुरुहरूप्रति कृतज्ञताज्ञापन गर्दछु । अनुसन्धानका क्षेत्रमा अग्रसर भएर नेपाली विषयमा अगाडि बढ्न सल्लाह सुझाब दिने आदरणीय उपप्राध्यापक चन्द्रप्रसाद ढकालप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्छ भनेर कर्तव्यपथमा हिँडाउनुहुने मेरा बुबा हरिप्रसाद गुरागाईं र आमा चन्द्रकला गुरागाईंप्रति म सदा ऋणी छु । शोध शीर्षक चयनदेखि शोधप्रबन्धको अन्तिम स्वरूप तयार गर्दासम्म आइपरेका शैक्षिक समस्याको समाधान गर्न सहयोग गर्ने मित्र अर्जुन श्रेष्ठ, नारायणप्रसाद गौतम, सुमित्रादेवी तामाङ तथा प्रस्तुत शोधप्रबन्ध शुद्धसँग टङ्कन गरिदिने मित्र विनिता थापाप्रति पनि आभार व्यक्त गर्दछु । अनुसन्धानका क्रममा विविध सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र नेपाली केन्द्रीय विभागका कर्मचारीहरूप्रति पनि म आभारी छु । अन्त्यमा यस शोधप्रबन्धलाई समुचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौँसमक्ष पेस गर्दछु ।

शोधकर्ता

..............................

पुण्यप्रसाद गुरागाईं

त्रिभुवन विश्वविद्यालय

शैक्षिक सत्र २०७९/ २०८०

त्रि.वि दर्ता नं.६-१-२०२-३१७-९८

# शोधसार

प्रस्तुत शोधकार्य पारिजातका कथामा भएको प्रजाति, पर्यावरण र क्षणको अध्ययनमा केन्द्रित रहेको छ । यसमा पारिजातका चारवटा कथासङ्ग्रहमा भएका पन्ध्रवटा कथालाई साहित्यको समाजशास्त्रअन्तर्गत हिप्पोलाइट तेनद्वारा प्रस्तुत प्रजाति, पर्यावरण र क्षणसम्बन्धी मान्यतका आधारमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा पारिजातका आदिम देश, सडक र प्रतिभा, साल्गीको बलात्कृत आँसु, र वधशाला जाँदा आउँदा कथासङ्ग्रहमा रहेका कथामध्ये प्रजाति, पर्यावरण र क्षणको अधिकता भएका कथालाई प्रतिनिधि कथाका रूपमा लिइएको छ । यस शोधकार्यलाई पूर्णता दिनका लागि पाँचवटा परिच्छेदमा व्यवस्थित गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय दिइएको छ । यस परिच्छेदमा आठवटा उपशीर्षकमा राखी शोधको परिचय दिइएको छ । यस क्रममा पहिलो उपशीर्षकमा विषयपरिचय दिइएको छ । त्यसपछि क्रमशः समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधको सीमाङ्कन, शोधविधि, विश्लेषणको ढाँचा गर्दै अन्तिममा शोधको रूपरेखा दिइएको छ । यस शोधकार्यको दोस्रो परिच्छेदमा पारिजातका प्रतिनिधि कथतालाई प्रजातिका आधारमा विश्लेषण गरिएको छ । यस क्रममा विषयप्रवेश, सैद्धान्तिक अवधारणा, पन्ध्रवटा कथालाई पाठका उदाहरणसहित विश्लेषण गर्दै अन्त्यमा निष्कर्ष दिइएको छ । यस शोधकार्यको तेस्रो परिच्छेदमा पारिजातका कथालाई पर्यावरणका आधारमा विश्लेषण गरिएको छ । यसमा विषयप्रवेश, सैद्धान्तिक अवधारणा, पारिजातका कथालाई पाठका साक्ष्य प्रस्तुत गर्दै विश्लेषण गर्दै अन्त्यमा निष्कर्ष निकालिएको छ । यस शोधकार्यको चौथो परिच्छेदमा पारिजातका कथालाई क्षणका आधारमा विश्लेषण गरिएको छ । यसमा विषयप्रवेश, सैद्धान्तिक अवधारणा, पारिजातका पन्ध्रवटा कथालाई पाठका दृष्टान्तका आधारमा विश्लेषण गर्दै निष्कर्ष दिइएको छ । यस शोधकार्यको पाँचौं परिच्छेदमा सारांश तथा निष्कर्ष रहेको छ । यसमा सारांश खण्डमा शोधलाई कसरी व्यवस्थित गरिएको छ भन्ने कुरा खुलाइएको छ भने निष्कर्षमा यस शोधको मूल समस्यामा केन्द्रित भई आएको निष्कर्षलाई व्यवस्थित गरिएको छ

प्रस्तुत शोधप्रबन्धको पहिलो शोधसमस्या पारिजातका कथामा प्रजातिगत पक्षको के कस्तो चित्रण पाइन्छ ? भन्ने रहेको छ । यस समस्यामा केन्द्रित भएर दोस्रो परिच्छेदमा

विश्लेषण गरिएको छ । यस अध्ययनबाट पारिजातका कथामा नेपालमा रहेका आर्य प्रजातिलाई भन्दा मङ्गोल जातिको प्रजातिगत विशेषतालाई केन्द्रमा राखिएको देखिन्छ । यसमा मङ्गोल जातिका अनुवांशिक गुण, प्रजातिगत संस्कृति र लेखकीय प्रजातिको प्रभाव कृतिमा परेको देखिन्छ । मङ्गोल र आर्य प्रजातिका मानिसहरू आफ्नो धर्म, संस्कृति र जीवनशैलीमा रमाएको कुरा पनि प्रस्तुत अध्ययनबाट स्पष्ट हुन्छ । यस शोधप्रबन्धको दोस्रो शोधसमस्या पारिजातका कथामा पर्यावरणको प्रयोग के कसरी गरिएको छ ? भन्ने रहेको छ । यस शोधप्रश्नको विश्लेषण प्रस्तुत अध्ययनको तेस्रो परिच्छेदमा गरिएको छ । यस अध्ययनबाट नेपालका ग्रामीण क्षेत्रमा वसोवास गर्ने मानिसहरूले सहर बजारमा आएर सङ्घर्ष गरेको पर्यावरणलाई केन्द्रमा राखिएको, पारिजातका कथामा भएका प्राकृतिक, सामाजिक र परिवेशले निर्मित मनोविज्ञानको चित्रण गरिएको तथा राणाकालीन र पञ्चायती व्यवस्थाले राजनैति, सामाजिक र आर्थिक पर्यावरणलाई सूक्ष्म रूपमा प्रभाव परेको देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यको तेस्रो शोधसमस्या पारिजातका कथामा क्षणको कस्तो अवस्था देखाइएको छ ? भन्ने शोधप्रश्न रहेको छ । क्षणलाई प्रस्तुत शोधकार्यको चौथो परिच्छेदमा विश्लेषण गर्नमा केन्द्रित रहेको छ । यसको विश्लेषण गर्दा पारिजातले आफ्नो युगमा घटेका घटना, देखेका, भोगेका व्यवहार र अनुभवलाई प्रस्तुत गरेको, राणकालीन र पञ्चायती शासनले पारेको प्रभावलाई क्षणका माध्यमबाट प्रस्तुत गरिएको, राजनीतिक परिवर्तन भए पनि जनताको जीवनमा कुनै पनि परिवर्तन नआएको अवस्थालाई क्षणका माध्यमबाट चित्रण गरिएको छ भन्ने निष्कर्ष निकालिएको छ

# विषयसूची


| | |
|---|---|
| सिफारिस पत्र | क |
| स्वीकृतिपत्र | ख |
| कृतज्ञताज्ञापन | ग |
| शोधसार | घ |
| विषयसूची | च |
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१–१७** |
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधकार्यको उद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ शोधकार्यको औचित्य | १३ |
| १.६ शोधको सीमाङ्कन | १४ |
| १.७ शोधविधि | १४ |
| १.७.१ सामग्री सङ्कलन विधि | १५ |
| १.७.२ सामग्री विश्लेषण विधि | १५ |
| १.७.३ विश्लेषणको ढाँचा | १७ |
| १.८ शोधकार्यको रूपरेखा | १७ |
| **दोस्रो परिच्छेद : पारिजात कथामा प्रजाति** | **१८–५५** |
| २.१ विषयप्रवेश | १८ |
| २.२ प्रजातिसम्बन्धी सैद्धान्तिक मान्यता | १८ |
| २.३ परिजातका कथामा प्रयुक्त प्रजाति | २१ |
| २.३.१ मैले नजन्माएको छोरो कथामा प्रजाति | २२ |
| २.३.२ एक उडान कथामा प्रजाति | २४ |
| २.३.३ तिउरीको फूल, पायरियाको गन्ध कथामा प्रजाति | २५ |
| २.३.४ घाम ताप्ता कथामा प्रजाति | २८ |
| २.३.५ साथीको सम्झना कथामा प्रजाति | ३० |

२.३.६ संघारनेर कथामा प्रजाति ३२
२.३.७ सिटी हलको बूढा ज्यामीसँग कथामा प्रजाति ३४
२.३.८ वर्कसपभित्र कथामा प्रजाति ३६
२.३.९ नैकापे सर्किनी कथामा प्रजाति ३८
२.३.१० प्रतिकूलता कथामा प्रजाति ४०
२.३.११ साल्गीको बलात्कृत आँसु कथामा प्रजाति ४२
२.३.१२ वर्षा ऋतु कथामा प्रजाति ४४
२.३.१३ नाटकको चौंथो चरण कथामा प्रजाति ४६
२.३.१४ वधशाला जाँदा आउँदा कथामा प्रजाति ४९
२.३.१५ शकुन्तलाको चिन्तन कथामा प्रजाति ५२
२.४ निष्कर्ष ५४
**तेस्रो परिच्छेद : पारिजातका कथामा पर्यावरण** **५६–८५**
३.१ विषयप्रवेश ५६
३.२ पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यता ५६
३.३ पारिजातका कथाको पर्यावरणीय स्वरूप ५८
३.३.१ मैले नजन्माएको छोरो कथामा पर्यावरण ५८
३.३.२ एक उडान कथामा पर्यावरण ६०
३.३.३ तिउरीको फूल, पायरियाको गन्ध कथामा पर्यावरण ६१
३.३.४ घाम ताप्दा कथामा पर्यावरण ६३
३.३.५ साथीको सम्झना कथामा पर्यावरण ६४
३.३.६ संघारनेर कथामा पर्यावरण ६६
३.३.७ सिटीहलको बूढा ज्यामीसँग कथामा पर्यावरण ६८
३.३.८ वर्कसपभित्र कथामा पर्यावरण ६९
३.३.९ नैकापे सर्किनी कथामा पर्यावरण ७१
३.३.१० प्रतिकूलता कथामा पर्यावरण ७३
३.३.११ साल्गीको बलात्कृत आँसु कथामा पर्यावरण ७५
३.३.१२ वर्षा ऋतु कथामा पर्यावरण ७७
३.३.१३ नाटकको चौथो चरण कथामा पर्यावरण ७९

३.३.१४ वधशाला जाँदा आउँदा कथामा पर्यावरण ८१
३.३.१५ शकुन्तलाका चिन्तन कथामा पर्यावरण ८३
३.४ निष्कर्ष ८४
**चौथो परिच्छेद : पारिजातका कथामा क्षण ८६-१२९**
४.१ विषयप्रवेश ८६
४.२ क्षणसम्बन्धी सैद्धान्तिक मान्यता ८६
४.३ पारिजातका कथामा प्रयुक्त क्षण ८८
४.३.१ मैले नजन्माएको छोरो कथामा क्षण ८९
४.३.२ एक उडान कथामा क्षण ९१
४.३.३ तिउरीको फूल, पायरियाको गन्ध कथामा क्षण ९५
४.३.४ घाम ताप्दा कथामा क्षण ९८
४.३.५ साथीको सम्झना कथामा क्षण १००
४.३.६. संघारनेर कथामा क्षण १०२
४.३.७ सिटी हलको बूढा ज्यामीसँग कथामा क्षण १०४
४.३.८ वर्कसपभित्र कथामा क्षण १०७
४.३.९ नैकापे सर्किनी कथामा क्षण १०९
४.३.१० प्रतिकूलता कथामा क्षण १११
४.३.११ साल्गीको बलात्कृत आँसु काथामा क्षण ११४
४.३.१२ वर्षा ऋतु कथामा क्षण ११७
४.३.१३ नाटकको चौथो चरण कथामा क्षण ११९
४.३.१४ वधशाला जाँदा आउँदा कक्षामा क्षण १२२
४.३.१५ शकुन्तलाको चिन्तन कथामा क्षण १२५
४.४ निष्कर्ष १२८
**पाचौं परिच्छेद : सारांश तथा निष्कर्ष १३०-१३३**
५.१. सारांश १३०
५.२ निष्कर्ष १३१
**सन्दर्भ सामग्रीसूची १३४-१३६**

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

पारिजात (वि. सं. १९९४-२०५०) उच्च नारी प्रतिभा हुन् । नेपाली साहित्यमा उनको विशिष्ट योगदान रहेको छ । साहित्यका प्रायः सबै विधामा कलम चलाए पनि उनी मूलतः आख्यानकार हुन् । यस विधामै उनको महत्त्वपूर्ण योगदान रहेको छ । कविता र निबन्ध विधामा पनि उनले उल्लेखनीय योगदान रहेको छ । किशोर अवस्थामा नै हाडजोर्नीसम्बन्धी रोग लागेर जीवनभरि कुँजिनु परे पनि साहित्यका क्षेत्रमा उनी निरन्तर साधनारत रहिन् । उनको साहित्यिक यात्राका विभिन्न मोडहरू छन् । नेपाली समाजको रूपान्तरणका निम्ति उनी सामाजिक र सांस्कृतिक रूपमा पनि क्रियाशील रहेकी थिइन् । सिर्जनाका क्रममा जीवनभर सङ्घर्ष गरेकी उनको जीवन हाम्रा लागि प्रेरक र शिक्षाप्रद रहेको छ । उनी नेपाली कथामा 'मैले नजन्माएको छोरो कथा' (२०२१) *रचना* पत्रिकामा प्रकाशित गरेर औपचारिक रूपमा आख्यान लेखनमा संलग्न भएकी हुन् । उनी नेपाली साहित्यमा २०२३ सालबाट सुरु भएको राल्फा आन्दोलनसँग सम्बद्ध भएर नेतृत्व गर्ने प्रतिभा पनि हुन् । पारिजातको समग्र कथायात्रा करिब तीन दशकको रहेको छ । उनका प्रकाशित कथासङ्ग्रहहरू *आदिम देश* (२०२५), *सडक र प्रतिभा* (२०३२), *साल्गीको बलात्कृत आँसु* (२०४३) र *वधशाला जाँदा आउँदा* (२०४९) रहेका छन् । उनको कथायात्रालाई पूर्वाद्ध र उत्तरार्द्ध गरी दुई चरणमा विभाजन गर्न सकिन्छ । पूर्वाद्ध चरणका कथामा उनले जीवनप्रति निराशा एवम् नकारात्मक दृष्टिकोण प्रस्तुत गरेकी छन् भने उत्तरार्द्ध चरणमा प्रगतिवादी लेखनमा जोड दिएकी छन् । उनका अधिकांश कथामा सामाजिक शोषित, उत्पीडित र उपेक्षित श्रमजीवी समुदायका पक्षमा सहानुभूति देखाइएको पाइन्छ । उनका कथामा नेपाली समाजमा शासक वर्गको शोषण, अन्याय, अत्याचार र उत्पीडनका कारण निम्नवर्गीय समुदायले भोग्नुपरेका समस्या तथा त्यसको प्रत्यक्ष र परोक्ष रूपमा उठाएको प्रतिरोधको चेतनालाई मुख्य रूपमा प्रस्तुत गरिएको छ ।

साहित्यको समाजशास्त्रमा प्रजाति शब्दले विभिन्न जातजाति, तिनका प्रतिभा, स्वभाव, विशेषता एवम् शारीरिक संरचना भन्ने बुझाउँछ । हिप्पोलाइट तेनका मतमा साहित्य समाजका प्रजातिको प्रतिबिम्ब हो । प्रजातिअन्तर्गत व्यक्तिको वंशानुगत विशेषता, शारीरिक संरचना,

विकास आदि पर्दछन् । कुनै निश्चित युगको विचारका बौद्धिक साँचोले समाजको औसत चेतनालाई प्रभावित गर्दछ र त्यस युगका लिखित कृतिमा उक्त चेतनाको असर रहन्छ। उनले क्षणलाई साहित्य रचना गर्न र उत्प्रेरित गर्ने प्रेरक तत्त्वका रूपमा लिएकी छन् । समाजको प्रतिबिम्ब साहित्यमा प्रस्तुत हुन्छ। साहित्यमा प्रस्तुत अभिव्यक्ति समाजको प्रवृत्ति, परम्परा र त्यसको विशेषता वा विचार सर्जकको चेतनाबाट साहित्यभित्र अभिव्यक्त भएको हुन्छ। समाजको भौगोलिक संरचना, हावापानी, संस्कृतिको प्रत्यक्ष प्रभाव पनि व्यक्तिमा परेको हुन्छ । यस कुराको मनन गरी साहित्य सिर्जनाको मूल कारण परिवेशलाई मान्दै साहित्यमा लेखकले आफू बाँचेको वातावरणलाई उतारेका हुन्छन् । तिनले सामाजिक पात्रमा वातावरणको प्रभाव पर्ने कुरा व्यक्त गर्दै पर्यावरण वरपरका मानसिकतामा सामाजिक पहिचानका प्रजातिगत चित्रण, क्षण वा प्रतिबिम्बन तथा पर्यावरण पक्षको प्रभाव रहने कुरा उल्लेख गरेका छन् ।

पारिजातले नेपाली समाज र यो समाजको आर्थिक, सामाजिक, भौगोलिक, सांस्कृतिक आदि पक्षको चित्रण गरेकी छिन्। उनीले समाजमा भएका आर्य, मङ्गोल प्रजातिका चालचलन, धर्मसंस्कृति र जीवन शैलीलाई देखेकी छन् । भौगोलिक कारणले मानिसहरू गाउँबाट सहर काम गर्न गएका दृश्य देखेकी छन्। उनीले समस्याका कारण उत्पन्न क्षणलाई अनुभव गरेकी छन्। तिनै कुरालाई आख्यानमा प्रस्तुत गरेर जाति, पर्यावरण र क्षणको अवस्थालाई पारिजातले प्रस्तुत गरेकी छन् । उनका कथालाई लिएर नेपाली समीक्षकहरूले व्याख्या विश्लेषण गरेको पाइन्छ तर उनका कथालाई हिप्पोलाइट तेनको सिद्धान्तका आधारमा भने विश्लेषण गरेको पाइँदैन । तसर्थ यस शोधकार्यमा पारिजातका कथालाई उनले प्रस्तुत गरेका समाजशास्त्रीय विश्लेषणका आधारमा अध्ययन गरिएको छ । त्यसैले पारिजातकको समयमा भएको प्रजाति, पर्यावरण र क्षणका बारेमा अध्ययन गर्न आवस्यक रहेको छ ।

## १.२ समस्याकथन

पारिजात समाजलाई केन्द्रमा राखेर कथा लेख्ने स्रष्टा हुन् । उनका कथामा सामाजिक पक्षका अनेक स्वरूपको अध्ययन गर्न सकिन्छ । पारिजातका कृतिलाई लिएर समाजशास्त्रका विविध पद्धति र साहित्यशास्त्रका पद्धतिहरूबाट व्याख्या विश्लेषण भएका छन् । यी विविध दृष्टिबाट व्याख्याको विश्लेषण गरिए पनि उनका कृतिलाई समाजशास्त्रीय अध्ययनमध्ये हिप्पोलाइट तेनको सिद्धान्तका आधारमा विश्लेषण गरिएको पाइँदैन। यसलाई विश्लेषण गर्नका लागि प्रस्तुत अध्ययनमा पारिजातका कथामा प्रजाति, पर्यावरण र क्षण के कस्तो रहेको छ

भन्ने मूल प्रश्न नै यस शोधकार्यको मूल समस्या हो । यस मूल समस्यालाई केन्द्रमा राखी प्रस्तुत अध्ययनमा निम्नानुसारका शोध प्रश्नहरू निर्माण गरिएको छ :

(क) पारिजातका कथामा प्रजातिगत पक्षको के कस्तो चित्रण पाइन्छ ?

(ख) पारिजातका कथामा पर्यावरणको प्रयोग के कसरी गरिएको छ ?

(ग) पारिजातका कथामा क्षणको कस्तो अवस्थालाई देखाइएको छ ?

## १.३ शोधकार्यको उद्देश्य

पारिजातका कथामा पाइने प्रजाति, पर्यावरण र क्षणको अध्ययन गरी निष्कर्षमा पुग्ने प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यमा समस्या कथनमा उठेका प्रश्नको प्राज्ञिक समाधानमा आधारित उद्देश्यहरू यस प्रकार रहेका छन् :

(क) पारिजातका कथामा प्रजातिगत पक्षको स्थितिको समीक्षा गर्नु ,

(ख) पारिजातका कथामा प्रयुक्त पर्यावरणको विश्लेषण गर्नु ,

(ग) पारिजातका कथामा प्रयुक्त क्षणको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

पारिजातका कथासँग सम्बद्ध थुप्रै अनुसन्धान भएका छन् तर उनका कथामा पाइने प्रजाति, पर्यावरण र क्षणमा आधारित भएर भने अध्ययन गरेको पाइँदैन । उनका कृतिमा हिप्पोलाइट, तिनका जाति, पर्यावरण र क्षणलाई आधार बनाई विश्लेषण गरिए पनि पारिजातका कृतिमा यी पक्षहरूको बारेमा भने चर्चा गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा पारिजातका कृतिमा रहेका उल्लेखित पक्षका बारेमा गरिएका व्याख्या विश्लेषण र शोधकार्यलाई कालक्रमका आधारमा निम्नानुसार समीक्षा गरिएको छ

ताराकान्त पाण्डेय (२०५१) को 'पारिजातका कथामा नारी पात्रहरू' शीर्षकको लेख नारी पात्रका अवस्थाको विश्लेषण गर्नमा केन्द्रित छ । यसमा पारिजातका २०३२ देखि २०४९ सालसम्मका कथाहरू लिइएको छ । यसक्रममा नारीलाई भोग्या र वेश्याका रूपमा लिइएको छ । यसैगरी यी कथामध्ये अघिल्ला चरणका तुलनामा युग सचेत, जनमुखी नारी चेतना प्रबल भएको र कतिपय नारी पात्र वर्गीय अवस्थाप्रति सचेत नभएर पुँजीवादी समाजका विकृतिलाई आत्मसात गर्न पुगेको बताइएको छ । यसबाट पारिजातका उल्लिखित समयका

कथामा नारी पात्रको अवस्था बुझ्न सकिन्छ । यस पूर्वकार्यमा नारीलाई भोग्या र वेश्याका रूपमा लिइएको कुराबाट तत्कालीन समाजको दृष्टिकोण देख्न सकिन्छ । यो विषय समाजशास्त्रीय विश्लेषणको क्षणसँग सम्बद्ध छ । त्यसैगरी यहाँ पुँजीवादी समाजको प्रभावले नारीहरू वर्गीय अवस्थाप्रति सचेत नभएको कुराबाट विश्वव्यापी पर्यावरणको प्रभाव पर्न गएको कुरा बुझ्न सकिन्छ । पाण्डेका भनाइमा पारिजतका कथाहरू क्षणको अवस्थाको विश्लेषण बुझाउनमा केन्द्रित रहेको देखिन्छ । तसर्थ प्रस्तुत पूर्वकार्य क्षणको अध्ययनका लागि सहयोगी सामग्री रहेको छ ।

वासुदेव त्रिपाठी (२०५१) को 'पारिजातले सिर्जेको साहित्यिक शिखर शृङ्खला एक चर्चा' नामक समालोचनामा पारिजातका रचनामा दार्जिलिङको गाउँ कमान र दार्जिलिङ नगरका पर्वतीय प्राकृति परिवेशका सौन्दर्यका आन्तरिक प्रतीक्षा, त्यहाँका जनजातीय र नेपाली जातीय सामाजिक सांस्कृतिक पर्यावरणको प्रेरणा रहेको कुरा प्रस्तुत गरेका छन् । उनले पारिजातको साहित्यिक योगदानको मूल्याङ्कनका क्रममा कथाहरूको समेत विश्लेषण गरेका छन् । यसक्रममा उनले कथामा शोषण, सामन्त व्यक्तिप्रति विद्रोह, शोषण मुक्त र सामाजिक आर्थिक पुनःसंरचनाका निम्ति क्रान्ति र विद्रोह गरेका कुरालाई क्षणका रूपमा प्रस्तुत गरेका छन् । यस अध्ययनमा लेखकले भौगोलिक, सांस्कृतिक, धरातलीय पहिचानलाई पर्यावरणका रूपमा चित्रण गरेका छन् । त्यसैले यो सामग्री पारिजातका कथामा भएको पर्यावरणको समस्या समाधानका लागि उपयोगी सामग्रीका रूपमा रहेको छ ।

अम्भुवानी कार्की (२०५२) ले 'पारिजातको कथाकारिता' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा पारिजातका कथाहरूमा केन्द्रित भई पारिजातको कथाकारिताको निरूपण गर्ने प्रयास गरेकी छन् । पारिजातका प्रकाशित चारओटै कथासङ्ग्रहमा केन्द्रित भई गरिएको यस अध्ययनमा उनको जनजीवनमा आधारित भएर समाजमा भएका सकारात्मक र नकारात्मक दुवै पक्षको यथार्थ चित्रण गरिएको पाइन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यस अध्ययनका क्रममा पारिजातले आफ्नो कथामा समाजका धर्म, संस्कृति, चालचलन र जीवनशैली जस्ता विविध पक्षलाई कथात्मक अभिव्यक्ति दिएकी छन् । त्यसैले पारिजातका कथामा प्रजातिको अध्ययन गर्न यस पूर्वकार्यले सहयोगी भूमिका खेलेको छ ।

राजेन्द्र सुवेदी (२०५३) को *सृजन विधामा पारिजात* नामक समालोचनात्मक कृतिमा पारिजातका चारवटा कथासङ्ग्रहका कथाहरूलाई दुई चरणमा राखेर विश्लेषण गरेका छन् ।

ती कथामा शोषण, अन्याय र अत्याचारका विरुद्धमा शोषित पीडित वर्गले सङ्घर्ष गरेको कुरा बताइएको छ । सुवेदीले पारिजातका पूवार्द्धका कथाहरू रूपवादी र पलायनवादी उडानबाट उत्तरार्द्धमा वस्तुवादी र सामाजिक द्वन्द्वका यथार्थवादी धरातलमा अवतरित भएको र वर्गीय हितका लागि उभिएको विचार व्यक्त गरेका छन् । सुवेदीका भनाइ पारिजातका कथामा रहेको प्रजातिगत विशेषता बताउनुमा केन्द्रित भएको देखिन्छ । यस शोधकार्यको उद्देश्य पारिजातका कथामा रहेका प्रजातिगत अवस्थाको समीक्षा गर्नु रहेको हुनाले सुवेदीका उल्लेखित कथनलाई यस अध्ययनमा उपयोगी सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

देवीप्रसाद गौतम (२०५४) को *नेपाली कथा* शीर्षकमा पारिजातका कथाहरूलाई अस्तित्ववादी, विसङ्गतिवादी, यथार्थवादी भनी वर्गीकरण गरेका छन् । पारिजातका प्रवृतिहरूको व्याख्या गर्ने क्रममा समाजवादी, यथार्थवादी कथामा पारिजातले तल्लो वर्गप्रति सहानुभूति र माथिल्लो वर्गका मानिसका चरित्रमाथि तिखो व्यङ्ग्य गरेकी छन् । माथिल्लो वर्गका मानिसले तल्लो वर्गका मानिसलाई काममा लगाउँदा थोरै परिश्रममा काम गर्न वाध्य पार्दछन् । श्रमको मूल्य प्राप्त गर्न नसक्दा गरिब मानिसको जीवनमा कहिल्यै प्रगति हुँदैन । निम्न वेतनिक कर्मचारीको आर्थिक विवशताको वर्णन गर्दै विषम सामाजिक व्यवस्था र वर्गीय भेदभावको सामाजिक तथा आर्थिक संरचनामाथि व्यङ्ग्य प्रहार गरिएको छ । यसबाट पारिजातका कथामा गरिबीका कारणले श्रम गर्न वाध्य र आफ्नो परिवारको भरणपोषण गर्न अनिवार्य भएको कुरालाई प्रस्ट पारिएको छ । पुँजीवादी समाजको प्रभावले निम्नवर्गमाथि गरेको वर्गीय व्यवहारलाई विसङ्गतिवादी चिन्तनका रूपमा लिन सकिन्छ । यी विचारका आधारमा पारिजातका कथामा भएका क्षणलाई विश्लेषण गर्नका लागि उपयोगी सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

विप्लव ढकाल (२०५५) को *नेपाली साहित्यमा नारी लेखन परम्परा र आधुनिकता* नामक पुस्तकमा पारिजातका कथाको पूवार्द्ध र उत्तरार्ध चरणको विश्लेषण गरेका छन् । पारिजातका पूवार्द्ध चरणका कथाहरूमा जीवनप्रतिको निरसता पाइन्छ । 'केही नहुनु नै जीवनको अर्थ हो' भन्ने शून्यवादी दशर्नको बारेमा व्यक्त गरिएको पाइन्छ । यस चरणका केही कथाहरू अस्तित्ववादी चिन्तनबाट नजिक भए पनि धेरैजसो कथाहरूमा सन्त्रासयुक्त समयको चित्रण, जीवन भोगाइप्रतिको वितृष्णा, विसङ्गति र अराजकतावादी चिन्तन जतातत्तै मडारिएको पाइन्छ । उत्तरार्ध चरणका कथाहरू मार्क्सवादी दर्शनबाट प्रभावित भएर लेखिएका

छन् । यस चरणका कथाहरूमा निम्नवर्गीय समाज र निमुखाहरूप्रति सहानुभूति राखिएको पाइन्छ। सामाजिक विकृति र विसङ्गतिप्रति विरोध गरिएको पाइन्छ। यस चरणका कथाहरूमा उनले यथार्थवादी दृष्टिकोण र प्रगतिशील चिन्तनलाई पनि प्रस्तुत गरेका छन् । यस चरणका पारिजतका कथामा नारीवादी चेतना, वर्गसङ्घर्षका विभिन्न रूपहरू, निम्नवर्गीय समाजप्रति सहानुभूति र समाजका आडम्बरी शोषणप्रति घृणा भाव राखिएको छ । यसबाट पारिजातका उल्लिखित समयका कथामा वर्गीय भेदभावलाई देखाइएको छ । पञ्चायत कालीन समयमा भएका राजनैतिक पर्यावरण, विकृति, विसङ्गतिको क्षणलाई प्रस्ट पारिएको छ । त्यसैले पारिजातको कथामा रहेका क्षणको विश्लेषण गर्न यस पूर्वकार्यलाई उपयोगी सामग्रीका रूपमा लिइएको छ ।

कृष्णप्रसाद घिमिरे (२०५७) को 'पारिजातको कथाकारिता र सडक र प्रतिभा कथाको विश्लेषण' शीर्षकको लेखमा पारिजातका कथालाई चार चरणमा विभाजन गरी विश्लेषण गरेका छन् । ती विसङ्गतिवादी, अस्तित्ववादी, मार्क्सवादी र प्रगतिवादी हुन् । पारिजातले भोगेका, देखेका, सङ्घर्ष गरेका र साहित्यमा कलम चलाएका कुराहरू विश्लेषणको शीर्षकमा प्रष्ट पारिएको छ । पारिजातले प्रायः सबै कथाहरूमा गरिबीका समस्यालाई नै विषयवस्तुको आधार बनाएकी छन् । ती समस्याहरूको सामाजिक, आर्थिक र मानसिक अवस्थालाई चिरफार गरेर पारिजातका समयको यथार्थलाई प्रस्ट पारिएको छ। *पारिजातले सडक र प्रतिभा कथामा* नारी पात्रहरूबाट व्यक्तिको मनस्थितिमा सङ्कटग्रस्त अवस्थाको चित्रण गरिएको छ । उनले कथामा भएका नारी पात्रहरूको शारीरिक, मानसिक र भौतिक अवस्थालाई प्रयोगवादी शैलीद्वारा नारीहरूको अवस्था वा क्षणलाई प्रस्ट पारेकी छन् । यसबाट पारिजातका कथामा नारी पात्रले भोगेको क्षण र स्थानगत पर्यावरणलाई बुझ्न सकिन्छ । यस पूर्वकार्यमा नारीलाई आवश्यकता अनुसार पितृ सत्ताले उपयोग गरेको देखिन्छ। यो विषय समाजशास्त्रीय विश्लेषणको क्षण र पर्यावरणसँग सम्बद्ध छ । त्यसैगरी कथामा मङ्गोल प्रजातिका महिलाहरूको पीडा र यथार्थलाई पनि प्रस्ट पारिएको छ । यी कुराहरू प्रजाति, पर्यावरण र क्षणको अध्ययनसँग सम्बन्धित नभई सङ्केतका रूपमा मात्र आएका छन् । तसर्थ प्रस्तुत पूर्वकार्य पारिजातका प्रजाति, र क्षणको अध्ययनका लागि सहयोगी सामग्री रहेका छन् ।

सुधा त्रिपाठी (२०५७) को 'महिला कथाकार र महिला शीर्षकको लेख' मा नेपाली महिला कथाकारहरूको वर्णन गरिएको छ । यसैक्रममा पारिजातका उत्तरार्धका कथामा महिला

पात्रहरूको हीनता ग्रन्थिले, युक्त महिलाहरूको मानसिकतालाई परिवर्तन गर्ने कुरालाई व्यक्त गरिएको छ । प्रगतिवादी स्रष्टाले उज्यालो जीवनको लक्ष्य राखेर सङ्घर्ष गर्दछ । पारिजातका कथामा भएका नारी पात्रले यौन शोषणमा किन महिलाहरू पर्दछन् ? पुरुषका तुलनामा महिलाहरू किन धेरै पीडा भोग्न बाध्य छन् भनी विश्लेषण गरिएको छ । यसक्रममा ग्रामीण नारीको अवस्थालाई पारिजातले चित्रण गरेकी छन् । यस पूर्वकार्यमा नारीलाई भोग्या र वेश्याका रूपमा लिइएको कुरा तत्कालीन समाजको दृष्टिकोण रहेको कुरा देख्न सकिन्छ । यो विषय समाजशास्त्रीय विश्लेषणको क्षणसँग सम्बद्ध छ । त्यसैगरी महिला र पुरुषका विचमा विभिन्न मङ्गोल र आर्य समुदायका महिलाको पीडालाई प्रस्तुत गरिएको छ । तसर्थ प्रस्तुत पूर्वकार्य पारिजातका कथामा क्षण र प्रजातिका समस्याका समाधानका लागि सहयोगी सामग्री रहेको छ ।

कुमारप्रसाद कोइराला (२०५८) को *नेपाली आख्यानको अध्ययन* नामक पुस्तकमा पारिजातको कथाकारिताको विश्लेषणका क्रममा उनका कथायात्रालाई दुई चरणमा विभाजन गरिएको छ । यसमा प्रथम चरणका कथामा पात्रहरू वैयक्तिक, अन्तर्मुखी, जीवनलाई निरर्थक र मूल्यहीन रहेका छन् । यसबाट पारिजातका प्रथम चरणमा लेखिएका कथामा जीवनप्रति वितृष्णा उत्पन्न भएको र जीवनलाई निराशाका दृष्टिकोणबाट हेरिएको छ । पारिजातले भोगेको क्षणलाई पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । दोस्रो चरणका कथाका पात्रहरू शोषित र पीडित भएका कारणले बिद्रोही र नवचेतनाको वहाकका रूपमा परिवर्तन भएका छन् । त्यसैले देशमा आएको राजनीतिक परिवर्तन र जनताको चाहनालाई समेटेर कालगत पर्यावरणलाई प्रस्ट पारिएको छ । कोइरालाले राजनीतिक पर्यावरणले गर्दा जनतामा सुख प्राप्त गर्नका लागि मानिसहरू गाउँबाट सहरतर्फ जाने क्रमलाई सङ्केत गरेका छन् । तसर्थ पारिजातका कथामा भएका पर्यावरणका समस्याहरूको समाधानका निम्ति उपयोगी सामग्रीका रूपमा यस पूर्वकार्यलाई लिइएको छ ।

रमेशप्रसाद भट्टराई (२०५९) को ‘नैकापे सर्किनी कथाको वहुसंस्कृतिक विश्लेषण’ शीर्षकको समालोचनामा नैकापे सर्किनी कथालाई प्रगतिवादी नेपाली कथाका सन्दर्भमा विश्लेषण गरिएको छ । यसमा वहुजाति, वहुभाषी, वहुसंस्कृति र बहुधार्मिक चिन्तनका रूपमा प्रस्तुत गरिएको छ । पारिजातको वर्गीय, लैङ्गिक, जातीय, धार्मिक एवम् आर्थिक विसङ्गतिप्रतिको धारणालाई कथाका माध्यमबाट व्यक्त गरिएको छ । यसमा नारी

पात्र सर्किनीको दयनीय अवस्थालाई देखाइएको छ । मङ्गोल प्रजातिकी नारी पात्र सर्किनी रातदिन विष्णुमती नदी किनारमा गएर अहोरात्र काम गर्छे । उसका जीवनप्रति केही रहरहरू छैनन् । उसको आफ्नो घरको आर्थिक अवस्था कमजोर रहेको छ । आफूले अपाङ्ग लोग्नेलाई ख्याल गर्नु, आफ्ना रहरलाई पन्छाएर हिउँदवर्षा नभनी बाँच्नका लागि मात्र सङ्घर्ष गरेकी छ । यस पूर्वकार्यमा एउटा दलित नारीले आफ्नो घरको चुलो बाल्न अहोरात्र खट्नु पर्ने उसको वाध्यतालाई देखाइएको छ । यो विषय समाजशास्त्रीय विश्लेषणको प्रजाति र क्षणसँग सम्बद्ध रहेको छ । यहाँ आर्थिक अवस्था कमजोर भएपछि जस्तासुकै काम गर्न वाध्य हुनुपर्छ भन्ने कुरालाई प्रस्ट पारिएको छ । यी कुरा प्रजाति र क्षणको अध्ययनसँग सम्बन्धित नभई सङ्केतका रूपमा मात्र आएका छन् । तसर्थ प्रस्तुत पूर्वकार्यले पारिजातका प्रजाति,  पर्यावरणका समस्याको समाधानका लागि उपयोगी सामग्री रहेको छ ।

दयाराम श्रेष्ठ (२०६०) को *नेपाली कथा भाग* ४ मा 'कथाकार पारिजात शीर्षक' दिई यसमा कथालाई दुई चरणमा विभाजन गरी द्वितीय चरणका कथाहरूमा समाजका अभिजात वर्गीय सामन्ती संस्कार र संस्कृतिले जन्माएका सामाजिक यथार्थहरूलाई प्रगतिशील विचारधाराबाट अर्थ्याइएको छ । निम्नवर्गका मानिसहरूका पीडा र वेदनाका सन्दर्भमा आर्थिक शोषण, असन्तुलित समाज, मानवीय चरित्रका विकृति, तुच्छ सोचाइ एवम् व्यवहार आदि यस चरणका विषयवस्तु रहेका छन् । यस चरणका कथामा आडम्बरी समाजका शोषकहरू र समाजमा वर्ग द्वन्द्वलाई प्रोत्साहित गरेर आफ्नो स्वार्थ पूरा गर्ने सामन्तवादी युगीन परिवेशप्रति विद्रोह गरिएको छ । यसबाट पारिजातका उल्लिखित समयका कथामा उच्चवर्गले निम्नवर्गमाथि गरेको भेदभावलाई विश्लेषण गरिएको छ । यो विषय समाजशास्त्रीय विश्लेषणको क्षणसँग सम्बद्ध छ । त्यसैले पारिजातका कथामा भएका क्षणको समस्या समाधान गर्नका लागि पूर्वकार्यका रूपमा यसलाई प्रस्तुत गरिएको छ ।

गोपीन्द्रकुमार पौडेल (२०६२) को 'प्रगतिवादी नेपाली कथाका प्रवृतिहरू' शीर्षकको विद्यावारिधि शोधप्रवन्धमा नेपाली कथाको विकास यात्रामा प्रगतिवादी कथा क्षेत्रका प्रतिनिधि स्रष्टाहरूको परिचय र तिनका प्रतिनिधि कथाहरूको विश्लेषण गरिएको छ । यसै क्रममा उनले पारिजातका उतरार्द्ध चरणमा सामाजवोध, वर्गवोध र जीवन वोधका बारेमा उल्लेख गरेका छन् । उनले पारिजातका कथाका पात्रमा प्रायजसो निम्नवर्ग र निम्नमध्यम वर्ग रहेको कुरा व्यक्त गरेका छन् । ती पात्रमा नारी पात्रको वर्गीय चेतना प्राप्त गर्नुका साथै

नारी अस्मिताको रक्षाका लागि सङ्घर्षशील चरित्रलाई देखाइएको छ । यस अध्ययनबाट पारिजातका कथामा भएका नारीपात्रको अवस्थालाई देखाइएको छ । यस पूर्वकार्यमा नारीलाई मनोरञ्जन गर्ने माध्यम र तल्लो दर्जाको काम गर्ने व्यक्तिका रूपमा देखाइएको छ । यो विषय समाजशास्त्रीय विश्लेषणको क्षणसँग सम्बद्ध छ । त्यसैगरी पुँजीवादी समाजका मानिसले निम्नवर्गमाथि गरेको भेदभावलाई परिस्थितिगत पर्यावरणको रूपमा चित्रण गरिएको छ । यी कुरा क्षण र पर्यावरणको अध्ययनसँग सम्बन्धित नभई सङ्केतका रूपमा आएका छन् । तसर्थ प्रस्तुत पूर्वकार्य यस शोधमा क्षण र पर्यावरणको समस्या समाधानका लागि उपयोग गरिएको छ ।

कृष्णप्रसाद घिमिरे र रामप्रसाद ज्ञवाली (२०६४) ले *पारिजातको आख्यानकारिता* नामक कृतिमा पारिजातका कथाहरूलाई दुई चरणमा वर्गीकरण गरेका छन् । यहाँ पहिलो चरणमा जीवनलाई विसङ्गतिको रूपमा व्याख्या गर्दै जन्मेपछि मर्नैपर्छ भने किन जन्मिनु जस्ता तर्क राखेका छन् । उनले जीवनमा दुःख, निराशा र समस्या हुन्छ भने किन जीवन जिउनु जस्ता कुरालाई व्यक्त गरेकी छन् । दोस्रो चरणमा पारिजातले देशमा राजनीतिक परिवर्तनसँगै स्वतन्त्रता र प्रगतिवादी चिन्तनलाई प्रस्ट पारेकी छन् । त्यस कृतिमा कथा तत्त्वका आधारमा कथाहरूको विश्लेषण गर्दै कथाका प्रवृत्तिहरू निरूपण गर्ने कुरामा पारिजातका कथामा उनको जीवनको स्वरूप चित्रित भएको छ । पारिजातले समाजमा उच्चवर्गले निम्न वर्गमाथि गरेको भेदभावलाई कथामा प्रस्तुत गरेर दुःख र सङ्घर्षको क्षणलाई प्रस्ट पारेकी छन् । पारिजातले आफ्ना कथामा जनजातीय पात्रको प्रयोग गरेकी छन् । उनले समाजमा आर्य, खस, प्रजातिले मङ्गोल समुदायका मानिसमाथि गरेको दमनलाई पनि देखाएकी छन् । यहाँ समयको क्रमसँगै राजनैतिक परिवर्तनले पारेको प्रभावलाई पनि परिस्थितिगत पर्यावरणको रूपमा चित्रण गरिएको छ । यसबाट पारिजातका उल्लिखित समयका नारी पात्रको अवस्था बुझ्न सकिन्छ । यस पूर्वकार्यमा समाजशास्त्रीय विश्लेषणको पर्यावरणसँग सम्वद्ध भएको कुरालाई प्रस्ट पारिएको छ । तसर्थ प्रस्तुत पूर्वकार्य पारिजातका कथामा पर्यावरणको समस्याको समाधान गर्नका लागि सहयोगी सामग्रीका रूपमा रहेको छ ।

ताराकान्त पाण्डेय (२०६९) को 'साल्गीको बलात्कृत आँसु कथाको सांस्कृतिक अध्ययन' शीर्षकको समालोचनात्मक लेखमा कथालाई  वर्गीय सामाजिक संरचना र प्रतिरोध चेतनाको कोणबाट विश्लेषण गरिएको छ । यस कथामा सामन्ती सोच, आर्थिक समस्या र सांस्कृतिक

परम्परा  साथै पितृ सतात्मक संस्कृतिले नारीमाथि स्वार्थ राखेर उत्पीडन गरेको भावलाई व्यक्त गरिएको छ । यसमा तामाङ जातकी साल्गी नाम गरेकी तामाङकी छोरी अर्काको लहैलहैमा लागेर भाग्दा ऊ वेश्यालयमा पुग्नुपरेको छ । मङ्गोल प्रजातिका महिलाहरू ल्वाङ्गेजस्तै पुरुषको आशा गरेर बलात्कृत हुनुपरेको छ । यसबाट पारिजातले आफ्नो समयका लोभलालचमा परेका महिलाहरूको अवस्थालाई वर्णन गरेकी छन् । पारिजातले कथाको अन्त्यमा कथाकी मुख्य पात्र साल्गीले पितृसत्ताको विरुद्ध प्रतिरोध गरेको कुरा देखाइएको छ । यस पूर्वकार्यमा नारीलाई भोग्या र वेश्याका रूपमा लिइएको कुराबाट तत्कालीन समाजको दृष्टिकोण देख्न सकिन्छ । यो विषय समाजशास्त्रीय विश्लेषणको प्रजातिसँग सम्बद्ध छ । त्यसैले यो पूर्वकार्य पारिजातका कथामा भएका प्रजातिको समस्या समाधानका लागि उपयोगी सामग्रीका रूपमा रहेको छ ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारी (२०६९) को *नेपाली कथाको इतिहास* नामक पुस्तकमा पारिजातको कथाकारिताको सङ्क्षिप्त विश्लेषण गरिएको छ । यसमा पारिजातका कथामा भएका दुई चरणका कथालाई अस्तित्ववादी, विसङ्गतिवादी, प्रगतिवादी चेतनाको विश्लेषण गरिएको छ । उनका कथामा नारीपात्रलाई समाजको उपभोग्य वस्तुका रूपमा प्रयोग गरिएको छ , नारीका कष्टकर जीवन र उत्पीडनलाई देखाइएको छ । प्रायजसो नारीपात्रहरूमा तामाङ, सार्की, भोटे समुदायका मानिसको चित्रण गरिएको छ । ती पात्रहरू मङ्गोलियन प्रजाति अन्तर्गत रहेकाछन् । ती पात्रका माध्यमबाट कथामा पारिजातले भोगेका दुःख, वेदना र चुनौतिका क्षणलाई प्रस्ट पार्ने काम गरिएको छ । उनका कथामा यौनलाई पनि विषयवस्तु बनाएर विश्लेषण गरिएको छ । पुँजीवादी समाजमा नारीलाई वस्तुका रूपमा प्रयोग गरेर दवाउने र हेप्ने प्रवृतिको अवस्थालाई देखाइएको छ । त्यस्तैगरी पारिजातका कथामा भएका पर्यावरणलाई स्थानगत, कालगत र परिस्थितिका आधारमा विश्लेषण गरिएको छ । पञ्चायत कालमा भएका अन्याय र अत्याचार, नारीमाथिको दमन र समय क्रमसँगै राजनीतिक परिवर्तनले ल्याएको चेतनालाई पनि क्षणका रूपमा विश्लेषण गरिएको छ । यसबाट पारिजातका उल्लिखित समयका कथामा भएका नारीपात्रको अवस्थालाई बुझ्न सकिन्छ । यो विषय समाजशास्त्रीय विश्लेषणको प्रजाति, र क्षणसँग सम्बद्ध छ । त्यसैगरी यहाँ राज्य सत्ताले प्रभाव पारेको नारीहरूको अवस्थाका बारेमा पनि चित्रण गरिएको छ । तसर्थ प्रस्तुत पूर्वकार्य प्रजाति र क्षणका समस्याको समाधानका लागि उपयोगी सामग्रीका रूपमा रहेको छ ।

दयाराम श्रेष्ठ (२०७०) को *नेपाली कथा र कथाकारिता* शीर्षकको समालोचनात्मक ग्रन्थमा कथाकार पारिजातलाई आफू बाँचेको युग, समय र क्षण मात्र नभएर आफूले देखेको सामाजिक मूल्यप्रति विद्रोही गर्दै सन्तुलनहीन आर्थिक प्रणालीको विरोध गर्ने नयाँ चेतनाको कथाकारका रूपमा चिनाएका छन् । यसक्रममा पारिजातले अस्तित्ववादी, विसङ्गतिवादी दृष्टिबाट समाजलाई हेरेर आफ्ना कथा सिर्जनालाई अगाडि बढाएकी छन् । कथाका परम्परित ढाँचालाई त्यागेर विषयवस्तुगत सूक्ष्मता, बौद्धिकता र अभिव्यक्तिगत नवीनताद्वारा पाठकमा प्रभाव पार्न सक्ने क्षमता उनको सिर्जनामा रहेको छ । उनका कथामा नारीहरूको समस्यालाई देखाइएको छ । उनका कथामा तामाङ, सार्की लगायतका मङ्गोल प्रजातिका पात्रहरूको प्रयोग गरिएको छ । समाजमा भएको वर्गीय भेदभावले गर्दा सामाजिक विभेदलाई उनका कथामा पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । कथामा पात्रहरूको प्राकृतिक, सामाजिक र पर्यावरणले निर्मित मनोविज्ञानलाई पर्यावरणको माध्यमबाट चित्रण गरिएको छ । त्यसैले यस पूर्वकार्यबाट पारिजातले भोगेको प्रजातिगत अवस्था, क्षण र पर्यावरणको दृष्टिकोण देख्न सकिन्छ । यी दृष्टिकोणहरू समाजशास्त्रीय विश्लेषणको प्रजाति, क्षण र पर्यावरणसँग सम्वद्ध छन् । त्यसैले प्रस्तुत पूर्वकार्यको समीक्षा पारिजातको कथामा रहेको प्रजाति, क्षण र पर्यावरणको अध्ययनका लागि सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

सावित्री कक्षपति (२०७५) ले'आदिम देश सबैको कथा' *भृकुटी समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक सङ्ग्रहमा* प्रकाशित "आदिम देश लेखमा उनको समयमा भएका देश, काल र परिवेशका वारेमा वर्णन गरेकी छन् । त्यो आदिम देश, त्यो आदिम जुलुस र त्यो आदिम मानिस बिम्बको रूपमा प्रयोग भएको छ, जसले कूर शासक र तिनले गरेको क्रियाकलापलाई उत्सवका रूपमा मनाउने बारेमा प्रस्ट पारिएको छ । आदिम संस्कृति र त्यस आदिम संस्कृतिलाई व्यवहारमा उतार्ने आदिम मान्छेको भावना अनि व्यवहारलाई क्रूरता र वर्वरताका चित्रण गरिएको छ । तिनको बुद्धि, चिन्तन, निश्चित स्वार्थका लागि प्रयोग भएर अमानवीय वनेको छ । आफ्नो निहित स्वार्थ मेट्नका लागि जे जस्तो घृणित काम गर्न पनि उद्यत देखिने तिनीहरूको व्यवहारप्रति तिव्र व्यङ्ग्य आदिम देश सबैको कथामा व्यक्त गरिएको छ । यिनै कारणले गर्दा पारिजातका कथामा भएको क्षणको समस्याको समाधान गर्नका लागि उपयोगी सामग्री रहेको छ ।

ज्ञानु अधिकारी (२०७५) ले *सडक र प्रतिभा* कथासङ्ग्रहका कथामा 'विसङ्गति बोध शीर्षकको समालोचनात्मक' लेखमा पारिजातका कथाहरूलाई विसङ्गतिवादी दृष्टिकोणले नियालिएको छ । यस अध्ययनमा प्रस्तुत सङ्ग्रहभित्रका सोह्रवटा कथाहरूमध्ये अगाडिका बाह्रवटा कथाहरूमा विसङ्गतिवादी चेत हावी भएको पाइन्छ भन्ने धारणा राख्दै पछाडिका केही कथामा प्रगतिवादी चिन्तनले प्रवेश पाएको विचार व्यक्त गरिएको छ । यस सङ्ग्रहका कथामा प्रवृत्तिगत विशेषता केलाउँदै अधिकांश कथामा समख्याता पुरुषपात्रका रूपमा 'म' को प्रयोग गरी शृङ्खलाविहीन, कथानकविहीन र विश्लेषणत्मक शैलीमा कथा लेखिएको पाइन्छ । यस्तै सामाजिक विङ्गतिप्रति चरम वितृष्णा र यथार्थको नग्न चित्रण गर्नु, गरिबी, लाचरी बलात्कार आदि विसङ्गत पक्षहरूमा केन्द्रित हुनु, सहरी परिवेशको चित्रण गरिनु, जड्याहा, बेरोजगारी, शोषित, कुण्ठित, वेश्या, लाचार पात्रहरूको प्रयोग गरिएको पाइन्छ । त्यसैले पारिजातका कथामा प्रयोग भएको समस्यालाई समाधान गर्न यो पूर्वकार्य सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

गोविन्दप्रसाद, लुइटेल (२०७७) ले 'पारिजातका कथामा समख्यानात्मक सङ्केन्द्र' शीर्षकको त्रि.वि.अनुसन्धान निर्देशनालयको *लघुअनुसन्धानमा* सङ्केन्द्रणका माध्यमबाट पर्यावरण र क्षणका कुरालाई प्रस्ट पारेका छन् । सङ्केद्रण व्यवस्थापनमा सङ्केन्द्र के हो अनि यसले कहाँ बसेर र कसरी घटनालाई दृष्टि लगाइरहेको छ भन्ने कुरालाई बाह्य र आन्तरिक गरेर दुई प्रकारमा वर्गीकरण गरेका छन् । बाह्य सङ्केन्द्रकलाई समाख्याता सङ्केन्द्रक र आन्तरिक सङ्केन्द्रकलाई चारित्रिक सङ्केन्द्रकका रूपमा चिनाइएको छ । बाह्य सङ्केन्द्र त्यो सङ्केन्द्र हो त्यो जो कथा बाहिर हुन्छ । कथा बाहिरै बसेर यसले सर्वज्ञ, सीमित वा वस्तुपरक ढङ्गले घटनालाई अभिमुखीकरण गरी पाठकसमक्ष सम्प्रेषण गर्दछ । यसका विपरीत आन्तरिक सङ्केन्द्र समाख्यानभित्रै हुन्छ । कथामा समाख्याताले टिप्पणी गर्ने चरित्रलाई प्रतिबिम्बित चरित्र पनि भनिन्छ । त्यसैले यस लघु अनुसन्धान पर्यावरणलाई सङ्केन्द्रका माध्यमबाट पनि वर्णन गरिएको छ । तसर्थ पारिजातका कथामा भएका पर्यावरणको समस्या समाधान गर्न यो पूर्वकार्य उपयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

यी पूर्वकार्यले पारिजातका कथामा रहेका जाति, पर्यावरण र क्षणको विश्लेषण गर्नमा सहयोगी भूमिका खेलेका छन् । पारिजातले आफूले देखेका, भोगेका र अनुभूति गरेका

कुराहरूलाई कथामा प्रस्तुत गरेकी छन् । उनका समयमा आर्य र मङ्गोल प्रजातिका मानिसमा भएको व्यवहारलाई स्रष्टाहरूले प्रस्ट पारेका छन् । आफू बसेको ग्रामीण ठाउँबाट मानिस किन सहर प्रवेश गर्छन् भन्ने कुरालाई पनि पूर्वकार्यको समीक्षामा वर्णन गरिएको छ । पारिजातले देशमा भएका शासन व्यवस्थाले मान्छेलाई दुःखको क्षणमा पुऱ्याउँदछ भन्ने कुराको चित्रण क्षणका पूर्वकार्यबाट प्रस्ट पारिएको छ। समीक्षकहरूले पारिजातका कथाको विश्लेषणका क्रममा जाति, पर्यावरण र क्षणका अवस्थाका बारेमा चर्चा भने गरेका छन्। प्रस्तुत शोधकार्यमा उल्लिखित पूर्वकार्यहरूलाई सहयोगी सामग्रीका रूपमा लिई पारिजातका कथालाई जाति, पर्यावरण र क्षणका आधारमा विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

पारिजात नेपाली साहित्यका क्षेत्रमा प्रगतिवादी, अस्तित्ववादी र विसङ्गतिवादी लेखकका रूपमा परिचित छन् । पारिजातका कथालाई सङकेन्द्र, नारीवाद लगायत विभिन्न विषयमा विश्लेषण गरिएको पाइन्छ । उनका कथालाई विषयवस्तु र शिल्पशैलीका तहमा रहेर आधुनिक साहित्य विश्लेषण पद्धतिबाट व्याख्या, विश्लेषण गरिएको देखिन्छ । उनका कथालाई समाजशास्त्रीय पद्धतिका वर्गीय, लैङ्गिकता आधारबाट पनि विश्लेषण गरिएको पाइन्छ। यति हुँदाहुँदै पनि उनका कथालाई समाजशास्त्रीय विश्लेषण पद्धतिमध्ये हिप्पोलाइट तेनको  प्रजाति, पर्यावरण र क्षणका आधारबाट विश्लेषण गरिएको पाइँदैन । यस सिद्धान्तसँग सम्बद्ध केही पक्षबाट चर्चा परिचर्चा गरिएको भए तापनि उनका समग्र कथालाई तेनले प्रस्तुत गरेको आधारबाट विश्लेषण नगरिनु शोधको रिक्तताका रूपमा रहेको स्पस्ट हुन्छ। यस अध्ययनले पारिजातका कथामा रहेका प्रजाति, पर्यावरण र क्षणको विश्लेषण गर्ने भएकाले यसबाट साहित्यका अध्येता, अनुसन्धानकर्ता, विद्यार्थी, शिक्षक तथा प्राज्ञिक जगत नै लाभान्वित हुने छन् । साथै यस शोधकार्यमा अवलम्बन गरिने अध्ययन पद्धतिबाट भविष्यमा अरू कसैको कृतिलाई सैद्धान्तिक दृष्टिका सीमा विश्लेषण गर्नका लागि पनि मार्ग निर्देश हुनेछ। यिनै तथ्य र तथ्याङ्कहरूले गर्दा प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्यका लागि विषयगत, क्षेत्रगत र सिद्धान्तगत सीमाङ्कन गरी शोधकार्य सम्पन्न गरिएको छ। यस अध्ययनमा पारिजातका प्रकाशित चारवटा कथासङ्ग्रहबाट पन्ध्रवटा कथाहरूलाई सोद्देश्य नमुना छनौटका आधारमा छनोट गरिएको छ । यसरी छनौट गर्दा निम्नलिखित आधारलाई केन्द्रमा राखिएको छ :

(क) सबै सङ्ग्रहबाट समानुपातिक प्रतिनिधित्व,

(ख) प्रजाति, पर्यावरणको र क्षणको सघनता,

(ग) कालात्मक उत्कृष्टता भएका ।

उल्लिखित आधारबाट छनौट गरिएका कथामा *आदिम देश* कथासङ्ग्रहबाट 'मैले नजन्माएको छोरो', 'एक उडान', र 'तिउरीको फूल र पायरियाको गन्ध' गरी तीनवटा कथा, *सडक र प्रतिभा* कथासङ्ग्रहबाट 'घाम ताप्ता', 'साथीको सम्झना', 'संघारनेर', 'सिटी हलको बूढा ज्यामीसँग' र 'वर्कसपभित्र' गरी पाँचवटा कथा, *साल्गीको बलात्कृत आँसु* कथा सङ्ग्रहबाट 'नैकापे सर्किनी', 'प्रतिकूलता', 'साल्गीको बलात्कृत आँसु', 'वर्षा ऋतु' गरी चारवटा कथा र *वधशाला जाँदा आउँदा* कथासङ्ग्रहबाट नाटकको चौथो चरण', वधशाला जाँदा आउँदा', शकुन्तलाको चिन्तन' गरी तीनवटा कथा लिइएको छ। यी कथालाई हिप्पोलाइट तेनको प्रजाति, पर्यावरण र क्षणको सैद्धान्तिक मान्यताका आधारमा विश्लेषण गरिएको छ तर लेखकीय र पाठकीय प्रजाति, पर्यावरण र क्षणको विश्लेषण भने गरिएको छैन । प्रजातिगत विश्लेषणमा मङ्गोल र आर्यका बारेमा अध्ययन गरिएको छ । पर्यावरणगत विश्लेषणमा भौगोलिक, सामाजिक र परिवेशले निर्मित मानव मनोविज्ञानको विश्लेषण गरिएको छ भने क्षणगत अध्ययनमा पारिजातका समयमा घटेका घटना र वर्गीय भेदभावलाई वर्णन गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि क्रमशः सामग्री सङ्कलन विधि र विश्लेषणको सैद्धान्तिक ढाँचा र विश्लेषणको सैद्धान्तिक आधारलाई उपयोग गरिएको छ ।

### १.७.१ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय कार्यका माध्यमबाट सङ्कलन गरिएको छ । यसमा पारिजातका प्रकाशित कथाहरूमा केन्द्रित भई साहित्यको समाजशास्त्रीय अध्ययन सम्पन्न गरिएको छ । यस शोधकार्यमा मूल समस्या समाधानार्थ सोद्देश्य नमुना छनोटका आधारमा पन्ध्रवटा कथालाई छनोट गरिएको छ। साहित्यको समाजशास्त्रीय अध्ययनको लागि कथामा प्रजाति, क्षण र पर्यावरणका अध्ययन गरिएका सामग्रीलाई उपयोग गरिएको छ । पारिजातका चारवटा कथा सङ्ग्रका प्रायःसबै कथाहरूमा तत्कालीन समयमा भएका प्रजाति, क्षण र पर्यावरणको धारणालाई अभिव्यक्त प्रस्तुत शोधकार्यमा पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । यसमा पारिजातका कथालाई प्राथमिक स्रोतबाट सङ्कलन गरिएको छ भने पारिजातका कथाका बारेमा गरिएका टिकाटिप्पणी, लेख र यस अध्ययनमा प्रयोग गरिएको सिद्धान्तलाई द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । यो शोधकार्य गुणात्मक पद्धतिमा आधारित छ । यसमा सङ्कलित सामग्रीको विश्लेषणको विषयवस्तु विश्लेषक विधिमा  गरिएको छ। प्रस्तुत शोधकार्यको सैद्धान्तिक ढाँचा हिप्पोलाइट तेनले प्रस्तुत गरेको समाजशस्त्रीय विश्लेषण पद्धति हो । यस शोधकार्य तेनको सिद्धान्तमा प्रस्तुत गरिएका प्रजाति, पर्यावरण र क्षणलाई विश्लेषणका ढाँचा बनाइएको छ। यी ढाँचा नै प्रस्तुत शोधकार्य विश्लेषणका सूचक हुन् ।

### १.७.२ विश्लेषण विधि

पारिजातका कथामा प्रजाति, क्षण र पर्यावरणसँग सम्बन्धित शोधकार्य पूरा गर्न हिप्पोलाइट तेनको *हिस्ट्री अफ इङ्लिस लिट्रेचर* (सन् १९०६) कृतिको प्रजाति, क्षण र पर्यावरणका बारेमा समाजशास्त्रीय अध्ययन गरिएको छ। उनले प्रजातिको धारणालाई सर्वाधिक महत्त्व दिएका छन् । उनका अनुसार साहित्यमा समाजका प्रजातिहरूको प्रभाव परेको हुन्छ। उनले प्रजाति अन्तर्गत मानिसका वंशाणुगत विशेषता तथा मानसिक एवम् शारीरिक संरचनाको व्याख्या गरेका छन् । वंशानुगत गुण भनेको कुनै प्रजातिमा पहिलेदेखि नै रहेर आएको विशेषता हो । रज एवम् वीर्यको माध्यमबाट त्यो गुण एक पुस्ताबाट अर्को पुस्तामा सर्दछ । रज एवम् वीर्यका माध्यमबाट आमा र बुबाका विशेषतालाई वहन गर्ने

गुणलाई वंशानुगत गुण भनिन्छ (तेन, सन् १९०६, पृ. ७८) । यसै गुणका कारणबाट आमा र बुबा दुवैको गुणहरूले गर्दा प्रजातिका विशेष गुणहरू रहेका छन् ।

तेनले साहित्यिक विश्लेषणको महत्त्वपूर्ण आधार क्षणलाई बनाएका छन् । साहित्यकार तथा कलाकारले भोगेको र बाँचेको युगको प्रतिबिम्ब साहित्यमा अभिव्यक्त हुन्छ । साहित्यको अध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मानिसहरूको अवस्थाबारे बोध हुन्छ । तेनका अनुसार एक युगमा कुनै विचारको प्रधानता रहेको हुन्छ र त्यसको एक किसिमले वौद्धिक ढाँचा पनि रहेको हन्छ । जसले सम्पूर्ण समाजको चिन्तनलाई प्रभावित गरेको हुन्छ । लेखक तथा कलाकार आफ्नो युगको विषयमा सचेत हुन्छ । त्यसकारण उसले कृतिमा व्यक्त गरेको युग एउटा विशेष रमणीय समयका रूपमा रहेको हुन्छ । क्षणलाई तेनले विशेष गरी काल, युग विशेष र युग चेतनाको रूपमा प्रयोग गरेको पाइन्छ । तेनका अनुसार एउटा युगमा बौद्धिक साँचोको रूपमा कुनै प्रधान विचार रहेको हुन्छ । त्यसले पूरै समाजको चिन्तन तथा व्यवहारलाई प्रभावित पारेको हुन्छ र जीवनका सबै क्षेत्रमा फैलिएको हुन्छ । तेनले साहित्यलाई दर्पणसँग तुलाना गरेर साहित्यलाई निश्चित युगको सत्यलाई अभिव्यक्त गर्ने माध्यम मानेका छन् । उनी साहित्यकारले कृति आफूमा बाँचेको प्रतिबिम्बन उतारेको हुन्छ भनी प्रस्ट पार्दछन् । क्षणलाई स्पष्ट पार्न तेनले एउटा शताब्दी र अर्को शताब्दीको साहित्यलाई तुलना गरी एउटा युगमा एक प्रकारको र अर्को युगमा अर्को प्रकारको सामाजिक स्थिति रहेको कुरा स्पष्ट पारेका छन् (तेन, सन् १९०६, पृ. १२४) । त्यसैले निश्चित समयमा घटेका घटनालाई क्षणका रूपमा विश्लेषण गरिएको छ ।

तेनले प्राकृतिक पर्यावरणलाई महत्त्व दिए पनि त्यसमा सामाजिक परिवेशलाई पनि समाविष्ट गरेका छन् । उनी भन्छन् “संसारमा मानिस एक्लै हुँदैन, उसका चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ । उसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक, सामाजिक, परिस्थितिगत घटनाहरूबाट प्रभावित हुन्छन् (तेन, सन् १९०६, पृ. ४७) । उनले पात्रको स्वभाव र उसको प्राकृतिक सामाजिक परिवेशका बिच कार्यकरण सम्बन्ध स्थापित गर्ने कोशिस गरेका छन् । उनले प्राकृतिक एवम् सामाजिक परिवेशको प्रभाव पात्रमा पर्ने हुँदा परिवेशका पृष्ठभूमिमा पात्रका चारित्रिक विशेषताहरूको विश्लेषण गर्न सकिने कुरालाई औल्याएका छन् । तेनका विचारमा परिवेशसम्बन्धी सिद्धान्त साहित्यको कार्यकरण सम्बन्धलाई पूर्ण व्याख्या गर्ने सिद्धान्त हो । उनी परिवेश अन्तर्गत हावापानी तथा भूगोललाई

महत्त्व दिन्छन् र साहित्यको सूक्ष्म विश्लेषणमा सामाजिक र राजनीतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्दछन् । यसरी बाहिरी परिवेशले मान्छेलाई प्रभाव पार्दछ । त्यसैले साहित्यकार बाँचेको समाजको प्राकृतिक तथा सामाजिक प्रभाव साहित्यमा पनि पर्छ ( तेन, सन् १९०६, पृ. ४८) । अतः साहित्यको सामाजशास्त्रीय अध्ययनमा पर्यावरणलाई पनि मुख्य आधारका रूपमा तेनले प्रस्तुत गरेका छन् ।

**१.७.३ विश्लेषणको ढाँचा**

| क्र.स. | शोधप्रश्न | विश्लेषणको सूचक |
|---|---|---|
| १. | पारिजातका कथामा प्रजातिगत पक्षको कस्तो चित्रण पाइन्छ ? | १. प्रजातिसम्बन्धी सैद्धान्तिक मान्यता<br>२. पारिजातका कथामा प्रयुक्त प्रजाति<br>३. आर्य र मङ्गोल प्रजातिको विशेषता |
| २. | पारिजातका कथामा पर्यावरणको प्रयोग कसरी गरिएको छ ? | १. पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यता<br>२. पारिजातका कथामा प्रयुक्त पर्यावरण<br>३. भौगोलिक, सामाजिक र परिवेशले निर्मित पर्यावरण |
| ३. | पारिजातका कथामा क्षणको कस्तो अवस्थालाई देखाइएको छ ? | १. क्षणसम्बन्धी सैद्धान्तिक मान्यता<br>२. पारिजातका कथामा प्रयुक्त क्षण<br>३. परिवर्तित समयको अवस्था |

## १.८ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई व्यवस्थित र सुगठित रूपमा प्रस्तुत गर्नका लागि पाँचवटा परिच्छेदहरूमा विभाजन गरिएको छ । आवश्यकताअनुसार ती परिच्छेदहरूलाई शीर्षक तथा उपशीर्षकहरूमा समेत विभाजन गरिएको छ। यस शोधकार्यको अन्त्यमा परिशिष्ट र सन्दर्भ सामग्रीसूची रहेका छन् । प्रस्तुत शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : पारिजातका कथामा प्रजाति

तेस्रो परिच्छेद : पारिजातका कथामा पर्यावरण

चौथो परिच्छेद : पारिजातका कथामा क्षण

पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# पारिजातका कथामा प्रजाति

## २.१ विषयप्रवेश

साहित्य र समाजबिचको सम्बन्धको अध्ययन गर्ने वाङ्मयको शाखालाई साहित्यको समाजशास्त्र भनिन्छ । साहित्यको समाजशास्त्रले साहित्यमार्फत अभिव्यक्त भएको समाजको अध्ययन गर्दछ । साहित्यको समाजशास्त्रको वैज्ञानिक र वस्तुगत व्याख्या गर्ने प्रथम व्यक्ति फ्रान्सेली दार्शनिक तथा समालोचक हिप्पोलाइट एडल्फ तेन हुन् । *हिस्ट्री अफ इङ्लिस लिट्रेचर* नामक पुस्तकमा उनले आफ्नो साहित्यको समाजशास्त्रीय धारणा प्रस्तुत गरेका छन् । यसभन्दा अगाडि साहित्य र समाजबिचको सम्बन्धका बारेमा निकै चर्चा परिचर्चा भए तापनि तेनले नै पहिलोपटक यसलाई व्यवस्थित र वैज्ञानिक रूपमा प्रस्तुत गरेका छन् । त्यसैले हिप्पोली तेनलाई साहित्यको समाजशास्त्रको प्रवर्तक मानिन्छ । उनले साहित्य विश्लेषणका लागि प्रजाति, क्षण र पर्यावरण गरी तीनवटा आधार प्रस्तुत गरेका छन् । यिनै तीन तत्त्वका आधारमा साहित्यिक कृतिको सही र पूर्ण विश्लेषण गर्न सकिन्छ भन्ने हिप्पोलाइट तेनको मान्यता रहेको छ । यस शोधकार्यको उद्देश्य पारिजातका कथामा रहेको प्रजातिको अवस्था खोजी गर्नु रहेको हुनाले यस परिच्छेदमा पारिजातका कथाको प्रजातिगत विश्लेषण गरिएको छ ।

## २.२ प्रजातिसम्बन्धी सैद्धान्तिक मान्यता

प्रजाति मूलतः समाजशास्त्रीय अध्ययनको विषय हो । यो हिप्पोलाइट एडल्फ तेनद्वारा प्रतिपादित सबैभन्दा प्रमुख समाजशास्त्रीय अवधारणा हो । तेनले प्रजातिसँग सम्बद्ध अवधारणा प्रस्तुत गर्ने क्रममा वंशानुक्रम र वातावरण, प्रजातिको प्रतिभा, प्रजातिको मानसिकता, प्रजातिगत संस्कृति निर्माण र लेखकको प्रजातीय प्रभावलाई प्रस्तुत गरेका छन् । तेनका मान्यतालाई निम्नानुसार बुझ्न सकिन्छ ।

परम्परागत रूपमा भएको पुस्तौं पुस्ताका गुणहरू तिनका सन्तानमा सर्ने प्रक्रियालाई वंशानुक्रम भनिन्छ । प्रत्येक बाबुआमामा भएका गुणहरू गर्भको सन्तानमा सर्दछन् । सामान्यतया बाबुबाट पचास र आमाबाट पचास प्रतिशत वंशानु गुणहरू तिनका सन्तानमा

सर्दछन् । पुरुष कोषको शुक्रकीट र स्त्रीकोषको डिम्बको संयोगबाट गर्भधारण हुन्छ । यी दुवै वंशसूत्रमा अनगिन्ती गुणसूत्रहरू (जीन) रहेका हुन्छन् । यिनै गुणसूत्रले नै आमाबुबामा निहित गुणहरू गर्भधारणको समयमा तिनका सन्तानमा प्रसारित हुन्छन् । यस प्रकार एउटा नयाँ सृजित शिशुमा ९० हजारदेखि एकलाख बिसहजारसम्म गुणसूत्रहरू रहन्छन् । गुणसूत्रले बालकको शरीरको ढाँचा, आँखाको रङ, केशको रङ र विभिन्न व्यवहार साथै हात, खुट्टा, कान, छाती लगायतका सम्पूर्ण अङ्ग प्रत्यङ्गमा आमाबुबाका अङ्गहरूको मिल्दो प्रभाव पर्दछ । वंशानुक्रमको प्रभाव व्यक्तिको सम्पूर्ण जीवनभरि परेको हुन्छ । मानव जीवनका सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक, नैतिक, मानसिक, चारित्रिक जस्ता पक्षहरूमा यसको प्रत्यक्ष प्रभाव रहन्छ (तेन, सन् १९०६, पृ. ८०) । वातावरणले वंशनुक्रमको सुरुदेखि नै प्रभाव पारेको हुन्छ । वातावरणको प्रभाव गर्भधानको प्रक्रियादेखि नै सुरु हुन्छ । गर्भावस्थामा रहँदा आमाको भोजन, स्वास्थ्य, बानी आदि भित्री वातावरणको प्रभाव रहन्छ । वातावरण अन्तर्गत पनि प्राकृतिक वातावरण, सामाजिक वातावरण, बौद्धिक वातावरण, संवेगात्मक वातावरण जस्ता पक्षहरू समावेश हुन्छन् । मानव विकास र सिकाइमा वातावरणको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । व्यक्तिको व्यक्तित्व विकास र मानसिक विकास बौद्धिक विकासजस्ता संवेदनशील विषयहरूमा यसले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । वंशानुक्रम र वातावरण दुवैले मानव विकास र वृद्धिका विभिन्न पक्षहरूलाई असर पारिरहेका हुन्छन् । मूलतः वंशानुक्रमले पैतृक र जातीय गुणहरू दिन्छ भन्ने वातावरणले वंशजबाट प्राप्त गुणहरूलाई विकसित गर्न सक्दछ (तेन, सन् १९०६, पृ. ८१) । यसरी वंशानुक्रम र वातावरण दुवै एक अर्काका परिपूरक बन्छन् ।

तेनका मतमा परिस्थिति र वाह्य तत्त्वले मान्छेको प्रतिभाको विकासमा सहयोग पुऱ्याउँछ तर जन्मजात पैदा भएको प्रतिभा नै सिर्जनाको मुख्य कारण हो । उनले प्रतिभालाई वाहिरी वातावरणभन्दा वंशानुगत निरन्तरताको विषय मानेका छन् । व्यक्तिको प्रतिभा क्षमताको निर्धारणमा उसले जन्मजात रूपमा प्राप्त गरेको जातीय विशेषताको प्रमुख भूमिका हुन्छ भने सहायक रूपमा उसले प्राप्त गरेको प्रतिभालाई वातावरणले सामान्य परिवर्तन गरे तापनि मूलभूत रूपमा परिवर्तन गर्न सक्दैन । जन्मजात रूपमा प्रतिभा वा क्षमता लिएर आएको व्यक्तिको प्रतिभालाई थप विकसित गर्ने कार्य वातावरणले सहयोग गर्दछ । यसरी तेनले व्यक्तिको प्रतिभा निर्धारणमा वंशानुगत पक्षलाई प्रमुख र वातावरणलाई सहायक पक्षका रूपमा प्रस्तुत गरेका छन् । तेनले साहित्यको विश्लेषणका सन्दर्भमा साहित्यिक रचना मूलत कलाकारको प्रभाव र प्रवल मनोवेगको उपजका

रूपमा रहने धारणा व्यक्त गरेका छन् । कुनै पनि व्यक्तिले रचना गरेको इतिहास र इतिहासमा उसले प्राप्त गरेको स्थान जीवनको सहयोग मात्र नभएर मूलतः उसको प्रतिभाको कारण हो भन्ने मान्यता प्रस्तुत गरेका छन् (जैन, सन् १९९२, पृ. २६) । उनका मतमा कुनै पनि व्यक्तिको प्रतिभा एक छडीको जस्तो हुन्छ । मानव जातिमा प्रतिभाको वाह्य इतिहासभन्दा प्रतिभाको आन्तरिक इतिहास अधिक मूल्यवान् हुन्छ । तेनका अनुसार हरेक जातिमा एउटा विशेष प्रतिभा हुन्छ । अङ्ग्रेजहरू औद्योगिक व्यवसायमा प्रतिभा सम्पन्न हुनु, गोरखालीहरू युद्ध कौशल हुनु, नेपालका जातजातिहरू गीत गाउने कलामा पारङ्गत हुनु, माझीहरू माछा मार्ने कलामा निपूर्ण हुनु आदि यसका उदाहरण हुन् ।

तेनका अनुसार कुनै एउटा प्रजातिमा इतिहासको महान घटना वा गौरवबाट पनि समान सोच वा मानसिकताको विकास भएको हुन्छ । संसारमा इतिहासका विभिन्न कालखण्डमा विभिन्न क्रान्ति, परिवर्तन वा घटना हुन्छन् । यस्ता घटनाहरूमा कुनै जातिको विशिष्ट भूमिका रहेको पनि देखिन्छ (तेन, सन् १९०६, पृ.८३) । यसबाट कृतिमा रहेका प्रजातिको मानसिकता अध्ययन गर्न सकिन्छ । प्रजातिका बारेमा मार्क्सवादी र गैर मार्क्सवादी धाराको विकास भएको पाइन्छ । लेखक सामाजिक सन्दर्भ विश्लेषण गर्दै त्यसले लेखकमा पारेको प्रभाव कृतिमा व्याक्त भएको समाज तथा कृतिले समाजमा पारेको प्रभावको व्याख्या विश्लेषण साहित्यको समाजशास्त्रमा गरिन्छ । समाजशात्रको अर्को प्रभावशाली धाराका रूपमा मार्क्सवादी धारामा रहेको हुन्छ (त्रिपाठी, २०५८, पृ. १५७) । समाजमा भएका प्रजातिका कुराहरू माक्सवाद र गैर मार्क्सका आधारमा गरिएको हुन्छ ।

हरेक प्रजातिको विभिन्न समयमा आफ्नै खालको संस्कृतिको निर्माण गरेका हुन्छन् । संस्कृतिलाई प्रायः अस्पष्ट र वहुअर्थी खालको अवधारणाका रूपमा लिइन्छ । मानिसले सिर्जना गरेको सबैजसो चाडपर्व, रीतिरिवाज, चालचलन, जीवनशैली आदि संस्कृति हो । संस्कृति त्यो जटिल समग्रता हो जसमा ज्ञान, विश्वास, कला, आचारसंहिता, प्रथा लगायतका विषयहरूको समावेश हुन्छ । सांस्कृति मानवको सामाजिक, पैतृक तथा पुर्ख्यौली सम्पति हो जसलाई पुर्खाबाट उपहारका रूपमा समाजको सदस्यका नाताले मानिसले प्राप्त गर्दछ र मानव समाजमा त्यसको आभास गर्दछ । सांस्कृतिक भौतिक तथा बौद्धिक साधन वा उपकरणहरूको सम्पूर्ण योग हो जसद्वारा मानवले सामाजिक आवश्यकता र सन्तुष्टि प्राप्त गर्दछ (चापागाईं, २०६०, पृ. ५१) । प्रत्येक जातिको संस्कृति र त्यसको मूल्य भिन्न हुन्छ ।

मानवको भावना, विचार र व्यवहार संस्कृतिका मूल्य आधार हुन् । यिनीहरूकै पारस्परिक योगबाट कुनै गुण निर्मित हुन्छ जसलाई जीवन मूल्यका रूपमा लिइन्छ (तेन, सन् १९०६, पृ. ६५) । यही गुण वा जीवन मूल्य, प्रेम, सत्य, करुणा, दया, परोपकार, विश्वास, क्षमा, बन्धुभावना, मैत्री, सहिष्णुता, सदाचार, त्याग आदिद्वारा प्रकट हुन्छ । प्रत्येक मानवीय संस्कृतिमा यिनीहरूको ग्रहण र अभ्यास आफ्नो जातीय परिस्थिति, भौगोलिक तथा ऐतिहासिक आवस्यकता अनुरूपको हुन्छ । तसर्थ संस्कृति कुनै जातिको एउटा जीवन पद्धति हो जो त्यस जातिको जीवनधारका रूपमा रहन्छ ।

तेनका अनुसार कलकार वा साहित्यकार समाजको जातीय प्रभावबाट मुक्त रहन सक्दैन । कथाकार वा साहित्यकार पनि आकाशबाट अवतरित हुने विषय नभएर ऊ कुनै न कुनै समाजको एक सदस्यका रूपमा रहेको हुन्छ । सामाजिक सदस्यका रूपमा उसले आफ्नो भूमिका र कर्तव्यहरू निर्वाह गरिरहेको हुन्छ । यति मात्र नभएर ऊ कुनै न कुनै प्रजातिको सदस्य समेत रहेको हुन्छ । उनीहरूको मानसिकतामा कुनै न कुनै रूपमा आफ्नो जातीय आदिम संस्कारहरू विद्यमान रहेका हुन्छन् जसलाई उसले कला साहित्यमा अभिव्यक्त गरेको हुन्छ । लेखकले आफूलाई जतिसुकै तटस्थ राख्न खोजे पनि कृतिमा उसले आफ्नो जातीय विशेषतालाई प्रस्तुत गरेकै हुन्छ (तेन, सन् १९०६, पृ. ७२) । कृतिको अध्ययन र विश्लेषणबाट लेखकका यस प्रकारको प्रभावलाई देख्न सकिन्छ । यस अध्ययनमा पारिजातका कथामा रहेको प्रजातिगत स्थितिको समीक्षा गर्न तेनले बताएका उल्लिखित अवधारणाको प्रयोग गरिएको छ ।

## २.३ परिजातका कथामा प्रयुक्त प्रजाति

पारिजातका जम्मा कथाहरू ४७ वटा रहेका छन् । ती कथाहरू चारवटा कथासङ्ग्रहमा सङ्कलित छन् । यी कथालाई हिप्पोलाइट तेनको प्रजातिसम्बन्धी अवधारणाका आधारमा यस परिच्छेमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा कथा कृतिको कालिक क्रमअनुसार विश्लेषण गर्दै लगिएको छ । कथा सङ्ग्रहभित्रका कथाको चयन गर्दा क्रमानुक्रमअनुसार चयन गरिएको छ । प्रस्तुत परिच्छेदमा तेनले उल्लेख गरेका सूचकलाई आधार बनाई पारिजातका कथामा रहेको प्रजातिको स्थितिलाई विश्लेषण

गरिएको छ । प्रजातिगत अध्ययनका क्रममा पारिजातका कथामा भएका आर्य र मङ्गो प्रजातिका बारेमा विश्लेषण गरिएको छ ।

### २.३.१ 'मैले नजन्माएको छोरो' कथामा प्रजाति

मैले नजन्माएको छोरो कथा *आदिम देश* कथासङ्ग्रहमा सङ्कलित छ । यस कथामा भएको प्रजातिका बारेमा विश्लेषण गर्नलाई कथामा भएका पात्रहरूको अध्ययन गरिएको छ । यस कथामा प्रस्तुत गरिएका पात्रहरूमा म पात्र, स्कुले केटाहरू र भट्टी पसलकी बुढी कन्ये साहुनी रहेका छन् । यी पात्रहरू जनजाति समुदायका भएकाले मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेका छन् । यस कथामा कथाकार पारिजात म पात्र बनेर आफ्ना भावनाहरू व्यक्त गरेकी छन् । उनले विरामी परेको अवस्थामा घरमै बसेर दिन बिताउने महिलाहरूको प्रतिनिधित्व गरेकी छन् । म पात्रले आफ्ना चाहना, र भावनालाई मैले नजन्माएको छोरो कथामा प्रस्तुत गरेकी छन् । उनका बुबा शिक्षित भएकाले उनले पनि पढ्नुपर्छ, अगाडि बढ्नुपर्छ र साहित्यमा लागेर कृति रचना गर्नुपर्छ भन्ने आफ्ना बुबाको शैक्षिक गुणलाई साहित्यका माध्यमबाट प्रस्ट पारेकी छन् ।

पारिजातलाई रोगले सताएर घरमै बस्नुपरे पनि उनीभित्र एक प्रकारको चाहना बढेको छ । उनी किशोर अवस्थामा पुगेका वेलामा छोरोको चाहना र श्रीमान्‌को चाहना भएको छ । किशोर अवस्थामा पुगेपछि महिला र पुरुषमा यौनप्रति आकर्षण हुनु पनि वंशनुगत गुण नै हो । म पात्रले बाटामा हिंडेका केटालाई झ्यालबाट एकनासले हेर्नु चाहिँ उनको यौवनको चाहना हो । केटालाई हेर्दा आँखा जुध्नु, मनमा अनेक प्रकारका विचारहरू खेल्नु चाहिँ किशोर अवस्थामा महिला र पुरुषमा हुने आकर्षण गुण हुन् । स्कुल जाने समयमा स्कुले केटाहरू कतिखेर आउँछन ? उनीहरूले के कस्तो क्रियाकलाप गर्छन ? आदि कुराको चासो राख्नु यौनको चाहना हो । विवाह गरेर छोरो पाउन खोज्नु महिलाहरूको चाहना हो तर सबै महिलाले चहाना पूरा गर्ने सक्दैनन् । समाजमा छोरो पाउन खोज्दा खोज्दै छोरीहरूको जन्म हुन्छ र यो धर्ती अगाडि बढ्छ भन्ने भाव म पात्रका माध्यमबाट आर्य र मङ्गोल प्रजातिगतको अवस्थालाई व्यक्त गरिएको छ ।

स्कुलले केटाहरू काठमाडौँमा अवस्थित राजमार्गबाट विद्यालय जाँदा आउँदा उनीहरूले पारिजातलाई सडकबाटै ख्याल गरेका छन् । उनीहरूले बाटामा पसल थापेर बस्ने

पसलेलाई किताब, कापी बेचेर चुरोट खाएका छन् । यसरी विद्यार्थी जीवनमा जाँड, रक्सी र चुरोट खाने स्वभाव जनजाति समुदायको मङ्गोल प्रजातिमा देख्न सकिन्छ । उनीहरूको बुबाआमाले घरमा चुरोट खैनी खाएको हुनुपर्छ र उनीहरू पनि त्यस्तै लतमा लागेर चुरोट खान थालेका भन्ने बुझ्न सकिन्छ। पढाइमा ध्यान नदिनु , हाउडे भएर विद्यालय नगई समय बिताउनुको अवस्थालाई नपढ्ने बालबालिकाको उमेरले पारेको प्रभावलाई बुझ्न सकिन्छ । यस्तै गरेर भट्टी पसलकी बुढी कन्ये महिला सडकका छेउमा जाँड, रक्सी बेचेर आफ्नो गुजारा चलाएकी छ । एकदिन म पात्र सहरतर्फ जाँदा भट्टी पसलमा भएकी बुढी केन्या महिलासँग भएका कुराकानीलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

> पसलेको भट्टी पसल आइपुग्छ । त्यहाँ एउटी बुढी कन्ये साहुनी छ । फरासिली साथै चोथाले तर व्यापार गर्न असाध्यै सिपालु । अनासाय म त्यतातिर हेर्छ । सोच्छु यहाँ उसलाई किन आउनुपऱ्यो । चियाखानलाई होइन, भुराभुरीलाई चिया किन खानुपर्छ ? लौ चिया खान आएको रे तर यहाँ त मासुको अचार र रक्सीको चल्ती छ । मेरो आङ सिरिङ हुन्छ । मेरो छोरो भनाउँदो हात हालेर साहुनीसँग ठट्टा गरिरहेको हुन्छ । मतिर उस्तैगरी हाँसेर हेर्छ । साहुनी भनिरहेकी छ, "ए छाडा मोरा बुढीसँग पनि चल्ने?" शब्दको अर्को चाबुक प्रहारले मेरो आङ झन्न बज्छ । (पृ.२५)

भट्टी पसलमा म पात्रले मनपराएका स्कुलले केटाहरू बुढी कन्यासँग जिस्किनु पनि किशोर अवस्थाको परिणाम हो । स्कुले केटाहरूमा अचेतन मनका कारण बुढी कन्यासँग रमाइलो गर्न चाहेका छन् । स्कुले केटाहरू त घरमा वा स्कुलमा हुनुपर्ने तर किन भट्टीमा छन् भन्ने सोचाइमा म पात्र पुगेकी छन् । ती केटाहरूको क्रियाकलाप र उत्ताउलो व्यवहारले पुरुषहरूको वंशानुगत गुणलाई प्रतिनिधित्व गराएका छन् । छोराहरू १४, १५ वर्षदेखि उत्ताउलो स्वभावका हुन्छन् । उनीहरूको चाहना विपरीत लिङ्गप्रति आकर्षित हुन्छ । यी सबै क्रियाकलाप आर्य र मङगोल प्रजातिमा हुने वंशानुगत गुणका रूपमा आएका छन् ।

भट्टी पसलकी बुढी कन्या मङ्गोल प्रजातिकी महिला हुन् । सहर बजारमा भट्टीपसल खोलेर जीवन निर्वाह गर्ने काम राई, मगर, तामाङ, गुरुङ समुदायका मानिसले गरेको पाइन्छ। आफ्नो जीवननिर्वाह गर्न आफ्ना पुस्ताले गरेको काम, संस्कार र चालचलनलाई अर्को पुस्ताका मानिसले सञ्चालन गर्दछन् । भट्टीपसल खोलेर बुढी कन्या महिलाहरूले ग्राहकसँग रमाइला गफगाफ गरेर ग्राहकको पैसा पसलमा जम्मा गर्दछन् । यस्ता भट्टीपसलले धेरै युवाहरूको

भविष्यलाई बर्बाद गरिदिएका छन् । त्यसैले म पात्र, स्कुले केटाकेटी र भट्टी पसलकी बुढी कन्याले मङ्गोलियन प्रजातिको प्रतिनिधित्व गरेका छन् । उनीहरूको जीवनशैली, चालचलन र क्रियाकलापलाई हेर्दा वंशाणुगत गुणको प्रभावलाई प्रजातिका माध्यमबाट प्रस्ट पारिएको छ ।

### २.३.२ 'एक उडान' कथामा प्रजाति

एक उडान कथामा आएका पात्रहरू सोफिया, सोफियाको दाजु, विमानचालक हुन् । उनीहरूको जातीय आधार हेर्दा जनजाति समुदायका देखिन्छन् । उनीहरूको बोलीचाली, रहनसहन हेर्दा मङ्गोल प्रजातिका पात्र हुन् । यस कथाकी पात्र सोफिया हवाइजहाजमा एयर होस्टेसको काम गर्छिन् । सोफिया प्रत्येक दिन आठ नौ बजे रातिसम्म हवाई अड्डामा काम गर्छिन । उनीहरूको परिवारमा जाँडरक्सी खाने चलन बाहुबाजेको पालादेखि थियो । त्यसैले उनीलाई मङ्गोल प्रजातिको प्रतिनिधि गर्ने युवती हुन् भन्न सकिन्छ । उनले पनि आफ्नो काम सकेर कलकताको आलीशान होटलमा मसरुम सुप, कुखुराको रोस्ट, बियरको बोतल र रिजेन्ट चुरोट आदिका स्वाद चाखेकी छन् । त्यसैले मङ्गोल प्रजातिमा जाड रक्सी खाने वेला मौकामा अपशब्दको पनि प्रयोग गर्ने बानी वंशानुगत बानीका रूपमा आएका हुन्छन् । एयर होस्टेज जस्तो पदमा काम गर्न पनि आँट चाहिन्छ र आँटिला युवतीहरू राई, लिम्बू, मगर र तामाङ समुदायका नारीहरूको बढीमात्रमा सहभागिता भएको पाइन्छ । सोफियाले हवाइजहाजमा यात्रा गर्दा आर्य, मङ्गोल दुवै प्रजातिका मानिसको ख्याल गरेकी छन् । उनी आफ्ना कर्तव्यप्रति लगनशील भएर काम गरेकी छन् । उनी शारीरिक रूपमा पनि हट्टाकट्टा थिइन् । हेर्दाखेरि चिटिक्क मिलेको शरीर मिठो बोल्ने कारणले गर्दा अरूको नजर पनि उनीमा राम्रोसँगले पर्ने गर्थ्यो । उनीले भी .आई. पी. को आदेश मान्नु पर्थ्यो । कसैले यस्तो चाहियो उस्तो चाहियो, यो कहाँ छ, त्यो कहाँ छ भनेर अर्डर गर्थे भने कोही सोफियाको सुन्दरतामाथि आँखा लगाउँथे । यसरी सोफियाले हवाइजहाजमा प्यासेन्जरबाट धेरै प्रकारका समस्यासँग जुध्नुपरेको थियो । उनी आफ्नै दाजुबाट पनि घरेलु हिंसामा परेकी थिइन् । त्यो कुराको पुस्टि तलको साक्ष्यले प्रस्ट पारेको छ :

> कान्छी स्वास्नीको लपेटामा परेको बाबुको मायादेखि त वञ्चित भएकी थिएँ । प्रत्येक सुखदेखि त म वञ्चित थिएँ, मानौ यसरी बञ्चित रहनु नै मेरो बाल्यावस्थाको प्राप्ति । मेरा प्रत्येक कलिला र फुका भावनाहरूको कसरी हत्या गरिदिएका हुन मेरो

दाज्यूले ! अन्त मेरो दाज्यू यस्तै ठूलो टाउँको भएको छ तर ऊ कलाकार, चित्रकार र कवि म के बन्नु उसलाई जहिले पनि स्कुलबाट फर्कदा साथी भाइकहाँबाट आउँदा र वार्दलीमा वस्दासम्म नियन्त्रण र अविश्वासको शिकार भई रहनु पर्थ्यो । मलाई कस्तरी हिर्काएको छ मेरो दाज्यूले अनुहारमा आङमा जताततै । सोफीयाका बुवाले कान्छी स्वास्नी ल्याएपछि उसको घरपरिवारमा शान्ति थिएन । आफ्नै दाजुले भएका नभएका शङ्का गरेर सोफियालाई पिट्थ्यो, गाली गर्थ्यो र नराम्रो व्यवहार देखाउथ्यो । सोफियाको रङ र रूपप्रति उसको दाजुले रिसराग राख्थ्यो । उसकी बुबाको कान्छी श्रीमती सोफियाभन्दा राम्री थिइन तर असाध्यै माया गर्थ्यो । उसकी श्रीमतीले जे भन्यो त्यही खुरुखुरु मान्थ्यो र धेरै माया गर्थ्यो तर सोफियालाई भने घृणा गर्थ्यो । (पृ.२७) ।

विमानचालक मङगोल प्रजातिका पात्र हो । ऊ ऑटिलो स्वभावको छ त्यसकारण उसले आवश्यक परेको ठाउँमा उडान गरेर आफ्नो दिनचर्या विताएको छ । हाम्रो देशमा धेरै जसो शेर्पा, श्रेष्ठ, तामाङलगायतका मङ्गोल प्रजातिका मानिसहरूले विमान चालकको काम गरेका छन् । उनीहरूको क्षमता र साहसलाई सम्मान गर्दै रोजगारीका क्षेत्रमा मङ्गोल प्रजातिका मानिसको बढी सहभागिता भएको देख्न सकिन्छ । यस कथामा पनि विमानमा आफ्नो यात्रा पूरा गरेपछि वियर खाने, होटलमा बस्ने, एयर होस्टेससँग समय बिताउने संस्कृतिलाई हेर्दा मङ्गोल प्रजातिको विमानचालक हुन् भन्न सकिन्छ । विमान चालकहरू आफ्नो विमानमा भएको एयर होस्टेससँग समय बिताउन चाहन्छन् । यसै क्रममा सोफियालाई पनि विमान चालकले गाला निमोठी दिएको छ । डिनर खाँदा सोफियाको तारिफ गर्दै आफूतिर आकर्षित गरेको छ । यहाँ पुरुष र महिलाको यौन चाहनालाई पनि देखाइएको छ । यी सबै चाहनाहरू युवाअवस्थामा हुने गुण हन् । त्यसैले प्रजातिगत अध्ययन गर्दा पात्रहरूका माध्यमबाट वंशानुगत गुणको विशेषतालाई देखाइएको छ ।

### २.३.३ 'तिउरीको फूल, पायरियाको गन्ध' कथामा प्रजाति

तिउरीको फूल, पायरियाको गन्ध कथामा भएका पात्रहरूको विशेषताका आधारमा प्रजातिगत अध्ययन गरिएको छ । यस कथाका मुख्य पात्रका रूपमा लाटी, म पात्र, टुरिस्ट गाइड र पुलिस रहेका छन् । ती पात्रका क्रियाकलापलाई अध्ययन गर्दा यस कथामा मङ्गोल र आर्य प्रजातिको चालचलन र उनीहरूको संस्कारलाई प्रस्तुत गरिएको छ । यस कथामा म

पात्रका रूपमा एउटा पुरुषलाई उभ्याइएको छ । उसले आफ्नी सोझी श्रीमतीसँग दुःख, सुखको कुरा गरेर आफ्नो जीवन बिताएको छ । उसले विवाह गरेर ल्याएकी श्रीमतीले श्रीमान् घरमा नआउन्जेल खाना नखाई पर्खेर श्रीमान्सँगै खाना पर्खेकी छे । यसरी श्रीमान्ले खाना नखाई श्रीमतीले खाना पर्खेर बस्ने परम्परा हिन्दू धर्म अन्तर्गतको ब्राह्मण, क्षेत्री समुदायमा रहेको छ । यो चालचलन आर्य प्रजातिसँग सम्बन्धित छ । यहाँ पतिलाई परमेश्वरसँग तुलना गरिएको छ । ब्राह्मण समुदायमा श्रीमान्ले खाना खाएर मात्रै श्रीमतीले खाना खाने चलन रहेको छ ।

मानिसहरू दयालु स्वभावका हुन्छन् । अरूको दुःख सुखका बारेमा ख्याल गर्ने प्रवृतिका हुन्छन् । यहाँ प्रजातिगत चालचलन र संस्कारलाई देखाइएको छ । त्यस्तै गरेर यो कथाको अर्को मुख्य पात्र लाटीलाई उभ्याइएको छ । लाटीले कसैसँग आफ्ना विचार राख्न पाउँदिन । ऊ मन्दिरको वरिपरि घुमेर दिन काट्छे । ऊ मोटी र ठुली छ तर उसको नजिकै जाँदा उसको शरीरबाट ह्वास्सै नमिठो गन्ध आउँछ । ऊ तरूनी भएकी छे । ऊ सहरबजारमा भएका मन्दिरमा यताउता गर्दै डुलिरहन्छें । यसरी हेर्दा उसका बुबाआमा वा हजुरबा र हजुरआमाहरू कुनै अवस्थामा बोली नआएका हुनुपर्छ । त्यसैले लाटीको जीवनमा समस्या आएको हो । एक पुस्तामा देखिएको वंशानुगत गुण, चालचलन अर्को पुस्तामा देखिन्छ भन्ने मान्यता प्रजातिगत गुणमा प्रस्ट पारिएको छ । लाटो हुनु, अन्धा हुनु, शरीरका अवयवहरू राम्रोसँग नचल्नु आदि एक पिढीमा देखिएको कुरा अर्को दुई तीन पुस्तामा देख्ने गरिन्छ । लाटी महिनावारी भएको वेलामा मन्दिरको छेउछाउ नजानु, आफू पापदेखि डराउनु आदि क्रियाकलापलाई हेर्दा लाटी हिन्दुधर्म मान्ने क्षेत्री वाहुन समुदायको आर्य प्रजातिको महिलाको प्रतिनिधित्व गरेकी छ । उसमा भएको जवानी, रहर, इज्जत अरूलाई लुट्न दिएकी छैन । उसले अपरिचित मानिस, पुलिस र टुरिस्ट गाइडसँग लुकेर आफ्नो अस्मिता बचाएकी छे । यसलाई प्रस्ट पार्न यो साक्ष्यलाई प्रस्तुत गरिएको छ :

> कुनै भ्रम र आवेगले मलाई अचेटेको छैन, त्यसैले त सर्वप्रथम देख्छु कसरी लाटी रजस्वलाको पहिलो रात जोगाउनलाई मन्दिरको खुडकिलोमा अर्थहीन गीत गाउन छाडेर यहाँसम्म आएकी छ, शायद कसैदेखि नदेखिइनलाई, शायद कसैलाई नछुनलाई । म किटेर भन्न सक्छु उसले एउटा टालोले आफूलाई ढाक्न निष्फल प्रयत्न गरेकी छ कारण उसको नशा ढिला छ । (पृ.३६)

लाटीले परसरेका वेलामा गरेको यस्तो व्यवहार आर्य प्रजातिमा बढी प्रयोग गरिएको पाइन्छ । एउटा ब्राह्मण, क्षेत्रीका छोरीले जसरी आफ्नो शरीरमा आएको परिवर्तनलाई देखाइएको छ त्यसैगरी लाटी हाम्रो समाजमा हेपिएकी एउटा आर्य प्रजातिको नारी पात्र हो । यहाँ पुलिस र टुरिस्ट गाइडको क्रियाकलाप र जीवन शैलीका आधारमा प्रजातिगत अध्ययन गरिएको छ । उनीहरूले मङ्गोले प्रजातिको प्रतिनिधित्व गरेका छन् । नेपालको प्रहरी प्रशासनमा भर्ती हुने धेरैजसो मानिसहरू मङ्गोल प्रजातिका हुन्छन् । उनीहरूका शरीरिक बनावट हृष्टपुष्ट र बलिया खालको हुन्छ । देशको रक्षा गर्ने क्रममा र प्रहरीमा भर्ती लाउने क्रममा क्षेत्री बाहुन समुदायका युवायुवतीलाई भन्दा मतुवाली समुदायको युवायुवतीको उल्लेखनीय उपस्थिति रहेको छ । कथामा पनि लाटी मन्दिरतिर डुलेर दिन बिताउँदै गर्दा प्रहरीलाई सबै कुराको ज्ञान भएको छ तर पनि ती प्रहरीले लाटीलाई शान्तिसुरक्षाको अनुभूति दिलाउन सकेका छैनन् । यसरी लाटीमा भएको असुरक्षाको अवस्थालाई प्रहरी प्रशासनको लाजमर्दो अवस्थालाई देखाइएको छ । सडकमा पुलिस र रिक्सावालले लाटीलाई वेलामौकामा दुःख दिएका छन् । उनीहरूले लाटीलाई फकाएर उसको अस्मिता लुट्न चाहन्छन् तर लाटी प्रतिकार गर्दै सुरक्षाको खोजीमा हिडेकी छ । यसरी एउटा बोल्न नसक्ने महिलामाथि कुदृष्टि लगाउने पात्र पुलिस र रिक्सावाल रहेका छन् । रिक्सावालले सडकमा रिक्सा कुदाएर आफ्नो जीविकोपार्जन गरेको छ । ऊ जनजाति समुदायको पात्र हो । उसले पनि लाटीलाई देखेपछि लोभिन्छ, उसको पनि लाटी प्रतिको आकर्षण यौन पूरा गर्नका लागि हो । त्यसकारण समाजमा पुरुषले महिलालाई एक्लै एक्लै भेटेमा ऊप्रति आकर्षित भएर आफ्नो यौन चाहाना पूरा गर्नु वंशानुगत गुणको एउटा उदाहरण पनि हो ।

प्रजातिगत अध्ययन गर्ने क्रममा यस कथा एउटा टुरिस्ट गाइडको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । टुरिस्ट गाइडको काममा प्रायजसो तामाङ, मगर समुदायका मानिसहरूले काम गरेका छन् । उनीहरू हिमाल, पहाड र फाँटमा विदेशी पर्यटकहरूको सामान बोक्नमा सहयोग गर्दछन् । सगरमाथाको पदयात्रा गर्ने क्रममा पनि त्यहीका स्थानीय भोटे प्रजातिका मानिसहरूले पर्यटकहरूलाई सहयोग गरेर आफ्नो निर्वाह गरेका छन् । त्यसैले यस कथाको पात्र टुरिस्ट गाइड मङ्गोल प्रजातिका हुन् । उनीहरूका हजुरबा, बुवाहरूले पर्यटकलाई पदयात्रामा सहयोग गरिदिएकाले त्यो काम आफ्ना सन्तानले व्यवसायका रूपमा टुरिस्ट गाइडको कामलाई समालेका छन् । त्यसैले मङ्गोल समुदायका मानिसहरू पर्यटन व्यावसायमा लागेका छन् । उनीहरूले पर्यटकलाई सही सल्लाह र सुझाब दिँदै सहयोग गरेका छन् । त्यस्तै गरेर

पर्यटकहरूको रूप रङ, चालचलन उनीहरूको जातिगत र संस्कारअनुसार नै हुन्छ। उनीहरूका आँखाको रङ, कपालको रङ र छालाको विशेषता पनि एक प्रकारको हुन्छ । उनीहरूको जीवनशैली आदिलाई हेर्दा मङ्गोल प्रजातिसँग मिल्न जान्छ। त्यसैले यस कथामा आर्य र मङ्गोल प्रजातिको मिश्रित अवस्थाको चित्रण गरिएको छ ।

## २.३.४ 'घाम ताप्ता' कथामा प्रजाति

घाम ताप्ता कथा एउटा समाजमा घट्न सक्ने घटनामा आधारित छ । यस कथामा आएका पात्रहरू लोग्ने स्वास्नी, सुब्बा साब, होटलमा काम गर्ने घर्ती रहेका छन्। यी पात्रहरूको जीवनशैली र चालचलनलाई हेर्दा जनजाति समुदायको चित्रण गर्न सकिन्छ । त्यसैले यस कथामा आएका पात्राहरू मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेका छन् । यस कथाको सुरुमा लोग्ने र स्वानीका विचमा झैँझगडाको अवस्थालाई देखाइएको छ। स्वास्नी आफ्नो लोग्नेसँग निकै दिन भयो बोलेकी छैन । उसको लोग्ने दलाली गर्न घरबाहिर जान्छ। त्यहाँ गएर ऊ मस्तले घाम ताप्छ। उनीहरूको घरमा एउटा छोरी छ तर खाने, बस्नेको राम्रो व्यवस्था छैन। उनीहरूले मागी विवाह गरेका थिए। हाम्रो समाजमा जनजाति समुदायका युवा युवतीहरूमा मन परापर भएपछि मागेर विवाह गर्ने र पछि सासू ससुरासँग गएर ढोग भेट गर्ने शिर उठाउने चलन रहेको छ। यस्तो खालको विवाह जनजाति समूहमा भएकाले यसलाई मङ्गोल प्रजातिको विशेषतासँग तुलना गरिएको छ ।

कम उमेरमा विवाह गरेकाले आफ्नो परिवारको राम्रो व्यवस्था गर्न नसक्दा लोग्नेको स्वास्नीसँग मनमुटाव भएको छ। उनीहरूको छोरालाई भोक लागेको वेलामा खानेकुरा खुवाउन सकेका छैनन् । घरको अभाव र पीडाले गर्दा स्वास्नीले छोरो भोकाएको वेलामा नराम्रो शब्दले गाली गरेकी छे। उनीहरूको, घरपरिवारमा तल्लो दर्जाको गाली गर्नु स्वभाविक हो किनभने त्यस्तो गाली उनीहरूका बाजे बराजु गर्दै आएका थिए । यस्तो भाषाको प्रयोग जनजाति समुदायभित्रको मङ्गोल प्रजातिमा रहेको छ ।

घाम ताप्ता कथाको अर्को पात्र सुब्बा साब हुन्। उनी गाउँका ठूलाठालुका रूपमा रहेका छन्। उनीले चुरोट खाने, रक्सी खाने र ऐस आरामको जीवन विताएका छन्। उनीले गाउँमा चुरोट खाँदै मुखबाट उडाउँदै आफ्नो बहादुरी देखाएका छन् तर उनी गाउलेहरूलाई भने चुरोट छाडेको छु भन्दै गफ लगाउँछन्। यसरी चुरोट खाने रक्सी खाने जनजाति समुदायको संस्कार

र सभ्यताभित्र पर्दछ । त्यसैले सुब्बा साब मङ्गोल प्रजातिका प्रतिनिधित्व गर्ने पात्र हुन् । यसरी बाबु, बाजेका बानी व्यहारहरू प्रजातिमा सर्दै आएका हुन्छन् । यहाँ म पात्रले गौतमबुद्ध र नालापानीको युद्धका बलभद्रका कुरा गर्दा शाक्य र क्षेत्री समुदायको चर्चा गर्दा उनीहरूले आर्य प्रजातिको वीरताको गाथा गाएका छन् । त्यसैगरी सुब्बा साबले गाउँमा भएका कुराहरूको बारेमा वर्णन गरेका छन । यसको साक्ष्यलाई यस प्रकारले प्रस्ट पारिएको छ. :

> यहाँ वरिपरिका सबै घरहरू हाम्रै दाजुभाइहरूको, यो तपाईंलाई थाहै छ, कुरामा कुरा नि हिजो त्यही दोबाटोमा फलाना सुब्बाले गरिबमारा भनी चर्चा हुँदा को आएको थियो ? दुःखमा कोही मान्छे आफ्नो हुँदैन । मान्छे भनेको हाँस्नुको साथी कुरा बुभ्न भएन कि बाबु ! अहिले तपाईको छैन भन्दैमा नि मलाई तपाईमाथि दया नभएको हो र ? तपाईंलाई पर्दा म, मलाई पर्दा तपाईं । अहिले यहाँबाट तपाईको उठीबास लागे म के रमिता हेरेर बस्छु त ? (पृ.९७)

सुब्बाले गाउँका मानिसलाई प्रभावित पार्नका लागि सामाजिक यार्थाथका कुराहरू गरेका छन् । वास्तवमा दुःख पर्दा सहयोग गर्ने कोही मान्छे हुँदैनन् । मानिसहरूले हाँसो र खुसीमा मात्र साथ दिन्छन् । सुब्बाले अरूका अगाडि जीवनको वास्तविकता बताउँदै तपाईलाई पर्दा म र मलाई पर्दा तपाईंले सहयोग गर्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् ।

होटलमा काम गर्ने घर्ती मङ्गोल प्रजातिको पात्रका रूपमा रहेको छ । उनीले रातदिन होटलमा काम गरेर आफ्नो जीवन चलाएको छ । उसमा पनि यौन चाहना बढेको छ । त्यसै क्रममा घर्तीले डेरा गरेर बसेकी तरुनीलाई भगाएको छ । छोरी मानिसको उमेर पुगेपछि काम गरेर घरबार गर्न सक्ने युवासँग विवाह गर्ने चाहना हुन्छ । त्यस चाहनालाई प्रजातिको वंशानुगत गुणभित्र पर्दछ । यहाँ डेरा गरेर बसेकी तरुनी केटीका पनि आफ्नो समस्या छन् । डेराभित्र एक्लै समय विताउँदा मनका अनेक प्रकारका कुराहरू खेलेका छन् । त्यसैले ती युवती होटलमा काम गर्ने घर्तीसँग पोइला गएकी हुन् । यहाँ घर्तीसँगको विवाहलाई जनजाति समुदायको परम्परालाई देखाइएको छ । त्यसकारण यहाँ पोइला गएर विवाह गर्ने चलनलाई डेरामा बसेकी केटी र घर्ती केटोको विवाहलाई पनि देखाइएको छ । उनीहरूको मन मिलेपछि विवाह गर्छन् र पछि आफ्नो इस्टमित्रलाई बोलाएर भोज भतेर खुवाउने प्रचलन पनि रहेको छ । त्यसैगरी होटेलमा काम गर्ने घर्ती र तरुनी महिलामा आकर्षण हुनु वंशानुगत

गुण हुन् । घाम ताप्ता कथामा धेरै जसो मङ्गोल प्रजातिको प्रवृत्तिलाई देखाइएको छ भने कही कही आर्य प्रजातिको विवाहलाई पनि देखाइएको छ ।

### २.३.५ 'साथीको सम्भना' कथामा प्रजाति

साथीको सम्झना कथा एउटा साथीको डायरीलाई म पात्रले पढेर मनमा उब्जेका भावलाई व्यक्त गरिएको छ । यस कथाका पात्रहरू म, पुलिस, भोटेनी र विद्यार्थीहरू रहेका छन् । म पात्रले एउटी केटीको डायरी पढेकी छन् । उनले डायरी पढ्दा पुलिसका क्रियाकलापलाई प्रस्तुत गरेकी छन् । पुलिस जनजाति समुदायको युवक हो उसको शरीरको बनोटमा नाक थेप्चो, आँखा चिम्सो र हट्टाकट्टा छ । त्यस्तै म पात्र, पुलिस र भोटेनीहरू मङ्गोल प्रजातिका प्रतिनिधित्व गरेका छन् भने गाउँघरका घाँसेनी र विद्यार्थीहरूले मिश्रित प्रजातिको प्रतिनिधित्व गरेका छन् ।

हाम्रो देशमा प्रायजसो मङ्गोल प्रजातिका मानिसहरू प्रहरी प्रशासनको जागिर खाने युवा युवतीहरू रहेका हुन्छन् । उनीहरूको शारीरिक बनोट क्षेत्री बाहुनभन्दा अलिक होचो, ऑटिला सोभ्का खालका हुन्छन् । उनीहरूको देशको सेवा गर्नु, सरकारको आदेश मान्नु र शान्तिसुरक्षा कायम गर्नु गराउनु पुलिसहरूको कर्तव्य हो । समय र ठाउँअनुसार कोही पुलिसहरू बाटातिर मातिएर, हल्लिएर र अश्लील शब्द बोलेर हिँड्छन् । उनीहरू आफूलाई सरकार र शासक ठान्छन् । त्यसैले केही पुलिसहरू आफ्नो पदको घमण्ड देखाउने र गाउँ ठाउँको शक्तिशाली हुँ भन्ने दम्भ राख्दछन् । यसै क्रममा यस कथामा पनि एउटा पुलिस पात्रले धेरै वर्ष सेवा गरेर जमदार भएको छ त्यसपछि उसले अवकास पाएको छ । उसले पुलिसको जागिर खाँदा भ्रष्टाचारको अन्त्य गर्न सकेन । उसले गाउँलेहरूलाई रक्सी खाएर दुःख दिने र आफूलाई शासक ठानेर श्राफ्नो जागिरे जीवन वितायो । त्यसैक्रममा पुलिसले भोगका कुरालाई निम्न साक्ष्यका माध्यमबाट प्रस्ट पारिएको छ :

> भट्टीमा प्रायः हामीसगै हुन्थ्यौं । एउटा वाक्य ऊ सधैंभरि  भन्ने गर्थ्यो अथवा गफ ऊ यसै वाक्यबाट शुरू गर्थ्यो, "साथी, पुलिस भनेको भ्रष्टचार, दुराचार, व्याभिचारलाई दमन गर्न बनाइएको हो तर भ्रटचार, दुराचार, व्याभिचार सधैं जनताबाट हुँदैन सरकारबाट पनि हुन्छन् । अँ.... धेरैजसो । वाह ! जनता र पुलिस शत्रु रे, खै यहाँ त जति गरे पनि जनता र   पुलिस शत्रु ।" (पृ.१०९)

कथामा पुलिस प्रशासनमा काम गर्ने सबै व्यक्ति नालायक हुन्छन् भन्न खोजिएको छैन । उनीहरूले देशका लागि प्राण पनि दिएका छन् । देशको सेवा गर्ने क्रममा केही प्रहरीले भट्टीभित्र गएर भ्रष्टाचार गरे, भोटेनी जस्ता महिलाहरूलाई जबर्जस्ती गरेका छन् । यस्ता नराम्रा कामले गर्दा गाउँलेहरू प्रहरीको व्यवहारदेखि वाक्क भएर प्रहरी देखे भने छिछी दुरदुर गर्दछन् । कोही प्रहरी प्रशासनको ठुलो पद भएका व्यक्तिले आफूभन्दा तल्लो दर्जाका प्रहरीलाई आफ्नो निजी काममा लगाएर प्रहरी प्रशासनको बदनाम पनि गरेका छन् । डि एस पी जस्ता उच्च दर्जाका कर्मचारीले निम्न दर्जाका कर्मचारीलाई आफ्ना घरको काम गराउने, हेप्ने र दुर्व्यवहार गर्ने जस्ता क्रियाकलापले गर्दा पुलिस प्रशासनको विरोध गरिएको छ ।

डायरी पढ्दै जाँदा सत्ता र शक्तिको दुरूपयोग गरेर निम्न अवस्थाका मानिसमाथि दमन गर्ने प्रवृति प्रजाति अन्तर्गतको दमनलाई देखाइएको छ । प्रहरी, प्रहरीका विचमा भएको भेदभावलाई डि.एस.पीका माध्यमबाट प्रस्ट पारिएको छ । प्रहरीहरू पनि घसेनीहरूलाई जिस्काएर गफ गर्ने चाहना पूरा गर्न खोजेका छन् । प्रहरीले आफ्नो सेवा निर्वाह गर्दा नियममा बस्नुपर्छ । उनीहरूले देशमा आन्दोलन हुँदा आन्दोलनकारीसँग मिटिङ वस्नुपर्छ, अपराधिलाई समाएर सजाय दिनुपर्छ भन्ने कर्तव्य विर्सनु हुँदैन् । उनीहरूले सेवा प्रवाह गर्दा अनेक प्रकारका अप्ठ्यारा अवस्थाहरू आउँछन् र ती समस्याहरूलाई समाधान गर्न प्रहरी प्रशासनको कर्तव्य हो ।

साथीको डायरी कथाका पात्रहरू म पात्रमा विष्णुकुमारी वाइबा, भोटेनी, महिला र प्रहरीले जनजाति समुदायको प्रतिनिधित्व गरेका छन् । यिनीहरूको चालचलन, जीवनशैली आर्य प्रजातिको भन्दा फरक खालको छ । उनीहरूको भाषा संस्कृति एकै खालको छ र ती जातिहरूले मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेका छन् । हाम्रो समाजमा पुलिस प्रशासनलाई हेर्ने दृष्टिकोण फरक प्रकारको रहेको छ । प्रहरीहरू पनि आफ्नो सेवा गर्दा विभिन्न प्रकारका क्रियाकलापहरू गर्दछन् । देशको प्रशासनलाई चुस्त दुरुस्त राख्ने काम प्रहरीको हुन्छ तर उनीहरूले देशमा सुशासन कायम राख्न सफल भएका छैनन् भन्ने निष्कर्ष म पात्रले साथीको डायरी पढेर प्रस्ट पारेकी छन् । त्यसैगरी प्रहरी प्रशासन भित्रका विकृति र विसङ्गतिलाई प्रजातिगत रूपमा अध्ययन गरिएको छ ।

### २.३.६ 'संघारनेर' कथामा प्रजाति

संघारनेर कथाका मुख्यपात्र पुलिस इन्स्पेक्टर अर्धवर्षे सर्किनी र एउटा लोकल गाइने हुन् । यिनीहरू जनजाति समुदायका पात्र हुन् । यिनीहरूको चालचलन जीवनशैली र वंशानुगत गुणका आधारमा मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेका छन् । पुलिस इन्स्पेक्टरमा भर्ती हुनेहरू प्रायः जनजाति समुदायका व्यक्ति हुन्छन् । इन्स्पेक्टर पद भनेको नेपालको सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त राख्ने जिम्मा लिएको व्यक्ति हुन् । उनीहरू राज्यमा सुशासन कायम गर्न अहोरात्र काम गर्छन् । त्यसै क्रममा यस कथाका पात्र पुलिस इन्स्पेक्टर गाउँतिर गएका छन् । उनी गाउँमा मानिसहरूसँग मिजासिलो व्यवहार गर्छन् । हँसिलो खुसिलो भएर जनताको हालचाल सोद्धै, बुझ्दै गाउँघरतिर जान्छन् । त्यसैक्रममा गाउँमा इन्स्पेक्टर जाँदै गरेको बाटोको ठिक विपरीत गोरेटोबाट आएका केही तरूनी केटीहरूले इन्स्पेक्टरलाई देखेपछि हिलिन्छन् । उनीहरूले इन्स्पेक्टर एक्लै भएको देखेर जिस्क्याउने, घुमाउरो भाषाले नराम्रो कुरा गर्छन् । तर इन्स्पेक्टर ती तरुनी युवतीहरूलाई सम्झाउँदै प्रहरी प्रशासनको काम भनेको युवतीसगँ ख्यालठठ्टा गर्ने होइन देशमा शान्ति सुरक्षा कायम गर्ने हो भनेर सम्झाउँछन् । कथाकारले शान्ति सुरक्षा कायम गर्दा धेरै ध्यान दिनुपर्छ । अरूले जिस्क्याएर आफूलाई काम गर्न दिएनन् भने त्यस्ता व्यक्तिलाई सम्झाएर वास्तविकता बुझाउनुपर्छ भन्ने कुरा व्यक्त गरेकी छन् ।

संघारनेर कथाको अर्को पात्र अर्धवैसे सकिर्नी हुन् । उनीमा प्रहरीप्रति आकर्षण बढेको छ । उनले प्रहरीसँग गरिबी, परिश्रम र अत्याचारका बारेमा नडराइकन प्रश्न शोधेकी छन् । सर्किनी गरिब छ त्यसैले उसले बालुवा बोकेर भोको पेट पालेकी छे । आफ्नो शरीरको आङ दुःखेको छ । उसलाई साहुले समयमा तलब दिएको छैन । ऊ अन्यायमा परेकी छे । त्यो कुरा पुलिस प्रशासनले बुझ्न सकेको छैन । ज्यालादारी गर्दा मालिकले ठग्छन् । घरमा राती थाकेर आएको वेला लोग्नेले लात हानेर जीवनभरि ठगेको छ । सुरक्षाको प्रत्याभूति हुन पाएको छैन । यसरी सर्किनीले आफ्नो पीडा इन्स्पेक्टरलाई सुनाउँछे । सर्किनीको क्रियाकलापबाट मङ्गोल प्रजातिका मानिसहरू आफ्ना कुराहरू प्रशासनका अगाडि राख्न डराउँदैनन भन्ने कुरालाई प्रस्ट पारिएको छ । उनीहरू सोझा र सिधा हुन्छन् । अरूलाई दुःख दिँदैनन् भन्ने प्रजातिगत विशेषतालाई सर्किनिका माध्यमवाट प्रस्ट पारिएको छ । यसलाई प्रस्ट पार्नका लागि साक्ष्यलाई प्रस्तुत गरिएको छ :

भोको पेटले बालुवा बोकेको बिसर्नु छ । आङ दुखेको पचाउनु छ । सर्किनी हाँस्दै बथानमा मिसिइसक्छे । मेरो अन्तर मन सर्किनीलाई पछ्याइरहन्छ,... कत्रो झुटो कुरा गर्छे सर्किनी तर होइन सर्किनीको आँखामा अर्कोअर्को कुरा थियो ऊ त भनिरहेकी थिई के गर्नु पुलिस दाइ सुरक्षा पसलमा राखिएको छैन, दुई-चार पैसाको किनेर लग्नलाई, ज्यालादारी गर्न गए मालिकले ठग्छ पसलमा साहुले ठग्छ, झै-झगडामा जाली फटाहाले ठग्छ । घरमा राती थाकेर आएका लोग्नेले लात हानेर जीवनभरि ठगेको छ, खै सुरक्षा ? कस्तो हुन्छ सुरक्षा ? तरूनीको बथान उत्ता ओझेल भइसक्छ । (पृ.११३)

लोकल गाइने पनि यस कथाको महत्त्वपूर्ण पात्र हुन् । उनका बाबु बराजेदेखि नै सारङ्गी बजाउँदै आफ्नो धर्म र संस्कृतिलाई जोगाएकाले उनी जनजाति समुदायको व्यक्ति हुन् । उनका बाबुबाजेले गीत गाए, गाउँठाउँमा भएका लोकभाकालाई संरक्षण गर्दै आज गाइनेले आफ्नो धर्म संस्कृति बचाएका छन् । त्यसैले गाईनेलाई पनि मङ्गोल प्रजातिमा राखेर अध्ययन गरिएको छ । स्थानीय स्तरमा घटेका घटना र राष्ट्रियस्तरमा घटेका घटनालाई गीत र सङ्गीतका माध्यमबाट मानिसहरूलाई मनोरञ्जन गराएका छन् । यो उनीहरूको प्रजातिगत विशेषता हो । आफ्ना बाबुबराजुले लोकभाकामा गीत गाएर सहरबजार डुलेर जीविकोपार्जन गरेका कुराहरूको प्रभाव गाइने जातिमा रहेको छ । त्यसैले प्रजातिगत विशेषताका आधारमा स्थानीय गाइने समुदायमा गीत गाएर जीवन बिताउने व्यवसायको संरक्षण गाइनेले यस कथामा गरेका छन् ।

यस कथामा एउटा विद्यालय गएर पढ्ने विद्यार्थीले अवैधानिक तरिकाले एयर गनको लाइसन मागेको थियो । त्यही वेलामा उसले प्रहरीलाई देख्दा विद्यार्थी डराएको छ । प्रहरी इन्क्वारी गर्न आएको होला, त्यो विद्यार्थी कुन पाटीको भन्ने सोचले प्रहरीले विद्यार्थीलाई चेकजाँच गर्नेछ भन्ने विद्यार्थीमा डर उत्पन्न भएको थियो । यसरी प्रहरीले अवैधानिक रूपमा काम गर्ने व्यक्तिको चेक जाँच गर्नु स्वाभाविक प्रक्रिया हो । यसैले प्रहरीमा भर्ती हुने प्रायः गरी जनजाति समुदायका युवायुवती हुन्छन् भने विद्यार्थी आर्य वा मङ्गोल जनजातिका पनि हुन्छन् भन्ने कुरालाई प्रस्ट पारिएको छ ।

### २.३.७ 'सिटी हलको बूढा ज्यामीसँग' कथामा प्रजाति

सिटी हलको बूढा ज्यामीसँग कथामा ज्यामी काम गरेर आफ्ना जीवन विताएका मानिसहरूको दु:ख, पीडा र सङ्घर्षलाई देखाइएको छ । यस काथामा सिटी हल निर्माण गर्ने धेरै मानिसहरूले काम गरेका छन् । ती मानिस मात्र सिटी हलको महत्त्वपूर्ण पात्र हुन् । उनको नाम हर्कबहादुर हो । उनीले शारीरिक रूपमा हेर्दा मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेका छन् । उनी चुरोट खाने, खैनी खाने अनि कडा परिश्रम गर्ने स्वभावका छन् । उनको विचार अरूको भन्दा पृथक छ । उनी आफ्नो काम दत्तचित भएर गर्छन् । उनी कसैलाई दु:ख दिँदैनन् । आफ्नो काम राम्रोसँग गरेर जीवन निर्वाह गरेका छन् । यस्तो काम गर्ने जोस जाँगर उनीमा आफ्ना बुवाआमाले सिकाएको हुनुपर्छ । आफ्ना बाबु बाजेले गरे जस्तै उनीले पनि काम गरेर आफ्नो काम गर्ने प्रजातिगत विशेष गुण प्रस्तुत गरेका छन् ।

बूढा ज्यामीले कसैलाई केही दोष लगाउँदैनन् । उनी धेरै सङ्घर्ष गरेर बाँचेका छन् । उनीले जीवनलाई बुझेका छन् । उनी सन्तोषी हाँसो हाँसेर आफ्नो जीवन विताएका छन् । ती बूढा मानिस अरू ठिट्टाहरूले गरेको कामभन्दा धेरै काम गर्छन । उनीलाई ज्यामी काम गर्ने बानी परेको छ । उनीले जिन्दगीभरि ज्यामी काम गरेर एकसरो राम्रो लुगा पनि लाउन सकेका छैनन् । उनीले पसिनाको पोखरी बगाएर आफ्नो जीवन धानीरहेका छन् । उनीले सिटीहल निर्माण गर्न धेरै पसिना बगाएका छन् तर उनको इज्जत भने पाएका छैनन् । यसरी पारिजातले सिटी हलको बूढा ज्यामीसँगको कथामा एउटा गरिब मानिसको सङ्घर्षलाई देखाएकी छन् । उनले मुख्य गरी सहरी क्षेत्रमा ठुलाठुला भवन र बाटाघाटा निर्माण गर्ने जनशक्तिको आवश्यकता पर्दछ । ती जनशक्तिका रूपमा अशिक्षित, गरिब समुदायका युवायुवतीहरूले काम गरेका छन् । उनीहरूका बुवाआमाले पनि प्रा:यजसो यस्तै काम गरेका हुन्छन् र छोराछोरीले पनि आफ्नो जीवन निर्वाह गर्न ज्यामी मजदुरी काम गर्न बाध्य भएका छन् । त्यसैले यस्तो काम गर्ने मानिसहरू मङ्गोल र आर्य प्रजातिका मानिसहरू हुन्छन् । बूढा ज्यामी चाहिँ जनजाति समुदायका हुन, उनी चुरोट खैनी र वेलावेलामा रक्सी खाएर आफ्नो थाकेको शरीरलाई आराम दिएका छन् । त्यसैले बूढा ज्यामी मङ्गोल प्रजातिका सङ्घर्षशील पात्र हुन् ।

बूढा ज्यामीलाई सिटीहल निर्माण गर्दा धेरै रगत पसिना बगेको कुरा थाहा छ । उनी आफ्नो काम ध्यान दिएर गर्छन् तर पनि मालिक र साथीभाइबाट उपेक्षित छन् । अरू मानिसले

सिटीहलमा बूढा ज्यामीको काम देखेर अचम्ममा परेका छन् । त्यो सिटीहल बनाउन बूढा ज्यामीको पसिनाको पोखरी बगेको छ । बूढा ज्यामीसँग प्रसस्त पैसा छैन् । उनी आफ्नो जीवनको उत्तरार्धसम्म अहोरात्र खटेर बाँच्न बाध्य छन् । बूढा ज्यामी त एउटा पात्र मात्र हुन् । आजभोलि पनि ज्यामी काम गरेर जीवन चलाउने मानिसहरूको बेदना यस्तै छ । काम गरे मात्र माम पाइन्छ नत्र भोकभोकै मर्नुपर्ने अवस्थामा पुगिन्छ भन्ने सन्देश बूढा ज्यामीको वाध्यतालाई बुझिएको छ । यसको साक्ष्य यस प्रकार रहेको छ :

> तिम्रा यी ढुंगा माटोसँग चल्ने खैरा हातहरूमा अझ पनि कत्रो तागत लुकेको छ । चाह्यौ भने त आफैँले बनाएको यो सिटी हललाई तिमी भत्काएर धूलोपिठो बनाइदिन सक्छौ । छि ! बूढा लाटा जस्तो नहाँस । पत्याएनौ मेरो कुरा ? वास्तवमा तिमीलाई कसैले भनी पनि त दिएन विश्वास गर  तिमी भत्काउन पनि सक्छौ थाहा छैन रे ? आजभोलिको दिनको चार रुपियाँको कुरा सुन्दा त यो महँगीमा मलाई त अत्यास लाग्छ बाबै । (पृ. ११५)

आजभोलिका युवा युवतीहरूले पनि समयमै राम्रो नपढेपछि, राम्रो जागिर नपाएर ज्यामी काम गर्न बाध्य छन् । ज्यामी काम गर्ने मानिस जुनसुकै जनजाति समुदायको हुन सक्छन् । धेरै काम गरेर थोरै मूल्य पाउने काम ज्यामी काम हो । त्यसैले हाम्रो समाजमा केही जनजाति समुदायका मानिसहरू पढ्ने समय, जागिर खाने समय र सुन्दर भविष्य निर्माण गर्ने समयको ख्याल गर्दैनन् र पछि वाध्य भएर ज्यामी काम गर्दछन् । त्यसैले ज्यामी काम गरेर जिन्दगी चलाउन गाह्रो छ । आफ्नो बुबाआमाले काम गरेर कमाएर ल्याउलान् खान देलान् भनेर ज्यामी काम गर्नेका छोराछोरीहरू बसेका छन् । उनीहरूमा शिक्षादीक्षा र रोजगारीका लागि सही मार्ग देख्न सक्दैनन र आफूले काम गरे पछि गएर छोराछोरीले पनि यस्तै काम गरेर जीवन बिताउनुपर्ने हुन्छ । गरिब मानिसले शिक्षा र रोजगारमा राम्रो अवसर पाएनन् भने ज्यामी काम गरेर जीवन बिताउनुपर्ने वाध्यता छ । त्यसैले कथाकार पारिजातले बूढा ज्यामी कथामा श्रम गर्ने समुदायको चित्रण गरेर श्रममाथि गरिएको अन्याय र अत्याचारलाई प्रस्ट पारेकी छन् । ज्यामीहरू सडक बनाउँदै, भवन ठड्याउँदा ठड्याउँदै आफ्नो जीवन वितेको थाहा पाउँदैनन् । उनीहरूले जति धेरै पसिना बगाउँदा पनि जीवनमा सुख सुविधा आउँदैन् । आफ्नो घरको पीडा र कष्ट कहिल्यै टाढा हुँदैन भन्ने कुरालाई प्रजातिका कथाका आधारमा विश्लेषण गरिएको छ भने यो देश निर्माण गर्न पनि

ज्यामीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने कुरालाई प्रस्ट पारिएको छ । ज्यामीलाई पनि श्रमको राम्रो व्यवस्था गर्नुपर्छ । श्रमजीवी मानिसलाई सम्मान र कामको कदर गरी सही मूल्य उपलब्ध गराउनुपर्छ, नत्र बूढा ज्यामी जस्तो मानिसको जिन्दगीभरि दुःख पाउँछन् भन्ने कुरालाई कथामा प्रजातिगत विश्लेषण गरिएको छ ।

## २.३.८ 'वर्कसपभित्र' कथामा प्रजाति

वर्कसपभित्र कथामा कथाकार पारिजातले मजदुरी गरी जीवन बिताएका युवाहरूलाई पात्रका रूपमा प्रस्तुत गरेकी छन् । यस कथाका मुख्य पात्र भोटे जनजाति समुदायको, चिया बेच्ने तराई मुलका केटा र वर्कसपको मालिक मुख्य पात्र हुन् । यस कथामा प्रजातिगत अध्ययन गर्ने क्रममा वर्कसपको मालिकलाई आर्य प्रजातिका रूपमा हेर्न सकिन्छ । आर्य प्रजातिका मानिसहरू आफूले व्यापार व्यवायसको स्थापना गर्ने अनि अरू काम गर्ने मान्छे राखेर नाफा खाने काम गर्दछन् । उनले वर्कसप पसल खोली काम गर्ने दुईजना केटालाई रोजगारी दिएका छन् । उनी आफ्नो घरको कौशीमा बसेर आफ्ना कामदारले गरेका कामको मूल्याङ्कन गर्दै छन् । मालिकले पसल खोलेर आफ्नो आम्दानी बढाएका छन् । सालै पिच्छे घरघरेडी जोडेर सुखका साथ जीवन बिताएका छन् तर आफ्ना पसलमा काम गर्ने कामदारको आर्थिक अवस्थामा भने सुधार हुन सकेको छैन ।

वर्कसपमा काम गर्ने केटाहरू गाउँबाट भागेर सहरमा आएका छन् । उनीहरू सहरमा बस्नका लागि बाध्य भएर वर्कसपमा काम गरेका छन् । उनीहरू जनजाति समुदायका युवा हुन् । उनीहरूको आफ्नै भाषा, चालचलन भएकाले मङ्गोल प्रजातिका रूपमा चित्रण गरिएको छ । उनीहरू भोटे जातिका भाषा बोल्छन्, उनीहरूको शरीरको बनोट होचा खालको र चिम्सा आँखा छन् । ती केटा एक वर्कसपमा बिग्रिएका गाडीको मर्मत गर्छन् । उनीहरू गाडीमुनि सुतेर गाडीको अवस्थाका बारेमा चेकजाँच गर्दछन् । त्यसरी काम गर्न निकै गाह्रो हुन्छ । उनीहरू बिस्तारै गाडी मुनि घस्रिएर छिर्नु अनि सर्तकताका साथ गाडी बाहिर आउने गर्दछन् । काम गर्ने ठाउँमा धेरै गर्मी भएर उनीहरू बाफिएका छन् । पेट्रोल र मोबिलका गन्धले वाक्क भएका छन् । उनीहरू यसरी काम गर्दा वितृष्णा आएको छ । यसरी काम गर्दा साहुजीले ओभर टायम थपिदिन्छन् । त्यसपछि उनीहरू फेरि निरासा भएर काम गर्न बाध्य हुन्छन् । काम गर्दा गर्दा उनीहरूका मनोरञ्जन गर्ने चाहना पनि पूरा हुँदैनन् । खाली समय भएका वेलामा वर्कसपमा काम गर्ने केटाहरू चुरोट तान्दै आफ्ना वेदना भट्टी पसल्नीलाई व्यक्त गर्दछन् ।

ती वर्कसपमा काम गर्ने केटाहरूले जाड रक्सी खानु, बाध्य भएर आफ्नो काम गर्नु आफ्नो भाषा बोल्नुले गर्दा ती केटाहरू जनजाति समुदायको प्रतिनिधित्व गर्ने मङ्गोल प्रजातिका मानिसहरू हुन । वर्कसपमा काम गरेर समय विताउँछन् । केटाहरूले आराम गरिसकेपछि फेरि वर्कसपमा गाडीका बल्टु खोल्छन् र मर्मत गरेर आफ्नो दिनचर्या बिताउँछन् । वर्कसपमा एउटा तराई मूलको केटो चिया खाइङ्गे भन्दै हिन्दी भाषा बोल्दै चिया बेच्न आएको छ । चिया बेचेर आफ्नो गुजरा चलाउनु उसको वाध्यता हो । यसलाई निम्नअनुसार उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ.:

> हो गया दिलका पुर्जा पुर्जा भन्दै क्लीनर ठिटो एक गिलास चिया बोकेर आउँछ, म गर्जिएर भन्छु, भोलिदेखि यस वर्कसपमा चिया नपकाउलास् कुकुरको मुत जस्तै हुन्छ चिया । ऊ जिल्लिएर मलाई हेर्छ त्यसपछि खिसी गरेर भन्छ, यो मालिकको वर्कसप हो बाबु यहाँ तिम्रो हुकुम... गाह्रै पर्ला मालिक कौशीबाट कालो चस्मा लगाएर यतै हेर्न लागेको छ शायद मलाई नै हेरेको हुनुपर्छ । म अझ आडमा बस्छु चिया पनि खान नपाउनु ? (पृ.११८)

यहाँ चिया बेच्ने ब्यापारीले हिन्दी भाषामा चिया खानु हुन्छ भनेर प्रश्न सोधेको छ । उनले आफ्ना बाबुआमाको चिया बेच्ने व्यावसायलाई आफूले पनि व्यवसायका रूपमा काम गरेका छन् । ती व्यापारी मधेसी समुदायका भएकाले तिनीलाई तराई मूलका मधेसी प्रजातिका रूपमा लिन सकिन्छ । उनीले गरेको बोलीचाली र व्यवसाय मधेसबाट सिकेर आफ्नो गुजरा चलाउने काम गरेका छन् । आफ्नो व्यवसाय गर्ने क्रममा वर्कसपमा त काम गर्ने केटाहरूले चिया किनेर खान्छन् कि भन्ने सोचले भोटे केटाहरूलाई चिया बेच्न खोजेको हो । चिया व्यापारीले अरूले काम गरेको ठाउँमा गएर चिया बेच्नु उनीहरूको पुर्ख्यौली पेसा हो, त्यसैले यस कथामा साहुनी, भोटे र चिया पसलमा फरक फरक प्रजातिका बारेमा वर्णन गरिएको छ ।

वर्कसपभित्र कथाका अर्का पात्र वर्कसपको साहुजी र उनको सालोले पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् । साहुजीले वर्कसप पसल खोलेर बेरोजगार युवालाई रोजगारी दिएका छन् । उनले कामदारलाई थोरै पैसामा काम लगाएर फाइदा खाएका छन् र प्रशस्त आम्दानी बढाएका छन् त्यस्तै साउजीको सालो काम नगरी हल्लेर दिन बिताउँछ । ऊ वर्कसपमा के कस्तो काम हुँदैछ भनेर ख्याल गर्दैन बरु आफ्नो साहुजीलाई कामदारका

बारेमा कुरा लगाउँछ । ऊ यताउति गरेर रु ५०० कमाउँछ तर उसले गर्नुपर्ने काम चाहिँ जम्मै एकाउन्टेन्टलाई गर्न लगाउँछ । यसरी मालिकको सालोले काम नगरेको देखेर अरूलाई नरमाइलो लागेछ । अर्कालाई कुरा लगाएर तलब खानु राम्रो व्यवहार हैन भनेर भोटे केटाहरूले पनि बिरोध गर्दछन् । सालो केटोको बानी व्यवहार हेर्दा यो गफाडी, कामचोर र अरूलाई दबाउने खालको देखिन्छ । यसका माध्यमबाट कुनै पनि कम्पनीका साहुजीका आफ्ना मान्छे सालोजस्तै प्रवृतिका हुन्छन् । आफन्तको पद र पैसामा मात्तिएर काम नगरी दिन काट्छन । यसैले यस कथामा कथाकारले वर्कसपको साहुजी उसका छोराछोरी सालोलाई आर्य प्रजातिका रूपमा उभ्याएकी छन् भने भोटे केटो र चिया बेचेर गुजरा चलाउने केटालाई मङ्गोल प्रजातिका रूपमा चिनाएकी छन् । त्यसैले यस कथामा आर्य प्रजातिका मानिसले मङ्गोल प्रजातिका मानिसलाई काम गर्न लगाएर दाम दिन कन्जुस गरिएको अवस्थालाई देखाइएको छ ।

### २.३.९ 'नैकापे सर्किनी' कथामा प्रजाति

नैकापे सर्किनी कथामा कथाकार पारिजातले सर्किनीका माध्यमबाट हाम्रो समाजमा भएका तल्लो जातको महिलाहरूलाई हेर्ने दृष्टिकोणका बारेमा वर्णन गरेकी छन् । यस कथाकी मुख्य पात्र नैकापे सर्किनी र म पात्र रहेका छन् । यस कथामा प्रजातिगत अध्ययन गर्ने क्रममा सर्किनीको दिनचर्याको विश्लेषण गरिएको छ । नैकापे सर्किनी गरिब जनजातिको प्रतिनिधित्व गराउने महिला पात्र हो । उसको आर्थिक अवस्था कमजोर छ । ऊ सार्की जातिको भएकाले मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेकी छ । उसको श्रीमान् अपाङ्ग छ । ऊ आफू र आफ्नो परिवारको पालन पोषण गर्ने काममा अहोरात्र खटेकी छ । उसले दुःख गरेर आफ्नो जीवन बिताएकी छ । उनको दिनचर्या देखेर म पात्र पारिजातले सर्किनीको सङघर्षलाई वर्णन गरेकी छन् । पारिजात अथवा म पात्रले एउटा गरिबीको जीवन बिताइरहेकी सर्किनीको बारेमा तीन महिनासम्म अध्ययन गरी सर्किनीको बेदनालाई प्रस्तुत गरेकी छन् । सर्किनीको आर्थिक अवस्था ज्यादै कमजोर छ । ऊ आफ्नो जीवनलाई निराश ठान्छे । ऊ जीवन रहुन्जेल दुःख गर्नुपर्छ । दुःख नगरी कसैले पनि तँ गरिब छस् भनी खानेकुरा दिँदैन । ऊ आफू र आफ्नो परिवारलाई बाँच्नका लागि विष्णुमती नदीको बगरमा बालुवा झिक्ने काम गर्छे । साँझ परेपछि घरमा आएर अपाङ्ग लोग्नेलाई खानपान गराएर सुत्छे । ऊ घरमा आएर कसैसँग बोल्दिन । ऊसँग पीडा र जिम्मेवारी छ । ऊ अहोरात्र विष्णुमतीमै आफ्नो समय बिताछे । सर्किनीभित्र

जोस जाँगर र उल्लास छाएको छैन । ऊ जीवनप्रति वाध्य भएर खोलाको बालुवा झिक्छे । दुईचार पैसा कमाउँछे र घरमा आएर आराम गर्छे । उसको श्रीमान् अपाङ्ग भएकाले श्रीमान्बाट केही सहयोग पनि पाएकी छैन । यसलाई प्रस्ट पार्न निम्नअनुसारको साक्ष्यलाई प्रस्तुत गरिएको छ :

> उसको लोग्नेले उसलाई शारीरिक रूपमा माया पनि गर्न सक्दैन र घृणा पनि गर्न सक्दैन, यसैले ऊ सर्किनीलाई भाषाले पिट्छ, आँखाको अभिव्यक्तिले बलात्कार गर्छ र शब्दले लात हान्छ । एउटा अति विवश मान्छे हो सार्की तर आफ्नो विवशताप्रति ऊ एकरती सचेत छैन । यसैले सर्किनी घृणा गर्छे । उसलाई सार्की निर्दयी छ सर्किनी प्रति यसैबाट सर्किनीले अन्दाज लगाएकी छे कि उसको लोग्ने आफ्नो विवशताप्रति सचेत छैन । हुँदा हुँदा यौनको चाहना पनि सर्किनीसँग छैन । ऊ मस्त तरुनी हुँदा नै बिहे भएर आएकी थिई तर पारिवारिक जीवनको एक वर्षभित्र ऊ अर्धवैसे भइहाली । (पृ.१३७)

यहाँ सर्किनीको चाहना उसको लोग्नेले पूरा गरिदिन सकेको छैन । ऊ आफ्नो लोग्नेप्रति भर पनि परेकी छैन । ऊ मङ्सिर, पुस र माघ महिनामा पनि विष्णुमतीको बगरमा गएर बालुवा झिक्छे । उसको शरीर चिसो, मन चिसो, जीवन नै चिसो र उराठ लाग्दो भएको छ । सर्किनीले एकोहोरो काम गरेर बेलुका घरमा आउँदा उसको श्रीमान् घस्रिदै घस्रिदै घरमा आउँछ । ऊ घरमा आएर पनि श्रीमतीसँग सुख दुःखका केही कुरा गर्दैन । ऊ पकाएर दिएको खान्छ र सुत्छ । यहाँ सर्किनीले मानवताको धर्म निभाएकी छे । आफ्नो पतिलाई परमेश्वर ठानेर दुःख गरी खुवाएकी छे । उसमा पतिसँगै समय बिताउनुपर्छ, अपाङ्ग भएको वेला दुर्व्यवहार गर्नुहुँदैन भन्ने संस्कार रहेको छ । यो परम्परा हजुरआमा, आमा आदिले सिकाएको चलनलाई सर्किनीले निर्वाह गरेकी छ । यसरी श्रीमान्को रेखदेख गर्नु प्रजातिगत विशेषताभित्र रहेको हुन्छ । उसले परिवारको संरक्षण गर्न आफ्ना चाहनालाई विष्णुमतीका बालुवासँग साटेकी छे । आफ्नो सम्पूर्ण जीवन विष्णुमतिमा नै विताएकी छे ।

सर्किनीको दिनचर्या देखेर विदेशी पर्यटकले फोटो खिच्छन् र त्यो फोटो खिचेवापत पाँच रुपियाँ दिएका छन् । पर्यटकले फोटोलाई बजारमा लगेर बेच्छ । यसरी आर्थिक अवस्था कमजोर भएका प्रजातिको पीडालाई कथामा देखाइएको छ । नेपालमा घुम्न आएका पर्यटक

शिक्षित र नेपालमा भएका अनौठा क्रियाकलापलाई क्यामरामा कैद गरेर मनोरञ्जन लिन्छन् । यसो गर्नु विदेशी पर्यटकहरूको प्रजातिगत विशेषता हो ।

## २.३.१० 'प्रतिकूलता' कथामा प्रजाति

प्रतिकूलता कथा पारिजातले देखेको भोगेको कथा हो । यस कथाको प्रजातिगत अध्ययन गर्दा मङ्गोलियन प्रजातिको संस्कार र सभ्यताको बारेमा वर्णन गरिएको छ । यस कथाका मुख्य पात्र महिला सदरजेलकी नाइकेनी, घर्तिनी मसिनी र मिट्टु कार्की रहेका छन् । यिनीहरूले समाजलाई नपच्ने काम गरेकाले जेलको जीवन बिताउनु परेको छ । जेलमा भएका मानिसले समय बिताउनु पीडाको अवस्था हो । कोही पनि जेलमा स्वतन्त्र भएर बस्न पाउँदैनन् । त्यसै क्रममा जेलमा थुनिएका महिलाहरूलाई जेलमा भएकी नाइकेनीले सजाय दिन्थिन् । उसले सजाय दिँदा नराम्रो व्यवहार गरेकी छन् ।

प्रहरी प्रशासनमा भर्ती हुने युवा र युवतीहरू प्राय: गरेर मतवाली, जनजाति समुदायका धेरै हुन्छन् । उनीहरू लाहुरे बनेर जागिर खाने, देशको सेवा गर्ने काममा लागेका हुन्छन् । भर्तीमा छनोट गर्दा पनि मङ्गोल प्रजातिका मानिसलाई विशेष प्राथमिकता दिइन्छ । उनीहरूका बुबा आमाले यो राष्ट्रका लागि लाहुरे बनेर सेवा पनि गरेका हुन्छन् । लाहुरे बनेका परिवारका छोराछोरी लाहुरेप्रति आकर्षित हुन्छन् । प्रहरी प्रशासनभित्र एउटा जेल बनाइएको हुन्छ जहाँ काम गर्ने कर्मचारीहरू प्राय: गरेर जनजाति समुदाय कै हुन्छन् । उनीहरू निडर, आफूभन्दा ठुलो पदका कर्मचारीले दिएको आदेश मान्ने खालका हुन्छन् । त्यसै क्रममा यस कथाकी पात्र जेलकी नाइकेनी जनजाति समुदायकी मङ्गोलियन प्रजातिकी पात्र हुन् । उनीले बोल्ने भाषा, अपराधीहरूसँग गर्ने व्यवहार र वेला मौकामा अपशब्दको प्रयोग गर्दा उनीको त्यो संस्कार जनजाति समुदायको भाषालाई बुझिएको छ ।

प्रतिकूलता कथाकी अर्की पात्र घर्तिनी हुन् । उनी मङ्गोल प्रजातिकी महिला हुन् । उनीले हाडनाता पर्ने लोग्ने मानिससँग सम्बन्ध गाँसेको कुरो सुडेनीले थाहा पाइन् । त्यसपछि घर्तीनीले जेलको हावा खाएकी छन् । यसैक्रममा जेलकी नाइकेनीले घर्तीनीले नुहाउन लागेको वेलामा धारिला शब्दले गाली गर्छे । त्यसपछि मसिनी घर्तिनी अपमानित भएर लाज र हीनता बोधको झापट खाएर आफैंमा लत्रक परेर लज्जावती झार जस्तै भएकी छ । यहाँ मसिनी घर्तिनीको र मिट्ठु कार्कीको कुराकानीलाई उदाहरणका रूपमा प्रस्तुत गरिएकोछ :

मसिनी यताउति हेर्दै वान्ता गर्न नसकेर पेटमा औडाहा चलेको जस्तो छ उसको स्थिति सोच्छे, बोल्नभन्दा पहिले एकपल्ट आफूलाई मार्न पाएँ हुन्थ्यो । ए रोएकी ? भन् भन् यहाँ कानले सुनिनसक्नु कुराहरू हुन्छन् । घर्तिनी मसिनी हिक्का रोक्न खोज्दै भन्छे दाजुले भुडी बोकाइदियो, पछि सुडेनी लाउँदा सानी आमाले थाहा पाई अनि मलाई थुनाइदिई । (पृ.१४२)

मसिनी घर्तिनीले जेलमा परेको उसकी साथीलाई आफ्नो व्यथा सुनाई । मसिनीको बोली चाली हेर्दा जनजाति समुदाय अन्तर्गतको मङ्गोल प्रजातिको रहेको छ । मसिनी जेलभित्र आफ्नो कष्टपूर्ण जीवन बिताउँदै छे । ऊ यताउति हेर्दै बान्ता गर्न नसकेर पेटमा औडाहाले चलेको बच्चाको सम्झना गर्छे । यस्तो अवस्थामा घर्तिनी बाँच्नभन्दा मर्न चाहन्छे । उसको सौतेनी आमाको दाजुले गर्भवती बनाइदिएको थियो र पछि सुडेनी लगाउँदा सबै कुरा थाहा पाएर उसले जेलको जीवन बिताउनु पऱ्यो । यहाँ घर्तिनीको दाजुलाई जेलमा थुन्नुपर्थ्यो तर घर्तिनी थुनिनु परेको छ । समाजमा भएका अन्याय र अत्याचारको सिकार घर्तिनी भएकी छ । पुरुषप्रधान समाजमा महिलामाथि अन्याय भएको छ । यहाँ जनजाति समुदायमा आफन्त आफन्तका बिचमा फुपू चेलो र मामाचेलोका बिचमा विवाह गर्ने प्रजातिगत मान्यता रहेको पाइन्छ । गुरुङ, मगर, घर्ती आदि जात जातिमा यस्तो विवाहको प्रचलन परम्परादेखि चल्दै आएको देखिन्छ । तर यस्तो सम्बन्ध गाँस्दा आफ्ना अभिभावकको अनुमति लिनुपर्छ भन्ने सामाजिक मान्यता छ ।

प्रतिकूलता कथाको अर्को मुख्य पात्र मिट्ठु कार्की हो । ऊ दोलखाबाट काठमाडौँमा केही गरी खान्छु भन्ने सोचले भागेर आएकी छ । ऊ ब्राह्मण, क्षेत्री समुदायकी भएकाले उसमा आर्य प्रजातिको विशेषता रहेको छ । उसले गाउँ छोडेर काठमाडौँमा व्यवसाय गर्ने चाहना राखेकी छ । ऊ काठमाडौँमा आइ कहाँ वस्ने ? के गर्ने कसरी गर्ने भन्ने चिन्तामा थिई । ऊ काठमाडौँमा, आइपुगेकै दिन बिरामी परी र सुरक्षित ठाउँमा बास वस्न पनि पाइन । त्यसै क्रममा राती ऊ एउटा पसलको पेटीमा वस्दा बस्दै त्यही निदाइ र विहान सहरिया मानिसले को हो ? के गरेकी भनेर शोधखोज गर्दा त्यही वेलामा पुलिस आए पुलिसले ती महिलाको आवाज नसुनी उसलाई झुटा आरोप लगाएर वेस्या गर्न राती पसलको पेटीमा बसेकी भनेर जेलमा पुऱ्याए । यसरी निर्दोष महिलालाई प्रहरीले वास्तविकता नबुझी जेलमा पुऱ्याएको छ । गल्ती नै नगरी पुलिस प्रशासनले सोझा सिधा महिलालाई कारबाही गर्ने पुलिस प्रशासनमाथि

पनि प्रश्न उठेको छ । गल्ती नै नगरी सजायको भागेदारी हुनु पर्दा समाजमा धेरै मानिसले दु:ख पाएका छन् । यसले प्रतिकूल कथामा कथाकारले मङ्गोल र आर्य प्रजातिको प्रतिनिधित्व गर्ने महिला पात्रको दु:खदायी अवस्थालाई चित्रण गरेकी छन् ।

समाजमा नारीका समस्या सुनिँदैन, नारीका चाहना बुझिँदैन र मानमर्यादा पनि गरिँदैन । उनीहरूको वाध्यता, पीडा र भावनालाई नबुझी पितृप्रधान समाजले आरोप लगाएर दोषी ठहऱ्याउँछ । मसिनी सर्किनीको दाजुसँग यौन सम्बन्ध पनि पुरुषको स्वार्थको कारण भएको छ । मिठ्ठु कार्कीको आरोप पनि गाउँका मानिसहरूले र प्रहरी प्रशासनले गर्दा भएको हो । अशिक्षित र निमुखा महिलाहरूले जानी नजानी प्रतिकूल जीवन बिताइरहेका छन् । त्यसैले मङ्गोल प्रजातिका जीवनशैली र त्यससँग जोडिएका सामाजिक जटिलताका विषयलाई कथाकारले वर्णन गरेकी छन् ।

## २.३.११ 'साल्गीको बलात्कृत आँसु' कथामा प्रजाति

साल्गीको बलात्कृत आँसु कथामा कथाकारले सिन्धुपाल्चोक जिल्लामा बसोवास गर्ने तामाङ समुदायको मङ्गोल प्रजातिका बारेमा वर्णन गरेकी छन् । यस कथाका मुख्य पात्र साल्गी र ल्वाङ्गे घर्ती हुन् । यिनीहरू जनजाति समुदायका मानिसहरू हुन् । यिनीहरूको आफ्नै भाषा, संस्कार र चालचलन छ । त्यसैले यिनले मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेका छन् । उनीहरू आफ्नो समुदायमा कुराकानी गर्ने आफ्नै मातृभाषा छ । उनीहरू आफ्नै संस्कृतिमा रमाएका छन् । तामाङ समुदायमा ओम माने पेमे भनेर बुद्धधर्मको मन्त्र जप्ने र आफ्नो संस्कारअनुसार विवाह गरी जीवन बिताउँछन ।

साल्गीको बलात्कृत आँसु कथाको मुख्य पात्र साल्गी हो । उसको उमेर १७, १८ वर्ष भएको छ । ऊ गाउँमा हिड्दा डुल्दा सबैले आँखा लगाउँछन् । उसको सुन्दरता देखेर थुप्रै युवाहरू लोभिएका छन् । उसलाई विवाहको लागि माग्न विभिन्न गाउँबाट युवाहरू आएका थिए तर उसका बुबा आमाले आफ्नै मामाको छोरोसँग विवाह गरिदिन खोज्दै थिए । यसरी मामाचेलो फुपूचेलीको विवाह गर्ने चलनलाई हेर्दा यहाँ मङ्गोल प्रजातिको धर्म र संस्कृतिमा साल्गी हुर्किएकी छ भन्ने कुरा प्रस्ट हुन्छ । त्यसैक्रममा गाउँको एउटा दाइ ल्वाङ्गे घर्तीले साल्गीलाई फकाइ फुलाई गरेर काठमाडौँमा रोजगारी पाइन्छ, मोजमस्ती गरेर आरामको जीवन बिताउन पाइन्छ भनेर गाउँबाट भगाएको छ । उसलाई ल्वाङ्गेले भगाएर

काठमाडौँ नल्याई उसले त भारतको कानपुरमा चेलीबेटी बेचविखन गर्ने ठाउँमा पुऱ्याउँछ। त्यहाँ साल्गीलाई अलपत्र पारेर ल्वाङ्गे वेपत्ता हुन्छ र साल्गीले नर्कको जीवन बिताउनुपरेको छ। यसको उदाहरणका लागि यो अनुच्छेदलाई प्रस्तुत गरिएको छ :

> कानपुरको एउटा कहिल्यै घाम नछिर्ने कोठमा पूर्वी झ्यालबाट विहान हुनुको आभास विस्तारै भित्र पस्छ ध्वाँसे उज्यालोमा देखिन्छ, एउटी तरुनीको अस्तव्यस्त लाशजस्तो शरीर कोठाको कुनामा राखिएको खाटमाथि पल्टिएको छ । लाज उदाङ्गिएको उसको शरीरलाई हेर्दा यस्तो लाग्छ मानौ यौनका भोका पुरुषहरूले उसलाई रातभरिमा दसौंपल्ट बलात्कार गरेर फालिदिएका छन् । कोठामा ठर्राको हलुका गन्ध रुमल्लिरहेको छ । ओछ्यानभरि बेलीको फूल किच्चिएर मिच्चिएर छरिएका छन् । निर्मम हत्केलाहरू निमोठ्दै फालिदिए जस्तो ठिक त्यो तरुनीको ज्यूदो लाश जस्तै । (पृ.१५४)

साल्गी वेश्यालयमा दुःखदायी अवस्थामा जीवन बिताउन वाध्य छे। उसले मन नपराएका परपुरुषको अङ्गालोमा बाधिनुपरेको छ । यसरी खाऊँ खाऊँ लाऊँ लाऊँ गर्ने उमेरमा ल्वाङ्गेको षडयन्त्रमा परेर ऊ बेचिन पुगेकी छे। यसैले कथाकारले सिन्धुपाल्चोकका सोझा सिधा महिलालाई फकाएर भारतको वेश्यालयमा पुऱ्याइएको घटनालाई प्रस्तुत गरेकी छन्। तामाङ प्रजातिका मानिसहरू शिक्षित नहुनु र अर्काको लहलहैमा लागेर विस्वास गरी दुःख पाउने कुरा साल्गीका माध्यमबाट व्यक्त गरिएको छ । ल्वाङ्गेले काठमाडौंमा आशा देखाएर साल्गीजस्ता कयौं महिलाहरूलाई वेश्यालयमा पुऱ्याएको कुरा विभिन्न पत्रपत्रिकामा पनि पढ्न पाइन्छ।

ल्वाङ्गे यस कथाको खल पात्र हो, ऊ घर्ती समुदायको भए पनि फटाह छ । गाउँका सोझा सिधा मानिसलाई काम लगाइदिन्छु भन्दै मानव तस्करको काम गरेको छ । घर्ती समुदायका मानिसहरू मङ्गोल प्रजातिमा पर्दछन् । उनीहरूमा जनजाति समुदायमा आफ्नो भाषा, धर्म र संस्कृति रहेको हुन्छ तर ल्वाङ्गे घर्तीले सोझी साल्गीलाई फकाएर भारतको वेस्यालयमा पुऱ्याएको छ । यो पात्र समाजका कलङ्क हो । आफ्ना गाउँघरका चेलीवेटीलाई साथ र सहयोग गर्नु पर्नेमा उसले नर्कको जीवनमा साल्गीलाई पुऱ्याएको छ। साल्गी त्यहाँ बाँचेर पनि मरेकी छे। उसको जीवन दिक्क लाग्दो भएको छ। ल्वाङ्गेले गरेको ज्यादतीलाई हेर्दा पुरुषप्रधान समाजमा महिलामाथि फकाएर फुल्याएर उसको अस्मिता लुटिएको कुरालाई चित्रण गरिएको छ। यहाँ मङ्गोल प्रजातिका महिलाहरू सोझा र सिधा

हुन्छन् । उनीहरू अरूले भनेका कुरा सजिलै पत्याइहाल्छन् र त्यसको परिणाम नराम्रो हुन्छ भन्ने कुरालाई प्रस्ट्याइएको छ ।

साल्गीलाई वेश्यालयमा पुऱ्याएपछि त्यहाँ भारतीय मानिसको अधिनमा बस्नुपरेको छ । त्यहाँ हिन्दी भाषाको प्रयोग गरिएको छ । वेश्यालयमा आउने युवाहरूको शरीरको बनोट हेर्दा नाक चुचो, अग्लो, हेर्दा खेरी क्षेत्री बाहुन जस्ता देखिने र तिनीहरूको प्रजातिगत रूपमा हेर्दा आर्य प्रजातिको प्रतिनिधित्व गरेका छन् । त्यहाँको जीवनशैली र संस्कृतिलाई हेर्दा भारतीय क्षेत्रको कानपुरको जीवन शैलीलाई बुझ्न सकिन्छ । त्यसैले भारतीय संस्कार र सभ्यताको व्यवहारलाई देखाइएको छ । यस कथामा प्रजातिगत अध्ययन गर्दा मङ्गोलियन र भारतीय संस्कृतिलाई देख्न सकिन्छ । एउटी सोझी महिलाको वेदना र चाहनालाई बेवास्था गरेर ल्वाङ्गे जस्ता समाजका नराम्रो चरित्रभएका युवाहरू चेलीबेटी बेचविखनमा लागेका छन् । यस कथामा अशिक्षा र असभ्यताका पछाडि विकृति र विसङ्गति हुन्छन् भन्ने कुरा प्रजातिगत अध्ययनबाट प्रस्ट पारिएको छ ।

### २.३.१२ 'वर्षा ऋतु' कथामा प्रजाति

वर्षाऋतु कथामा कथाकार पारिजातले म पात्र, दनुवार महिला र पुलिसलाई मुख्य पात्रका रूपमा प्रस्तुत गरेकी छन् । प्रजातिगत रूपमा हेर्दा यी पात्रहरू मङ्गोल प्रजातिका हुन् । म पात्र भन्नाले कथाकार विष्णुकुमारी वाइबा र दनुवार भन्नाले हाम्रो समुदायमा जातीय दृष्टिकोणले हेर्दा तल्लो जातका रूपमा वर्गीकरण गरिएको छ । पुलिस पात्रचाहिँ जनजाति समुदायका व्यक्ति हो । यसरी कथामा प्रजातिगत विश्लेषण गर्दा महिलालाई सहयोग गर्न खोजेको कुराकानी र दनुवार महिलाले पुलिसमाथि गरेको आशा र भरोसालाई व्यक्त गरिएको छ ।

दनुवार महिलाको नाउँ कान्छी हो । उसको चोलीको भित्री भाग मैलोले गर्दा फाटेको छ, गुन्यू लाएकी छ । उसको हातमा हँसिया छिटोछिटो सल्बलाइ रहेको छ । ऊ कहिले टोल्हाएकी हुन्छे र कहिले चिसै घाँसमाथि निदाइरहेकी हुन्छे । म पात्रले एकदिन उसलाई रोइरहेकी देख्छिन् त्यसपछि उनीलाई सम्झाउँछिन् । यसरी नेपाली समाजमा धनी मानिसको घरमा काम गर्ने महिलाहरूको दिनचर्या अत्यन्तै दुःखदायी हुन्छ । आफ्नो जीवनमा दुःख भए पनि उसमा आफ्नो सपना पूरा गर्ने कल्पना रहन्छ । दनुवार महिला घरीघरी खिसिक्क

हाँस्छे तर त्यो हाँसोमा सौन्दर्य र उत्साह अभिव्यक्ति हुँदैन । कालो वर्ण, थेप्चो नाक चिम्सी आँखा बनावट भएको कान्छी मङ्गोल प्रजातिकी पात्र हो । म पात्रले ती कान्छीको छेउमा हेर्दा अर्धवैसे महिला भएको ठान्छिन् । कान्छीका दाँत पनि मिलेका थिएनन् । यसरी शारीरिक बनावटका आधारमा दनुवार महिलाले जनजातिको गरिब महिलाको प्रतिनिधित्व गरेकी छ । त्यसपछि म पात्रलाई कान्छीसँग कुराकानी गर्न मनलाग्यो । कुराकानीमा उनीहरूका निम्न विचार व्यक्त भएका छन् :

> आफ्नो कुरालाई सक्दो लामो पारामा भन्ने सान्नानीको त्यस अज्ञात घसिनी बारेको कथनबाट म एउटा सानो निचोड कथा सिक्छु । कुनै खास कथा छैन उसको औसत कथा हो । यतातिरको सुनिसुनाऊ । व्यथा सुनिसकेपछि आफैंसँग प्रश्न गर्छु के स्वास्नी मान्छेलाई रूपवती हुनु आवश्यक छ ? के स्वास्नी मानिसलाई रूपवती हुन आवश्यक छैन् ? छैन भने दुबै प्रश्नहरूले मेरो मनभित्र एकछिन यस्तो भीषण भुत्लाभुत्ली खेल्यो, रन्थनिएँ केही बेर । युद्ध पछि एउटा परिणाम आउँछ नै अनि म आफैभित्र घोषणा गर्छु, स्वास्नी मान्छे भनेर सिंगारिएको डोकोको पनि बजार छ यहाँ । औसत कथा उसको । बिहे भयो छोराछारी भएन लोग्नेले सौता हाल्यो । सौताले छोराछोरी पाइदिएपछि लोग्ने मर्यो ऊ घरवाट निस्कनुपर्यो । आमा बाबु कोही छैन । यतै कतै बाहुनका गोठाल्नी बसेकी छे काम थुप्रै गर्नुपर्छ खाना बाँसी पुरो बस् यति नै हो उसको कथा । (पृ.१६९)

कान्छी पात्रको दयनीय अवस्थालाई कथाकारले वेदनापूर्ण ढङ्गले प्रस्तुत गरेकी छन् । हाम्रो समाजमा महिलाबाट छोराछोरी नभए अर्को सौता हालेर भएपनि छोराछोरी पाउनु नै पर्छ भन्ने सोचको चित्रण कथामा गरिएको छ । बाहुनका घरमा काम गरेर आफ्नो जीवन बिताउन कान्छी दनुवार बाध्य छे। उसले आफ्नो रूप रङलाई सफा सुग्घर राख्न पाएकी छैन। उसको अवस्था देखेर म पात्रलाई दया लागेको छ। म पात्रले कान्छीलाई वाहुनको घरमा काम गरेर दाम नपाउनु ठिक होइन । म अर्को ठाउँमा काम लगाइदिन्छु भन्दा कान्छीले त्यहाँ गाह्रो हुन्छ, आफ्नो जीवन मर्नु न बाँच्नुको अवस्थामा पुग्छ भनेर जवाफ दिएकी छ । यसरी कसैको सहारामा बाँचेको जीवनलाई सहयोग गर्न खोज्दा कान्छीले सहयोग माग्न चाहेकी छैन । आजभोलिको समाजमा दुःख पाएका मानिसलाई काममा लगाइदिन्छु भनेर महिलालाई बेचविखन गरेको घटना कान्छी सुनुवारले सुनेकी छ । कथाकारले समाजभित्र भएको

आर्य प्रजातिका मानिसले घरमा काम गर्ने मानिसलाई तल्लो जातका असहाय मानिसलाई कम तलब दिएर काममा लगाउँछन् । उनीहरू श्रमशोषण गर्छन् र जिन्दगीभरि दास बनाएर राख्छन् । त्यसैले यहाँ आर्य प्रजातिको मानिसले मङ्गोल प्रजातिकी कान्छीलाई आश्रय दिएर सहयोग गरे तापनि उसको श्रम शोषण गरिएको अवस्थालाई देखाइएको छ ।

वर्षा ऋतु कथाको अर्को पात्र सिपाही हो । उसले कान्छी दनुवारलाई भगाएर विवाह गर्छु भनेर आश्वासन देखाएको छ । कान्छी पनि त्यो आश्वासनमा मक्ख परेर सिपाहीसँग जीवन बिताउने चाहेकी छ । त्यसैले उसले त्यो ब्राह्मणको घरमा काम गरेर सिपाहीलाई पर्खेकी छ तर सिपाहीको चाहना कान्छीसँग विवाह गरेर जीवन बिताउने छैन । सिपाहीले कान्छीको अस्मितामा स्वार्थ राखेर कान्छीलाई मख्ख पारेको छ । यहाँ कान्छीको चाहना सिपाहीसँग विवाह गरेर सुन्दर जीवनको कल्पना गरिएको छ । कान्छीमा र सिपाहीमा यौन आकर्षण भएको छ । कान्छी र सिपाहीको आकर्षणलाई वंशानुगत गुणको प्रतिनिधिका रूपमा राखिएको छ । सहयोग नपाएकी एउटा गरिब महिलाले सहयोग गर्छु, घरवार बनाउँछु भन्दा आशा लाग्नु स्वभाविक हो । त्यसैक्रममा यहाँ पुलिसको चरित्रलाई स्वार्थका रूपमा प्रस्तुत गरिएको छ । प्रहरीजस्तो जिम्मेवार पदमा बसेको मान्छेले शान्ति सुरक्षा गर्नु पर्ने ठाउँमा कान्छीको मन चोरेर आफ्नो स्वार्थ पूरा गर्न खोजेको छ । त्यसैले वर्षा ऋतु कथामा समाजमा भएका मङ्गोल र आर्य प्रजातिका सरसहयोगसँगै भेद्भावलाई प्रस्ट पारिएको छ । यहाँ कान्छी दनुवार मात्र होइन कथाका महिलाको जीवनमा अनेक प्रकारको समस्या आउँछन् । ती समस्यालाई समाधान गर्न एकले अर्को जातिलाई सहयोग गर्नुपर्छ भन्ने प्रजातिगत विचार व्यक्त गरिएको छ ।

### २.३.१३ 'नाटकको चौँथो चरण' कथामा प्रजाति

बधशाला जाँदा आउँदा कथा सङ्ग्रह अन्तर्गत नाटकको चौथो चरण कथाको मुख्य पात्र नैनबहादुर, उसकी श्रीमती, पुलिस दाइ रहेका छन् । यस कथामा पारिजातले सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसेमा बसोबास गर्ने तामाङ समुदायको सङ्घर्षको जीवनमा आधारित कथालाई प्रस्तुत गरेकी छन् । तामाङ समुदायका मानिसहरू सोझा भएको, अरूले भनेको कुरा सजिलै पत्याउने गरेको र दुःखसुख साटासाट गरेर एक आपसमा मिलेर बसेको चित्र कथामा पाइन्छ । कथामा तिनै तामाङ समुदायमा घटेको घटनालाई नैनबहादुर र उसकी श्रीमतीका माध्यमबाट प्रजातिगत विश्लेषण गरिएको छ ।

नैनबहादुरकी श्रीमती बिरामी परेकी छे। उसलाई उपचार गर्न नैनबहादुरले सक्दो प्रयास गरेको छ । आफ्नी प्राणप्यारीलाई आफ्नो गाउँठाउँमा उपचार हुन नसकेपछि उसले नेपालको राजधानी काठमाडौँ लगेर उपचार गर्ने योजना बनाएको छ। त्यसपछि नैनबहादुरले ऋण गरेर आफ्नी श्रीमतीलाई काठमाडौँ ल्यायो । काठमाडौँमा ल्याउँदा विरामी श्रीमती पहेंली, ख्याउटी, फुकीढल भएकी र दोहोरो सास फेरिरहेकी चित्रण गरिएको छ । यसरी श्राफ्नी श्रीमतीलाई रोगले च्याप्दा लोग्नेले ज्यान दिएर उपचार गरेको छ । धामी झाक्री र औषधीमुलोले काम नगरेपछि नैनबहादुर डराएको छ। उसले आफ्नी श्रीमतीको खोकीमा रगत देखेपछि अतालिएको छ। उसले विरामीलाई सहरका अस्पतालमा पुऱ्याएपछि उपचार भइहाल्छ भनेर सोचेको छ । नैनबहादुरले बिरामी श्रीमतीलाई वीर अस्पतालमा ल्याएपछि रोग निको हुन्छ होला भन्ने सोचेको थियो तर उसले त्यहाँ गरिब र असहायलाई भेदभावको व्यवहार गरेको देख्यो । जस्तै:

> नैनले केही सुझाव, केही आदेश, केही प्रश्न केही हप्की धम्की निकै कडकदार भाषा सुन्दै भन्यो । एउटा कोठावाट घोक्रे ठ्याक पनि खायो ।
>
> "यहाँ होइन, यहाँ होइन उता, लग..............
>
> यता कता ल्याएको उता....उता .......
>
> जाच्ने ठाउँ यही होइन त्यहाँ........
>
> "ए ! आफ्नो विरामीलाई मात्र यतिका लामो ठाउँमा.....
>
> खै उठाएर राख हाम्रो बिरामी पनि वस्नुपर्छ । (पृ.२३३)

यता र उत्ताको एउटा लामो सिलसिलापछि नैन नाटकको यस्तो बिन्दुमा आइपुग्यो जहाँ प्रश्नहरू केही महत्त्व थिए । त्यसपछि उसले आफ्नो श्रीमतीलाई टेकुमा उपचार गर्न पुऱ्यायो तर त्यहाँ पनि उसले आफ्नी श्रीमतीलाई उपचार गरेर बचाउन सकेन । उसले सहरका अस्पतालमा गरिब मानिसलाई गरेको छिछी र दुरदुर थाहा पायो । उसले यो देशमा सरकार छ भन्ने ठानेको थियो, उसले निमुखा र गरिब मानिसले न्याय पाउँछन् भनेको थियो तर ती कुरा सबै भ्रम भएको कुरा काठमाडौँमा उपचारका क्रममा थाहा पायो ।

नैनबहादुरले आफ्नी श्रीमतीका लागि ज्यान दिएर उपचार गराएको छ । आफ्नी श्रीमतीका लागि आफूसँग भएको धन, सम्पत्ति, दु:ख, सुख खर्च गर्न तयार छ । त्यसैले प्रजातिगत अध्ययनका दृष्टिकोणमा पुरुषले महिलालाई महिलाले पुरुषलाई सहयोग

गर्दै यो सृष्टि अगाडि बढेको छ । समाजमा सम्पन्न वर्गका मानिसले विपन्न वर्गका मानिसलाई तल्लो दर्जाको व्यवहार गर्दछन् भन्ने कुरा नैनवहादुर तामाङले उपचारका क्रममा थाहा पाएको छ । यस कथामा कथाकारले विपन्न परिवारमा जन्मेका मानिसप्रति गरिने भेद्भावलाई प्रस्तुत गरेकी छन् । आर्य प्रजाति भए पनि मङ्गोल प्रजाति भएपनि सम्पन्न र विपन्न वर्गका बिचमा भेदभावको व्यवहार समाजमा हुने गर्दछ। काठमाडौँका सुकिला मुकिला मानिसले दूरदराजका जनजातिका मानिसमाथि कसरी भेदभाव गर्छन् भन्ने कुरा अस्पतालका कर्मचारी र मानिसको व्यवहारबाट उसले थाहा पायो। आफैंले भोट दिएर जिताएको माननीय र गाउँले मानिसहरूले नैनबहादुरलाई दुःख पर्दा नचिनेको जस्तो गरेर स्वार्थी व्यवहार गरेका थिए। यहाँ मान्छेको प्रवृत्तिलाई प्रस्ट पारिएको छ। मानिसले सुख पाउँदा रमाउँछन्, सरसहयोग गर्छन् तर दुःख पर्दा टाढा टाढा भाग्छन् । यो मानवीय दृष्टिले हेर्दा दुवै प्रजातिमा यस्ता व्यवहारलाई देखाइएको छ ।

हाम्रो समाजमा पनि दुःखी गरिब समुदायका मानिसलाई अर्को सम्पन्न समुदायका मानिसले हेयको रूपले हर्छन् । समाजमा श्रीमान् श्रीमती भनेका एक रथका दुई पाङ्ग्रा हुन् । उनीहरूले दुःख सुखमा एक अर्कालाई सहयोग गरेर सुन्दर परिवारको निर्माण गर्दछन् । समाजमा परिवार निर्माण गर्दा आर्य र मङ्गोल प्रजातिभित्र विभिन्न प्रकारका व्यवहारहरू रहेका छन् । समाजमा एक समुदायले अर्को समुदायको मानिसलाई सहयोग गर्नु पर्ने हो तर नैनबहादुरले सहयोग पाएन । उसले समाज र राज्यभित्र भेदभावमात्र पाएको छ । उसले देशमा असमानता र भेदभावलाई नजिकबाट देखेको छ ।

नाटकका चौथो चरणको अर्को पात्र पुलिस हो। पुलिसमा भर्ती हुने युवायुवतीहरू समाज र राष्ट्रको शान्तिसुरक्षा, कायम गर्न लागिपरेका हुन्छन् । उनीहरूले समाजभित्र भएका समस्याको समाधान खोज्ने काम गर्छन् तर नैनवहादुरले श्रीमतीलाई उपचार गर्दा नैनबहादुरले पुलिसबाट सहयोग पाएन । उसले आफ्नी श्रीमतीलाई उपचार गराएर घर ल्याउँदा प्रहरी प्रशासन, राजनीतिज्ञबाट केही पनि सहयोग पाएन । कालीमाटीमा अवस्थित टेकु अस्पतालमा उपचार गराउँदा गराउँदै नैनवहादुरकी श्रीमतीको मृत्यु भयो । त्यसपछि उसले आफ्नी श्रीमतीलाई आफ्नो धर्म संस्कृतिअनुसार दाहसंस्कार गर्नलाई आफ्नै गाउँ बाह्रविसेमा लाने विचार गऱ्यो । ऊसँग पैसाको कमी भएपछि उसलाई धेरै समस्या भयो । ऊ आफ्नी मृतक

श्रीमतीलाई सडकमा राखेर गाडी खोज्दै थियो त्यही वेलामा पुलिस आएर लासलाई लिएर गयो । त्यसपछि निरास भएर नैनवहादुर घर फर्कियो ।

धर्म संस्कृति, चालचलन, भाषाशैलीलाई प्रजातिका आधारमा हेर्न सकिन्छ । हाम्रो देशमा फरकफरक प्रजातिअनुसार जन्म, विवाह र मृत्यु संस्कार हुन्छन् । ती संस्कारलाई एक पिढीदेखि अर्को पिढीसम्म पालना गर्दै गइन्छ । नैनबहादुरले उसकी श्रीमतीलाई आफ्नै गाउँ समाजमा लगेर दाहसंस्कार गर्न खाजेका थिए तर त्यो काम पूरा भएन । त्यसैले कथाकारले हाम्रा संस्कृति, परम्परा हाम्रा प्रजातिगत मान्यता हुन । हामी आर्य भए पनि मङ्गोल भए पनि हाम्रो प्रजातिगत विशेषतालाई पालना गरेका हुन्छौं । त्यसैले यहाँ मङ्गोल प्रजातिको गरिब समुदायको करुणादायी अवस्थालाई चित्रण गरिएको छ ।

### २.३.१४ 'वधशाला जाँदा आउँदा' कथामा प्रजाति

वधशाला जाँदा आउँदा कथाका मुख्य पात्र म, तपाई र ऊ रहेका छन् । यस कथामा कथाकारले प्रथम पुरुष, द्वितीय, तृतीय पुरुषका माध्यमबाट प्रजातिगत विशेषतालाई प्रस्ट पारेकी छन् । कथाकार पारिजात यस कथामा म पात्र भएर उपस्थित भएकी छन् । उनी तामाङ समुदायकै महिला हुन् । उनका बुवाआमा शिक्षित भएकाले उनले पनि राम्रोसँग शिक्षा आर्जन गर्न पाएकी थिइन् । उनले यस कथामा कर्मचारी भएर जनजाति समुदायको मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेकी छन् । उनले आफूलाई कार्यलमा गएर आउँदा आफ्नो जीवनलाई वधशालामा गएको अनुभूति गरेकी छन् । उनी कार्यालयमा जाने, त्यहाँ गएर कार्यलयको काम गर्ने र बेलुकातिर घर फर्कने गर्छिन् । उनीले बाटामा आउँदा जाँदा धेरै प्रकारका मानिसलाई देख्छिन् । ती मानिसको जीवन शैली चालचलन देखेर ती मानिसका बारेमा विचार गरेकी छन् । उनीले आफ्ने कार्यलयमा भएको चालचलन, धर्मसंस्कृति र जीवनशैलीलाई प्रजातिगत विशेषताका रूपमा हेरेकी छन् ।

कथाकारले बाटोमा यात्रा गर्दै जाँदा एकजना चन्द्रमान उपाध्यायलाई भेट्छिन् । उनीले ती मानिस पहिला खाली खुट्टा हिडेर जीवनयापन गरेको र अहिले चप्पलसम्म लगाएर आफ्नो जीवनयापन गरेको देख्छिन् । चन्द्रमानको जीवनमा परिवर्तन देखेपछि उनलाई बोलाएर कथाकारले कुराकानी गरेकी छन् । कुराकानीका क्रममा चन्द्रमानको चालचलन जीवनशैली र संस्कृतिको आधारमा आर्य प्रजातिको प्रतिनिधित्व गरेका छन् । चन्द्रमानको घर

कोशीपारि सहरतिर भएको कुरा थाहा पाएकी छिन् । चन्द्रमान सामान किन्न सहरतिर आएका थिए तर बाटैमा भरिया हराएर खोज्दा खोज्दै ऊसँग भएको पैसा पनि सकियो । त्यसपछि ती व्यापारीले म पात्रसँग आर्थिक सहयोग मागेका छन् । यसरी व्यापार व्यवसायमा लाग्ने व्यक्तिको व्यथालाई चन्द्रमान उपाध्यायको माध्यमबाट प्रस्तुत गरिएको छ । आर्य प्रजातिका आफ्ना बुवाआमाले गर्दै आएको काम गर्छन । आफ्नो घरमा काम गर्ने मानिस राखेर जीवन बिताउँछन् । त्यस्तै गरेर चन्द्रमान् उपाध्यायजस्तै हजारौं मानिसको अवस्था सहरबजारमा देख्न सकिन्छ । सहर बजारमा व्यापार गर्ने व्यापारीको राम्रो व्यवस्थापन भएन भने चन्द्रमान उपाध्यायको जस्तो हुन्छ । चन्द्रमानले आफूसँग भएको पैसा सकिएपछि अरूसँग सरसहयोग मागेर आफ्नो घर जाने सोच बनाएका छन् । यहाँ व्यपारीसँग धन सम्पति प्रशस्त हुँदा सदुपयोग गर्नुपर्छ नत्र जीवनमा भिखारीको अवस्थामा पुगिन्छ भन्ने कुरा चन्द्रमान व्यापारीका माध्यमबाट बुझिएको छ । एउटा प्रजातिको मानिसले अर्को प्रजातिको मानिसलाई सहयोग गर्नु मानवीय गुण हो । त्यसैले यहाँ आर्य प्रजातिका चन्द्रमानले मङ्गोल प्रजातिको म पात्र विष्णुकुमारी वाइवासँग आर्थिक सहयोग मागेर आफ्नो वासस्थान कोशीपारि पुग्ने चाहना राखेका छन् । यसको साक्ष्य यस प्रकार रहेको छ :

> तपाईले भन्नु भएको थियो, 'मेरो नाउँ चन्द्रधर उपाध्याय, घर पूर्व कोशीपारि । शहरतिर यसो सामान किन्न भनी आएको थिएँ, बाटैमा भरिया हरायो हजुर । साथमा दुई चार पैसा सिद्धिहाल्यो । जतासुकै माँगु भने पनि यसो हेर्न हुने थरको उपाध्याय बाहुन । हजुरहरू जस्तो भलाद्मीहरूले यसो दुई चार रुपियाँ सहयोग गर्नु भयो भने घर फर्कौं भनेको ।' (पृ.२४५)

म पात्रले शिक्षा, दीक्षा लिएर काठमाडौंमा जागिर खाँदै छिन् । उनीले सधैं कार्यलयमा जाने आउने र काम गर्दा आफूलाई वधशाला गएको अनुभव गरेकी छन् । जसरी वधशालामा बाख्रा, खसी, कुखुरा र राँगालाई बध गरिन्छ त्यसरी नै उनले आफ्नो जिन्दगीलाई पनि वध गरेएको अनुमान गरेकी छन् । कार्यलयमा काम गरेर कमाएको पारिश्रमले गाँस वास र कपासको मात्र जोहो भएको छ । यदि जीवनमा रोग लाग्यो भने उपचार गर्ने पैसाको अभावमा मर्नुपर्छ । थोरै आम्दानी भएका कर्मचारीले ठुलठुला अस्पतालमा र विदेशमा गएर उपचार गर्न पाउँदैनन् । सामान्य कर्मचारीको जीवन वास्तवमा दुःखदायीले भरिएको छ तर उच्च दर्जाका कर्मचारीको जीवनमा दुःख कष्ट आउँदैन । उनीहरूले चाहेको उपचार देशविदेशमा

पुऱ्याएर गर्दछन् । यसरी निम्न आम्दानी भएका समुदायको संस्कार र संस्कृति सामान्य खालको हुन्छ भने सम्पन्न ओहदामा भएका कर्मचारीको जीवनशैली फरक खालको हुन्छ । यहाँ आर्य र मङ्गोल दुवै प्रजातिको कर्मचारीको बेदना र वास्तविकतालाई कथाकारले प्रस्ट पारेकी छन् । हाम्रो समाजमा आफ्ना बुबाआमा जे काम गरेका हुन्छन्, प्रायजसो आफ्ना सन्तानले पनि त्यही काम गरेर जीवनयापन गरेका हुन्छन् । एउटा पुस्ताले गरेको काम अर्को पुस्ताले पनि गर्नु पर्ने अवस्थालाई प्रजातिगत आधारमा विश्लेषण गरिएको छ ।

म पात्रले कार्यलयमा जाँदा आउँदा धेरै सहयोग माग्ने मानिसहरूसँग सम्पर्क गर्न पुगेकी छन् । ती सहयोग माग्नेहरूको अवस्था देख्दा सहयोग गर्न मन लाग्छ तर उनीसँग सहयोग गर्न पुग्ने पैसा छैन । धेरै जातजातिका मानिसहरू बाटामा विजोग भएर बसेको अवस्थामा एउटा जातिले अर्को जातिलाई सहयोग गर्नु मानवीय गुण हो । त्यसै क्रममा म पात्र कार्यलयको कुर्सीमा बसिरहँदा अनेक प्रकारका प्रजातिगत समस्या देखेकी छन् । उनी कुर्सीमाथि बसेर मानिसका पीडालाई सम्झिरहन्छिन् । ती समस्याका समाधान गर्दा उनी थकित भएकी छन् । उनीले समाजमा भएका विभिन्न जनजातिका समस्यालाई नजिकबाट नियालेकी छन् ।

म पात्रले आफ्नो कार्यसम्पादन गर्ने क्रममा एउटा युवकलाई देख्छिन् । ऊ हातमा चुरोटको बट्टा बोकर उभिएको छ । उसका आँखा सानासाना छन् । उसको शरीरको बनोट हेर्दा उसले मङ्गोल प्रजातिको प्रतिनिधित्व गरेको छ । त्यो युवक म पात्रको कार्यलयमा आएर आफ्नो काम गराएर गएको छ । म पात्रको कार्यकक्षमा दुईजना युवा गएर गम्भीर रूपमा कुराकानी गर्दै छन् । ती कुराकानी म पात्रले सुनेकी छन् । ती कुराकानीमा बस कम्पनीका मालिकको विषय, बसमा काम गर्ने स्टाफ आदि कुराहरू समेटिएका छन् । यसरी कुरा गर्दा उनीहरूले ड्राइभर खलासीको जागिर खोजेको आभास म पात्रलाई भएको छ । अन्त्यमा बसपार्कमा गएर बसको टिकट काउन्टरमा गएर कमिसन खाने काम गर्छन् । यसरी आजकालका युवायुवती समयमा अध्ययन नगर्ने अनि पछि गएर बेरोजगारीले पिरोलीन बाध्य हुन्छन् । यहाँ बेरोजगारी जुनसुकै प्रजातिका मानिस पनि हुन्छ । उनीहरूले समयमा राम्रो शिक्षा लिएको खण्डमा जीवनस्तर सहज हुनसक्ने कुरालाई कथाकारले प्रजातिगत धारणा व्यक्त गरेकी छन् ।

### २.३.१५ 'शकुन्तलाको चिन्तन' कथामा प्रजाति

शकुन्तलाका चिन्तन कथामा एउटा गरिब परिवारको सङ्घर्षमय अवस्थालाई देखाइएको छ । यस कथामा कुनै एक कार्यलयको हाकिमले आफ्नो कार्यलयमा काम गर्ने पियनमाथि गरेको नराम्रो व्यवहारलाई यस कथाबाट प्रस्ट पारिएको छ। यस कथाको मुख्य पात्र कार्यलयको हाकिम, हरिप्रसाद न्यौपाने र शकुन्तला रहेका छन् । हाकिमको शासन व्यवस्था हरिप्रसादका लागि कडा रूपमा प्रस्तुत गरिएको छ । हाकिमको चुरोट खाने, मोजमस्ती गर्ने वेलामौकामा आमाचकारी गाली गर्ने व्यवहारलाई हेर्दा हाकिम जनजाति समुदायको प्रतिनिधित्व गर्ने मङ्गोल प्रजातिका मानिस हुन् । उनी कार्यलयमा काम सकेर दारू खान्छन् । आफ्नो कार्यलयमा पियनको काम गर्ने हरिप्रसाद तिनै हाकिमको जुठोपुरो खाएर आफ्नो रोजगारीको व्यवस्या गरेका छन् ।

हाकिमले आफ्नो स्वार्थका लागि हरिप्रसादलाई आफ्नो सामान रूग्न लगाएका छन् । आफ्नो घरका सरसमान नहराउन भनेर उनीलाई पियनको काम दिएका छन् । यहाँ हाकिमले हरिप्रसादको रोजीरोटीको व्यवस्था पनि गरेका छन् । हाकिम दयालु भए पनि हरिप्रसादलाई बढीभन्दा बढी काम गर्न बाध्य पारिएको छ । आफ्नो स्वार्थ पूरा गर्न हाकिमले धेरै काम गर्न वाध्य पारेका छन् । त्यसैले उच्च ओहदामा काम गर्ने मानिसले निम्न ओहदामा काम गर्ने मानिसको श्रम शोषण गर्ने चलन कार्यलयका केही हाकिमले गरेका हुन्छन् । काम गर्ने कर्मचारीलाई जाँडरक्सी खुवाएर घरको काम गर्ने चलन पनि हाकिमको हुन्छ । हाकिमले वेला मौकामा तल्लो दर्जाको कर्मचारीलाई सहयोग गरेर आफ्नो स्वार्थका लागि काम गर्ने वाध्य पारेका हुन्छन् । यसरी उच्च ओहदामा काम गर्ने कर्मचारी मङ्गोल प्रजातिका मानिस हुन् । उनले निम्न दर्जामा काम गर्ने कार्मचारीलाई आशा देखाएर उनीहरूको श्रमशोषण गर्ने संस्कृतिको विकास भएको कुरा कथाकारले प्रस्तुत गरेकी छन् । यसलाई प्रस्ट पार्न निम्नअनुसारको साक्ष्य प्रस्तुत गरिएको छ :

> यस्तो मौका महिनमा चारपटकभन्दा बढी हुँदैन बरू घट्छ । कहिलेकाहीं पाहुना आए पनि हाकिमनिले रक्सीको बोतल निकाल्दिनन् । स्वास्नी रिझाएर लाग्ने दामी रक्सी पिउँछ, स्वास्नी बेस्कनै नखरा पारेर मात्र बोल्छे र केही त ऊ पनि रिझाएरै लिन्छ । त्यसपछि बूढो मसिनो तरिकाले पियन न्यौपाने रिझिन्छ । यी रिझाउनेहरूले आपसी अनुबन्ध राम्रै बुझेका छन् । (पृ. २५०)

कथाकारले आर्य प्रजातिको निम्नवर्गका पात्रका रूपमा हरिप्रसाद र शकुन्तलालाई उभ्याएकी छन् । हरिप्रसाद र शकुन्तला बाहुन क्षेत्री समुदायको प्रतिनिधित्व गर्ने आर्य प्रजाति हुन् । उनीहरू आफ्नो रोजीरोटीका लागि एउटा हाकिमको काम गर्न वाध्य छन् । हरिप्रसादले हाकिमको गुलामी गरेर दुईचार पैसा कमाउने ठाउँ पाएको छ । त्यसैले उनी रातदिन मालिकका सेवामा लागेका छन् । हरिप्रसादकी श्रीमती शकुन्तला चाहिँ आफ्ना श्रीमान् कतिखेर डेरामा आउँछन् र खानासँगै बसेर खान पाइन्छ भनेर पर्खी बसेकी छन् । यसरी हाम्रो समाजमा श्रीमान्ले खाना नखाई श्रीमतीले खानु हुँदैन भन्ने चलन रहेको छ । यो चलन आर्य प्रजातिमा प्रचलित रहेको छ । उनीहरूको आर्थिक अवस्था कम्जोर भएपनि सामाजिक संस्कार सभ्यता र बानीव्यबाहारमा परिवर्तन आएको छैन् । शकुन्तलाले आफ्नो श्रीमान्को जागिर खाएको अवस्था देख्दा ऊ दुःखी भएकी छ । हाकिमको आदेश आफ्नो श्रीमान्ले जुनसुकै वेलामा पनि मान्नुपर्ने, जे अह्राउछन् त्यही काम गर्नुपर्ने यस्तो अवस्था देख्दा हरिप्रसाद निराश भएका छन् । आफ्नो कामधन्दा सिध्याएर आराम गर्न बस्दा पनि हाकिमले काम अह्राउँछन् । हाकिम र हाकिमनीको आदेश मान्दामान्दा हरिप्रसाद वाक्क भएका छन् । यसरी आफ्नो श्रीमान्लाई सधैंभरि थर्काएको देख्दा सकुन्तलाको दिल दुखेको छ । आफ्नो श्रीमान्लाई हाकिमले तल्लो स्तरको गाली गर्दा सकुन्तलालाई मनमा नरमाइलो लागेको छ । वेला वेलामा “ए न्यौपाने चलाख भएर निदा है, काठपात डण्डी यसै छ ।” भनेर थर्काएको देख्दा शकुन्तलाको मनमा कुरा खेलेका छन् । ऊ निरास भएर सहन बाध्य छे । यसरी उच्च वर्गले निम्नवर्गमाथि गरेको शोषण समाजशास्त्रीय दृष्टिकोणले आधारमा वर्गीय भेदभावलाई प्रस्ट पारिएको छ । समाजमा भौतिक सुखका कारणले निम्न आर्थिक अवस्था भएका मानिमलाई दमन र शोषण गर्छन भन्ने मर्क्सवादी चिन्तनलाई पनि यहाँ प्रस्तुत गरिएको छ ।

हरिप्रसादकी श्रीमती हाकिमको गुलामीमात्रै नगरौं, तलव वृद्धिको कुरा गरौ भन्दा हरिप्रसादले हाकिमसँग कुरा गर्न सक्तैनन् । आफ्नो कायरताका कारणले गर्दा हरिप्रसादको तलव वृद्धि भएको छैन । उसको जीवनमा सुख शान्ति र समवृद्धि आएको छैन । यसरी डराएर मात्र हुँदैन आफ्ना समस्या हाकिमसँग राख्न सक्नुपर्छ भन्ने धारणा शकुन्तलाले राखेकी छन् । हामी मान्छे हौ, हामीले आफ्नो रुचिअनुसार काम खोजेर गरिखान सक्छौ । माकुराले त आफ्नो जालो आफैं बनाएर जीवन चलाएको छ । हामी मानवले दुःख पायौं भनेर निराशा मात्रै गर्न हुँदैन । सधैभरि हेपिएर अर्काको अधिनमा बसेर जीवन चलाउँन सक्दैनौ भन्ने कुरा

शाकुन्तलाले गरेकी छन् । यसरी आफ्नो श्रीमान्माथि भएको अन्याय र अत्याचारको कुरालाई प्रस्ट पार्ने काम शकुन्तलाले गरेकी छन् । श्रीमान्का समस्यालाई समाधान गर्न श्रीमतीले सहयोग गर्नु प्रजातिगत विशेषता हो । त्यसैले यस कथामा मङ्गोल प्रजातिको हाकिमले आर्य प्रजातिको हरिप्रसाद र शकुन्तलाको जीवनमा भएका घटनालाई विश्लेषण गरिएको छ ।

## २.४ निष्कर्ष

दोस्रो परिच्छेदमा पारिजातका कथामा प्रजातिको अध्ययन गरिएको छ । अध्ययनका क्रममा हिप्पोलाइट तेनले प्रस्तुत गरेका प्रजातिगत मान्यतालाई विश्लेषणको मूल आधार बनाइएको छ । यी आधारमा विश्लेषण गर्दा पारिजातका कथामा नेपालमा रहेका मङ्गोल जातिको प्रजातिगत विशेषतालाई केन्द्रमा राखिएको छ । उनीहरूका अनुवांशिक गुण, प्रजातिगत संस्कृति र लेखकीय प्रजातिको प्रभा कृतिमा परेको देखिन्छ ।

प्रजातिगत अध्ययनमा मङ्गोल प्रजातिको विशेषतामा निडर, सोझो र आफ्ना आमाबुबाले गर्दै आएको कामलाई निरन्तरता दिँदै आएको पाइन्छ । यी पक्षहरूको सघनता उनका मैले नजन्माएको छोरो, एक उडान, सिटीहलको बूडा ज्यामीसँग, वर्कसपभित्र, नैकापे सर्किनी, साल्गीको बलात्कृत आँसु, नाटकको चौथो चरण आदि कथामा पाइन्छन् । प्रजातिगत अध्ययनमा धर्मसंस्कृति, जीवनशैली र चालचलनलाई प्रस्ट पारिएको छ । मैले नजन्माएको छोरो कथामा भट्टी पसल खोलेर जीवनयापन गर्ने चलन मङ्गोल प्रजातिका राई, लिम्बु, तामाङ, मगर जातिमा रहेको छ । उनीहरूले खाजाघर खोलेर, ठुलाठुला होटेल व्यवसाय सञ्चालन गरेर आफ्नो आम्दानीको स्रोत बनाएका छन । त्यस्तै एक उडान कथामा हवाइजहाजको पाइलट र एयर होस्टेजको काम गर्ने जनजाति समुदायको मङ्गोल प्रजातिलाई देखाइएको छ । यहाँ जनजाति समुदायका मानिसहरू आँटी र आफ्नो कामप्रति लगनशील हुनुपर्छ र आफ्ना पितापुर्खाले गर्दै आएको कामलाई निरन्तरता दिनुपर्छ भन्ने भावलाई देखाइएको छ । तामाङ् समुदायका मानिस सोझा हुन्छन् र अरूलाई चाँडै विस्वास गर्छन् भन्ने कुरा नाटकको चौथो चरण र साल्गीको बलात्कृत आँसु कथामा प्रस्तुत गरिएको छ । आर्मी र प्रहरीमा भर्ती लाग्ने युवाहरू पनि मङ्गोल प्रजातिका मानिसहरू नै बढी हुन्छन् । उनीहरूका बाजे, बुबा र आफन्तले पनि देशको सेवा गरेका हुन्छन् र आफ्ना सन्तानलाई पनि देशको सेवा गर्नपर्छ भन्ने वंशानुगत गुणलाई देखाइएको छ । त्यस्तै गरेर लेखकले आफ्ना

बाबु बाजेले सिकाएको बाटोमा हिंडेर शिक्षादीक्षा लिई समाज सेवा गर्नुपर्छ भन्ने प्रजातीय विशेषतालाई प्रस्तुत गरेकी छन् । हिमाली र पहाडी क्षेत्रमा मङ्गोल प्रजातिका सङ्ख्या बढी छ भने आर्य प्रजातिको सङ्ख्या कम छ । लेखकले आर्य र मङ्गोल प्रजातिका मानिसहरू एकआपसमा मिलेर बसेका छन् । उनीहरूको धर्मसंस्कृति, चालचलन र वंशानुगत गुणको प्रभावलाई चित्रण गरिएको छ । पारिजातका कथाको मूल स्थापना भनेको मङ्गोल जातिको प्रजातिगत विशेषता देखाउनु रहेको छ । उनका कथामा मङ्गोल इतर जातिको उपस्थिति र अवस्था देखिए पनि प्रस्तुत अध्ययनबाट ती जातिलाई स्थापना गर्ने प्रयास नभएको पाइन्छ ।

# तेस्रो परिच्छेद

# पारिजातका कथामा पर्यावरण

## ३.१ विषयप्रवेश

पारिजातका कथाहरूको पर्यावरणगत अध्ययन गर्नका लागि सैद्धान्तिक आधारको बारेमा प्रस्ट पार्नु पर्ने हुन्छ । त्यसैले यहाँ हिप्पोलाइट तेनद्वारा प्रतिपादित पर्यावरणका वा परिवेशका बारेमा वर्णन गरिएको छ । पारिजातले लेखेका कथामा आफूले भोगेका सामाजिक, आर्थिक, राजनीतिक पर्यावरणलाई चित्रण गरेकी छन् । उनीले गाउँ र सहरमा देखेका, भोगेका अनुभूतिलाई पर्यावरणका रूपमा प्रस्तुत गरेकी छन् । पर्यावरणले कथानकलाई अगाडि बढाउने काम गर्छ । यसलाई पात्रका माध्मबाट चित्रण गरिएकोछ । त्यसैले यहाँ तेनद्वारा प्रतिपादित समाजशास्त्रका तीन आयममध्ये तेस्रोमा पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यतालाई स्पष्ट पार्दै कथामा पाइने पर्यावरणको खोजी गरिएको छ ।

## ३.२ पर्यावरणसम्बन्धी सैद्धान्तिक मान्यता

साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रजाति र क्षण जस्तै पर्यावरण वा परिवेशलाई पनि मुख्य आधारका रूपमा लिइएको छ । पर्यावरण शब्दको पहिलो प्रयोग समाजशास्त्रीय अर्थमा बाल्जाकाले गरेका हुन् र त्यसैबाट तेनले अपनाएका हुन् (पाण्डेय, सन् २००६ पृ. १२४) । उनले पर्यावरण अन्तर्गत मुख्य गरी प्राकृतिक तथा सामाजिक परिवेशलाई समेटेका छन् । तेनले उल्लेख गरेका पर्यावरणसँग सम्बद्ध मान्यतालाई बुझ्न प्राकृतिक परिवेश, सामाजिक परिवेश, परिवेशले निर्मित मानव मनोविज्ञान विश्लेषण गरिएको छ ।

तेनले परिवेशअन्तर्गत मूलतः प्रकृति परिवेशलाई समावेश गरेका छन् । तेनले पर्यावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । तेनका अनुसार भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल हुनाका कारण उत्तरका साहित्यमा दुःख, कष्ट, पीडा र भोकमारी पाइन्छन् । त्यसैगरी दक्षिणको भौगोलिक संरचना अनुकूल हुनाका कारण त्यहाँको साहित्यमा हर्षोल्लास पाइन्छ । यसको तात्पर्य के छ भने युरोपको मध्यविन्दुबाट वातावरणका गोलार्द्धमा रहेको जीवन निकै सुखी हुन्छ भन्ने अभिमत यस अभिव्यक्तिमा प्रकट भएको छ । भौगोलिक बनावट तथा प्राकृतिक स्थिति प्रतिकूल

तथा कष्टमय भौगोलिक संरचना अनुकूल हुनाका कारण त्यहाँको साहित्यमा सुख, शान्ति तथा आनन्द पाइन्छ । यसरी भौगोलिक वातावरणले साहित्यमा प्रभाव पारेको हुन्छ (पाण्डेय, सन् १९८९ पृ. १२८) । समाजमा मान्छे एक्लो नहुने हुँदा ऊ प्रकृति तथा सामाजिक वातावरणद्वारा चारैतिर घेरिएको हुन्छ ।

सामाजिक परिवेशले मानिसलाई निरन्तर रूपमा प्रभाव पार्छ भन्ने धारणा तेनले व्यक्त गरेका छन् । मानिस जन्मदा प्राकृतिकबाट मात्र नभएर समाजबाट घेरिएको हुन्छ । मानिसका वरिपरि विभिन्न चालचलन, मूल्यमान्यता, धर्मसंस्कृति, रीतिरिवाज रहेका हुन्छन् । मानिसले आफ्नो इच्छाले मात्र कार्य गर्न सक्दैन । सामाजिक मूल्यमान्यताअनुसार मानिसको चिन्तन, सोचाइ र मानसिकता निर्माण भएको हुन्छ । यसरी भौगोलिक वातावरणले साहित्यमा प्रभाव पारेको हुन्छ । समाजमा मान्छे एक्लो नहुने हुँदा ऊ प्रकृति तथा सामाजिक परिवेशद्वारा चारैतिरबाट घेरिएको हुन्छ । त्यसैले परिवेशको प्रभाव एउटा जस्तो साहित्यकारको मस्तिष्कले कार्य गरेको हुन्छ । साहित्यको स्वरूप समाजबाटै निर्धारित हुन्छ (दाहाल, २०५८ पृ.१८) । त्यसैले साहित्यमा सामाजिक परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ ।

तेनको प्राकृतिक तथा सामाजिक परिवेशले मानव मनोविज्ञानको निर्धारण गर्ने विचार व्यक्त गरेका छन् । सबै व्यक्तिहरूको मनोभावना सामाजिक प्रभावमा परेको हुन्छ । त्यसैले मानव मनोविज्ञानको अध्ययन समाजको स्वरूप एवम् संकृतिको सापेक्षतामा गर्नु पर्दछ । मानिस जस्तो भूगोल, हावापानी, माटो तथा जस्तो किसिमको प्रकृतिमा हुर्कन्छ त्यसैअनुसार उसको मानसिकता निर्माण हुँदै जान्छ । प्रकृतिबाट मात्र होइन समाजका मूल्य, मान्यता, धर्म, संस्कार, चालचलन मानसिकतामा भूमिका खेलेको हुन्छ । मानिस वाल्यकालदेखि नै विभिन्न सामाजिक मूल्य, मान्यता, धार्मिक, संस्कृति, रीतिरिवाजका बिचमा हुर्किने भएकाले ती सबैबाट मुक्त हुन सक्दैनन् । व्यक्तिको मानसिकता निर्माणमा परिवेशको अहम भूमिका हुन्छ भन्ने कुराका मनोवैज्ञानिकहरू सहमत भएका छन् । मनोविज्ञानका अनुसार बालक जन्मदा दिमाग खाली अर्थात सेतो कागजको पाना जस्तो हुन्छ । जन्म पश्चात प्राकृतिक र सामाजिक वातावरणका कारण उसको दिमाग भरिँदै जान्छ (तेन, सन् १९०६, पृ. ४८) । यिनले साहित्यको समाजशास्त्रीय अध्ययनमा मनोविज्ञानको अध्ययनलाई आवश्यक ठानेका छन् ।

तेनले साहित्यिक कृतिमा पर्यावरणको प्रभाव रहेको कुरा व्यक्त गरेका छन् । उनले बताएका पर्यावरणसँग सम्बद्ध मूल विचारमा प्राकृति, सामाजिक र परिवेशले निर्मित मानव मनोविान पर्दछन् । यस परिच्छेदमा पारिजातका कथालाई तेनले प्रस्तुत गरेका उल्लिखित अवधारणाका आधारमा विश्लेषण गरिएको छ ।

## ३.३ पारिजातका कथाको पर्यावरणीय स्वरूप

पारिजातका कथामा भएका पर्यावरण अध्ययका लागि १५ वटा कथालाई सोद्देश्य रूपमा छनौट गरी विश्लेषणक गरिएको छ । यी कथालाई हिप्पोलाइट तेनको पर्यावरणसम्बन्धी अवधारणाका आधारमा यस परिच्छेदमा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा कथा कृतिको कालिक क्रमअनुसार विश्लेषण गर्दै लगिएको छ । कथासङ्ग्रहभित्रका कथाको चयन गर्दा क्रमानुक्रमअनुसार चयन गरिएको छ । प्रस्तुत परिच्छेदमा तेनले उल्लेख गरेका सूचकलाई आधार बनाई पारिजातका कथामा रहेको पर्यावरणको स्थितिलाई विश्लेषण गरिएको छ ।

### ३.३.१ 'मैले नजन्माएको छोरो' कथामा पर्यावरण

मैले नजन्माएको छोरो कथाको पर्यावरणमा काठमाडौँ सहर, काठमाण्डौं सहरमा रहेको स्कुल, स्कुले विद्यार्थी र फागुपूर्णिमा रहेका छन् । यस कथाको म पात्र पारिजात दार्जेलिङ्गबाट आएर काठमाडौको नयाँ सडकको छेवैमा बसेकी छन् । उनको कोठाबाट नयाँ सडकको चहलपहल हेर्न सकिन्छ । काठमाडौँको नयाँ सडकमा ओहोर दोहोर गर्ने मानिसहरूलाई म पात्रले घरको झ्यालबाटै सजिलै चिन्न सक्छिन् । त्यो सडकबाट विद्यार्थीहरू, दूध रोटी बेच्ने मानिसहरू सबैलाई चिनेकी छन् । उनीले आफ्नो घरको झ्यालमा बसेर धेरै समय बिताएकी छन् । त्यसैले झ्याल पनि मुख्य परिवेशका रूपमा आएको छ । झ्यालबाट एकनासले सडकतिर हेरिरहनु म पात्रको दिनचर्या बनेको छ । यसको साक्ष्यका रूपमा यस अनुच्छेदलाई प्रस्तुत गरिएको छ :

> आजको दिन एक विशेष दिन, आजको हेराइ एक विशेष हेराइ, आजको संयोग एक विशेष संयोग, जसलाई हो निकै बेर आँखा जुधाएर मैले हेरेको । मेरो आँखाबाट त्यो ठिटो भाग्छ तर म उसलाई बिर्सन सक्तिनँ । कालो कालो अनुहारमा दुई रहरलाग्दा आँखा, चञ्चल पुतली, घुङ्ग्रिएको कपाल, कञ्चट र घुच्चुकमा मुन्द्रा परेर झरेको कपाल,

मन हेर्ने मुस्कान, म कोसिस गर्दा पनि भुल्न सक्तिनँ। त्यो झ्याल नौलो लाग्छ, रमाइलो लाग्छ अनि फेरि आफैँलाई विरामी अनुभव गर्छु। (पृ.२१)

प्रस्तुत कथांशमा फागुनको महिना सुरू भएको छ। घाम मन्द मन्द लागिरएको छ। म पात्र भर्खर बाहिरबाट आएर झ्यालमा बसकी छन्। अड्डा जानेहरू गइसकेका छन्। स्कुले विद्यर्थीहरू फट्टाफुट्ट सडकमा हिड्दै छन्। म पात्रको घर मास्तिर एउटा स्कुल छ जहाँ केटाहरूमात्रै पढाइन्छन्। त्यसैक्रममा दुई जना केटा एउटा उभिएका छन् र अर्को घोप्टिएर साइकिलको जज्जीर हाल्ने केटोले म पात्रलाई झ्यालमा हेर्छ र आँखा जुधाउँदै गाला र कान राता पार्दै त्यहाँबाट भाग्छ। यसरी विद्यार्थी केटासँग आँखा जुधेपछि म पात्रलाई पनि आनन्दको आभास भएको छ। म पात्रलाई भित्रभित्रै काउकुती र रमाइलो लाग्छ। उनीलाई त्यो झ्याल नौलो लाग्छ। उनीमा चञ्चलता बढेको छ। यस्तो अवस्थामा म पात्र मायालु पर्यावरणमा पुगेकी छन्। उनीलाई ती केटाहरूको आवाज चराको चिरविर आवाज जस्तै लाग्न थाल्छ। उनी खाटमा पल्टिएर मनमा अनेक प्रकारका कुराहरू सोचिरहन्छिन्।

फागुन महिनाको आरम्भको वेलामा स्कुले केटाहरू लोला हान्दै, रमाइलो गर्दै स्कुल जाने, आउने गर्दै छन्। त्यही वेलामा ती केटाहरूले म पात्रलाई लोलाले हानेर भागे। त्यसपछि म पात्र लाजले भुतुक्क भइन् र आनन्दको हाँसो हाँस्दै अलि पर उभिई। त्यो वेलामा सारा प्रकृतिलाई कुत्कुत्याउने वसन्त ऋतुको सिरसिर हावा चलेको मध्य दिनको समय थियो। म पात्र सहरतर्फ जाँदै थिइन्। त्यही वेलामा उनीले ती स्कुले केटाहरू सडकको छेवैमा भएको भट्टी पसलमा गएको देखिन्। पढ्ने विद्यार्थी भट्टी पसलमा जानु राम्रो होइन। ती केटाले त्यहाँ साहुनीसँग हातहालेर चलेको देख्दा म पात्रको आङ सिरिङ्ग भएको छ। त्यसपछि ती केटाप्रति हेर्ने दृष्टिकोणमा परिर्वतन आएको छ। म पात्रले स्कुलमा गएर के सिक्छन् ? उनीहरूको वानीव्यवाहारमा परिवर्तन आएको छैन। आफ्नो सुन्दर भविष्य निर्माण गर्नु पर्ने वेलामा भट्टी पसलकी आइमाइसँग रमाइलो गरेर दिन बिताउनु राम्रो क्रियाकलाप हैन भन्ने अवस्थामा पुगेकी छन्। यहाँ म पात्र र स्कुले केटाको आर्कषणलाई प्राकृतिक परिवेशको चित्रण गरिएको छ भने स्कुले केटाहरू फागुनको महिनामा लोला हान्दै, रमाइलो गर्दै दिन विताएको अवस्थालाई सामाजिक परिवेशका रूपमा चित्रण गरिएको छ।

### ३.३.२ 'एक उडान' कथामा पर्यावरण

एक उडान कथाको पर्यावरणको चित्रण गर्ने क्रममा हवाइजहाजभित्र भएका घटनालाई प्रस्तुत गरिएको छ । यस कथामा सोफिया नाम गरेकी एयर होस्टेसले नेपालबाट दिल्ली हुँदै कलकत्तासम्मको यात्रामा खटिएकी छन् । हवाइजहाजभित्र विभिन्न प्रकारका यात्रीहरू यात्रा गर्न आएका छन् । उनीहरूलाई आवश्यक पर्ने सामग्री कपास, चकलेट, चिसोतातो दिने गर्दछिन् । सोफिया एयर होस्टेसको पोसाकमा डिउटी गर्दा सबै प्यासेन्जरहरूले उनीलाई नियालेका छन् । उनको सुन्दर शरीर, मिठो बोली र आर्कषण पहिरन छ । हवाइजहाजभित्र सर्वसाधारण प्यासेन्जरलाई भन्दा बढी ख्याल भि. आई. पीलाई गर्नुपर्छ । त्यसैले उनी हवाइजहाज चलिरहेका वेलामा भि.आइ.पीलाई केही सुविधाका चाहिन्छ भनेर शोध्न जाँदा सोफियाको सुन्दरतामा ऊ लोभिएको छ । हवाइजहाजभित्र भि आई पीले एयर होस्टेसको सुन्दरतामा आँखा लगायो । त्यसपछि उसले सोफियाको पाखुरामा समायो तर उनी त्यहाँबाट भाग्न सफल भइन् । भि.आ.पीले गरेको व्यवहार देखेर सोफियाले आफ्नो बुबा र सौतेनी दाजुले गरेको नराम्रो व्यवहार सम्झिएकी छन् । आफ्नो बुबाले सौतेनी आमा ल्याएपछि छिछी र दुरदुरको व्यवहार गरेकाले सोफिया घरायसी हिंसामा परेकी थिई । यस्ता चुनौतिसँग लड्दै, संघर्ष गर्दै सोफिया एयर होस्टेस भएकी थिई ।

हवाइजहाजभित्र भएको भि.आ.पीको व्यवहारले सोफिमा दुखको परिवेश उत्पन्न भएको छ । ठुलाबढाले जे चाहना राख्यो त्यही काम पूरा गर्नु पर्ने, अरूको समस्यालाई नबुजी जबरजस्ती आफ्नो रहर पूरा गर्ने परिवेशको चित्रण गरिएको छ । हवाइजहाजभित्र नराम्रो वातावरण भएपनि सोफियाले आफ्नो काम खुरुखुरु गरेकी छन् । यात्राकै क्रममा नाइट स्टप आइपुग्छ । त्यहाँ मानिसहरू आफूलाई मनलागेको सामान किन्छन् र मिठामिठा खानेकुरा खाएर रमाउछन् । त्यसैक्रममा पाइलटले सोफियालाई मायाजालमा पार्नका लागि मिठामिठा कुरा गरेको छ । डिनर खाँदा पाइलटले सोफियालाई धेरै ख्याल गरेको छ । त्यहाँ पाइलटले सोफियासँग विवाहका बारेमा कुराकानी गरेर सुन्दर र आन्नदित वातावरण सिर्जना गरेका छन् । उनीहरू नाइट स्टपमा बसेर केही अल्कोहल सेवन गरेर रमाइलो कुराकानी गर्दै थिए । सोफिया पनि नडराइकन पाइलटको नजिकै बसेर आफ्ना विचार व्यक्त गर्दै थिई । त्यो रमाइलो पर्यावरणका वेला सोफिया र पाइलोट डिनर खान क्याबिनमा गए त्यसपछि पाइलटले सोफियाको गाला निमठिदियो । उनीहरू त्यहाँ आन्नदित भएर रमाए र पाइलोट

त्यहाँबाट निस्किएर आफ्नो डिउटीतिर लाग्यो । त्यसपछि पाइलटले सोफियालाई वास्ता गरेन । पाइलटको नराम्रो व्यवहार देखेर सोफियालाई नाइट स्टेसनमा नराम्रो वातावरण सिर्जना भयो । सोफिया निरास हुँदै, आफ्नो भाग्यलाई दोष दिँदै यात्रुको सेवा गर्न हवाइजहाजभित्र गइन् । यसको साक्ष्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

> भंरभंरको आवाजसाथ हवाइजहाजले जमिन छोड्छ, कपास बाड्दै ऊ सम्झन्छे आजको लक्ष, कलकत्ताको आलीशान होटल, नाइट स्टप, मसरूम सुप र कुखुराको रोस्ट, बियरका बोतल र रिजेन्ट चुरोट । उसलाई काउकुती लाग्छ भित्र कता-कता । हरियो ठुटे चोलो हरियै हिपटाइट, काइदाले बेरेको साडी, पर्दाको आडमा यस्तरी उभिएकी छ सोफिया मानौं हरियो सर्प, मानौं हाड नै छैन उसको शरीरमा प्रत्येक आँगालोमा कस्नेहरूले मासु -मासुको थुप्रो भेट्टाएका छन् उसलाई । (पृ. २६)

एक उडान कथामा हवाइयात्राको पर्यावरणलाई देखाइएको छ । यात्राका क्रममा प्यासेनजरसँग यात्रा गर्दा विभिन्न प्रकारका परिवेशसँग सोफियाले सङ्घर्ष गरेकी छन् । पाइलटले नाइट क्लबमा रङ्गीन वातावरणमा रमाइलो गरेर वास्ता नगरी हिड्दा कार्यक्षेत्रमा सोफियाले नराम्रो वातावरणको सामना गर्नु परेको परिवेशलाई देखाइएको छ । हवाइजहाजमा विभिन्न प्रकारका मानिससँग सङ्गत गर्दा फरक खालका वातावरण उत्पन्न भएका छन् । तिनीहरूलाई सामाजिक परिवेशका रूपमा चित्रण गरिएको छ ।

### ३.३.३ 'तिउरीको फूल, पायरियाको गन्ध' कथामा पर्यावरण

तिउरीको फूल पायरियारको गन्ध कथामा पारिजातले काठमाडौं उपत्यकाको पर्यावरणलाई प्रस्तुत गरेकी छन् । यस कथामा म पात्र बनेर एक जना लोग्ने मानिस उभिएका छन् । उनी काठमाडौँमा बसेर कार्यलय जाने र आउने गर्दछन् । त्यसैक्रममा म पात्रले काठमाडौँको बाटामा एउटी लाटी केटीलाई देख्छन् र त्यस केटीले काठमाडौँको सडकमा यताउति हिडेर विताएका दिनलाई वर्णन गरेका छन् । म पात्र सधैँ झैं रातिको नौ बजेको समयमा कार्यलयबाट राजधानीको सडक हुँदै आफ्नो घर आउने गर्दछन् । उनी घर आउँदा बाटामा मन्दिर, बारा पसल, सडक हुँदे आउँछन्, रातिको नौ बजे सडक सुनसान छ, उनी हतार हतार गर्दै आफ्नो घरतिर जाँदै छन् । त्यही वेलामा उनीले त्यो सडकमा एउटी लाटीलाई देखेका छन् । म पात्रले मनमा धेरै कुरा खेलाउँदै आफ्नो वासस्थानमा पुग्छन् र

आफ्नी श्रीमतीलाई लाटीका बारेमा चिन्ता व्याक्त गर्दछन् । लाटीले बिताएको पर्यावरणको साक्ष्य यस प्रकार रहेको छ :

> अब यहाँबाट बिस गज हिँडे मेरो घर आइपुगिहाल्छ तर  यो मोडमा सधैं मेरो गतिशीलता एकक्षण अलमलिन खोज्छ । यो बगाल लगेर बसेको मन्दिर, त्यसको एउटा सीमित बलेसी, केही खुडकिलो, सडक र अलिक पर बार पसलको छाप्रो यति हो यो मोडको आफ्नो परिचय तर विशेषताउसको यो होइन, जसले अलमल्याउँछ । यसको विशेषता हो, दिनभरि गल्लीमा यसो घुमेर रातीको दस एघार बजेसम्म मिन्दरको बलेसीमा अर्थहीन गीत गाई त्यहीँ मन्दिरको भऱ्याङनिर निर्धक्क सुत्ने वा केही गर्ने बैंसले मात्तिएकी एउटी लाटी, जो जीवनलाई चिन्दिन र अँध्यारोसँग डराउँदिन । (पृ. ३०)

लाटी सडक र बारा पसलतिर चाहार्दै दिनहरू बिताउँ छे । ऊ दिनभरि गल्लीमा घुमेर रातीको दश, एघार बजेसम्म मन्दिरको बलेसीमा अर्थहीन गीत गाई त्यही मन्दिरको झऱ्याङ्नेर निर्धक्क सुत्छे । लाटी अँध्यारोसँग डराउँदिन, ऊ सडकमै दिन विताउँछे । सडकको पल्लो छेउमा एउटा ठिटो मन्दिरतिर गइरहेको छ । यस्तो अवस्था देख्दा म पात्र घरमा आनन्दले सुत्न सकेको छैन । त्यो लाटी मन्दिरमा बसेका वेला ठिटो केटाले हातपात गऱ्यो होला भनेर म पात्रले आफ्नी श्रीमतीसँग कुराकानी गरेका छन् । ऊ रातभरि लाटीको सडक छाप जीवन, मरिन्दरमा मागेर बिताएका दिनहरू सम्झिन्छन् र लाटीका बारेमा चिन्ता गर्न थालेका छन् । ऊ आफूलाई चार दिवारभित्र सुरक्षित ठान्छन् । आफूलाई खान, बस्न आरामै भएको महसुस गरेका छन् तर लाटीको जीवन चुनैतीपूर्ण भएको ठहर गरेका छन् ।

भोलिपल्ट बिहानै म पात्र कार्यलय जाँदा बाटामा ठिटो केटालाई भेट्छन् र उसको कामका बारेमा जानकारी लिन्छन् । ठिटो केटो टुरिस्ट गाइड भएको कुरा थाहा पाउँछन् । त्यसपछि उसले विदेशी पर्यटकलाई गोदाबारीमा भ्रमण गराउने योजनामा रहेको कुरा थाहा पाउँछन् । गोदावारी पर्यटकीय दृष्टिले मनोरम ठाउँ हो । त्यहाँ आन्तरिक र वाह्य पर्यटकहरू जाने र आउने गर्दछन् । त्यसैक्रममा ठिट्टो केटाले पर्यटकहरूलाई घुमाउन लाने योजना बनाएको थियो । लाटी भने मन्दिरको वरिपरि घुमेर रमाइरएकी थिई । उसलाई लोग्ने मान्छेदेखि डर लागेको छ । वेलामौकामा उसलाई रिक्सावाल र पुलिसहरूले दिउँसै दुःख दिएका छन् । लाटी सडकमा हिड्दा हिड्दा उसको जिउ नै लाटो भएको छ । उसको शरीर गनाएको छ । ऊ सडकमा फ्यालिएका फलफूल, पाउरोटी, चुरोट, पानी खाएर बाँचकी छे । ऊ नछुने भएको

वेलामा मन्दिरका जादिन र अरू मानिसलाई पनि छुदिन । उसलाई छोरी मान्छे नछुने भएको वेलामा मन्दिरमा जानु हुँदैन भन्ने चेतनाको विकास भएको छ ।

कथाकारले सामाजिक परिवेशका रूपमा लाटीलाई उभ्याएका छन् । लाटी काठमाडौँ सहरमा बेबारिसे भएर जीवन बिताउन बाध्य छे । गाँस, बास र कपासको अभावमा लाटीले मन्दिरको साहारा लिएकी छ । आजभोलि पनि काठमाडौँ सहरमा धेरै मानिरहरूले मन्दिरतिर, सडकतिर मागेर बाँच्नु परेको अबस्था रहेको छ । पर्यावरणले निर्मित मनोविज्ञानमा लाटीले आफू परसरेका वेला मन्दिरका छेउमा गएकी छैन । सडकमा नचिनेका मानिसले लाटीलाई जिस्काउँदा उसले आफ्नो अस्मिता जोगाउन सडकमा भएको मन्दिरतिर भागेको पर्यावरणलाई चित्रण गरिएको छ ।

### ३.३.४ 'घाम ताप्दा' कथामा पर्यावरण

घाम ताप्दा कथामा कथाकार विष्णुकुमारी वाइवाले हिउँद यामको परिवेशलाई प्रस्तुत गरेकी छन् । हिउँद याममा भएको जाडोले गरिब, निमुखा मानिसको मनोविज्ञानमा परेको असरलाई प्रस्ट पारेकी छन् । हिउँद याममा एउटा परिवारको आर्थिक, सामाजिक र मानसिक अवस्थालाई व्यक्त गरिएको छ । जाडो याममा श्रीमान्, श्रीमती र एउटा बालकको दयनीय अवस्था देखाइएको छ । चिसोका कारण एउटा बालक दिनभरि निचोरिएर रुन्छ । उसले राम्रो खाने, लाउने र बस्ने व्यवस्था पाउन सकेको छैन् । हिउँदको समयमा तुवाँलो पछिको घामले धेरै तातो दिइरहेको छैन । त्यसैले बच्चाकी आमालाई रिस उठेको छ । हिउँदमा घाम सबै प्रणीका लागि पारिला हुन्छन् । सबै प्राणीलाई घाम ताप्न रमाइलो लाग्छ तर त्यो गरिब परिवारले खाना खान पाएका छैन् । उनीहरूको घरमा खाने कुराको राम्रो परिबन्ध पनि भएको छैन तरपनि खाना नपाएर मान्छे मरेको खबर सुनेका छैनन् । यसलाई प्रस्ट पार्न निम्नानुसारको साक्ष प्रस्तुत गरिएको छ :

> दिनभरि निचोरिएर रून्छ यो नानी, खाए पनि रून्छ र नखाएपनि पनि । नदेखे जमाएर एक थप्पड हान्नु हुन्थ्यो । तुवाँलोपछिको घामले मनग्गे तातो भइरहेको छैन त्यसैले रिस उठ्छ वेला-वेलामा । यो हिउँद हो घामभन्दा अरू थोक तातो पाउने कहाँबाट । भात खाएको छैन एउटा फसाल, खान नपाउने सम्भावना नै छैन कमभन्दा कम आजलाई तर अखबारहरूले मान्छे भोकै मरेको समाचार अहिलेसम्म छापेका छैनन् । (पृ .९५)

गरिब परिवारमा धैरै समस्याको पर्यावरणलाई देखाइएको छ । त्यहाँ श्रीमतीले नानीलाई हेरेर घरमा नै बसेकी छिन् भने श्रीमान् चाहिँ गाउँघरमा ढुलेर पैसा ब्याजमा लगाइदिने काम गर्छन । नानीले खाना खान खोज्दा उसकी आमाले नराम्रो वचनले गाली गरेकी छन् । गाली गर्दा तिम्रा बुबाले राम्रो काम गरेका छैनन् तिमी भने खाना खान मात्र खोज्छौ भन्दा नानीका बुबालाई दुःख लागेको छ । यस्तो अवस्था देख्दा नानीको बुबामा नरमाइलो पर्यावरण उत्पन्न भएको छ। घरको वातावरण विग्रेको देखेर नानीका बुबा घरवाहिर दलालीको जागिर गर्न जान्छन् । नानीका बुबाले घरवाहिर काम गर्न जाँदा चुरोट खाँदै बसेको गाउँको काजीलाई बाटामा भेट्छन् । त्यसपछि काजीलाई आफ्नो घरको वातावरण र हिउँद याममा काम नपाइने कुरा बताउँछन् । काजीले चुरोट खाँदै नानीका बुबालाई आदर्शका कुरा बतायो । काजीले चुरोट खाएको देख्दा उसलाई पनि चुरोट खान मन लागेको थियो तर उसले घरको समस्या सम्भेर खाएन । काजीले हामी चुरोट खाँदै हामी मान्छे भएपछि दुःख र सुख भइहाल्छ त्यसैले दुःखको वेलामा निरास हुनुहुँदैन् भनेर सम्भाएका छन् । त्यसैक्रममा नानीको बुबालाई आदर्श वातावरणको सिर्जना काजीले गराएका छन् ।

काजीलाई गरिबीको पर्यावरणले उत्पन्न समस्याका बारेमा राम्रोसँग थाहा छ । गाउँमा भएको सहयोग गर्ने वातावरणले गरिब मानिसलाई बचाउँछ त्यसैले अर्मपर्म गर्ने चलन गाउँमा रहेको छ। गरिब मानिसले अवसर नपाएर मात्रै दुःख पाएका हुन् । उनीहरूले काम गर्ने परिवेश मिल्ने वित्तिकै आफ्नो जीवनलाई सुन्दर बनाउँन थाल्दछन् । गाउँघरतिर पैसा व्याजमा लाउने वातावरण भएकाले काजीले नानीका बालाई पैसा व्याजमा चलाउने मानिस खोजी गर्न लगाएका छन् । त्यसपछि नानीको बाको मुहारमा खुसी छाएको छ । यहाँ सामाजिक परिवेशमा गरिब दुःखीले भोग्नुपरेको पर्यावरणलाई चित्रण गरिएको छ । हिउँदमा गरिब मानिसले रोजगारी  पाएनन् भने परिवरमा नै उपेक्षित हुने पर्यावरणको वर्णन गरिएको छ ।

### ३.३.५ 'साथीको सम्भना' कथामा पर्यावरण

साथीको सम्भना कथामा कथाकारले म पात्र बनेर प्राकृतिक र सामाजिक पर्यावरणको बारेमा वर्णन गरेकी छन् । म पात्रले केटी साथीको डायरी पढ्दा पुलिसले रक्सी खाएर गरेको चर्तिकलाको वर्णन गरेकी छन् । पुलिसहरू भट्टी पसलमा रक्सी खाएर मातिएर, छिलिएर, अश्लील बोलेर हिड्छन् । उनीहरू बाटामा आफूलाई सरकार, शासक ठानेर हिड्छन् । बाटामा हिड्दा अरू मानिसलाई हेपेर बोल्ने र आफ्नो शासन चलाउँछन् । त्यसैक्रममा म पात्रले आफ्नो

पुलिस साथीलाई सम्झिएकी छन् । उसले जागिर खाएको धेरै वर्षपछि जमदार भएको थियो त्यसपछि उसले अवकाश पाएर गरिखाने धुनमा मधेश झरेको थियो । त्यसैले पर्यावरणलाई प्रस्ट पार्न निम्नअनुसारको साक्ष्यलाई प्रस्तुत गरिएको छ :

> जागिर खाएको लामो अवधिमा यसो भनौं प्रगति गर्न नसकेका दिनहरूमा ऊ आफैं निकै बौद्धिक, निकै दार्शनिक, निकै राजनीतिज्ञ जस्तो भएको थियो । भट्टीमा प्रायः हामीसँगै हुन्थ्यौं । एउटा वाक्य ऊ सधैंभरि भन्ने गर्थ्यो अथवा गफ ऊ यसै वाक्यबाट शुरू गर्थ्यो, "साथी, पुलिस भनेको भ्रष्टचार, दुराचार, व्याभिचार सधैं जनताबाट हुँदैन सरकारबाट पनि हुन्छ । अँ...... धेरै जसो । वाह ! जनता र पुलिस सत्रु रे, खै यहाँ त जति गरे पनि जनता र पुलिस सत्रु ।" (पृ .१०९)

पुलिस र म पात्र भट्टीमा प्रायः सँगै हुन्थे । भट्टीमा रक्सी खाँदा म पात्रलाई पुलिसले भ्रष्टचार, दुराचार, व्याभिचार जस्ता काम सधैं जनताबाट मात्रै हुँदैन् । सरकारबाट पनि हुन्छ, भट्टी पसलमा पुलिस मित्रले म पात्रलाई सत्य कुरा व्यक्त गरेका छन् । जनता र पुलिसको सम्बन्ध सत्रुको जस्तो हुन्छ रे । पुलिसले कुरा गर्दागर्दै भट्टीभित्र एक चौथाइ लगाइ सकेको थियो । पुलिसले भट्टीभित्रको वास्तविकता पनि वताएको छ । भट्टीमा मालिकले सुन्दरी युवतीलाई काम गर्न राखेर ग्राहकलाई पसलमा पल्काउँछन् । त्यहाँ पुरुषहरूले युवतीहरूलाई वस्तुका रूपमा हेर्दछन् । भट्टीभित्र भएको नराम्रो व्यावहार देखेर पुलिसले भट्टी पसलेलाई कारबाही गर्न सक्दैनन् किनभने उनीहरूको जाँड खाने ठाउँ पनि भट्टी पसल नै हो । पुलिसले भट्टी पसलमा नै म पात्रलाई पुलिसमा जागिर खाँदाको बाध्यतालाई बताएको छ । छाती फुलाएर शारीरिक व्यायम गरेर पुलिस बनेपछि डि.एस.पीको घरमा काम गर्नु पऱ्यो, घरमा काम गर्दा डि.एस.पीको श्रीमतीका लुगा धुनु, उनीहरूका छोराछोरीको लात खाएर चार वर्षको समय विताएको थियो । अर्को दिन म पात्र र पुलिस भण्डार खालको जङ्गलमा गफ गरेर विताए । त्यहाँ पुलिसले उसको अर्को साथीको विहेमा गएको कुराकानी र पन्ध्र दिनमा तीन पटक विदेशी पाउना आएको कुरा गरेका छन् । पुलिसले विहेमा भएका सम्पूर्ण कुराकानी म पात्रलाई सुनाएर अगाडि बढेको छ । एक दिन पुलिस बाटोमा यात्र गर्दै फाँटतिर घँसेनीहरू देखेर कानमा हात राखेर रसिया गाउन थाल्यो । घँसेनीहरूलाई घर कहाँ हो, माइत कहाँ हो भनेर प्रश्न गर्दा घँसेनीहरू पनि छिल्लिएर कुरा गर्दछन् । म पात्र पुलिससँगको यात्रा गर्दै जाँदा पुलिसले आफ्नो ब्यारेकभित्रको

क्रियाकलाप सुनाएका छन् । ब्यारेकमा मादल बजाउने, नाच्ने र मनोरञ्जन गरेका कुरा बताएका छन् । ब्यारेकमा पाटी खाएको दिन माथिल्लो तहको अफिसरको घरमा चाकरी गर्नुपर्छ । अफिसरहरू ब्यारेकमा मनोरञ्जन गर्छन् तर पुलिसहरू भने अफिसरले खाएका भाँडा माजेर बस्छन् ।

कथामा सामाजिक परिवेशमा समाजमा भएको अन्याय र अत्याचारको विषय वस्तुलाई चित्रण गरिएको छ । भट्टी पसलमा रमाइलो गर्दा मान्छेले सत्य र वास्तविक कुरा गर्दछन् । सुशासन कायम गर्ने जिम्मेवारी पाएको पुलिसले नै भट्टी पसलको अत्याचारलाई नियन्त्रण गर्न सकेको छैन् । ब्यारेकमा भोज भतेर खाँदा पदअनुसार मिठो मसिनो खाएर रमाउनुपर्ने वातावरणलाई देखाइएको छ । परिवेश निर्मित मानव मनोविज्ञानमा पुलिसमा भर्ती भएपछि डि.एस.पीको घरमा काम गरेको कुरालाई देखाइएको छ । आफ्नो कार्यलयको प्रमुखले काम गर भनेपछि जस्तासुकै काम पनि पुलिसले गर्नु पदर्थ्यो । दुःख कष्ट गरेर पाएको पुलिसको जागिरको लोभ लागेको कुरालाई वर्णन गरिएको छ त्यसैले चार वर्षसम्म डि.एस.पीको घरमा घरायसी काम गरेर बस्न बाध्य भएको कुरा पुलिसले म पात्रलाई सुनाएका छन् ।

### ३.३.६ 'संघारनेर' कथामा पर्यावरण

संघारने कथामा कथाकार पारिजातले ग्रामीण पर्यावरणलाई प्रस्तुत गरेकी छन् । यस कथामा प्राकृतिक र सामाजिक परिवेशको वर्णन गरिएको छ । गाउँघरतिर भिजेको माटाको गन्ध आउने गर्दछ । वर्षा याममा पानी पर्दा माटो भिजेर गिलो भएको हुन्छ । खेतबारीमा जाँदा माटाको गन्ध पनि आउँछ । त्यसैक्रममा म पात्रले गाउँको गोरेटोतिर हेर्दा पैयूँ फूलेको थियो । त्यो पैयूँ फूलेको देखेर उनासी वर्षकी आमालाई माइतको सम्झना आएको छ । पैयूँ फूल्नु प्राकृतिको नियम हो । पैयूँ फूलेको वेला प्रकृतिमा चराचुरुङ्गीहरू बास बस्न आउँछन् । बास बस्दा काग र सारौको बथान कराएर साँझ बिरानो बनाएका छन् । समयको क्रमसँगै पृथ्वीमा भएका वोटविरुवामा परिर्वतन आए जस्तै उनासी वर्षकी बूढी आमालाई आफ्नो माइती घरको याद आएको छ । यसको साक्ष्यलाई यस प्रकारले प्रस्तुत गरिएको छ :

> एउटा पुलिस इस्पेक्टर पिस्तोल हुनसक्छ खोल मात्रै भिरेर यता आइरहेको छ । गाउँ घरमा यो कच्ची गोरेटो उसको उच्चताधास लुकाएर लुक्न सकिरहको छैन जतातत्तैबाट

पोखिन थालिरहेछ । यस्तो ठाउँमा हिँडाइ पनि अर्के हुँदोरहेछ । मलाई देख्नसाथ ऊ हाँसिदिन्छ विगतमा हामी शायद कतै चिनाजाना भएका थियौं । मलाई राम्रो सम्झना छैन् । जस्तो होस् मलाई उसको हाँसो असाध्य औपचारिक लाग्छ । (पृ .११२)

संघारनेर कथाको अर्को पात्र पुलिस इन्स्पेक्टर पिस्तलको खोल मात्रै भिरेर गाउँघरको कच्ची गोरेटो हुँदै अगाडि बढेको छ । पुलिस बाटोमा हिड्दै जाँदा मानिससँग भेट भएमा मुसुक्क हासिदिन्छ। गाउँघरतिर पुलिस हाँसीमजाक गरेर म पात्रलाई पनि हसाएको छ। पुलिस आफ्नो बाटो अगाडि बढ्दै जाँदा विपरीत गोरेटोबाट केही तरुनी केटीहरू घरतिर फर्किन लागेका छन् । ती तरुनी केटहरूको शरीर पसिनाले भिजेको छ तरपनि उनीहरू कम्मर मर्काउँदै, गीत गाउँदै आउँदै छन्। उनीहरूले बाटामा खाकी पोशाक लगाएको पुलिसलाई देखेर छिल्लिएका छन् । त्यसैक्रममा पुलिसका आँखा गाउँले केटीसँग जुधेका छन् र केटीहरू उताउलिएका छन्। पुलिस चाहिँ हातमा लौरो रमाइलोसँग नचाउँदै ओठ टोकेर जुँगा मुसार्छ। गोरेटो बाटामै एउटी तरुनीले पुलिस दाइ हामीलाई मार्न आउनुभएको भनेर प्रश्न गर्दा शान्ति सुरक्षा कायम गर्न आएइको कुरा बताएका छन् । त्यसैक्रममा तरुनीको हुलबाट एउटी सर्किनी उच्छिटिएर कान्लातिर आइपुग्छे र आफ्नो वेदना गोरेटो बाटोमै सुनाउछे र भोको पेटले बालुवा बोकेको बिर्सनु छ, आङ दुखेको पचाउनु छ, बाँच्नको लागि धेरै दुःख गर्नुपर्छ भन्दा यहाँ सामाजिक परिवेशलाई चित्रण गरिएको छ। सुरक्षा पसलमा राखिएको छैन, ज्यालादारी गर्न गए मालिकले ठग्छन्, पसलमा साहुले ठग्छन्, झैझगडामा जाली फटाले ठग्छन्, घरमा राती थाकेर आएका वेलामा लोग्नेले लात हानेर जीवनभरि ठगेको कुराले पुलिसमा गम्भीर परिवेश उत्पन्न भएको छ ।

सर्किनीका कुरा सुनेर पुलिस अच्ममा पर्दै गाउँका फाटमा पहेलपुर फूलेको तोरी र माटोको गन्ध थाहा पाउँदै आफ्नो यात्रामा अगाडि बढेको छ। गाउँमा शान्ति सुरक्षा गर्न आएका पुलिसले राष्ट्रियता, विकास, सुरक्षाका बारेमा केही चिन्ता व्यक्त गरेको छैन । गोरेटोमा एउटा विद्यार्थी कपालको जुल्फी हल्लाउँदै छाती फुलाएर अर्को गरेटोबाट दौडिरहेको थियो । पुलिस गाउँमा आएपछि त्यो केटो डराएर भागेको छ किनभने उसले एयर गनको लाइसन नलिई चलाएको थियो । यस कथामा कथाकारले पुलिस इन्स्पेक्टरलाई गाउँको यात्रमा हिड्न लगाएर गाउँको वास्तविकलाई बुझाउन सफल भएकी छन् । ग्रामीण भेगमा भएका दुःख, सङ्घर्ष र पीडाका बारेमा प्रहरीलाई कथाकारले बुझाएकी छन्। गाउँका सोझा र सिधा

मानिसको भावना बुझेर काम गरेमा सुशासन कायम राख्न सकिन्छ भन्ने कुरामा जोड दिएकी छन् ।

### ३.३.७ 'सिटीहलको बूढा ज्यामीसँग' कथामा पर्यावरण

सिटीहलको बूढा ज्यामीसँग कथामा कथाकार पारिजातले सहरिया क्षेत्रमा भएको ज्यामी कामको बारेमा वर्ण गरेकी छन् । गरिबी वातावरणमा जीवन बिताएको बूढा ज्यामीले अफ्नो जिन्दगीभरि अर्काको आदेश मानेर भवन निर्माण गरेका छन् । पैंसठ्ठी वर्षको उमेर पुगेर पनि भवन ढलान गरेको ठाउँमा सिमेन्ट प्लास्टर गरेर, गारो हालेर, ईटा बोकेर दिन बिताए । उसले ढलान गर्ने ठाउँमा तन्नेरी युवाले गरेको कामभन्दा धेरै काम गरेर अरूलई चकित पारेका छन् ।

काम गर्ने ठाउँमा ती बूढा नबोली आफ्नो काम खुरुखुरु गर्छन् । जवानहरूले गर्ने काम एक्लै गर्छन् । उसले गरेको काम देखेर जवान केटाहरू जिब्रो टोक्छन् । बूढा ज्यामीका ढुङ्गा माटोसँग चल्ने खैरा हातरूमा अझैं पनि तागत लुकेको छ । उसले चहानु हो भने आफैंले बनाएको सिटीहललाई भत्काएर धूलोपिठो बनाइदिन पनि सक्छन् । बूढा ज्यामीले दिनको चार रुपियाँमा काम गरेका भवन बनाउन लाउने ठेकेदारले फाइदा खाएका छन् । उसले सहरमा धेरै सिटीहल बनाए । उनले विकास निर्माणका काम गरे तर श्रमको मल्य चाहिँ पाएन । सहरमा भएका सिटीहलमा विभिन्न प्रकारका कार्यक्रमहरू गरिन्छन् तर त्यहाँ बूढा ज्यामीलाई जान बन्देज गरिएको छ। त्यसैक्रममा कथाकारले बूढा ज्यामीलाई सहरका ठूलठुला महल बूढा ज्यामीका पसिनाले बनेका हुन् । तिमी निरास नबन, ती भवनमा तिम्रो पसिना चम्किरहेको छ भन्दा ज्यामी छक्क परेका छन् ।

भवन बनाउँदा ज्यामीलाई ठेकेदार र इन्जिनियरले श्रमम शोषण गरेका छन् तर पनि बूढा ज्यामी आफ्नो काम गरिरहन्छन् । इन्जिनियर र हाकिमहरू दिउँसो काम गरेर मासु र भात खान्छन् तर बूढा ज्यामीलाई पानी किनेर खान पनि पाएका छैनन् । बूढा ज्यामी हर्कबहादुरले भवन निर्माण गर्दाको पर्यावरणलाई हामीले आफ्नो गाउँघरमा पनि देख्न सक्छौं । गरिब मानिसहरू बाध्यताले सहर बजारमा ज्यामी काम गर्न बध्य भएका हुन्छन् । उनीहरूले आफ्नो परिवारको रोजीरोटीका लागि कडा परिश्रम गरेर दुई चार पैसा कमाएका हुन्छन् । तर त्यो पैसाले उनीहरूको घरबार चलाउन धौधौ परेको हुन्छ । ज्यामीहरूले बनाएका भवन,

पाटीप्यालेसमा भोजभतेर खाएर धनी मानिस रमाइरहेका हुन्छन् तर त्यहाँ ज्यामीहरू भने टुलुटुलु हेरिरहेका हुन्छन् ।

देशको विकास गर्नका लागि ज्यामीहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । सडक, भवन, पुल बनाउँदा ज्यामीहरूको पसिनाको खोलो बगेको हुन्छ । उनीहरूले राम्रो सेवा र सुविधा पाएका हुदैनन् । उनीहरूले जिन्दगीभरि पसिनाको नाममा आफ्नो रगत बगाएका छन् । उनीहरूले आफूले गरेको मिहिनेत आफ्नो खेतबारीमा गरेका भए चाँडै प्रगति गर्न सक्थे । यहाँ ज्यामी काम गर्दाको पर्यावरणलाई उदारणका रूपमा प्रस्तुत गरिएको छ :

> हर्कबहादुर ज्यामी, तिमी जसले सिटी हल उभ्यायौ, परिश्रमी जसले नगरका चल्ती सडक र चल्ती पुलहरू बनायौ, तिमी जसले महल र दरबारहरू बानायौ र तिमी जो तीन कोस हिँडेर आउँछौ, हिँडरे जान्छौँ, तिमी जो एउटा छाप्रामा बस्छौ । उफ ! भक्कानो फुट्छ तिमीलाई देख्दा । तिमी कसरी पो बाँच्छौ, यति लाटा दुःखहरू सहेर । (पृ.११६)

माथिको साक्ष्यले सामाजिक परिवेशलाई देखाइएको छ । कम पैसामा धेरै काम लगार श्रम शोषण गर्ने ठेकेदारको पर्दाफास गरिएको छ। सडक र पुल बनाउँदै देश विकास गर्ने काम ज्यामीहरू र इन्जिनियरहरूको हुन्छ । समाजमा पनि कम पैसा लिने मजदुरलाई सबैले काम लगाउँछन् । उनीहरूको श्रमको मूल्य शोषण गरेर आफ्नो स्वार्थ पूरा गर्छन् भन्ने कुरा पर्यावरणीय अध्ययनका माध्यमबाट प्रस्ट पारिएको छ ।

### ३.३.८ 'वर्कसपभित्र' कथामा पर्यावरण

वर्कसपभित्र कथामा कथाकार पारिजातले सहर बजारमा सञ्चालनमा आएका वर्कसपभित्रको पर्यावरणलाई प्रस्तुत गरेकी छन् । यस कथामा प्राकृतिक, सामाजिक परिवेश र परिवेशले निर्माण गरेको मानव मनोविज्ञानलाई चित्रण गरिएको छ । सहर बजारमा यातायातका साधनहरू प्रसस्तै हुन्छन् । तिनीहरूको मर्मत गर्नका लागि वर्कसपको स्थापना गरिएको हुन्छ । यस कथाको प्रारम्भमा जेठ महिनाको टन्टलापुर घाममा वर्कसपमा ल्याएका गाडीको मर्मत गरिँदैछ । वर्कसपमा काम गर्ने केटाहरू आफूलाई गधाको जुनीसँग तुलना गर्दै एकोहोरो काम गर्दै छन् । मोटरमा चढेर हिड्ने मालिकहरूलाई वर्कसपमा काम गर्दाको पीडा थाहा हुँदैन । मजदुरहरूले वर्कसपमा काम गर्दा गर्दा थाकेका वेला मालिकले ओभर टायम थपिदिएका छन् । दुई, चार पैसा बढी पाइने आशाले ती मजदुरहरू आराम नै नगरी

काम गर्न थाल्छन् । वर्कसपमा गाडीमुनि सुतेर विस्तारै सतर्क भएर गाडी बनाउन चुनौतीपूर्ण काम हो । गाडी मर्मत गर्दा पेट्रोल र मोविलका गन्धले काम गर्ने केटाहरूलाई पीडा भएको छ तर उनीहरू केही नभनी काम गर्न बाध्य छन् । गाउँबाट भागेर सहरमा काम गर्न अएका केटाहरू पेट पाल्नका लागि वाध्य भएर लाज, घिन नमानी काम गरिसकेर आफ्नो जीविकोपार्जन गरेका हुन्छन् । त्यसैले यहाँ सामाजिक परिवेशलाई देखाइएको छ ।

वर्कसपका वरिपरि र खाजा पसल खोलिएका छन् । ती पसलमा काम गर्ने मजदुरले खाजा खाने र आराम गरेर बसेका वेलामा हिन्दी भाषामा चिया बेच्न केटो त्यहाँ आउँछ । त्यसपछि मजदुर केटाहरूले चिया मिठो छैन्, चिय बेच्न नआउँनु भनेर पठाएका छन् । त्यसपछि चिया पसलले वर्कसप तिम्रो होइन । यहाँ तिम्रो नियम लागू हुँदैन भनेर जवाफ दिएको छ । चिया बेच्ने केटाको उत्तर सुनेर वर्कसपमा काम गर्ने केटाहरूमा परिवेशले निर्मित मानव मनोविज्ञानको चित्रण गरिएको छ । त्यसैवेलामा वर्कसपको मालिक आफ्नो घरको कैशीबाट ती केटाहरूको कुराकानी सुनिरहेका छन् । वर्कसपमा अहोरात्र खटेर काम गरे पनि ती कामदारको जीवनमा कुनै परिवर्तन हुन सकेको छैन । कामदारले काम गर्दा गर्दा उनीहरूको जीवन पनि मोटरको बल्टु जस्तै खिइँदै गएको छ । ती केटाहरूले वर्कसपमा काम गरेको तीन वर्ष भएको छ । उनीहरूको जीवनमा केही परिर्वतन आएको छैन तर मालिकको जीवनमा ठुलो परिवर्तन भएको छ । मालिकले पैसा कमाए, घर बनाए, गाडी किने र आनन्दको जीवन बिताए ।

वर्कसपमा एक जना एकाउन्टेन र मालिकको सालोले पनि काम गर्छन् । मालिकको सालो राम्रो काम नगरी कुरा मात्र गरेर बस्छ । आफ्नो जिम्मेवारीको काम एकाउन्टेनलाई गर्न लगाएर वर्कसपको वरिपरि लखरलखर हिड्छ । वर्कसपमा काम गर्ने केटाहरू डाङ्रीमा बाफिएर, मोटरको मुन्तिर सुतेर गाडी बनाएका छन् । उनीहरू स्क्रु ड्राईवर, बल्टु, भोटे क्लीनर खिइँदै गएको सामान हेर्छन् । उनीहरू खिइँदै मालिकले अर्को टोयटा गाडी थपेका छन् । त्यसभित्र मालिकका पुतलीजस्ता रङ्गिचङ्गी छोरीहरू घुम्छन् । यसरी सोच्दा सोच्दै काम गर्ने केटाहरूको नौनारी गलेर आएका छन् । उनीहरूका हातका औंलाहरूले कामगर्न छोडेका छन् । स्क्रू राम्रोसँग घुम्दैन तर ओभर टायममा बढी पैसा पाइन्छ भन्ने आशमा केटाहरूले काम गरेका छन् । यस खालको अवस्थालाई परिवेशले निर्मित मानव मनोविज्ञानलाई देखाइएको छ :

यस वर्कसपमा जति वर्षहरू बिते सम्झँदा एउटा सपना जस्तो लाग्छ, मन पिरोलिरहने सपना, हेर्दा हेर्दै विल्डिङ उठ्यो मालिक बस्नलाई । कार आयो मालिक चढ्नलाई । यो वर्कसप खुल्दा मालिकसँग थियो नै के र ? एउटा सिन्को पनि भाँचेनन् । फेरि पनि बिल्डिङ कार, ब्याङ्कको नगद सबै उसलाई भयो । यस्तो गल्ती हिसाब पनि कही सम्भव छ र ? अनौठो त यो विल्डिङ उसको स्वास्नीको नाउँमा छ भन्छन्, वर्कसप छोराको नाममा भन्छन्, झन् उनीहरू त यो वर्कसपसँग कतैबाट पनि सम्बन्धित छैनन् । (पृ.१२०)

प्रस्तुत कथांशमा वर्कसपमा काम गर्दाको पर्यावरणलाई वर्णन गरिएको छ । गर्मी मौसममा रातदिन काम गर्दा कर्मचारीहरूले सुख पाएका छैनन् । उनीहरूले आफ्नो गुजरा चलाउन अहोरात्र काम गरेको पर्यावरणलाई व्यक्त गरिएको छ । मजदुरले काम गरेर मालिक सम्पन्न भएको वातावरणलाई विश्लेषण गरिएको छ ।

### ३.३.९ 'नैकापे सर्किनी' कथामा पर्यावरण

नैकापे सर्किनी कथामा प्राकृतिक, सामाजिक र परिवेशले निर्मित मानव मनोविज्ञानको पर्यावरणलाई चित्रण गरिएको छ । प्राकृति पर्यावरणमा हिउँद महिनाको घाम, पानी, तातो, चिसोको पर्यावरणका वारेमा वर्णन गरिएको छ । हिउँदका तीन महिना धेरै चिसो हुन्छ । घामको ताप पनि शक्तिशाली हुँदैन । सूर्यलाई बादलले छेकेर धर्तीमा तापक्रम पनि बढेको छैन । यस्तो पर्यावरणको समयमा नैकापे सर्किनी काठमाडौंमा अवस्थित विष्णुमती नदीको किनारमा बालुवा झिक्न गएकी छे । उसलाई चिसो र दुःखको मतलब छैन । ऊ रातदिन आफ्ना समस्याको समाधान गर्न विष्णुमतीको बगरमा बालुवा झिकेर आफ्ना समस्याको समाधान गर्न बगरमा बालुवा झिकेर आफ्नो घरमा आउँछे । उसको आर्थिक अवस्था कमजोर छ । आफू र आफ्नो श्रीमान्लाई वचाउन खोलाको तिरमा काम गर्न बाध्य भएकी छ । विहान अँध्यारै उठेर दुःखको मानो पकाउनु र आफूमा आश्रित अपाङ्ग लोग्नेलाई खुवाउनु त्यसपछि विष्णुमतीको बगरमा बालुवा झिक्न जानु, साँझमा घर आउँनु, पकाउनु र लोग्नेलाई खुवाउनु सर्किनीको प्राकृतिक परिवेश भित्रको काम हो । ऊ आफ्नो कर्मथलो विष्णुमतीमा कसैसँग बोल्दिन । साहुले अडर दिँदा मात्र दुई चार शब्द बोल्छे नत्र आफ्नो काममा व्यस्त भएकी छे । उसले हिउँदका समयमा विहानै बगरमा काम गरेको देख्दा तीर्थयात्री महिलाहरूले सान्तना दिएका छन् तर उसलाई आर्थिक सहयोग गरेका छैनन् ।

पर्यटकहरूले खोला किनारमा एक्लै काम गरेको देखेर फोटो खिची रमाइलो गरेका छन् । सर्किनीले गरेको कामको विवरणको साक्ष्य यस प्रकार रहेको छ :

> मंसिर, पुस, माघ भनेको सित, तुषारो र ठिहीको महिना हो । यतिखेर सिरक पन्छाएर मुख  देखाउन घामले पनि गाह्रो मान्छ । ऊ बिहनी धेरै लामो समयसम्म सुतिदिन्छ । उही पनि भूवाको कोट लगाउँछ, तर नैकापे सर्किनी ऊ त्यही लुगा लगाएर आउँछे, जो उसले जेठ महिनामा लगाएकी थिई । नैकापे सर्किनीलाई घामको अस्तित्वप्रति शङ्का लाग्छ आजभोलि । उसको समय अन्धकार हो । फेरि ऊ अँध्यारोदेखि नै घुँडासम्म पानीमा डुबेर बालुवा निकल्दै थुपार्दै गरिरहकी हुन्छे र आफू पनि बालुवा जस्तै निर्जीव र चिसो भइसकेकी हुन्छे । (पृ .१३८)

मङ्सिर, पुस, माघ महिनामा सिरक पन्छाएर मुख देखाउन घामले पनि गाह्रो मान्छ । त्यसैले घाम पनि ढिला आठ, नौ बजेतिर मात्रै आउँछ तर नैकापे सर्किनी एउटा सामान्य लुगा लगाएर खोलाको बगरमा काम गर्न पुगेकी छ । सर्किनीलाई घामको अस्तित्वप्रति शङ्का लागेको छ। उसको समय अँन्धकारमय छ। ऊ उज्यालो नहुँदै घुँडासम्म पानीमा डुबेर बालुवा निकाल्दै थुपार्दै गरिरहेकी हुन्छे र आफैं पनि बालुवा जस्तै निर्जीव र चिसो भइसकेकी हुन्छे । त्यसैले जाडोको खुराकको ह्याङग ओभर पचाई फरको कोट लगाएर बाह्र बजेतिर ढल्कदै आउने घामले उसलाई कतैबाट छुँदैन । उसको चिस्याइले घामलाई चुनौती दिन्छ, घाम पनि हारेर भाग्छ । उसले बालुवा झिक्दै गर्दा विष्णुमतीको पुलबाट देशमा राजनीति पाटीहरूले जुलुसले र आन्दोलन गरे, राजनीतिक परिवर्तन भयो, सरकार बदलियो तर उसलाई कुनै फाइदा पुगेको छैन् ।

सामाजिक पर्यावरणका रूपमा नैकापे सर्किनीले आफ्नै पौरखमा बाचेर देखाएकी छे । ऊ अरूसँग मागेर नखाने, आफ्नै पौरखका भरमा काम गरेर स्वाभलम्वी भएकी छे । गरिब भएपछि दुःख, कष्टको परिवेशसँग लोग्नेको ख्याल गर्नु पनि स्वास्नी मानिसको बाध्यतालाई देखाइएको छ । जाडो भयो, दुःख हुन्छ भनेर, हात बाधेर बस्नाले मुखमा माढ लाग्दैन । त्यसैले जस्तोसुकै वातावरण भएपनि गाँस, बास र कपासको व्यवस्था आफैँले गर्नुपर्छ । समाजमा हुनेखाने मानिसले सान्तना दिने तर आर्थिक सहयोग नगर्ने पर्यावरणको पनि चित्रण गरिएको छ । समाजभित्र भएको वर्गीय भेदभावलाई पनि पर्यावरणका रूपमा चित्रण गरिएको छ । विष्णुमतीका पुलमाथिबाट गरिएका राजनैतिक आन्दोलनले

नैकापे सर्किनीलाई केही पनि फाइदा पुगेको छैन । ऊ आफ्नो बाध्यता र विवशतामा बाँच्नु परेको छ । समाजमा नैकापे सर्किनीको जस्तो वातावरणमा बाँच्ने मानिहरू धेरै छन् तर तिनीहरूलाई राज्यका तर्फबाट कुनै सहयोग र शान्तना दिइएको छैन् ।

परिवेशले निर्मित मानव निर्मित मनोविज्ञानमा नैकापे सर्किनीको अनुभूतिलाई देखाइको छ । ऊ रातदिन काम गरेर घरमा आउँदा उसको लोग्ने तास खेल्न जानु र रात परेपछि घरमा खाना खान आउनुलाई चित्रण गरिएको छ । सर्किनीलाई लोग्नेप्रति कुनै आकर्षण छैन । ऊ वेलुका लोग्नेसँग दुःख, सुखका कुराकानी पनि गर्दिन । सर्किनी बाँचुन्जेल विष्णुतीको बगरमा गएर काम गरेर कुरामात्र सोच्छे । गरिबीको वातावरणले मान्छेलाई निरास मत्रै पार्दछ भन्ने कुरा सर्किनीको मनोविज्ञानबाट बुझ्न सकिन्छ । त्यसैक्रममा घरधन्दा सिध्याएर चिसै लुगामा सर्किनी एकातिर गुँडुल्की परेर सुतेकी छ । ऊ निर्धक्क सुत्छे, उसलाई कुनै डर छैन । सुतेको वेलामा एउटा ठगी खाने भिखारीले उसलाई लुट्न खोजेको छ । त्यहाँ सर्किनीले आफ्नो अस्मिता वचाउन भिखारीसँग लड्नु पऱ्यो । आफ्नो अवस्था कमजोर भएको वेला बाहिरको युवाले स्वार्थ राखी लुट्न खोज्दा सर्किनीले प्रतिकार गरेकी छ । उसले छेवैमा राखेको थाले कुटो च्याप्प समातेर आक्रमणकारीतिर हानी । त्यसपछि त्यो आक्रमणकारीले कुलेलम ठोक्यो । यहाँ सर्किनीको लोग्नेले सर्किनीको यौन चाहना पूरा गराउन नसकेको र सर्किनी कम्जोर भएको कुरा थाहा पाएर भीखारीले आक्रमण गरेको थियो । यस्तो परिस्थितिमा नैकापे सर्किनीले आफूसँग भएको बल र वुद्धिको प्रयोग गरेर आक्रमणकारीलाई भगाउन सफल पर्यावरणको चित्रण गरिएको छ ।

### ३.३.१० 'प्रतिकूलता' कथामा पर्यावरण

प्रतिकूलता कथाको पर्यावरण अध्ययनमा काठमाडौँ, दोलखा, र काठमाडौँको जेलभित्र भएको घटनालाई कथाकारले वर्णन गरेकी छन् । सामाजिक अपराध गरेका मानिसहरूलाई थुनेर सजाय दिइन्छ । जेलभित्र भोग्नु परेको, काठमाडौँमा बेबारिसे हुनु परेको र अवसरको खोजीमा काठमाडौँ दुःख पाएको परिवेशलाई प्राकृतिक, सामाजिक पर्यावरणका रूपमा वर्णन गरिएको छ । मसिनी नाम गरेकी युवतीले आफ्नो हाडनाता पर्ने दाजुसँग यौन सम्पर्क गरेर गर्भवती भएको कुरा सुडेनीले चालपाएकी छे । त्यसपछि मसिनीलाई प्रहरी चौकीमा उजुरी गरियो र जेलभित्र थुनिएको छ । जेलभित्र धेरै महिला कैदीहरू थुनिएका थिए । जेलमै मसिनीले पानी जोगाएर नुहाइ धुवाइ गर्न लागेका वेलामा जेलकी नाइकेनीले नराम्रो

शब्द प्रयोग गरेर गाली गर्छे। जेलमा नाइकेनीले गाली गरेको सुनेर जेलभित्रकी अर्की महिलाले आफ्नो कोठामा गएर नाइकेनीले गरेको व्यवहारका बारेमा डायरीमा टिपेकी छन्। यसको साक्ष्य यस प्रकार रहेको छ :

> महिला सदर जेलकी नाइकेनी रातो जापानी सिफनको साडी लाएर आँखाभरि जीवनप्रति असम्झौता र शब्दको उच्चरणभरि क्रुरता बोकेर महिला सदर जेलको मूल ढोकाबाट भित्र पस्छे। घर्तिनी मसिनी बल्ल बल्ल अलिकति पानीको जोगाउ गरेर भर्खरै कपाल नुहाउने तर्खरमा छे। नाइकेनीलाई देख्नासाथ ऊ झस्कन्छे र एकाएक कातर हुन्छे। एक जोडी काला आँखाहरू भुइँतिर घोप्टाएर ऊ निश्चल उभिरहन्छे। (पृ .१४०)

जेलकी नाइकेनी आफ्नो शासन जेलभित्रका सम्पूर्ण कैदीमाथि चलाउँछे। उसले जेलमा मसिनी घर्तीलाई तेरा पातरनी अहिले तलाई नुहाउन लाज लाग्दैन भनेर गाली गरेकी छे। जेलभित्रको यस्तो घृणित व्यवहार देखेर सबै कैदीहरूलाई अनौठो लागेको छ। नाइकेका अगाडि मसिनी घृणित भएकी छे। नाइकेनीले जेलमा धेरै प्रकारका कैदीहरूसँग समय बिताउनु परेको छ। त्यसैले उसको चालचलनमा रुखो भएको महसुस गरिएको छ। जेलभित्रको जीवन नर्कको जीवन हो। त्यहाँ अपराधी र नराम्रो काम गरेका मानिसलाई थुनिएको छ। त्यहाँ दया माया र मानवीय व्यवहार देख्न पाइँदैन। यहाँ मसिनी घर्तीलाई मात्र जेलमा थुनिएको छ तर उसको जीवन बर्बाद पार्ने लोग्ने मान्छेलाई थुनिएको छैन। कानुन सबैलाई लाग्नु पर्ने हो तर यहाँ मसिनी घर्तीलाई मात्र कारबाही गरिएको छ। त्यसैक्रममा जेलभित्र दिउँसो साँझ र रातीको समयमा फरक फरक प्राकृतिका घटना घट्ने गरेका छन्। ती घटनालाई समाधान गर्न पुलिस प्रशासन अगाडि बढ्नुपर्छ। त्यसैक्रममा एउटी महिला कैंदीले जेलभित्र ईटाले हिर्काएर अर्को महिला कैदीलाई ठहरै मारिदिएको घटनाले जेलभित्र सबै उदास भएका छन्। जेलभित्र थुनिएका कैदीहरू जेलको खाना खाँदा वाक्क भएका छन्। जेलमा खाना पकाउँदा कैदीहरूलाई आफ्नो घरको याद आएको छ। आफ्नो गाउँघरमा भएको खानेकुरा खाएको वातावरणलाई सम्झेका छन्।

जेलमा कैदीहरू आउँने र जाने क्रममा मिठ्ठु कार्की नाम गरेकी महिला पनि आइपुग्छे। उसको गाउँ दोलखा हो। उसको गाउँमा कमाइ खाने ठाउँ थिएन त्यसैले ऊ काठमाडौँमा बसेर, काम गरेर पैसा कमाउने सोच बनाएर काठमाडौँमा आएकी थिई। ऊ काठमाडौँमा त आई तर उसले चिनेजानेको मानिस थिएनन्। ऊ काठमाडौँमा आएको दिन बिरामी परी।

उसले यताउता बास बस्ने ठाउँ खोजी तर पाइन र राती एउटा पसलको पेटीमा सुतेकी थिई । बिहान हुने बित्तिकै मिठ्ठुलाई सहरका मानिसहरूले नराम्रो क्रियाकलाप गर्न पसलको पेटीमा बसेकी भनेर आरोप लगाएर शङ्काको दृष्टिले हेर्न थाले । त्यही वेलामा पुलिस प्रशासनले पनि वास्तविकता नबुझी जेलको हावा खान पठायो । समाजका विकृति र बिसङ्गतिलाई नियन्त्रण गर्ने व्यक्तिले पनि अपरिचित महिलामाथि अन्याय गरेको परिवेशलाई प्राकृतिक पर्यावरणका रूपमा वर्णन गरिएको छ ।

सामाजिक परिवेशमा मिठ्ठु कार्की जस्ता कयौं महिलाहरू कामको खोजीमा गाउँबाट काठमाडौँ आएका हुन्छन् । उनीहरूले काम खोज्दा र यात्रा गर्दा धेरै प्रकारका अवस्थासँग सङ्घर्ष गर्नुपर्छ । महिलामाथि हुने हिंसा, छुवाछुत र भेदभावले गर्दा सहरमा काम गर्ने वातावरण पनि राम्रो हुँदैन । समाजमा किसोर अवस्थाका कारणले गर्दा हाडनाताको सम्बन्ध पनि बस्न सक्छ त्यसैले किसोर अवस्थामा अभिभावकले राम्रो संस्कारमा छोराछोरीलाई हुर्काउनुपर्छ । किसोर किसोरीहरूले गल्ती गरे जेलभित्रको प्रशासनले सुधार्ने कोसिस गर्नुपर्छ भन्ने पर्यावरणका बारेमा वर्णन गरिएको छ ।

### ३.३.११ 'साल्गीको बलात्कृत आँसु' कथामा पर्यावरण

साल्गीको बलात्कृत आँसु कथामा कथाकारले सिन्धुपाल्चोक, काठमाडौँ, सरद ऋतुमा पर्ने चाड दसैं, तिहार र भारतमा रहेको कानपुरलाई पर्यावरणको रूपमा वर्णन गरेकी छन् । यस कथाको पर्यावरणका रूपमा प्राकृति, सामाजिक र पर्यावरणबाट निर्मित मानव मनोविज्ञानको विश्लेषण गरिएको छ । सिन्धुपाल्चोकमा जन्मे हुर्केकी साल्गी सरद ऋतुको याममा हिड्डुल गर्दै मामा घरबाट पेवामा दिएको बाख्री चराउँदै थिई । त्यही वेलामा रमाइलो घाम लागिरएको थियो । घाम र झ्याउकिरीको आवाजमा दसैंको वास चल्न थालिसकेको थियो । अप्ठ्यारो डिलमा उम्रेको ऐंसेलुको फेदमा लश्करी बाख्री चरिरहेकी थिई । त्यसैको अलिक पर बसेर साल्गी पोल्टाबाट मकै भटमास झिक्दै खाँदै थिई । साल्गीलाई माग्न गाउँका धेरै युवाहरू आएका थिए तर उसको मामाको छोरोसँग विवाह गर्ने कुरो चलेको थियो । त्यति नै वेला घरको मास्तिरबाट सुसेल्दै ल्वाङ्गे घर्ती ओरालो झर्दै थियो । उसले साल्गीलाई फेटावाल चुरोट दिँदै नेपाल घुम्न जाने प्रस्ताव राख्यो । त्यस वेलामा साल्गीले काठमाडौँ घुमिसकेको कुरा बताई तर ल्वाङ्गेले काठमाडौँ परिवर्तन भएको, धन कमाउने अवसर र रमाइलो गर्ने ठाउँ भएको भनेर फकायो ।

सिन्धुपाल्चोकमा ल्वाङ्गेले साल्गीलाई काठमाडौँमा लगेर पैसा कमाउन पाइन्छ भन्दा साल्गी पनि खुसी भएकी छ। काठमाडौँमा गलैंचा बन्ने कारखाना धेरै छन् र त्यहाँ काम गरेर महिनाको चारसय कमाउने कुरा गरेपछि साल्गी दङ्ग परी । ल्वाङ्गेको लहीलहीमा लागेर साल्गी दसैं सिद्धिएर तिहार आउनु अगाडि नै भालेको डाकमा ल्वाङ्गेसँग गाउँ छाडी । ल्वाङ्गेले उसलाई काठमाडौ भनेर भारतको कानपुरमा पुऱ्यायो । उसले साल्गीलाई झुक्याएर कानपुरको वेस्यालयमा बेचेर आफ्नो स्वार्थ पूरा गऱ्यो । वेस्यालयमा कहिल्यै घाम नलाग्ने कोठा थियो । त्यस कोठामा पूर्वी झ्यालबाट विहान हुनुको आभास विस्तारै भित्र पस्थ्यो । त्यहाँ ध्वाँसे उज्यालो विस्तारै देखिन्थ्यो । एउटी तरुनीको अस्तव्यस्त लाशजस्तो शरीर कोठाको कुनामा राखिएको खाटमाथि पल्टिएको छ। कोठामा ठर्रा रक्सीको हलुका गन्ध रूमलिएको छ। ओछ्यानभरि बेलीको फूल किच्चिएर मिच्चिएर छरिएको छ । वेस्यालयभित्र साल्गी जिउँदै मरेको अवस्थामा पुगेकी छे । वेस्यालयभित्रका दिन निरस, उजाड, असङ्ख्य व्याथा, आँसु, विवशता र मनका धोकाहरू अचानोमा परेका छन् । साल्गीजस्तै अरू युवतीहरू पनि वेस्यालयमा जिउँदो लास भएर बाँच्न बाध्य भएका छन्। आफ्नो शरीरलाई पीडा दिएर बाँच्दा त्यहाँ नर्कको परिवेश उत्पन्न भएको छ । त्यसैक्रममा साल्गीले सपनामा आफ्नी आमालाई देख्छे। आमासँग वेस्यालयमा आइपुगको घटना सपनामा नै सुनाउछे। त्यो विरानो मुलुकमा ढोका बाहिरको सडक पनि साल्गीका लागि बिरानो भएको छ। ल्वाङ्गेले नेपालमा हिंड, गलैंचा बन्ने काम लगाइदिन्छु, थुप्रै पैसा कमाउछेस् भन्ने कुरा आमालाई सपनामा सुनाई।

साल्गी बसेको कोठामा फिक्का उज्यालो छरिएको छ । टाढा टाढा रिक्सा र मोटरको हर्न बजेको सुनिन्छ । वेश्यालयकी सरदारनी कोठाबाट भजनसँगै तमाखुको बास्ना बाहिरिँदै छ। साल्गीलाई केही गर्न मन लागको छैन । ऊ निरास भएर कोठाभित्र दिन बिताउँछे। यहाँ कथाकारले राणाकालीन र पञ्चायकालीन नेपालमा भएको चेलीबेटी बेचबिखानको सामाजिक परिवेशलाई चित्रण गरेकी छन्। गरिब दुःखी, सोझ सिधा मानिसलाई विभिन्न आशा देखाएर गाउँका टाठाबाठा मानिसले सहरमा जागिर खुवाउँने कुरा गरेर आफ्नो स्वार्थ पूरा गरेका छन्। अर्काको लहीलहीमा लागेर सहर पुगेका महिलाहरू वेस्यालयमा पुग्दछन् । दुईचार पैसाको लागि गाउँ छाड्ने पर्यावरण गाउँघरतिर भेटिन्छ भने सहरिया भनाउँदा केही मानिसहरू भने गाउँका सोझा मानिसको रगत चुसेर मोटाएका छन् । त्यसैले साल्गीजस्तै कैयौं युवतीहरूलाई गाउँबाट फकाएर सहरमा बेच्ने काम आज पनि विभिन्न तरिकाले गरिएको पाइन्छ । बिदेशमा लगेर जागिर खाने प्रलोभनमा नेपालका युवायुवतीले धेरै दुःख

पाएको सामाजिक पर्यावरणलाई परिवेशले निर्मित मनोविज्ञानको चित्रण गरिएको छ । यसको उदारण यस प्रकार रहेको छ :

> यहाँ घाम देख्न पाइँदैन, एक वर्ष भयो घाम देख्न नपाएको ए...नी.... लैलै यतिखेर कान्ला नेरको दुधिलो रुखको पात घाममा टल्किरहेको होला । अब माली गाईको बाच्छी आ....बाँ गरेर कराउँछे । आबा म्हाने पेमे सिध्याएर अघि नै डाँडाको घ्याङनेर लागिसकेकी होलिन् । आमा रुँदै गाईलाई घाँस हाल्दै होलिन्, मनमनमा बुढेसकालको टेको त्यो साल्गी कहाँ गई होली, मरिसकी कि बाँचेकी होली, कुन पापीले भगायो होला ? त्यसलाई नजर लाउँने थुप्रै थिए, फर्केर आउली कि नआउली । (पृ.१५५)

प्रस्तुत कथांशमा वेश्यालयभित्रको पर्यावरणलाई चित्रण गरिएको छ । यहाँको अँध्यारोको पीडाले गर्दा साल्गीले आफ्नो गाउँको वातावरणलाई सम्झिएकी छे । गाउँघरमा घाम लाग्दा खेरी घाँस काट्न गएको परिवेशलाई सम्झिएकी छे ।

### ३.३.१२ 'वर्षा ऋतु' कथामा पर्यावरण

वर्षा ऋतु कथामा कथाकार पारिजतले म पात्र बनेर कान्छी दनुवारले वर्षा ऋतुमा गरेको कामको दिनचर्यालाई वर्णन गरेकी छन् । वर्षा ऋतुमा पानी धेरै परेर जताततै हिलोमैला भएको छ । बाँझो छोपिएको खेतका कुनामा सयपत्री र हलीहकको झ्याङदेखि अलिक पर म पात्रले एउटा आकृतिलाई हेर्दै छिन् । त्यो आकृति कान्छी दनुवारको हो । उसको चोलीको भित्री बस्त्र मैलो फाटेको गुन्यू, ठूटोपारि छाडेको कपालमा रातो रिबन हेयर ब्यान्ड शैलीमा बाधिएको छ । उसले पानी परेको वेलामा हँसियाले घाँस काटेर भारी पुऱ्याएकी छे । ऊ घाँस काट्दा काट्दै घाँसको भारिमाथि निदाइरहेकी हुन्छे र छिमेकी सान्नानीले सम्झाएकी छे ।

वर्षाऋतुमा वर्षासँगै असार पन्ध्र आफूमा रमाएर र खुसीयाली बोकेर आउँछ । असार पन्ध्रमा किसानहरू रमाइलो गर्दै खेतबारीमा काम गर्छन् । असार पन्ध्रको दिउँसोको समयमा सिमसिम पानी पातलो बादल छिचोलेर आएका घामका तरबारजस्ता किरणहरू पश्चिमपट्टि लम्किएको दुईवटा इन्द्रेणी लागिरएका छन् । त्यही वेलामा एउटा अत्यन्तै सुन्दर दृश्यको अगाडि सयपत्री र हलीहकको झ्याङनरै कान्छी दनुवार नाच्दै छे । वर्षा ऋतुका रमणीय परिवेशमा उसको नाच असाध्यै छरितो देखिएको छ । त्यही समयमा एउटी किसोरीले एउटा सुन्दर भवनको पश्चिम झ्याल खोलेर कान्छी दनुवारले नाँचेको दृश्य हेरेकी छन् ।

वर्षा याममा एउटी भिज्दै असारको पन्ध्रमा रमाउँदै कान्छी दनुवार रमाएकी छे । आफ्नो हर्ष, दुःख र भावनालाई कान्छीले असार पन्ध्रमा नाच्चै, खेल्दै अरू मानिसलाई हौसला दिँदै बिताई र अन्त्यमा घाँस काटेर घरतिर जान तयार भई । यसको साक्ष्य निम्नानुसार रहेको छ :

> यो वर्षा ऋतु हो । यस ऋतुभित्र असारको पन्ध्र आफूसँग उन्माद र खुसियाली बोकेर आउँछ । रमझम हुन्छ त्यसै चाहे भकारी रित्तै होस् चाहे चामलको भाउ जति बढोस् । अपराह्न सिमसिम पानी, पातलो बादल छिचोलेर आएका घामका तरवार जस्ता किरणहरू, पश्चिमपट्टि लम्किएको जोर इन्द्रेणी एउटा अत्यन्त सुन्दर पाश्वदृश्यको अघि त्यही सयपत्री र हलीहकको भ्याङ्नेरै ऊ नाच्दै रहिछ । (पृ .१६८)

साँझ परेपछि ऊ घाँसको भारी बोकेर घरतिर हिँडेकी छे । घर जाँदा उसले गोरेटोमा असारे गीत गाउँदै गई । त्यसैक्रममा म पात्रले कान्छी दनुवारनीको बारेमा सोच्न थालेकी छिन् । स्वास्नी मान्छे सुन्दर हुन आवश्यक छ कि छैन ? स्वास्नी मानिस स्वच्छ सफा हुन धेरै प्रकारका शृङ्गार गर्छन् तर कान्छी दनुवारलाई मतलब छैन । उसको लोग्नेले सौताले पछि बाहुनका घरमा गोठाल्नी बसेकी छे । काम थुप्रै गर्नुपर्छ, खाना बासी खाएर खेतबारीमा काम गर्न बाध्य भएकी छे । असार पन्ध्रको भोलिपल्ट खेतबारीमा दुई छरिता हातहरू सल्बलाई रहेका छन् । सिमसिम पानी परे पनि उसलाई कुनै मतलब छैन । यसरी कान्छी दनुवारको दुःख देखेर म पात्रलाई माया पलाएको छ । उसलाई बढी तलब पाउने ठाउँमा काम गर्न जाऊ भन्दा उसले मानेकी छैन । उसले दाउरा घाँस गरेर दिन बिताउँदा पुलिसले भगाएर विवाह गर्ने आशा देखाएको कुरा कान्छीले गरेकी छे । त्यसैले बाहुनका घरमा बसेर काम गरेको कुरा म पात्र र पधेँरोमा पानी लिन जाने महिलाहरूले थाहा पाएका छन् ।

कथामा सामाजिक पर्यावरणको प्रभाव कान्छी दनुवारमा परेको छ । ऊ एक्लै बस्न सकेकी छैन । बाहुनका घरमा दाउरा घाँस गरेर जीवन चलाएकी छे । उसलाई दुःख पर्दा गाउँलेहरूले पनि सरसल्ला दिएका छन् । असार पन्ध्र किसानहरूको महान चाड हो । यसमा उसले नाचेर, गीत गाएर गाउँलेहरूलाई रमाइलो गराएकी छे । गाउँघरमा बसेपछि खेतीपातीको काम गर्नु, एकआपसमा मेलमिलाप गर्नु र प्रकृतिसँग रमाउनु सामाजिक पर्यावरण हुन् । समाजमा जस्तो वातावरण सिर्जना हुन्छ त्यस्तै तरिकाले जिउनु मानवीय गुण हो । पर्यावरणले निर्मित मानव मनोविज्ञानमा कान्छी दनुवारको जीवनी एक्लो भएपछि अरूको घरमा काम गर्न बाध्य हुनुपरेको छ । विवाह भएपछि छोराछोरीको चाहना सबैको परिवारमा

हुन्छ । छोराछोरी नपाएपछि बुहारीलाई परिवारभित्र अनेक प्रकारका समस्या आई पर्दछ । ती समस्यासँग जुद्धै अगाडि बढ्नु पर्यावरणले निर्मित मानवीय मनोविज्ञानको पक्ष हो ।

### ३.३.१३ 'नाटकको चौथो चरण' कथामा पर्यावरण

कथाकारले नाटको चौथो चरण कथामा प्राकृतिक, सामाजिक र पर्यावरणले उत्पन्न गरेको मनोविज्ञनलाई वर्णन गरिएको छ । प्राकृतिक पर्यावरण अन्तर्गत सिन्धुपाल्चोक क्षेत्रमा भएको ग्रमीण क्षेत्र, बाटोघाटो, काठमाडौं सहरमा भएको वीर अस्पताल, टेकु अस्पताल र सडकहरूलाई चित्रण गरिएको छ । नैनबहादुर उसको परिवारसँग आरामले सिन्धुपाल्चोकमा रमाइलो गरेर जीवन बिताउँदै थिए । समयको क्रमसँगै उसकी श्रीमतीलाई बिरामले सतायो । त्यसपछि नैनले गाउँमै उपचार गरेर निको पार्ने प्रयास गऱ्यो तर सकेन । त्यसपछि नैनले श्रीमतीलाई उपचार गर्न काठमाडौं लानको लागि सिन्धुपाल्चोकको बसपार्कमा ल्यायो । बसपार्कमा एउटा रुखको फेदमुनि थकाइ मारेर नैनले उसकी श्रीमतीलाई होटेलबाट दही, च्यूरा, आलुको तरकारी र पानी लिएर आयो । त्यसपछि नैनले उसकी श्रीमतीलाई काठमाडौको वीर अस्पतालमा उपचार गर्न लग्यो बाटामा आउँदा नैनकी श्रीमती पहेंली, ख्याउटी, फुकीढल भएकी थिई । गाडीमा यात्रा गर्दै आउँदा नैनकी श्रीमतीको अवस्था धेरै कम्जोर भएको थियो । बस काठामाडौं पुगेपछि नैनले दस रुपियाँ भाडा तिरेर रिक्सामा हालेर वीर अस्पतालमा पुऱ्यायो । बसको थकाइ, रिक्साको थकाइ तथा यात्राभरि फोक्सोबाट निस्केको रगतको फाल्साले नैनकी श्रीमतीलाई शिथिल पारेको थियो । ऊ हिड्न सकिन, नैनले उसलाई बोकेर इमेरजेन्सीतिर दौडायो र बाहिर चौतारीमा बसायो । त्यसपछि देशको प्रतिष्ठित अस्पतालमा सरकारको विस्वास गर्दै श्रीमतीलाई बचाउन अस्पतालभित्र पुग्यो । उसले अस्पतालभित्र समान व्यवाहार पाएन । त्यहाँ त भेदभावको व्यवार देख्यो । त्यहाँ मानिसहरूले यता होइन उता लग, आफ्नो बिरामीलाई मात्र यतिका ठाउँमा सुताएर हुन्छ भन्ने वाणरूपी वचनले गर्दा नैनलाई दिक्क लाग्यो । मुखबाट नैनकी श्रीमतीको रगत आएको देखेर डाक्टरले टेकु अस्पतालमा लाने सल्ला दिए । यसको साक्ष्य यस प्रकार रहेको छ :

> त्यसपछि देशको प्रतिष्ठित अस्पतालमा सरकारका विश्वास पर्दै स्वास्नीलाई बचाउन आएको नैनले जीवनको सबैभन्दा मार्मिक नाटक खेल्यो आफै नायक भएर । यस मार्मिक नाटकलाई यहाँ कथाको रूप दिन मिल्दैन यसरी अचानक नाटकमा भाग लिनु नैनको विश्वासमा पटक्कै नपरेको कुरा थियो तर सामना गर्नुपर्ने भएपछि सामना गर्नैपर्छ ।

नैनलाई त्यो भाग लिनु सपना अथवा तन्द्रा जस्तो पनि लागेको थियो । घटना र संवादलाई यसरी वर्णन गर्न सकिन्छ । (पृ .२३३)

डाक्टरको सल्लाह सुनेपछि नैन डराउँदै श्रीमतीलाई लिएर टेकु अस्पतालमा पुऱ्यो । त्यहाँ नैनकी श्रीमतीले सजिलै उपचार गर्न पाइनन् । त्यहाँ छातीको एक्स्रे गरेर मात्रै उपचार हुन्थ्यो त्यसैले नैनले एक्स्रे गर्न कालीमाटी चेकपोष्ट क्लिनिकमा जाँदा उसलाई समस्या परेको थियो । क्लिनिकको खोजिमा भौतारिँदा ऊ रित्तो हात, असिन पसिन, थकित शरीर, थकित मानसिकता लिएर विरामी भएको ठाउँमा आयो । त्यसपछि उसले बिरामी श्रीमतीको शरीर ओइलेको सागको मुठाजस्तै चिसो भएर एकातिर लत्रक्क परेको देख्यो । यस्तो अवस्था देख्दा नैनलाई अस्पतालमै चिच्याएर रुन मन लाग्यो । हिजोसम्म नैनकी श्रीमती मर्लीजस्ती थिइन तर अस्पतालको हेलचेक्राइले गर्दा प्राण त्याग्नु पऱ्यो । मृत्यु भएकी श्रीमतीलाई लिएर नैन टेकु अस्पतालबाट बाहिर सडकमा निस्कियो । सडकको पेटीको एकातिर लाश बिसाएर रिक्सा काललाई बोलाउन हिड्यो तर रिक्सा वालाले लाशको बिस रुपियाँ लाग्छ भन्यो त्यसपछि ऊ निरास भएर ट्याक्सी, बस पार्कसम्म लास बकेर गयो । ट्याक्सी ड्राइभरसँग पनि उसको कुरा नमिलेपछि ऊ सडकमा मृत्य श्रीमतीलाई छोडेर बाह्रबिसेको बसमा चढेर दुःखी हुँदै गाउँतिर फर्कियो । नाटकको चौथो चरण कथामा सामाजिक पर्यावरणअर्न्तगत गरिब परिवारको बाध्यतालाई देखाइएको छ । नैनले जस्तै अरू मानिसले पनि उपचारका लागि सहरमा बिरामी ल्याउँछन् । सहरमा धनी र गरिब मानिसले समान रूपमा उपचार पाउँदैनन् । कथाकारले यस कथामा गाउँघरका गरिब मानिसले सहबजारमा विरामलाई उपचार गर्न पुऱ्याउँदा पनि बचाउँन नसकेको परिवेशलाई देखाएकी छन् । सहरका मानिसहरू पैसका लागि ट्याक्सी, रिक्सा र गाडी कुदाउँछन् । यदि उनीहरूले भनेअनुसारको पैसा पाएनन् भने गरिब मानिसहरू गन्तव्यसम्म पुग्न पाउँदैनन् भन्ने पर्यावरणको चित्रण गरिएको छ । परिवेशले निर्मित मनोविज्ञानमा नैनले आफ्नी श्रीमतीलाई भोक लाग्छ भनेर दही, च्यूरा र पानी खुवएका छन् । विरामी श्रीमतीलाई उपचार गर्न सहरको अस्पतालमा पुऱ्यएपछि नैनले स्वार्थी सहरका मानिसलाई नजिकबाट चिन्यो । डाक्टरको व्यवाहार र अस्पतालको व्यवाहार राम्ररी चिनेर आफू पनि कठोर बनेर सिन्धुपाल्चोकतिर फर्कियो ।

### ३.३.१४ 'वधशाला जाँदा आउँदा' कथामा पर्यावरण

वधशाला जाँदा आउँदा कथामा कथाकारले पर्यावरण अध्ययनका लागि काठमाडौं सहर, कोशीपारि र आफूले काम गर्ने कार्यलयका बारेमा वर्णन गरेकी छन् । कथाकार यस कथामा म पात्र भएर काठमाडौं सहरको बाटो हुँदै कतै जाँदै छन् । त्यही क्रममा एउटा परिचित जस्तो मानिसले यता सुन्नुहोस् न भनेर बोलायो । त्यो मानिसलाई म पात्रले तीन वर्ष पहिले त्यही सडकमा भेटेकी थिइन् । उनीले कार्यलय जाँदा आउँदा धेरै यात्रा गरेकी छिन् तर त्यो सडकमा भेटेको मानिसले तीन वर्षदेखि एउटै कोट लगाएको थियो । म पात्रले पनि एउटा खुइलिएको स्वीटर लगाएकी थिइन् । त्यसैक्रममा परिचित मानिस र म पात्रका विचमा कुराकानी भएको छ । पहिलादेखि खाली खुट्टा हिड्ने मानिस आजसम्म यात्रामा चप्पल लयाउन सक्ने भएका छन् । त्यसैक्रममा दुवै जनाले सडकमै उभिएर आफ्नो अतितदेखि वर्तमानसम्मका कुराकानी गरेका छन् । यसलाई प्रस्ट पार्न यस प्रकारको साक्ष्य प्रस्तुत गरिएको छ :

> ऊ अवाक भएर मलाई हेरिरहेको छ र उसको हेराइको भाव यथावत भएपनि उसको उत्सुकता क्रमशः मर्दैछ । अब म आफ्नो संस्मरणको अन्त अन्ततिर आइपुगेको छु, "त्यसदिन पनि तपाईले ए हजुर यता सुन्नहेस् त बाट नै आफ्नो सम्बोधन सुरूगर्नु भएको थियो तपाईले भन्नु भएका कुराहरू मलाई अक्षरश थाहा छ । (पृ. २४५)

परिचित मानिसको नाम चन्द्रधर उपाध्याय थियो । उनी पूर्व कोशीपारि बस्ने रहेछन् । उनी सहरतिर सामान किन्न आएका रहेछन् । बाटामा उनको भरिया हराएछ र दुईचार पैसा पनि सकिएछ । त्यसैले चन्द्रधरले जोसुकैसँग सहयोग माग्दा नपाइने भएकाले म पात्रसँग आर्थिक सहयोग मागेका छन् । चन्द्रधर उपाध्यायको समस्या बुझेर म पात्रमा करुण रस उत्पन्न भएको छ । त्यसैले पाँच रुपियाँ झिकेर म पात्रले दिएकी छन् । त्यसपछि म पात्र र परिचित मानिस सडकबाट छुटिएर आफ्नो आफ्नो गन्तव्यतिर लागे । म पात्रले कार्यलय जाँदा चन्द्रधर उपाध्ययका बारेमा धेरै कुरा सोचेकी छन् । ऊ वेला त्यो मानिस ताजा पेसेवर थियो तर आजभोलि त्यो मानिसलाई काठमाडौंको हावाले जितेको छ । काठमाडौंमा आएर सामान कोशीपरि पुऱ्याएर पैसा कमाउन लागेको छ । काठमाडौंमा अनेक प्रकारका व्यावसाय छन् तर व्यापार चाहिँ राम्रो दर्जामा कहलिन्छ । काठमाडौंमा कोटा परमिट, पासपोर्ट, लेटरबक्स,

टेलिफोन, नागरिक प्रमाण पत्र आदि ठाउँमा काम गर्ने मानिसहरू धेरै छन् । कथाकारले पनि आफ्नो घर चलाउन एउटा कार्यलयमा काम गर्छिन । उनी जागिर खान सडकबाट हिड्दै कार्यलयसम्म जान्छिन्, काम गर्छिन्, र घरतिर फर्किन्छिन् । यसरी जागिर खाँदा उनको जीवनमा परिर्वतन आएको छैन । उनको छोरो तीन वर्ष पुगेको छ । त्यो छोरो रोगी छ, सधैँ पहेंलो, ख्याउटे भएर कमजोर भएको छ । उनी पनि जमाना हेरी सस्तै डेरामा बसेकी छन् । उनीको घरबेटी काठमाडौँका हुन, घरबेटीले भनेका कुरा सुनेर घरबेटीलाई खुसी पारिदिनुपर्छ ।

कथाकार प्रायः कार्यलयमा जाँदा एक्लै हिड्दै जान्छिन् । उनीको घरको आम्दानी त्यति राम्रो छैन । उनको परिवारमा एउटी छोरी छ । उनी छोरीका बारेमा धेरै कुरा सोच्दै कार्यलयमा पुग्छिन् । कार्यलयमा फरक फरक ओहदाका कर्मचारीहरू हुन्छन् । पदसोपानका आधारमा भिन्न भिन्न काम गर्नुपर्छ । त्यसैक्रममा दर्ता र चलानीको फाटमा म पात्रले काम गरेकी छन् । काम गर्ने क्रममा एउटा युवक आएर चाँडो काम गराउँन खोज्छ । त्यस वेलामा म पात्रले प्रकिया नपुगी आएको फाइल अगाडि बढ्दैन भन्ने कुरा गरिन् । त्यसपछि त्यो युवकले पैसा खुवाएर भएपनि काम गराउन प्रयत्न गर्छ र म पात्रले काम नगर्ने कुरा व्यक्त गरेकी छन् । केही समय पछि प्रक्रिया नपुगी आएको फाइललाई अर्को कर्मचारीले पैसा खाएर काम गरिदिन्छ । यसरी कथाकारले कार्यलयभित्र सुशासन कायम गर्ने र गराउन खोज्दा अर्को कर्मचारीले पैसा खाएर काम गरेको प्रमाण कार्यलयमा भेट्टाउन सकिन्छ । कार्यलयको समय सकिएपछि म पात्र घर आउँदा आफ्नो घरमा आवस्यक पर्ने सामान सम्झिएकी छन् । ती सामान किन्न उनीसँग पैसा छैन । त्यस वेलामा उनले कार्यलयमा काम गराउन आएको युवालाई सम्झिएकी छिन् ।

कथाकारले चन्द्रधरको काठमाडौँमा आइपरेको समस्यालाई सामाजिक पर्यावरणका रूपमा लिएकी छन् । काठमाडौँमा व्यापार व्यावसाय गर्ने मानिसहरूमा दुःख, कष्ट परेको वेलामा सापट लिएर भएपनि काम चलाउनुपर्छ । एक नेपालीले अर्को नेपालीलाई सहयोग गर्नुपर्छ भन्ने पर्यावरणको चित्रण गरिएको छ । म पात्रले कार्यलयलाई यन्त्रशाला भनी सम्बोधन गरेकी छन् । कार्यलय भनेको यन्त्रजस्तै सधैँभरि काम मात्रै गर्नुपर्छ । काम नगरी जीवन निर्वाह गर्न सकिँदैन । त्यसैले कार्यलयमा काम मात्रै गर्नु पर्ने पर्यावरणलाई मानव निर्मित परिवेशका रूपमा चित्रण गरिएको छ ।

### ३.३.१५ 'शकुन्तलाको चिन्तन' कथामा पर्यावरण

शकुन्तलाको चिन्तन कथामा कथाकारले भर्खर निमार्ण गरेको दुई तले घरको स्टोरसँगै भएको चिसो छिडी, हाकिमको घर र हाकिमको कार्यलयलाई पर्यावरणका रूपमा चित्रण गरेकी छन् । शकुन्तला र उनको श्रीमान् हरिप्रसाद न्यौपाने र सानो छोरो सहित हाकिमले दिएको चिसो छिडीमा बस्ने गरेका छन् । उनीहरूको आर्थिक अबस्था कम्जोर छ । हरिप्रसाद न्यैपाने मालिकको घरमा र अफिसमा काम गरेर दुई चार पैसा कमाउँछ । उसको परिवरलाई चिसो छिडीमा दिन बिताउन गाह्रो भएको छ । शकुन्तला खाना पकाएर हरिप्रसादलाई पर्खिरहेकी छे । ऊ त्यहाँ बस्था बस्था दिक्क मानेकी छे । मालिकले दिएको छिडिमा बस्दा मालिक्नीको आदेश सहनुपर्छ । रातदिन मालिकले सामान रूघ्न लगाउँछन् । रातिको वेला पनि मालिक्नीले उनीहरूलाई सामानको ख्याल गर्न भनेर अह्राउछिन् । अर्काको घरमा बस्दा त्यसै बस्न पाइँदैन त्यसैले मालिक्नीको घरमा काम गर्न बाध्य हुनुपरेको सामाजिक परिवेशको वर्णन गरिएको छ । यसलाई प्रस्ट पार्न निम्नानुसारको साक्ष्य प्रस्तुत गरिएको छ :

> भर्खर निर्माण भएको दुईतले घरको स्टोर सँगसँगै बनेको एउटा चिसो छिँडीको काखमा स्वासनी छोरो खेलाएर ऊन केलाउँदै शकुन्तला सोचिरहकी छ । यतिखेर घडीले साढे आठ बजाइसक्यो झोल भात पाकेर पनि सेलाइसकेको छ । शकुन्तलालाई थाहा छ आज उसको लोग्ने अलिकति आश्वस्त भएर, अलिकति रिझिएर आउनेछ किनभने शकुन्तलालाई यो पनि थाहा छ कि उसको लोग्ने पियन हरिप्रसाद न्यौपानेको हाकिमले आफ्नी स्वास्नीलाई रिझाएको वेला अलिकचि ड्रिक गर्नेगर्छ । (पृ .२५०)

मालिकको घरमा काम गर्न जाँदा शकुन्तला डराउँदै काम गरेकी छ । मालिकको नराम्रो स्वभावका बारेमा मालिक्नीले बताएपछि शकुन्तला मालिकको छेउमा जान डराएकी छ । मालिकको घरमा गर्नुपर्ने सबै काम शकुन्तलाले गरिदिएर मालिक्नीलाई खुसी पारेकी छ । मालिकको घरमा काम गर्दा राम्रो तलब पनि शकुन्तलाले पाएकी छैन । चिसो छिडीमा बसेकाले उनीहरूले मालिकको आदेश मान्नु परेको हो र मालिकको घरमा गएर काम गर्नु पर्ने बाध्यता सहरी पर्यावरणको रूपमा आएको छ । गाउँबाट मानिस सहरमा आएर अर्काको घरमा डेरा गरेर काम गरी खान्छन् । हरिप्रसाद उपाध्यले पनि सहरमा आएर मालिकको घरमा बसेर, उसकै कार्यलयमा काम गरेर दुईचार पैसा कमाएको छ । मालिकको घरवरिपरि भर्खर बस्ती

बस्न थालेको छ त्यसैले सकुन्तलालाई एक्लै कोठामा बसेर हरिप्रसादलाई पर्खेर बस्दा डर लागेको छ ।

पियनको काम गर्दा हरिप्रसादले मालिकको धेरै सेवा गरेको छ । विहान उज्यालो भएदेखि वेलुका अँध्यारो हुन्जेलसम्म हरिप्रसाद काममा व्यस्त हुन्छन् । कहिलेकाही कार्यलयमा मालिकहरूका बिचमा भोज भतेरको कार्यक्रम हुन्छ । त्यस वेलामा रक्सी खाएर, मोजमस्ती गरेर मालिकहरू रमाउँछन् र हरिप्रसादले रक्सी खाएर आफ्नो परिवरसँग आराम गर्नका लागि घरमा पुगेका छन् । घरमा जाँदा छोरोलाई दालमोटको पोको ल्याइदिएका छन् । आफ्नो श्रीमान्ले मालिकको कार्यलयमा थोरै पैसामा काम गरेर समय विताएको देख्दा शकुन्तलालाई दुःख लागेको छ । आफ्नो आर्थिक अवस्थाका कमजोर भएका कारणले अर्काको घरमा बस्नु परेको र मालिकले जे भन्छन् त्यही मान्नु परेकोले हरिप्रसादलाई पनि नरमाइलो लागेको छ । हाकिमहरू कार्यलयमा फकाइ फकाइ कार्यलयमा काम लगाउँछन् । त्यसैक्रममा मालिकले पनि जागिर बढाइ दिन्छु भनेर आशा देखाइ काम लगाएका छन् । आर्थिक अवस्था कमजोर हुँदा अर्काको घरमा बस्न बाध्य र अर्काको आदेश मान्नु पर्ने अवस्थालाई देखाइएको छ । आफ्नो परिवारको गाँस, बास र कपासका लागि गरिब मानिसले धनी मानिसको घरमा गएर काम गर्ने बाध्यता रहेको हुन्छ । त्यसको चित्रण हरिप्रसादले गरेका छन् । हकिमले आफ्नो लोग्नेमाथि गरेको अत्याचारलाई शकुन्तलाले सहन सकेकी छैनन् । उनीले काम लगाएपछि राम्रो तलब दिनुपर्छ नत्र किन विहानदेखि वेलुकासम्म कार्यलयमा गएर समय बिताउनु, एक गाँस खान त मान्छे हौं जसरी भएपनि बाँच्न सक्छौ भन्ने कुरालाई व्यक्त गरेकी छन् । मालिकले पनि कार्यलयको वातावरण बिगारेका छन् । कार्यलयमा एउटा नियम बनाइएको हुन्छ । त्यो नियम सबैले पालना गर्नु अनिवार्य हुन्छ तर हाकिमहरूले आफू अनुकूल नियम परिवर्तन गरेर कार्यलयको पर्यावरणलाई बिगारेका हुन्छन् । कार्यलयका पर्यावरणअनुसार कामदारहरूले काम गर्नुपर्ने बाध्यतालाई कथाकारले वर्णन गरेकी छन् ।

## ३.४ निष्कर्ष

यस परिच्छेदमा पारिजातका कथामा पर्यावरणको अध्ययन गरिएको छ । अध्ययनका क्रममा हिप्पोलाइट टेनले प्रस्तुत गरेका पर्यावरणगत मान्यतालाई विश्लेषणको मूल आधार बनाइएको छ । यी आधारमा विश्लेषण गर्दा पारिजातका कथामा नेपालमा भएका ग्रामीण र सहरिया पर्यावरणलाई केन्द्रमा राखिएको छ । उनका कृतिमा प्राकृति परिवेश, सामाजिक परिवेश र परिवेशले निर्मित मानव मनोविज्ञानलाई पर्यावरणका रूपमा विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा नेपालका पहाडी, सहरी, गाउँवेसी, तराई र भारतका केही स्थानलाई पर्यावरणका रूपमा चित्रण गरिएको छ । लेखक भारतको दार्जेलिङ्गमा जन्मेर नेपालको राजधानी काठमाडौँमा धेरै समय बिताएकाले गर्दा उनका कथामा गाउँ र सहरका राम्रा र नराम्रा पर्यावरणलाई चित्रण गरेकी छन् । उनका कथामा पर्यावरणलाई मुख्य तत्त्व बनाइ पात्रहरूको जीवनशैलीलाई देखाएकी छन् । यस शोधकार्यमा १५वटा फरकफरक पर्यावरणको विश्लेषण गरिएको छ । मैले नजन्माएको छोरो कथामा काठमाडौँको सहरिया पर्यावरणलाई देखाइएको छ । यसमा प्राकृति परिवेशभित्र भौगोलिक संरचना, हावापानी, जीवनशैलीलाई व्यक्त गरिएको छ । विद्यालय जाने केटाकेटी विद्यालय नगई सहरबजारतिर घुम्न जाँदा उनीहरूको भविष्य बिग्रन्छ । उनीहरूका बुबाआमाले शैक्षिक वातावरण राम्रो नबनाएकाले कुलतमा लागेको पर्यावरणलाई देखाइएको छ । त्यस्तै सामाजिक परिवेशमा मानिसको चिन्तन, सोचाइ, र मानसिकता निर्माणका बारेमा वर्णन गरेका छन् । यस कथामा विद्यार्थी र लेखकका बिचमा अचेतन मनको भाव उत्पन्न भएको छ । उनीहरूमा प्रेम बसेको छ तर आफ्ना चाहना पूरा गर्न पाएका छैनन् । लेखक पनि विद्यालय गएको स्कुले केटोजस्तै छोरो पाउँने चाहना राख्छिन् तर त्यसको लागि विवाह गर्नुपर्छ भन्ने सोचमा पुगेकी छन् । यसरी परिवेशले निर्मित मानव मनोविज्ञानमा पात्रहरूले आफ्ना बाध्यता र विवशतामा बाँच्नु परेको पर्यावरणको वर्णन गरिएको छ ।

पारिजातका कथामा पर्यावरणीय अध्ययन गर्दा पहाडी भेगको स्वच्छ, सफा र हराभरा ग्रामीण जीवनलाई देखाइएको छ । त्यस जीवनमा बसोबास गर्ने सोझा, सिधा मानिसले खेतीपातीको काम गरेका छन् । त्यहाँको हावापानीअनुसार खानपान, पहिरन र सोचाइको विकास भएको कुरालाई देखाइएको छ । मानिसहरू काम खोज्न सहर पस्ने पर्यावरणलाई प्राकृतिक पर्यावरणका रूपमा वर्णन गरिएको छ । जीवन बिताउँदै अगाडि बढ्दा मानवजीवनमा राम्रा र नराम्रा अवस्था आइपुग्छन् । तिनीहरूलाई परिवर्तनले निर्मित मानव मनोविज्ञानका रूपमा वर्णन गरिएको छ । सोझा र सिधा गाउँले मानिसलाई रोजगारी लगाइदिन्छु भनेर भारतका विभिन्न वेश्यालयमा लगेर चेलिबेटी बेचबिखन गरेको पर्यावरणलाई पनि वर्णन गरिएको छ । उनका कथामा राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनलाई विभिन्न प्रकारले प्रस्तुत गरिएको छ । यस परिच्छेदमा लेखकले घुमेको, देखेको भोगेको र नेपालीले सहनुपरेको पर्यावरणलाई वर्णन गरिएको छ ।

# चौथो परिच्छेद
# पारिजातका कथामा क्षण

## ४.१ विषयप्रवेश

क्षणले विशेष गरी समयलाई बुझाउँछ । क्षणले समयलाई बुझाउँने भएपनि समाजशास्त्रका व्याख्याता हिप्पोलाइट तेनले यस क्षणलाई लिएर कृति विश्लेषणको सिद्धान्त प्रस्तुत गरेका छन् । उनले प्रस्तुत गरेका पक्षहरूमा प्रजाति, पर्यावरण र क्षण रहेका छन् । पारिजातले समाजमा भोगेका, देखेका र अनुभूति गरेका कुरालाई क्षणका रूपमा प्रस्तुत गरेकी छन् । उनले राणा काल, पञ्चायत काल र प्रजातन्त्रका समयमा घटेका घटनालाई क्षणका रूपमा पात्रहरूको माध्यमबाट व्यक्त गरेकी छन् । देशमा निर्माण भएका शासन व्यवस्थाले जनतामाथि गरेको शासनलाई क्षणका रूपमा विश्लेषण गरिएको छ । ती कुराहरूको विस्तृत चर्चा निम्नानुसार गरिएको छ ।

## ४.२ क्षणसम्बन्धी सैद्धान्तिक मान्यता

साहित्यको विश्लेषणका निम्ति तेनद्वारा प्रतिपादित अर्को मान्यता क्षणसम्बन्धी अवधारणा हो । तेनले युग वा क्षणलाई निश्चित समय, युग र त्यस युगको चिन्तनका रूपमा व्याख्या गरेका छन् । लेखक आफू बाँचेको युग र परिवेशको प्रभाव कृतिमा परेको हुन्छ । तेनेका अनुसार हरेक युगका केही आफ्ना प्रधान् विचार हुन्छन् र त्यसमा रहेको बौद्धिक स्वरूपका कारण त्यो सदियौसम्म जीवित रहन्छ । तसर्थ क्षणले त्यस कालखण्डलाई सङ्केत गर्दछ जसमा मानिसका बारेमा एक विशेष अवधारणा प्रचलित रहेको हुन्छ । युगको प्रधान् विचारको प्रसार जीवनका व्यवहार र चिन्तन सबै क्षेत्रमा रहेको हुन्छ । लामो समयको अन्तरालमा यस्तो विचारमा क्रमश ह्रास आउँदै जान्छ र अन्य कुनै नयाँ विचार विकसित भई प्रधान् विचार बन्न पुग्छन । नयाँ विचार अगाडि वा पुरानो विचारसँग जोडिएको हुन्छ । साथै यसले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग सम्बन्धित बन्दै नवीन चिन्तन र सिर्जनालाई प्रेरणा दिन्छ ( पाण्डेय, सन १९९९, पृ. १२५-१२६) । पारिजातका कथामा उनीले भोगेको क्षणलाई पात्रका माध्यमबाट प्रस्तुत गरेकी छन् ।

हिप्पोलाइट तेनले क्षणलाई विशेष चिन्तन वा विचारधाराको प्राधान्य रहेको युग विशेषको अर्थमा परिभाषित गरेको पाइन्छ । उनका अनुसार समकालीन परिवेश चिन्तन र घटना तथा परिस्थितिले साहित्यकारको चेतनालाई प्रभावित गर्दछ र त्यसलाई नै लेखकले आफ्नो कृतिमा व्यक्त गर्दछन् । साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रका मानवीय जीवनको सत्यको पहिचान गराउँदछन् । लेखकले आफ्नो प्रजाति, समाज र राष्ट्रको भावना एवम्, आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एक युगको दस्तावेज तथा अभिलेख हो । साहित्यिक कृति कुनै युग विशेषको दर्पण हुने भएकाले त्यसका माध्यमबाट सो युगको सजीव चित्रण प्राप्त गर्न सकिन्छ (तेन, सन् १९०६, पृ.१२४) । युगीन चेतनाको अभिव्यक्ति साहित्यिक कृतिमा हुने भएकाले कृति विश्लेषणका सन्दर्भमा त्यसको खोजी गर्नु आवश्यक छ ।

तेनका अनुसार लेखक तथा कलाकार आफ्ना युगका विषयमा सचेत हुन्छन् । उनले साहित्यकारले आफ्नो कृतिमा व्यक्त गरेको युगलाई एउटा विशेष स्मरणीय समस्याका रूपमा चित्रण गर्ने कुरा उल्लेख गरेका छन् । उनका अनुसार कुनै निश्चित समयको सामाजिक घटना तथा परिस्थितिले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ, जसलाई साहित्यकारले आफ्नो कृति मार्फत व्यक्त गर्दछन् (तेन, सन् १९०६, पृ.१२७) । प्राचीन युगको ग्रिसेली साहित्यमा त्रासदीय क्षणको अभिव्यक्तिमा त्यस समयको युगको र परिस्थितिको सङ्केत पाइन्छ । त्यसरी नै मध्यम युगको साहित्यमा वीरता र साहसिक कार्य अनि आधुनिक युगको साहित्यमा वैज्ञानिक तर्क र वर्तमानको प्रतिबिम्ब पाइन्छ । यसरी साहित्यलाई समय तथा युगको उत्पादन तथा प्रतिविम्बन मान्न सकिन्छ ।

तेनले क्षणसम्बन्धी अवधारणाका लागि अङ्ग्रेजी मोमेन्ट शब्दको प्रयोग गरेका छन् । तेनले क्षणको व्याख्या विभिन्न रूपमा गरेका छन् । क्षणको सर्वाधिक र निरन्तर प्रयोग युग विशेष र युग चेतनाको अर्थमा गरिएको छ । लेखक आज वाँचेको युग र परिवारको प्रभाव कृतिमा परेको हुन्छ । तेनले निश्चित समय, युग र त्यस युगको चिन्तनको रूपमा व्याख्या गरेका छन् । तेनका मतमा हरेक युगका केही आफ्ना मुख्य विचार हुन्छन् र त्यसमा रहेको वौद्धिक स्वरूपका कारण त्यो सदियौंसम्म जीवित रहन्छन् । कुनै पनि साहित्यकारले कृतिभित्र गरेका ऋतु वा मौसम महिना कुनै निश्चित समयमा हुने चाडपर्व तत्कालीन समय बिहान दिउँसो, बेलुका राती, चर्को घाम लागेको, पानी परेको, पिङ खेलेको, कुनै उत्सव

महोत्सवको समयसम्वन्धी कुनै घटना वा कार्य क्षणको रूपमा आउँछ। क्षण भनेको समय वा कालखण्ड हो यस्तो कालखण्डलाई समयको रूपमा लिइन्छ। यसमा दिन, महिना ॠतु, वर्षा र मौसम जस्ता विभिन्न कुराहरू पर्दछन् (दोषी, सन् १९८०, पृ. १६०) । साहित्यमा युगीन विचार सामाजिक अवस्था पद्धति, चालचलन, रीतिरिवाज जस्ता समग्र पक्षहरूको अभिव्यक्ति भएको हुन्छ र युगको प्रतिविम्बन बनेको हुन्छ। विश्व इतिहासका विभिन्न कालखण्डमा मूल्य हरूलाई युगीन साहित्यले बहन गरेको हुन्छ। सामन्तयुगीन वीरता र हैकमको प्रवल प्रभाव महाकाव्यमा पाइन्छ भने पछिका कथा निबन्ध जस्ता विद्याले प्रवल बन्दै गएको व्यक्तिवादी चिन्तन र स्वतन्त्रताको युगको प्रतिनिधित्व गरेका छन् (सुवेदी, २०६९ पृ ९१३)। फरक फरक युगमा घटेका घटनालाई स्रष्टाले साहित्यमा व्यक्त गरेर युगका बारेमा प्रस्ट पारेका हुन्छन्।

क्षणको प्रत्यक्ष सम्वन्ध कुनै पनि देशको विभिन्न ठाउँमा उल्लेख गरिएको मानिसको जनसंख्यासँग रहेको हुन्छ। यसले कुन ठाउँमा कति मान्छे जन्मे कति मान्छे बसाई सरेर कति माान्छेको मृत्यु भयो भन्ने कुराहरूको समेत निक्यौल गर्दछ। यसक्रममा कुनै समाजमा बस्ने व्यक्तिहरूलाई धर्म, संस्कृति र सभ्यता जस्ता कुराहरूले कसरी प्रभाव पार्दछ, प्रभाव पार्नेका कारणहरू केके हुन भन्ने कुराहरू पनि क्षणको रूपमा आएको देखिन्छ (गौतम, २०६३, पृ. ५०)। तेनले साहित्यलाई दर्पणसँग तुलना गर्दै सत्यको अभिव्यक्ति साहित्यले गर्छ भनेका छन्। साहित्यकारले आफू वाँचेको समयको प्रतिबिम्ब साहित्यमा उतारेका हुन्छ भन्ने कुरा एक शताब्दी र अर्को शताब्दीको साहित्यको तुलना गर्दा थाहा पाउन सकिन्छ। यस्तो भिन्नता हुने कारण समयले मान्छेमा ल्याउने चेतनाले गरेको हुन्छ । यस शोधकार्यमा क्षणसँग सम्बद्ध साहित्यिक सन्दर्भ र विचारका आधारमा पारिजातका कथाको विश्लेषण गरिएको छ।

## ४.३ पारिजातका कथामा प्रयुक्त क्षण

पारिजातका जम्मा ४७ वटा कथाहरू रहेका छन् । ती कथा चारवटा कथा सङ्ग्रहमा सङ्कलित छन्। यी कथालाई हिप्पोलाइट तेनको क्षणसम्बन्धी अवधारणाका आधारमा यस परिच्छेदमा विश्लेषण गरिएको छ। यसरी विश्लेषण कथा कृतिको कालीक क्रमअनुसार विश्लेषण गरिएको छ। कथा सङ्ग्रहभित्रका कथाको चयन गर्दा क्रमानुक्रमअनुसार चयन गरिएको छ । प्रस्तुत परिच्छेदमा तेनले उल्लेख गरेका सूचकलाई आधार बनाई पारिजातका कथामा रहेको क्षणको स्थितिलाई विश्लेषण गरिएको छ।

### ४.३.१ 'मैले नजन्माएको छोरो' कथामा क्षण

मैले नजन्माएको छोरो कथा पारिजातको आदिम देश कथा सङ्ग्रहमा सङ्कलित कथा हो । यो कथा सिर्जना गर्दा पारिजात दार्जेलिङ्गबाट काठमाडौंमा आइसकेकी थिइन् । उनीले यस कथामा म पात्र भएर विद्यालयमा अध्ययन गर्ने केटालाई देखेर आफ्ना भावना वा क्षणलाई कथामा प्रस्तुत गरेकी छिन् । समयको क्रमसँगै पारिजातमा पनि यौन चाहना बढ्नु, छोरो पाउने र आमा बन्ने क्षण उत्पन्न भएको छ । पारिजातको घर काठमाडौँको मूल सडककै छेउमा छ । उनी घरको कोठामा बसेर सडकको चहलपहल हेर्दै छिन् । उनीको शरीरमा रोग लागेको छ । उनी धेरै टाढासम्म हिडडुल गर्न सक्दिनन् । त्यसैले उनी घरको झ्यालबाट सडकमा ओहोर दोहोर गर्ने मानिसलाई नियालेर दिन काट्छिन् । उनी घरको कोठामा बसेर झ्यालबाट धेरै प्रकारका दृश्य हेर्दा हेर्दै उनीको त्यो झ्याल मित्र जस्तै बनेको थियो ।

समयको क्रमसँगै पारिजाको बुबाको मृत्यु भयो त्यसपछि उनी धेरै दुःखी भइन् । आफ्नो बुवाको मृत्युले उनलाई जिन्दगीको पाठ सिकायो । त्यसपछि उनी जन्मनु र मर्नु प्रकृतिको नियम हो र बाबुको युग सकियो अब मेरो युगको सुरूवात भएको छ । मैले पनि राम्रो काम गरेर अगाडि बढ्नुपर्छ भन्ने हौसला प्राप्त गरेकी छन् । उनी विरामी भए पनि विहानको समयमा स्कुलमा गएर पढाउथिन । त्यसपछि स्कुलमा गर्ने क्रियाकलापका बारेमा सोचविचार गरेर बस्थिन् । उनीले वाल्यकालदेखि मिहिनेत गरेर आफ्ना खुट्टामा आफैँ उभिन सक्दा आनन्दको क्षणमा पुगेकी छन् । उनीले आफ्नो काम गरिसकेपछि त्यही झ्यालमा एकनासले मूल सडकतिर हेर्थिन र मनमा अनेक प्रकारका विचारहरू सोच्थिन् । झ्यालमा बस्था पारिजातले आफूलाई कातर स्वभावकी, कसैसँग नबोल्ने, कसैसँग आँखा नजुधाउने ठान्थिन् तर पनि किन झ्यालबाट बाहिरका दृश्य हेर्न मनपर्छ भनेर प्रश्न गर्थिन् । उनी आफूलाई भन्छिन्, म एकलास छु, अनौठो छु, एउटा फूल नफुल्ने रूख, एउटा काँडा ढुङ्गाभन्दा बढ्ता मेरो जीवनको केही महत्त्व छैन तर यही झ्यालबाट सडक पढिरहन्छु र पढ्दै तुरून्तै भुल्दै जान्छु । यसरी आफ्ना अनुभूतिहरू अफैंसँग व्यक्त गरेकी छन् ।

पारिजातको घरभन्दा मास्तिर एउटा स्कुल छ जहाँ केटाहरूलाई मात्र पढाइन्छ । फागुनको महिनामा पारिजातले त्यही अगाडि स्कुलमा अध्ययन गर्ने दुई जना विद्यार्थीलाई झ्यालबाट हेर्छिन् । ती केटाहरू एकजना उभिएको छ र अर्को घोप्टेर साइकलको जञ्जीर हाल्न लागेको छ । ती केटाहरू लगभग बाह्र-तेह्र वर्षका छन । उनीहरू घोप्टेर जञ्जीर

हाल्नेले टाउँको उभो उठाउँछ र पारिजातलाई हेर्छ । त्यसपछि पारिजात र त्यो केटाको आँखा जुध्छन् । त्यसपछि त्यो केटाको र पारिजातको मनमा तरङ्ग उत्पन्न भएछ । उनीहरूलाई लाजलाग्छ र केटाहरू कान राता राता पार्दै स्कुलतिर गएका छन् । त्यसैक्रममा पारिजातका मनमा पनि विभिन्न प्रकारका कुराहरू खेल्छन् । ती मनमा खेलेका कुराहरू यस प्रकार रहेका छन :

> आजको दिन एक विशेष दिन, आजको हेराई एक विशेष हेराइ, आजको संयोग एक विशेष संयोग, जसलाई हो निकै बेर आँखा जुधाएर मैले हेरेको । मेरो आँखाबाट त्यो ठिटो भाग्छ तर म उसलाई विर्सन सक्तिन । कालो-कालो अनुहारमा दुई रहरलाग्दा आँखा, चञ्चल पुतली, घुङ्ग्रिएको कपाल, कन्चट घुच्चुकमा मुन्द्रा परेर झरेको कपाल, मन हेर्ने मुस्कान, म कोसिस गर्दा पनि भुल्न सक्दिनँ । मलाई भित्र कताकता कुत्कुती लाग्छ, रमाइलो लाग्छ, कुन्नि यो कस्तो अनुभवको प्रहार हो बुझ्न खोज्छु बुझ्न सक्दिन । त्यो झ्याल नौलो लाग्छ, रमाइलो लाग्छ अनि फेरि आफैँलाई विरामी अनुभव गर्छु । तर के कुरा यस्तो चञ्चलता अघि मलाई कहिल्यै आएन । सम्झन अथवा विर्सनलाई मसँग कुनै विषय नै थिएन । (पृ.२१)

पारिजात चाल नपाइकनै विपरीत लिङ्गप्रति आकर्षित भएकी छिन् । स्कुले केटासँग आँखा जुधेपछि उनको मनमा माया पलाएको छ । मानिसमा माया, पिरती भएपछि मन आनन्दित हुन्छ, मानिसका मनमा सकारात्मक भाव उत्पन्न हुन्छ । आफ्ना दुःखलाई विर्सिएर सुन्दर भविष्यको कल्पनामा पुग्दछन् । यस्तै क्षणमा पारिजातको पनि स्कुले केटासँग आँखा जुधाइमा आनन्दको अनुभूति भएको छ । उनी आफूलाई रोमान्चित भएको महसुस गरेकी छन् । उनीको जीवनमा किशोर अवस्था प्रवेश भएको छ । ती केटालाई देख्दा लजाउनु, हेरिरहन खोज्नु आदि क्रियाकलापहरू यौवनको चाहना हो ।

पारिजात स्कुले केटासँगको आँखा जुधाएपछि उनी कल्पनामा ढुब्छिन् । उनी झ्यालमा बसिरहँदा त्यो स्कुले केटो सडकमा आउँछ र उनीलाई हेर्छ अनि दुई आँखा चार हुँदा उनका मनमा आनन्दको अनुभूति हुन्छ । त्यसपछि उनीको मनमा जग नभएको एउटा हावामा झुन्डिएको घर तयार भइसकेको थियो । उनीमा पनि ठिटोप्रति सीमा नाघेर गइसकेकी थिइन् । ठिटोलाई देख्ने वित्तिकै अङ्कमाल गर्न चाहन्छिन् । त्यसको दुवै गालामा म्वाई खान चाहन्छिन् । यस्तो अवस्थामा म पात्र यौन चाहनाको क्षणमा पुगेकी छिन् । उनीलाई विवाह नगर्दा मानिसमा

निरर्थकता, विरक्त र यौनसम्बन्धी रोग लाग्छ भन्ने कुरा पनि थाह छ । त्यस्तै गरेर उनी विवाह एउटा सामाजिक परम्परा हो त्यसैले परिवारको निर्माण पनि विवाहपछि नै हुन्छ भन्ने क्षणमा पुगेकी छन् ।

पारिजातले त्यो ठिटोलाई कसैको छोरो हो । छोरा छोरी प्रकृतिका बरदान हुन् । सबै छोराछोरीहरू आमाबुवाका कारणले यस धर्तीमा आउँछन् । हाम्रो समाजमा छोरालाई काख र छोरीलाई पाखा गर्ने चलने अहिले पनि हटेको छैन् । त्यसैले हाम्रो समाजमा छोरा छोरा भन्दा भन्दै छोरीहरूको जन्म भएको हो । छोरीबिना छोराको जन्म हुन सक्दैन र छोराछोरी खेलाउनलाई पोइ चाहिन्छ भन्ने क्षणमा पुगेकी छन् । फागुन महिनाको दिन स्कुले केटाहरू अविरको टिका लगाउँदै लोला हान्दै त्यही बाटो आउँदैछन् । त्यसै वेलामा स्कुले केटाले पारिजातको निधारमा मज्जाले लोला हानेको छ त्यसपछि उनी निथ्रुक्क भिजेकी छन् र आनन्द को क्षणमा पुगेकी छन् । यस्तो क्षणमा म पात्र आनन्दित भएर घरतिर जाँदा उनको रोग पनि निको भएको अवस्थामा पुगेकी छन् । त्यसपछि म पात्र त्यो स्कुले केटो मायाजालमा परेकी छन् र रात दिन सम्भिmरहेकी छन् । उनी सपनामा त्यही केटासँग विवाह गरेर ढड्डु छोरो जन्माउछिन् र मातृ गर्वले फुलेर हर्षित भएकी छन् । त्यो छोरो सपनामा हुर्केर चुरोट खाने पैसा मागिरहेको थियो । त्यतिकैमा म पात्र ब्युझन्छिन् र उनी दुःखको क्षणमा पुगेकी छन् । यसरी म पात्रले विवाह नगरी छोरो हुर्काउने चाहना राखेकी छन् । यस्तो क्षणमा म पात्रलाई यौनसम्वन्धि रोग लागेको छ । यो रोगलाई व्यक्त गर्न सकेकी छैनन् । स्कुले केटालाई झ्यालबाट नियालेर उनीहरूले गरेका क्रियाकलापको बारेमा चिन्तन गरेकी छन् । यसरी म पात्रले स्कुले केटाको काम विद्यालय गएर शिक्षादीक्षा आर्जन गर्ने हो तर किन ध्यान दिएर पढ्दैनन् । भट्टी पसलकी साहुनीसँग ख्यालठट्टा गरेको देख्दा म पात्र दुःखको क्षणमा पुगेकी छन् । उनीलाई पनि ती केटासँग ख्यालठट्टा गर्न मन लागेको थियो । स्कुले केटाको काम राम्रो शिक्षा दीक्षा हासिल गरेर सुन्दर भविष्य निर्माण गर्नु नै हो तर किन उनीहरूको ध्यान अर्कैतिर गएको होला भनेर चिन्तित भएकी छन् । त्यसैले यस कथामा पञ्चायत कालीन युगमा आफूले भोगेको शृङ्गारिक क्षणका बारेमा पारिजातले वर्णन गरेकी छन् ।

### ४.३.२ 'एक उडान' कथामा क्षण

एक उडान कथामा हवाइजहाजभित्र काम गर्ने एयर होस्टेस सोफियाको काम गर्दाको क्षणलाई प्रस्तुत गरिएको छ । सोफिया हावाइजहाजमा काम गर्दा यात्रुलाई बाढ्न हातमा

कपासको वण्डल र एक हातमा कोडोपाइरिनुको प्याकेट बोकेर विस्तारै हवाइजहाजभित्र पस्छे। ऊ तारकोल जस्तो कालो केशराशि, टाउको माथि गुजुल्ट्याएकी शृङ्गार पूर्ण शरीर र अनुहार, एक एक अङ्ग छुट्याउँदा केही नभए पनि जम्मा केही हुनुको प्रयोजन राखेकी छे । उसलाई यात्रीले नियालेर हेर्छन्। उसको व्यक्तित्व चालचलन र जीवनशैली देखेर सबै यात्रीहरू लोभिन्छन् । यसरी यात्रीहरूले विभिन्न दृष्टिकोणले सोफियालाई हेर्दा उनीमा डर र त्रासको क्षण उत्पन्न भएको छ । कतै उनको सुन्दरताले गर्दा नराम्रो काम पो हुने हो कि भन्ने डर पनि पालेकी छ । तर ऊ सकारात्मक सोच राख्दै आफ्नो काम निरन्तर गरेकी छ ।

सोफियाले हावाइजहाजमा यात्रीहरूलाई आवश्यक परेको वेलामा सरसहयोग गरेकी छ। ऊ हवाइजहाजमा मनपरेको विमान चालक स्टीवार्ड ठिटोसँग पेसेन्जरहरूको विवरण मागेर कोको भि. आइ. पी छन् कोको सर्वसाधारण छन् ? तिनीहरूलाई वेलावेलामा गएर सोधखोज गर्दै के आवश्यक पऱ्यो त्यही उपलब्ध गराउँ छे। ऊ यात्रुहरूलाई कपास वाढ्दै यात्राको लक्ष्य र यात्रीहरूले खानेकुराको लन्चका बारेमा सबैलाई जानकारी गराउँ छे। उसलाई यस्तो काम गर्दा आफू यात्राको मुख्य पात्र हुँ भन्ने क्षणमा पुगेकी छ। त्यसपछि उसले यात्रामा यात्रुहरूको वर्गीय अवस्थाका बारेमा सोच्न थालेकी छ। धनी र सम्पन्न मानिसहरू भि.आइ. पी. र मध्यम वर्गका मानिस चाहिँ सर्वसाधारण प्यासेन्जरका रूपमा भएको ठान्छे। सोफिया यात्रामा हरियो ठुटे चोली हरियै हिपटाइट, काइदाले बेरेको साडी, पर्दाको आडमा उभिएकी सोफियालाई देख्दा यात्रुहरूको मनमा आनन्दको क्षण उत्पन्न भएको छ । उसको शरीरमा प्रत्येक यात्रीले आँखा लगाएका छन्। कम्मर नितम्वको नापजोख गरेर मियामी विचमा पठाउनुपर्ने हो उसलाई भन्दै प्यासेन्जरहरूले मनमा कुरा खेलाएका छन् । यसरी सोफियाले सबैको मन तानेकी छ त्यसैले ऊ सबैकी प्रिय पात्र बनेको क्षणमा पुगेकी छ ।

हवाइजहाजभित्रको भी.आई .पी. प्यासेन्जर पनि सोफियाको सुन्दरतामा लोभिएका छन्। भी.आई.पी. को व्यक्तित्व पनि राम्रै खालको रहेको छ। सोफिया भी.आई.पी को नजिक पुग्दा डराएकी छे । उसले त्यस व्यक्तिलाई कफीको कप दिन खोज्दा उसको हात कामेको छ । उसले त्यो भी.आइ.पी. यात्रुले केही गर्छ कि, केही भन्छ कि भनेर डराएकी छे। त्यसैक्रममा कफी सिद्धिएपछि भी.आई.पी.प्यासेन्जरले फेरि बोलाएका छन् । उसलाई आफूतिर आकर्षित गर्न आफ्नो परिचय लेखिएको कार्ड दिएको छ । त्यसैक्रममा उसले सोफियाको नरम हात समाएको छ। त्यसपछि सोफिया झस्किएर ऊ दःखी भएकी छ। उसलाई यो क्रियाकलाप

मन परेको छैन । उसको मनमा लाज, डर भएका क्षण उत्पन्न भएका छन् । उसलाई बिसन्चो भएजस्तो लाग्यो । यस्तो भी. आई. पी. को व्यवहार सोफियालाई मन परेको छैन । राणा काल र पञ्चायती शासनको युगमा भी.आई.पी. मानिसहरूले मन परेको केटीलाई आफ्नो पारेर यौनको चाहना पूरा गर्ने तर अहिले देशमा प्रजातन्त्र आएको छ तरपनि सम्पन्न घन्टाउके भी.आई.पीहरूमा परिवर्तन हुनसकेका छैनन् भन्ने क्षणमा सोफिया पुगेकी छे । त्यो घन्टाउके मानिसले सोफियाको अस्मिता लुट्न खोजेको छ । यस्तो अवस्थामा सोफियाको मस्तिकमा खैलाबैला मच्चिएको छ । त्यो ठूलो शरीर भएको भी. आई. पी. धनी छ भन्दैमा सुन्दरी युवतीलाई आफ्नो पार्न खोज्नु गलत हो भन्ने क्षणमा पुगेकी छ । सोफिया हावाइजहाजमा उडीरहेकी छे । उसले त्यहाँ ठूलो टाउको भएको भी.आई.पी. मानिसलाई देख्दा आफ्नो घरको बुबा र दाजुलाई सम्झिएकी छ । उनीहरूको पनि व्यवहार राम्रो थिएन । आफ्नो बुबाले कान्छी आमा ल्याएर सोफियालाई दुःख दिएका थिए भने आफ्नो दाजुले सोफियाको रहरलाई पुरागर्न दिएको थिएन । उसले दाजु भएर बहिनीलाई धेरै दुःख दिएको थियो ।

दाइले हानेका जुत्ताका डामहरू सोफियाका शरीरमा ताजै छन् । सोफियाको हलक्क बढेको शरीरसँग, सोफियाका हर्ष उमङ्ग र बैससँग उसको दाजुलाई डाह लागेको थियो । त्यसैवेलामा उसका दाजुले कपाल लुछिदिन्थे, उसले लगाएको लुगा च्यातिदिन्थे । सोफियाको सेतो आङ्मा जबसम्म घुम्रेको कालो रौ देखिदैनथ्यो तवसम्म ऊ सोफियालाई हिर्काउने गर्थ्यो । त्यसपछि सोफिया पनि दाजुसँग रिसाएर अरू ठिट्टा केटाहरूसँग भागेर सिनेमा हेर्न जान थालेकी थिई । लुकेर चुरोट खान थाली र ऊ वाल्यकालको अतितलाई सम्झने क्षणमा पुगेकी छ । त्यसै वेला आफ्नो बाबुले सौतेनी आमा ल्याएपछि परिवारमा उत्पन्न पीडाको क्षण र कुलतमा पुगेको अवस्था सम्झिँदै यात्रुहरूलाई आवश्यक परेको ठाउँमा सहयोग गरेकी छ । भी.आई पीको क्रियाकलाप देखेर धेरै कुराहरू सोफियाले सम्झिन थालिन् । उसले सम्झदा सम्झदा सपनाबाट विउजेझै भई । त्यसपछि उनीले पेसेन्जरलाई सहयोग गर्न थाली । हवाइजहाजका प्यासेन्जरहरू सोफियाको कार्यप्रति सन्तुष्ट थिए । उसले हवाइजहाजभित्र काम गर्दा प्रत्येक प्यासेन्जरसँग मिठो बोलेर हाँस्दै आफ्नो काम गरेकी थिई । सोफियाले विताएका क्षणलाई निम्न साक्ष्यबाट प्रस्तुत गरिएको छ :

दमदम हवाइअड्डा, उराठलाग्दो घाममा पम्रिएको छ । हवाइजहाज उत्रन्छ । क्रमश : मानिसहरू आफ्नो आफ्नो बाटो लाग्छन् । भी आई पी गइरहेको छ अन्तिमपटक फेरि

उसको संस्कारलाई पल्टायउँदै । मेरो दाजुको जस्तै उसको पनि हात ढुङ्गा जस्तै कडा छ । त्यो कडा हातको मैले पिटाइ मात्र खाएकी छु । कस्तो स्वार्थी हो मेरो दाजु आफ्नी स्वास्नीको नाउँमा कविता कोरेर, गीत रचेर हिँड्छ । उसकी स्वास्नी मेरो पैतालासँग दाँजोमा आउँदिन । उसकी स्वास्नी उसैले बनाएको आधुनिक चित्रकला जस्तौ दुईवटा नली हाडमाथि एउटा खोपडी मात्र हो, त्यति मात्र हो । (पृ .२९)

यात्रा गर्दै जाँदा ऊ नाइट स्टपमा पुगेकी थिई । त्यहाँ उसले पाइलटसँग बसेर होटलमा खाजा खाएकी थिई । पाइलटको चाहना सोफियासँग समय बिताने थियो । ऊ सोफिसँग नजिकिएर फकाइ फुल्याइ गरेर रमाइलो गर्न चाहन्थ्यो । होटलमा बस्था पाइलटले क्याबिनमा बोलाएको थियो । त्यसपछि उनीहरूका बिचमा माया पिरतीका कुरा भए । दुवै जनाले मिठा कुरा गरे त्यसपछि पाइलटले गाला मसार्दै नसाको तालमा सोफियालाई माया गर्न खोज्यो । त्यो वेला पाइलट र सोफिया आनन्दको क्षणमा पुगेका थिए । केही समयपछि दुवैले आराम गरे । त्यसपछि पाइलटले सोफियालाई क्याबिनबाट निकाली दियो । उसले सोफियालाई दूधमा परेको झिंगाजस्तै बाहिर फ्यालिदियो । ऊ पाइलेटको व्यवाहर देखेर आफूलाई चुरोट सिद्धिएको बट्टासँग तुलना गर्दै नरमाइलो क्षणमा पुगेकी छ ।

पुरुषहरू महिलाको सुन्दरतामा मोहित हुन्छन् अनि आफ्नो स्वार्थ पूरा भएपछि किन वास्था गर्दैनन भन्ने सोचमा सोफिया पुगेकी छ । उच्च तहमा पुगेका पुरुषले महिलाको अस्मितामा खेल्न चाहन्छन । महिलाप्रति उनीहरूको सोचाइमा स्वार्थ लुकेको हुन्छ। सोफियाको सुन्दरतालाई पाइलटले आँखा लगाएको थियो । आफ्नो मान मर्यादा विर्सिएर किन यात्रीहरू महिलाप्रति स्वार्थको दृष्टिले हेर्छन् । अरूको चाहना र भावनालाई किन वास्था गर्दैनन् भनेर मनमा सोचेकी छे। पाइलट र भी.आई. पीको क्रियाकलाप देखेर सोफियालाई धेरै चित्त दुखेको छ। यात्रामा जस्तो समस्या आए पनि आफ्नो काममा लागेर सेवा गरेकी छ र यात्रामा भएका तिता मिठा क्षणलाई आफ्नो डायरीमा लेखेकी छ । त्यसैले यस कथामा कथाकारले राणा कालमा उच्च पदमा बसेर काम गर्ने कर्मचारीले मनपराएका महिला कर्मचारीमाथि गरिने दुर्व्यावहारको क्षणलाई चित्रण गरेकी छन् ।

### ४.३.३ 'तिउरीको फूल, पायरियाको गन्ध' कथामा क्षण

तिउरीको फूल पायरियाको गन्ध कथाको मुख्य पात्र लाटी र म पात्र रहेका छन् । सिमसिम पानीले भिजेको सडकमा रातीको नौ बजे म पात्र आफ्नो घरतर्फ जाँदै छन् । घर जाँदा बाटामा मन्दिर, मन्दिरको बलेसी, केही खुड्किला र अलिक पर बारा पसलको छाप्रो छ । त्यही वरपर एउटी लाटीको जिन्दगी बितिरहेको क्षणलाई म पात्रले सम्झेका छन् । उनी रातीको समयमा आफ्नो घर जाँदा बेवारिसे जीवन बाँचेकी एउटी लाटीलाई सम्झिएकाछन् । त्यो लाटी दिनभरि गल्लीमा घुमेर भन्ज्याङ्नेर निर्धक्क सुत्ने गरेकी छे । उसको शरीरमा जवानी र यौनका चाहनाहरू भरिएका छन् । उसले आफ्नो जीवनलाई चिन्दिन्न र अँध्यारोसँग डराउँदिन । ऊ लाटी, उसको गीत लाटो बैस लाटो भएको देख्दा म पात्रका मनमा अनेक प्रकारका विचारहरू उत्पन्न भएका छन् ।

लाटीका बारेमा सोच्दा सोच्दै म पात्र आफ्नो घरमा पुगेका छन् । घरमा आफ्नी श्रीमतीले खाना नखाई पर्खेर बसेको देखेर श्रीमतीप्रति म पात्रमा दया पलाएको छ । म पात्रले मन पराएर विवाह गरेको थियो । त्यसैले आफ्नो श्रीमान् ढिला घरमा आउँदा उसकी श्रीमतीले गुनासो कहिल्यै गरेकी छैन । हिन्दु धर्ममा पतिलाई परमेश्वरसँग तुलना गरिएको छ त्यसैले विवाह गरेका महिलाले आफ्नो श्रीमान्लाई खाना खुवाएर मात्रै खाना खाने चलनले गर्दा म पात्रमा धर्मकर्मको बारेमा सोच्न वाध्य भएका छन् । म पात्र र उसकी श्रीमती खाना खाँदै सुख दुःखका कुरा गर्दै सडकमा हिड्ने लाटीका बारेमा सोचेका छन् । लाटीको दिनचर्या सडकमा बिताउनु उसको बाध्यता हो । सडकमा राती एक्लै हिड्दा पुलिसले कुट्ने गर्छन् । पुलिसले निर्दोष मानिसलाई किन कुट्ने गर्छन् भनेर म पात्रले आफ्नी श्रीमतीसँग कुरा गरेका छन् । लाटीले सडकमा बिताएको जीवनलाई सम्झेर म पात्रहरूले धेरै ठाउँका लाटीहरूको क्षणलाई सम्झेका छन् । लाटीले सडकमा यताउती गरेर समय बिताउँदा म पात्रले सडकमा एउटा टुरिस्ट गाइडलाई पनि देखेका छन् । त्यो ठिट्टी अठार वर्षे ताउ देखाउँछ । त्यो पनि मन्दिरतिर जान लागेको देखेर म पात्रका मनमा सङ्का र उपसङ्का उत्पन्न भएका छन् । त्यसपछि म पात्रले त्यो ठिट्टोप्रति निन्दा गर्दै लाटीमाथि हातपात गऱ्यो होला भन्ने क्षणमा पुगेका छन् । म पात्रका मनमा लाटीका बारेमा चिन्ता बढेको छ । म पात्र र उसकी श्रीमती घरभित्र सुरक्षित रहेका छन् । उनीहरूले आनन्दले जीवन विताएका छन् तर बाहिर पानी

परिरहेको छ। त्यसवेला लाटीको अवस्था कस्तो भयो होला भनेर म पात्रले सोचेका छन्। यस कुराको साक्ष्य यस प्रकार रहेको छ :

> म सम्झन थाल्छु, लाटी बलेंसी ओगटेर सुतिरहेकी होली । पानी नपरेर भऱ्याङ्नेरै पल्टन्छे । बढता झरी लागे बार पसलमा पुग्छे । अहिले ऊ रोएकी छैन, अवश्य त्यो टुरिस्ट गाइडले फकायो होला । घिनलाग्दो मानिस जन्मजात ननुहाएकी लाटीसँग के भनेर....... । छि ! पहेलो दाँत, हरियो पल्टेको ओठ, शायद दाँत नमाझेर पायरिया लागेको होला कति सास गहनाउँदो हो । के छ र त्यो लाटीमा ? स्वास्नी मान्छे भनेर चिनाउने एउटा आकृति छ ऊ कहाँ हो र स्वास्नी मान्छे ? उसको जीउबाट स्वास्नी मान्छेको मासुको बास्ना आउँछ, बस त्यति हो । (पृ.३१)

सडकमा हिडेकी लाटीको अवस्थाका बारेमा म पात्रले चिन्ता गरेका छन् । उसको दिनचर्या र वेदनाको अवस्थाका बारेमा घरमा बसेर श्रीमतीसँग कुराकानी गरेका छन्। लाटीका बारेमा सोच्दा सोच्दा म पात्रले आफ्नी श्रीमतीलाई पनि लाटीजस्तै देख्न थालेका छन् । श्रीमतीसँग बस्दा पायरियाको नमिठो गन्ध, आफ्नी श्रीमतीको ओठ लाटीको जस्तै हरियो देख्न थालेका छन्। त्यसपछि उनले आफ्नी स्वास्नीलाई घृणा गरेका छन्। यसरी लाटीको वेदना र अनुरोधलाई सोच्दा सोच्दा म पात्रले सम्पूर्ण महिलाहरूलाई लाटी कै अवस्थामा पुगेको क्षण उत्पन्न भएको छ ।

जागिर खान अर्को दिन म पात्र घरबाट कार्यलयतर्फ लगेकी छन् र उनले फेरि बाटामा यताउति हेर्दै गएका छन्। त्यही वेलामा टुरिस्ट गाइडलाई चुरोट मस्तसँग खाएको देख्छन्। त्यसपछि टुरिस्ट गाइडले म पात्रलाई देख्ने वित्तिकै हाँसेर आफ्नो प्रतिक्रिया देखाएको छ र उनले लाटी पनि त्यही पो छे कि भनेर हेर्छन् तर त्यहाँ लाटी हुन्न । यस्तो क्षणमा म पात्रले फेरि सङ्कालु दृष्टिले दुरिस्ट गाइडलाई हेरेका छन्। त्यस टुरिस्ट गाइडले लाटीमाथि नराम्रो कार्य गऱ्यो कि भन्ने क्षणमा पुग्छन् । त्यसैक्रममा उसले म पात्रलाई गोदावारीतिर जर्मनी पर्यटकलाई घुमाउनु लानुपर्ने छ भनेपछि म पात्रमा फेरि सकारात्मक क्षण उत्पन्न भएको छ। म पात्रले लाटीको जीवनमा नराम्रो कार्य गर्छन कि भन्ने डर पालेका छन्। उनी कार्यलयबाट घर फर्कदा मन्दिरअगाडि छ, सात जनाको भीड लागेको छ । त्यहाँ दुईचार जना चिनेका मान्छे, भुराभुरी र लाटी छन्। त्यो भिडमा लाटी कहिले रूनु कहिले हाँस्नु र कहिले धारे हात लगाएर गाली गर्नको छाँट झिक्दै बसेकी छे। यसरी लाटीको चर्तिकला देख्दा म पात्र लाटीको

मानसिक अवस्था कम्जोर भएको क्षणमा पुगेका छन् । उनले लाटीका क्रियाकलापलाई नजिकैबाट नियालेका छन् । त्यसैक्रममा लाटीले आफ्नो खुट्टा बजार्दै भिडेबाट भागेर म पात्रको छेउमा आई र सहारा मागेकी छे । त्यही वेलामा लाटीले म पात्रलाई अप्ठ्यारोमा पुऱ्याउँछे कि भन्ने सङ्का उत्पन्न भएको छ ।

लाटीले म पात्रलाई आफ्नो भाषामा धेरै गुनासाहरू पोखेकी छ । उसका तर्सेका आँखाहरूमा याचना छन् र उसकी हाउभाउका माध्यमबाट मोडनिरको रिक्सावाल र पुलिसले दिउँसै पनि, दुःख दिन्छन् । त्यसपछि म पात्र रिसाउँछ र ती दुःख दिने व्यक्तिलाई सजाय दिनुपर्छ भन्ने क्षणमा पुगेका छन् । त्यस्तो अवस्थामा लाटीलाई सहयोग गर्ने मानिसहरू कोही पनि छैनन् । सहारा नभएकी महिलालाई किन मानिसहरूले दुःख दिन्छन् भनेर म पात्र सोच्न थालेका छन् । सडकमा सधैंभरि दिन बिताउने मानिस सुकिला मुकिला हुँदैनन । उनीहरू अरूबाट हेपिएका हुन्छन् । उनीहरूको जीवन असुरक्षित हुन्छ । म पात्रले लाटीलाई नजिकैबाट चिनेका छन् तर आर्थिक सहयोग गर्न सकेका छैनन् । त्यसैक्रममा म पात्रले लाटी कसरी सडकमा पुग्न बाध्य भई ? उसका बाआमा को होलान ? उसको जीवन कस्तो होला भन्ने क्षणमा पुगेका छन् ।

लाटीको जीवन सधैँभरि एकनासको छैन । कहिले पुलिससँग, कहिले रिक्सावालसँग र कहिले सडकका मानिसहरूसँग जोगिएर बाँच्नु पर्ने अवस्थामा रहेको छ । लाटी सहरमा कसरी आईपुगी, उसका बाआमा को होलान, ऊ कतै बेवारिसे भएर सडकमा आएकी पो हो कि भन्ने क्षणमा पुगेका छन । लाटीले फोहोर मैलामा बसेर जिन्दगी काट्नुपरेको छ । उसलाई पनि आफ्नै घरेमा बस्न रहरलाग्दो हो, उसलाई पनि रमाइलो गर्नु र आनन्दका दिन बिताउन मन लाग्दो हो तर उसका ती सपनाहरू पूरा भएका छैनन् । यसरी कथाकारले सडकमा जीवन बिताउनुपरेको लाटीको क्षणलाई प्रस्तुत गरेका छन् । सडकको जीवन दुःखदायी जीवन हो जहाँ मानिसक वाध्य भएर जीवन विताइरहेका छन् । यस कथामा कथाकारले सडकमा जीवन बिताउन अपाङ्ग युवतीको वेदनालाई प्रस्तुत गरेर पञ्चायत कालको नरमाइलो क्षणको चित्रण गरेकी छन् ।

### ४.३.४ 'घाम ताप्दा' कथामा क्षण

घाम ताप्ता कथामा कथाकारले आर्थिक अवस्था कम्जोर भएको लोग्ने र स्वास्नीको जीवन भोगाइलाई क्षणका रूपमा प्रस्तुत गरकी छन् । उनीहरूको आर्थिक अवस्था कम्जोर छ। उनीहरूसँग एउटा नानी छ जसलाई राम्रोसँग खान, लाउन र हुर्काउन गाह्रो भएको छ। हिउँदको समयमा त्यो नानी चिसो लागेर रोएको छ, उसलाई न्यानो लुगाको खाँचो छ तर उसका बुबाले रिसाएर थप्पड हानेका छन् । उनीहरूले राम्रो लुगा लगाउन पाएका छैनन् । लोग्नेले कमाएर घरमा राम्रोसँग अन्नपानीको व्यवस्था गर्न सकेको छैन् । घरमा खाने कुराको अभाव भएपछि उनीहरू वेमेलको क्षणमा पुगेका छन् । उनीहरूको विवाह गरेको कानुनी आधार नै छैन् । लोग्नेले फकाइफुलाई गरेर विवाह गरेको थियो । त्यो वेलामा स्वास्नी निकै स्वाभिमानी र त्यो समयमा सुन्दरी पनि थिई । त्यस्तो वेलामा लोग्नेले असाध्यै माया गर्थ्यो तर आजभोलि एक घण्टासँगै बस्न पनि गाह्रो भएको छ । यसरी लोग्ने र स्वास्नीका विचमा झगडा भएपछि अतितका क्षणहरू सम्झेर लोग्नेले समय विताएको छ ।

लोग्ने दलाली काम गर्न घरबाहिर जान्छ र काममा उपलब्धी नभएपछि घाम तापेर घर फर्कन्छ भने उसकी स्वास्नी फुर्सदका क्षणमा काम नगरी अरूको कुरा काटेर बस्छे । आफ्नो लोग्नेले राम्रोसँग गाँस, बास र कपासको व्यवस्था गर्न नसकेपछि आफ्ना वेदना अरूलाई सुनाएर दुःखको क्षणमा पुगेकी छे । उसको छोरोको शारीरिक अवास्थाा कमजोर देखिन्छ । उसलाई गाउँका केटाहरूले थर्काएपछि लुरुक्क भएर भागुवा कुकुर जस्तो दाह्रा किटेर ढुङ्गा हान्छे । त्यसपछि आमासँग भोक लाग्यो भनेर खानमाग्दा आमाले अपशब्द बोलेर गाली गर्छिन् र त्यो गाली उसका बुवाले सुन्छ । घरको पारिवारिक अवस्था विग्रेको देख्दा लोग्नेको मनमा उदास र कमजोरी अवस्थाको क्षण उत्पन्न भएको छ । यस्तो समस्यालाई समाधान गर्ने लोग्नेले गाउँको सुब्बा बासँग समस्याका बारेमा वताउँछ । त्यसपछि सुब्बा बाले ती लोग्नेलाई यस प्रकारले सम्झाएको साक्ष्य प्रस्तुत गरिएको छ :

> "बाबु हामी मान्छेको जात भनेको एकै हो । तपाईंलाई काट्दा रगत आउँछ मलाई काट्का पानी आउँदैन, रगत नै आउँछ । धर्म छाडेर कुरो गर्नु हुँदैन । हो कि होइन अफैं भन्नुहोस " अरूले राम्रो खाए भनेर डाहा गर्नु हुँदैन, मनमनमा भन्छन्, डाहा गरेरै के हुन्छ र डाहाको नङ्ग्र, काँडा हुँदैन क्या यसले कसैलाई छुने होइन् ।" (पृ.९६)

सुब्बाका कुरा सुनेर लोग्नेलाई चसक्क भएको छ। सुब्बाले मानिस एउटै हो भनेर मख्ख पारेका छन् तर ऊ नै गाउँमा गरिब मानिसलाई हेपेर व्यवहार गर्छन्। सुब्बाका कुराले लोग्ने प्रति सकारात्मक भाव उत्पन्न भएको छ। ऊ पनि समाजमा राम्रो काम गरेर पैसा कमाएर मिठो खाने र राम्रो लाउने क्षणमा पुगेको छ। लोग्नेलाई बुद्ध जन्मेको कुरा, नालापानीको र बलभद्रको बारेमा केही थाही छैन। ऊ त निर्बोध हुर्केको पीडाबिच दिनैपिच्छे मूर्ख र केटाकेटी भइरहेको बूढो हो तर ऊ घाम छेक्ने पर्वत जस्तै व्यापक छ, कठोर छ, ऊ एउटा निस्ठुर शासक भएर घरमा बसेको छ। लोग्ने अरूको जस्तो पेटमा कुरो राख्दैन। आफ्ना मनका विचार अरूलाई व्यक्त गर्दछ। उनी आफ्ना घरका छिमकी मानिसहरूलाई दाजुभाइको जस्तो व्यवहार गर्छन् तर सुब्बा मिठा र आदर्श कुरा मात्रै गर्छन् तर गाउँका गरिब दुःखी मानिसलाई सहयोग गर्दैनन्।

लोग्ने पात्रले आफ्नो आर्थिक अवस्था कम्जोर भएको कुरा थाहा पाएको छ। ठेक्कापट्टाबाट पैसा कमाई हुँदैन। आफूले घामतापेर समय बर्बाद गर्दा घरमा खाना पाक्दैन। त्यसैले उसले आफूलाई गरिब ठाने पनि उसको परिवारको उठिबास लागेको छैन्। उसको जीवन एउटा छिडीदेखि गल्लीसम्म र गल्लीदेखि फुटपाथसम्म र फूटपाथदेखि रछ्यानसम्मको क्षण बितेको छ। लोग्ने दुई चार पैसा कमाउनका लागि अरू मानिसलाई व्याजमा पैसा खोज्ने काम गर्छ। यसो गर्दा उसलाई अलिअलि फाइदा आउँछ। उसकी स्वास्नी पनि गाउँमा काम नगरी बसेर अरूको कुरा काट्दै बसेकी छे। डेरा बसेकी तरुनी केटी होटलको घर्ती केटोसँग पोइला गएको कुराकानी गर्दै उसकी स्वानी गाउँमा गफ लगाउँदै हिड्छे। आफ्नो गाउँघरमा कोठा खाली छ, कसले के गरे भनेर कुराकानी गर्दै स्वास्नी गफ लगाएर दिन बिताउँछे। यसरी लोग्ने र स्वास्नीले काम नगरी अर्काको आशमा बस्दा जीवनमा दुःख भोग्नु परेको छ। घाम ताप्दा कथामा आर्थिक अवस्था कम्जोर भएपछि केही काम गर्नुपर्छ। अर्काको कुरा काटेर, घाम तापेर मात्रै बस्नुहुँदैन। लोग्ने र स्वास्नी भनेका एक आपसमा मिलेर परिवार निर्माण गर्नुपर्छ भन्ने क्षणमा पुगेका छन्। यस कथामा दुःख, पीडा र वेदनाको क्षणलाई देखाइएको छ। परिवारमा भौतिक सुख भएन भने लोग्ने र स्वास्नीसँगको मेल हुन सक्दैन भन्ने क्षणमा कथाकार पुगेकी छिन्। यस कथामा गाउँका सुब्बाले गरिब मानिसलाई आशा देखाएर मख्ख पारेकाले यहाँ प्रजातन्त्र आएपछिको क्षणलाई चित्रण गरिएको छ। पैसा ब्याजमा लाउने र ब्याजको पैसाले जीवन चलाउने काम प्रजातन्त्रको सुरूवाती वि. स.२०४७ तिर भएको पाइन्छ।

### ४.३.५ 'साथीको सम्झना' कथामा क्षण

साथीको सम्झना कथामा म पात्रले उनको साथीको डायरीमा पुलिसप्रति गरिएको राम्रो र नराम्रो क्षणलाई प्रस्तुत गरेकी छन् । म पात्रले सुरूमा पुलिसले गरेको नरमाइलो क्षणलाई प्रस्तुत गरेकी छन् । त्यो डायरीमा पुलिसहरूले जाँड रक्सी खाएर बाटातिर मातिएर, हिलिएर, अश्लील बोलेर हिडेका कुरालाई लेखिएको छ । उनीहरू आफूलाई सरकार सम्झन्छन् । शासक ठान्छन् तर उनीहरू जबरस्वाँठ सामन्तिको अवतार हुन् । पुलिसप्रतिको नराम्रो धारणा उनको साथीको डायरीमा लेखेको देखेर म पात्र पनि अचानक एउटा पुलिसको क्रियाकलापको क्षणलाई सम्झिन्छिन् । त्यो पुलिसले जागिर खाएको धेरै वर्ष पछि जमदार भएको थियो । त्यसपछि त्यो पुलिस घरजम गरिखान मधेश झरेको थियो ।

मधेशमा गएर त्यो पुलिसले प्रगति गर्न सकेन तर ऊ बौद्धिक, निकै दार्शनिक र राजनीतिज्ञ थियो । म पात्र पुलिससँगै भट्टीमा भेट हुँदा पुलिसले उसका बारेमा विभिन्न कुराहरू बताएको थियो । त्यसैक्रममा पुलिसले म पात्रलाई महत्त्वपूर्ण कुराहरू व्यक्त गरेको छ । पुलिस भनेको भ्रष्टचार, दुराचार र व्याभिचारीलाई दमन गर्न बनाइएको संस्था हो । त्यसैक्रममा उसले भ्रष्टचार, दुराचार, व्याभिचारी भाव सधैं जनताबाट हुँदैन, सरकारबाट हुन्छ भनेपछि म पात्रले सरकार नै चोर हुँदो रहेछ भन्ने क्षणमा पुगेकी छन । त्यसैक्रममा पुलिसले जनता र पुलिस शत्रु हुँदैनन्, पुलिस त जनताको रक्षक हो भनेर भट्टी पसलमा प्याक लगाउँदै म पात्रसँग वास्तविक कुरो व्यक्त गरेका छन् । पुलिस भएपछि राजनीति गर्ने क्रान्तीकारीहरूलाई समात्दै जेल हाल्नुपर्छ । वेलावेलामा विद्यार्थी नेतासँग झडपमा पर्नुपर्ने कुराम पात्रलाई बताउँदै छन् । त्यसपछि म पात्रले पुलिसका बारेमा धेरै कुरा बुझेकी छन् । देशमा शान्ति सुरक्षार सुशासन कायम गर्न, गराउन पुलिसको आवश्यक पर्दछ भन्ने क्षणमा पुगेकी छन् । यसरी पुलिसले रक्सी खाई म पात्रलाई वास्तविक कुरा बताएको छ । म पात्रलाई पुलिस सबै एकै खालका हुँदैनन् । उनीहरूको चालचलन र जीवन शैली फरक फरक प्रकारको हुन्छ । उनीहरूले अवसर पाए भने अर्को स्वास्नी पनि ल्याउँछन र घरको न घाटको अवस्थामा पुगेका हुन्छन् ।

पुलिससँग म पात्रले भट्टीमा रक्सी खाँदै उनीहरूको दिनचर्या र वास्तविकता बुझेकी छन् । रक्सीको नशा लागेपछि पुलिसले सत्य तथ्य कुराहरू म पात्रलाई सुनाएको छ । पुलिसको तातो रिसलाई नियन्त्रण गर्न पनि रक्सी चाहिन्छ भनेपछि म पात्रले रक्सीमा पनि एक प्रकारको शक्ति हुने अवस्थामा पुगेकी छन् । त्यसैक्रममा पुलिसले आफ्नो मनको कुरा म

पात्रलाई  प्रशासनमा कामगर्दाको क्षण बताएको छ। पुलिसमा जागिर खाँदा मान वढ्ला, पैसा कमाइएला, ठटिएर हिड्न पाइएला, चोर पक्रन पाइएला, पापीको नाशा गर्न पाइएला भनेर सपना बोकेको थियो तर पुलिसमा भर्ती हुने वित्तिकै लगातार चार वर्ष डी.एस.पीको घरमा घरायसी काम गर्नुपऱ्यो । त्यसैक्रममा डि एस.पीकी श्रीमतीको पेटिकोट धोयो । उनीहरूका लात र घुस्सा सहेर चार वर्ष बितायो। भर्ती हुनुभन्दा पहिला ऊ देशको रक्षा गर्छु भन्ने सोचेको थियो तर त्यहाँ त व्यक्तिगत काममा पो खटिनु पऱ्यो। त्यसपछि म पात्रले ठुलो पोस्टमा पुगेको प्रहरी नै अत्याचारी र शोषक हुँदा रहेछन भन्न क्षणमा पुगेकी छन् । यसलाई प्रस्ट पार्न निम्न साक्ष्यको प्रस्तुत गरिएको छ :

> एक रात हामीहरूले धेरै बेरसम्म भण्डारखालको जङ्गलमा गफ गरेर बितायौं । एउटा साथीको बिहेमा गएका थियौं, बिसौनी त्यहीँ पऱ्यो फर्केर आउँदा । ऊ भन्थ्यो," यो पन्ध्र दिनभित्रमा तीन पटक विदेशी पाहुनाहरू आइसके । स्वागत गर्न जानै पऱ्यो । बिहानदेखि भोको, युनिफर्मको रवाफले कति थेग्छ हँ मान्छेको जीवनलाई ? ल विदेशी पाहुना आयो रे माने मैले तर अखबारमा कसको तस्विर निस्कन्छ ? प्रीतिभोज कसले खान्छ ? उपहार कसले थाप्छ ?" (पृ .११०)

भण्डारखालको जङ्गलमा म पात्र पुलिसले धेरै बेरसम्म समय बिताएका थिए। उनीहरू त्यहाँ साथीको विवाहमा गएका थिए । त्यहाँ विदेशी पाहुनाहरू आएका थिए, ती पाहुनालाई स्वागत र सत्कार गर्न विवाह घरको मुख्य मान्छे खटेका थिए। यसरी विवाह गरी कर्म चलाउन आफ्ना आफन्तलाई सेवा र सत्कार गर्नुपर्छ भन्ने क्षणमा म पात्रलाई आभास भएको थियो। विवाहको कार्यक्रममा भएको तडकभडक देख्दा पात्रलाई अचम्म लागेको थियो। त्यहाँ आएका मानिसहरूले पोसाकको रवाफ देखाएका थिए। सबैजना ठुलाठालु भएर आएका थिए तर त्यहाँ पाहुनालाई स्वागत गर्ने मानिसहरूको अभाव थियो । त्यसैक्रममा पुलिस र म पात्रका विचमा विभिन्न प्रकारका विषयमा दुःख सुखका कुराकानी भएका छन् । उनीहरूले त्यहाँ भएका क्रियाकलापको नजिकबाट नियालेका छन्।

पुलिसहरूले आए भने फाँटतिर गएर घाँस काट्ने घसेनीहरूलाई हेरी कानमा हात रोखेर रसिया गाउँछन्। घसेनीहरूको घर कहाँ हो ? माइती कहाँ हो भनेर रमाइलो क्षणमा पुगेका छन्। त्यसैक्रममा पुलिसले घसेनीहरू पनि मति बिग्रिएको छ। उनीहरूले आजभोलि खाकी पोसाक लगाएको मानिस देख्नुहुँदैन । उनीहरू त्यसै छिल्लिन्छन् । यसरी पुलिसका कुरा र

गाउँघरका युवतीको कुरा सुन्दा म पात्र आनन्दको क्षणमा पुगेकी छन् । कोही पुलिसहरू व्यारेकभित्र मादल बजाएर, नाचगान गरेर, रमाइलो गर्छन् भने कोही पुलिसहरू आफ्नो घरमा जान्छन् र परिवारसँग रमाइलो गर्छन् । प्रहरी प्रशासनमा पनि वेलामौकामा भोजभतेर खाने चलन छ । यसवेला माथिल्लो पदमा भएका हाकिमहरूलाई चाकडीगर्न जान्नुपर्छ । पुलिस प्रशासनभित्रको यस्तो छुवाछुतको अवस्था देख्दा म पात्र दुःखको क्षणमा पुगेकी छन् । उच्च वर्गका पुलिसले निम्न वर्गका पुलिस माथि गरेको अत्याचार हेर्दा म पात्र जो रक्षक उही भक्षक भन्ने क्षणमा पुगेकी छन् । यस कथामा प्रजतन्त्र आएपछि स्वतन्त्र भएर बोल्न पाइन्छ त्यसैले म पात्रलाई पुलिसले प्रशासन र भ्रटचारका बारेमा खुलेर बोलेका छन् । त्यसैले यस कथामा प्रजातन्त्र आएपछिको क्षणलाई चित्रण गरिएको छ ।

### ४.३.६. 'संघारनेर' कथामा क्षण

संघारनेर कथामा म पात्र, पुलिस तरुनी सर्किनीका आफ्नो जीवनमा घटेका क्षणलाई प्रस्तुत गरिएको छ । म पात्रले गाउँको लामो जीवन विताएपछि माााटाको गन्धका बारेमा सोचेकी छिन् । माटोमै बोटविरुवा उम्रन्छन्, बढ्छन् र माटोमै हुर्कन्छन् । माटाका कारण पृथ्वीमा वनस्पति र प्राणाीको अस्तित्व रहेको क्षणमा म पात्र पुगेकी छन् । त्यसैक्रममा ७९ वर्षकी बुढी आमाले म पात्रलाई माइतको याद आएको कुरा बताएकी छन् । बूढीआमाले म पात्रसँगको कुराकानीमा जिन्दगीका धेरै कुराहरू वताएकी छन् । जीवन दुःख, सुख, सङ्घर्ष आदिको संगम हो । जीवनमा राम्रा नराम्रा अवस्थाहरू आउँछन् । ती अवस्थाको सामना गर्नुपर्छ भन्ने कुरा म पात्रले जीवनका बारेमा बुझेकी छन् । म पात्रले प्रकृतिमा पैयूँ फूल फुल्न विर्सदैन त्यस्तै गरेर बुढी भए पनि आफ्नो माइतीघरमा विताएका क्षणहरू विर्सन सकिँदैन भन्ने तथ्य कुरा बुझेकी छन् । प्रकृतिमा रात परेपछि काग र सारौका बथान कराएर आफ्नो बास वस्ने ठाउँ खोज्छन् त्यस्तै छोरी बुहारीले पनि दुःख परेको वेलामा आफ्ना आफन्तको याद आउँछ भन्ने कुरालाई क्षणका रूपमा प्रस्ट पारेकी छन् ।

पुलिस इस्पेक्टर पिस्तोलको खोल मात्र भिरेर म पात्रतिर आइरहेको छ । ऊ गाउँघरमा कच्ची गोरेटो उच्चताभास लुकाएर लुक्न सकिरहेको छैन् । ऊ गाउँका मानवसँग हाँस्दै वोल्दै हिड्दै छ । त्यसैक्रममा पुलिस इस्पेक्टरले म पात्रसँग हाँसेर कुराकानी गरेका छन् । पुलिसको क्रियाकलाप देखेर म पात्रमा रमाइलो क्षणमा पुगेकी छन् । पुलिस गएको ठिक विपरीत गोरेटोमा केही तरुनी केटीहरू घरतिर आउँदै थिए । त्यही वेलामा ती केटीहरू पसिनाले

ओभाएका शरीर एक किसिमले मर्काउँदै गीत गाउँदै त्यो पुलिस दाइसँग हाँसीमजाक गरेका छन् । त्यसपछि पुलिस इन्स्पेक्टरका आँखा अचानक तरुनी केटीसँग हेराहेर गरेका छन् र केटीहरू उताउलिन थाल्छन् । त्यसपछि पुलिस इन्स्पेक्टर आफ्नो हातको लट्ठीलाई रमाइलोसँग नचाउँदै ओठ टोक्छ र जुँगा मुसार्छ । यस्तो अवस्थामा म पात्र पनि रमाएकी छन् र उनी पनि माया प्रीतिको क्षणमा पुगेकी छन् । यसै वेलामा एउटी तरुनी युवतीले पुलिसलाई सङ्का गर्दै, तिमी हामीलाई मार्न आएको हो भनेर शोद्धा पुलिसले त्यसो होइन म त शान्ति सुरक्षा खटिएको छु भनेपछि म पात्रले पुलिसलाई शङ्का गरेकी छन् । शान्ति सुरक्षा दिनेकाम तरुनी युवतीहरूलाई मात्र हो भन्ने क्षणमा पुगेकी छन् । तरुनीहरूको हुलबाट एउटी सर्किनी उच्छिट्टिएर कान्लातिर आइ पुगेकी छे र हाँसेर आफ्ना कुराहरू राखेकी छे :

> “तपाईले भनेको होइन पुलिस दाइ, एउटा अर्धवैसे सर्किनी मेहनती, परिश्रमी र गरिब......... अनौठो लाग्छ अनुहार जम्मै उज्यालो ऊ हाँसीरहेकी छे । सोच्दी हो । जीवन भनेको यस्तै त हो, यति नै त हो मरेर लानु के छ र कहिलेकाही आउँछन् यस्ता रमाइला क्षणहरू हाँसिराखौं । भोको पेट वालुवा बोकेको विर्सनु छ । आङ दुखेको पचाउँछ । सर्किनी हाँस्दै बथानमा मिसिइसक्छे मेरो अन्तरमन सार्किनीलाई पछ्याइ रहन्छ । ( पृ.११३)

पुलिसले सर्किनीका कुरा सुनेपछि जीवनको दुःख र सुखका क्षणलाई सम्झिएका छन् । दुःख र सुख त जीवनका यात्री हुन् । यिनलाई स्वीकारेर अगाडि बढ्नुपर्छ भन्ने सल्ला दिएका छन् । सर्किनीले पुलिसलाई सुरक्षा भनेको पसलमा बेच्न राखेको सामान होइन, यो त अनुभूति र देखिने कुरा हो । हाम्रो समाजमा ज्यालादारी गर्न गएमा मालिकले ठग्छ, घरमा राती आराम गर्दा लोग्नेले लात हानेर जीवनभर ठगेको छ । यस्तो कुरा सुन्दा पुलिसलाई शान्तिसुरक्षाको पालना गराउन नसकेको क्षण उत्पन्न भएको छ । यस्ता कुरा सुनेपछि हाम्रो गाउँ समाजमा भएका महिलाहरूले न्याय पाएका छैनन् भन्ने क्षणमा पुलिस इन्स्पेक्टर पुगेका छन् ।

पुलिस र सर्किनीको कुराकानीबाट म पात्रको मनमा उदासिनता उत्पन्न भएको छ । शान्तिसुरक्षामा खटिएका कर्मचारीहरूले गरिब र दुःखी महिलालाई सुरक्षा दिन सकेका छैनन् । दुःख पाएका मानिसले अप्ठ्यारो परेको बोलामा पीडा सहनुपरेको छ । यस्तो अवस्थामा राज्यले सबैलाई समान रूपमा सुशासन कायम गराउन सकेको छैन भन्ने क्षणमा म पात्र पुगेकी छन् । म पात्रले देशमा भएको राष्ट्रियता, स्वतन्त्रता, सुरक्षा र विकासमा प्रहरी

प्रशासनको महत्त्वपूर्ण भूमिका हुनुपर्ने हो तर त्यो काम प्रभावकारी तरिकाले पूरा हुन सकेका छैनन् । यहाँ गाउँघरतिर गाएर जीवन बिताउने गाइनेको अवस्था पनि कमजोर भएको छ । उनीहरूले गाँस, बास र कपासका लागि मगन्ते जीवन बिताउनु परेको छ । ती गाइनेहरू विकासको पक्षमा गीत गाउँदै आफ्ना बाबुबाजेको परम्परालाई अनुकरण गर्दै लोक संस्कृतिको रक्षा गरेका छन् । उनीहरूले गीत गाएर गाइने जातिको पेशालाई बचाएका छन् । म पात्रले गाउँको एउटा विद्यार्थी पढाइ लेखाइ नगरी निधारको कपाल हल्लाएर दिन काटेको देखेकी छन् । उसको उमेरमा जवानी पसेको छ । उसलाई कुनै कुराको डरभर छैन, यस्तो अवस्थामा विद्यार्थीलाई देख्दा उनीले आफ्नो वाल्यकालको क्षणलाई सम्झेकी छन् । विद्यार्थी जीवनमा सबैले मिहिनेत गर्दैनन् । कोही राम्रो पढेर सुन्दर भविष्यको निर्माण गर्छन भने कोही हाउडे भएर जीवन बिताउँछन् । हाउडे विद्यार्थीले कक्षामा नराम्रो काम गर्ने, राजनीतिमा लाग्ने र वेलामौकामा प्रहरीको फन्दामा पनि पर्दछन् । त्यसैले संघारनेर कथामा पञ्चायत काल पछाडि र प्रजतन्त्र आगमनको क्षणलाई पात्रका माध्यमबाट व्यक्त गरिएको छ ।

### ४.३.७ 'सिटी हलको बूढा ज्यामीसँग' कथामा क्षण

सिटी हलकी बूढा ज्यामीसँग कथामा एउटा बूढा मानिसले ज्यामी काम गर्दाको क्षणलाई प्रस्ट पारिएको छ । यस कथामा म पात्रले बूढा ज्यामीको सङ्घर्षको क्षणलाई वर्णन गरेकी छन् । बूढा ज्यामीको वास्तविक नाम हर्कबहादुर हो । ऊ ६५ वर्ष पुगेको छ । उसले आफ्नो जीवन सिमेन्टी पलस्टर गरेर, घरको गारो हालेर, ईट्टा बोकेर बिताएका छन् । उसले जीवनमा धेरैवटा महल बनाए, भवन बनाए तर उसको जीवनमा केही परिवर्तन भएन । म पात्रले हर्कवहादुरको संघर्षको कथालाई देखेर उनीमा दया, मागको क्षण उत्पन्न भएको छ ।

हर्कवहादुर निमुखा, सन्तोषी, आँटिला स्वभावका ज्यामी हो । ऊ साथीहरूसँग काम गर्दा छ, सात जनाले गर्ने काम एक्लै भ्याइरहेका हुन्छ । उसले गरेको काम देखेर जवान कामदारहरू अचम्ममा पर्दछन् । त्यसैक्रममा म पात्रले हर्कबहादुर तिम्रा यी ढुङ्गा, माटोसँग चल्ने हातहरूमा अझपनि तागत लुकेको छ भन्दा ऊ आनन्द र कामप्रति सन्तुष्ट भएको क्षणमा पुगेको छ । तिमीले चाह्यौ भने यो सिटी हल भत्काएर धूलोपिठी बनाइदिन सक्छौ भन्दा बूढा ज्यामी आफ्नो कामप्रति सन्तुष्टी भएको छ । हर्कबहादुरले दिनको चार रुपियाँका दरले काम गरेर आफ्नो रोजीरोटी कमाएको देख्दा म पात्रलाई अत्यास लागेको छ । त्यसपछि

म पात्रले हर्कबहादुरप्रति दुःखको क्षणमा पुगेर उसले पसिनाको खोलो वगायो तर जीवनमा धनसम्पति भने कमाउन सकेन भन्ने सोचमा पुगेकी छन् ।

हर्कबहादुरलाई म पात्रले "तिमी त सिटी हलभन्दा कता कता अग्लो र ठूलो छौ ।" मूर्ख बूढा यो हल त तिमीले आफ्नै छातीमा जन्माएको जस्तै हो भन्दा उसलाई अनौठो लागेको छ । यी कुरा सुन्दा हर्कबहादुर लजाएर अच्चम्ममा परेको छ । चार रुपियाँ तलब खाने ज्यामीलाई देश र सरकारको सरोकार छैन् । यदि उनीहरूलाई सरोकार भएको भए त्यो भवनमा ऊ पनि वस्न पाउँथ्यो । त्यस भवनमा विभिन्न प्रकारका विदेशी सांस्कृतिक कार्यक्रमहरू देखाइन्छन् । त्यहाँ ठुलाठुला भोजभतेर र पाटी खाइन्छ तर उसले त्यहाँ चियाउन पनि पाएको छैन । त्यसैले म पात्रले बूढा ज्यामीलाई यो सिट्टी हल तिम्रो छातीमा उभिएको छ। तिमीले गरेको कामको मूल्याङ्कन भएको भए ६५ वर्ष सम्ममा उसको जीवनमा परिवर्तन आउने थियो । यसरी म पात्रले हर्कबहादुरको प्रशंसा गर्दा ऊ आनन्दित भाएको छ । बूढा ज्यामीको क्षणलाई निम्नानुसार क्षणका रूपमा प्रस्तुत गरिएको छ :

> यो सिटी हल त तिम्रो पो हो त हर्कबहादुर ज्यामी । ल ल बूढा त जिब्रो पो टोक्न थाल्यो । मैले झुट बोलेको रे ? तिमी बूढा ज्यामीलाई छकाएर म के जस पाउँछु र ? तिमीले झुटा सोचेको जति साँचा हुन् तिमीले साँचा सम्झेका जति जम्मै झुटा हुन् । हो हो  तिमी जान्ने नहौ । भो सरकारी पैसा परेको भवन हो यसमा विदेशी सहायता बढी छ । ठेकेदारले गतिलो भाग खाएको छ, इन्जिनियर र ओभरसियर मिलेर सिमेन्टी बालुवा तलमाथि गरिदिएका छन् । (पृ .११६)

वास्तवमा हर्कबहादुरले थोरै तलवमा काम गरेकाले उसको जीवनमा सुख पाएका छैन । म पात्रले सिटी हल त तिम्रो पो हो बूढ़ाभन्दा ऊ अचम्मका क्षणमा पुगेको छ । बूढा ज्यामीले राम्रो काम गरिदिएकाले ठेकेदारले गतिलो भाग खाएको छ । इन्जिनियर र ओभरसियर मिलेर सिमेन्टी, वालुवा र गिटीमा नाफा निकालेर खाएका छन् । तिमी बूढाले इमानको पसिना बगाएका छौ । यी कुरा सुन्दा हर्कबहादुर ज्यामी अचम्मको क्षणमा पुगेको छ । उसले हाकिम र ओभरसियरले अह्राएको काम मात्रै गरेको छ । ऊ इमानदार भाएकाले यसको फाइदा अरू कर्मचारीले लिएका छन् । यी सबै बूढा ज्यामीलाई भन्दा ऊ अच्चम्मको क्षणमा पुगेको छ । काम गर्दा इन्जिनियर र हाकिमहरूले दिउँसो लन्च खाँदा बूढा ज्यामीले चिसो पानी खान पनि पाएन । त्यस वेलामा उसले फोक्सोलाई असर पर्ने गरी चुरोट खाएको छ । बूढाले पसिनाको

मूल्य चुरोटमा हालेर आफ्नो स्वास्थ्य विगारेको छ । यी सबै कुरा म पात्रले बूढालाई भनेपछि ऊ दुःखी भएको छ । म पात्रले बूढा ज्यामीसँग श्रमको मूल्य चार रुपियाँको बदलामा बाह्र रुपियाँ दिए पनि तिम्रो पसिनाको मूल्य चुक्दैन किनभने यो सिङ्गो सिटी हल बनाउँदा बूढा ज्यामीको पसिनाको खोलो बगेको थियो । यसरी बूढालाई श्रमको मूल्य पुगेन, तिम्रा कारणले भवन ठडियो भन्दा ऊ अचम्मको क्षणमा पुगेको छ ।

कथाकारले बूढा ज्यामी जस्ता सोझा सिधा मानिसलाई काममा लगाउँदा उनीहरूको परिवारलाई खान लाउन पुग्ने रकम दिनुपर्छ । उनीले ज्यामी बूढाको श्रमको मूल्य बुझाउँदा अरू मजदुरका समस्याहरूलाई पनि सङ्केत गरिएका छन् । ज्यामीहरू साहुको काम गर्दा उनीहरूको गाँस, बास र कपासमा परिवर्तन आएको छैन । यस्तो अवस्था देख्दा बूढा ज्यामीहरूलाई धेरै दुःख परेको छ । उनीहरूले रोजगारीका लागि धेरै पसिना बगाएर ठेकेदार र मालिकलाई धनी बनाएका छन् । काम गर्ने ज्यामीहरूका अगाडि र पछाडि हुकुम चलाउनेहरू हिड्छन, जान्ने हुन्छन् तर बूढा ज्यामीले सहेर बसेका छन् । त्यसैक्रममा म पात्रले काम गर्ने कामदारहरूलाई सधैँभरि सहेर बस्ने होइन, वेलामौकामा आफ्ना मागहरू मालिकका अगाडि राख्नुपर्छ भन्दा बूढा ज्यामी पनि क्रान्तिकारी बन्ने क्षणमा पुगेकाछन् र सामन्ति व्यवहारको बिरोध गर्ने सोच बनाएका छन् ।

देशका ठुलाठुला भवन निर्माण गर्न गरिब मजदुरले अहोरात्र खटेर काम गरेका छन् । धनी मानिसहरूले मजदुर मानिसमाथि अन्याय र श्रम शोषण गरेका कुरालाई बूढा ज्यामीले बुझेको छ तर केही पनि परिवर्तन गर्न सकेका छैन । म पात्रले बूढा ज्यामीलाई प्रोत्साहन गर्दै तिमीले सिटीहल उभ्यायौ, नगरका चिल्ला सड़क र चल्ती पुलहरू बनायौ, महल र दरबार बनायौ तर तिमीले के तिम्रा लागि के बनायौ ? भन्दा उसले आफ्नो उपलब्धी नभएको कुरा बुझेको छ । अहोरात्र काम गर्दा गर्दा आफ्नो जमानी समाप्त भयो । उसले सडक बनाउँदा बनाउँदा सुख पाएको छैन । भवन ठड्याउँदा आफ्नो छाप्रोको फूस फेर्न पाएन । यस्तो अवस्थामा ज्यामी बूढा पुगेको देख्दा म पात्र दुःखी भएकी छन् । जीवनका महत्त्वपूर्ण क्षणहरू ज्यामी काम गरेर विताएका छन् । त्यसैले कथाकारले बूढा ज्यामी पात्रका माध्यमबाट पञ्चायत कालीन यगुमा गरिएको श्रम शोषणलाई वर्णन गरेकी छन् ।

### ४.३.८ 'वर्कसपभित्र' कथामा क्षण

कथाकार विष्णुकुमारी वाइवाले वर्कसपभित्र कथामा विग्रेका गाडी, मोटरसाइकल मर्मत गर्ने मजदुर केटाहरूको दुःख, कष्ट, वाध्यता र संघर्षको क्षणलाई वर्णन गरेकी छन् । वर्कसपमा कामगर्दा धेरै कष्ट सहनुपर्छ । त्यो कष्ट मटर चढेर हिड्नेहरूलाई थाहा हुँदैन । यस्तो जीवन देखेर वर्कसपमा काम गर्ने केटा आफूलाई नै धिर्कार्दै दुःखी भएर काम गर्दैछन् । मालिकले ओभर टायम काम गर्न लाए पनि उनीहरूको पारिश्रमिक राम्रो छैन । मालिकहरूको फुर्सदै फूर्सद तर कामदारहरूको चाहिँ काममा व्यस्थ हुँदा काम गर्ने केटा पीडाको क्षणमा पुगेका छन् । विस्तारै गाडीमुनिबाट घस्रिएर बाहिर निस्कन्छ । पेट्रोल र मोविलको गन्ध बोकेर टडकको आडमा शीतल ताप्न थाल्छन् । केटो काम गर्दागर्दै थाकेको छ उसका मनमा अनेक प्रकारका सोचाइ उत्पन्न भएका छन । यसको साक्ष्य यस प्रकारले प्रस्तुत गरिएको छ :

> "हो गया दिलमा पुर्जा पुर्जा" भन्दै क्लीनर ठिटो एक गिलास चिया बोकेर आउँछ, म गर्जिएर भन्छु, "भोलिदेखि यस वर्कसपमा चिया नपकाउलास्, कुकुरको मुत जस्तो हुन्छ चिया ।" ऊ जिल्लिएर मलाई हेर्छ त्यसपछि खिसी गरेर भन्छ, "यो मालिकको वर्कसप हो बाबु यहाँ तिम्रो हुकूम....गाह्रै पर्ला ।" (पृ .११८)

वर्कसपमा काम गर्दै गर्दा एउटा क्लीनर ठिटो हिन्दीभाषाको गीत गाउँदै चिया बोकेर आउँछ । तिमी चिया खान्छौ भन्दा त्यो केटोले रिसाएर यहाँ तिमी चिया बेच्न नआउनु, तिम्रो चिया मिठो छैन भन्दा चिया वेच्ने क्लीनरले यो पसल तिम्रो होइन, तिम्रो मालिकको हो भन्दा वर्कसपमा काम गर्ने केटो निरासाको क्षणमा पुगेको छ । काम गर्ने केटलाई थाहा छ यो मालिकको वर्कसप हो । म त नोकर हुँ भनेर दुःखी भएको अवस्था सिर्जना भएको छ । चिया बेच्ने केटो र कामगर्ने केटाको बिचको कुराकानी मालिकले आफ्नो घरको बरन्डाबाट सुनिरहेको छ । मालिक कालो चस्मा लगाएर वर्कसपतिर हेर्दा कामदारले आफ्नो काम समयमै सिध्याउनुपर्छ भन्ने सोचमा पुगेको छ । क्लीनरले कामदार केटाको गम्भीर अवस्या देखेर तिमीले श्रीमतीसँग झगडा गर्‍यौ कि के हो ? किन तिमी रिसाएको भनेर सोद्धा कामदार केटाले चिया बेच्ने केटाको हात समाएर मारपिट गर्ने क्षणमा पुगेको छ । वर्कसपमा काम गर्ने केटाको अवस्था देखेर क्लीनर हाँस्छ किनकि यो वर्कसप मालिकको हो, कामदारको होइन ।

वर्कसपमा काम गर्ने केटाहरू आफ्नो दुःखलाई विसाउन जाँड, रक्सी र चुरोट खाएका छन् । उनीहरू जहाँ खायो त्यही विहोस हुने गरी खाएर सुत्छन् । यस्तो अवस्थामा काम गर्ने केटाहरू घरको न घाटको हुने अवस्थामा पुगेकाछन् । उनीहरू वर्कसपमा काम गर्दा उनीहरू बल्टु जस्तै खिइँदै गएका छन् । उनीहरूले वर्कसपमा काम गरिदिएकाले मालिकले धेरै सम्पति जोडेको छ । यस्तो अवस्थाा देख्दा श्रम शोषण गरेर मालिक धनी भएको छ । कामदारको विशेषता खिइनु, बढ्नु, जम्मा हुनु हो । काम गर्दा कामदारको शरीरबाट धेरै पसिना बगेको छ, ओठमुख सुक्छ अनि केटाका निधारमा धेरैवटा रेखाहरू फिजाएर धोइरहेका छन् । यो कति अनौठो छ, मान्छे खिइनु, पैसा बढ्नु, बढ्दै जानु जस्ता कुरा सोच्दै केटाहरूले काम गरेका छन् । त्यसरी सोचिरहेका वेलामा वर्कसपको म्यानेजर चालै नपाई त्यहाँ आएर केटाहरूले काम गरेको हेर्छ । मालिकको सालो काम नगरी हल्लेर पाँचसय खान्छ । ऊ वर्कसपमा के कस्तो हुँदैछ भनेर पोल लगाएर पाँचसय पचाउँदा मालिकको सालोको व्यवहार देखेर काम गर्ने केटालाई घिन लागेको छ । यस्तो काम गर्नुभन्दा वर्कसपको काम गरेर खानु ठिक हो भन्ने क्षणमा पुगेका छन् ।

वर्कसपमा काम गर्ने केटाहरूले मालिकलाई देखेपछि आफ्नो काम ध्यान दिएर गर्न थाल्छन् । मोटरको मुनितिर सुतेर काम गर्नु, स्क्रु ड्राइवर, बल्टु, भोटे, क्लीनर आदि एक आपसमा सम्बन्धित भएकाछन् । काम गर्ने केटाले आफूलाई खिइए झैं लागेको छ । उसले खिइँदै काम गरी दिएकाले मालिकले अर्को टोयटा गाडी थपेको छ । त्यस गाडीभित्र मालिकको पुतलीजस्ता रङ्गिचङ्गी छोरीहरू घुम्दै छन् । यसरी कामदारले सोच्दासोच्दै उसका नौनारी गलेर आएका छन् । केटा काम गर्दागर्दै निरासाको क्षणमा पुगेका छन् । उनीहरूका हातका औलाहरूले काम गर्न छाडेका छन् । ओभर टायम काम गरेर बढी पैसा पाउँछौं भन्ने आशामा कामदारहरू काम गर्दै छन् । वर्कसपमा काम गर्ने केटाले आफ्नी श्रीमतीलाई सम्झिएका छन् । उनीहरूका मनमा अनेक प्रकारका कुराहरू खेल्न थालेका छन् । उनीहरू विस्तारै गाडीमुनिबाट बाहिर आउँछन् । टाउको दुःखेको बहाना गरेर ओझेलमा आराम गर्छन्, उनीहरूले ओभर टायम मात्र भनेर के गर्न आफ्ना चाहना, रहर र रमाइलो वातावरणको क्षणलाई मारेर काम गरेका छन् । आफ्नो रोजी रोटीका लागि मालिकको आदेश सहेर काम गर्न वाध्य भएका छन् ।

काम गर्ने केटाहरू आफ्नो काम गरिरहन्छन तर उनीहरूको मनमा धेरै प्रकारका कुराहरू खेल्छन । वर्कसपमा काम गर्नेको जीवन दुःखै दुःखले भरिएको हुन्छ । उनीहरू वर्कसपमा नठगी

आफ्नो काम गरेका छन् । काम ठग्न थालियो भने मालिकले कम्पनीबाट निकाली दिन्छ । उसले आफू र आफ्नो परिवारको पेट पाल्न अहोरात्र खट्नुपर्छ । यस्तो सोचमा परेको वेला काम गर्ने केटो चुरोट उडाउँछ र एकछिन भए पनि आफ्नो दु:ख विसाउछ । यसैक्रममा परको भव्य विल्डिगबाट मालिक्नी हेर्दै छे । ऊ गुलाबी साडी लगाएर चिटिक्क परेकी छे तर कामदारको जीवन शौलीमा परिवर्तन आएको छैन । कामदारले गर्दा मालिकले गाडी जोडे, धनसम्पति कमाए तर कामदार र चिया बेच्ने केटामा केही परिवर्तन आएको छैन् । उनीहरूले खाली पेट पाल्ने काम मात्रै गरे तर धनसम्पति कमाउन सकेनन् ।

काम गर्ने केटाले मालिकको चतुर्‍याई थाहा पाएको छ । त्यो वर्कसप पनि उसको श्रीमतीका नाममा छ । उसका छोराछोरीरूका गाडी छन् तर उनीहरूसँग केही पनि छैन । वर्कसप सुरुगर्दा मालिकसँग सानो लगानीको पसलमात्र थियो । त्यो सानो पसललाई ठुलो पार्ने काम कामदारले गरे । मालिकले त खाली आदेश मात्र दिए, त्यो आदेश मानेर कामदारले खुरुखुरु काम गरे । मालिकले धनसम्पति कमाएर सुविधा सम्पन्न जीवन बिताउन सफल भए तर कामदारले केही पनि प्रगति गर्न सकेनन् । त्यस्तो अवस्था देख्दा कामदारहरू दु:खको क्षणमा पुगेका छन् । मालिकले कामदारको श्रम शोषण गरेर सम्पन्नताको जीवन विताए तर कामदार सधैँ उदास भएर कम तलवमा काम गरेर जीवन बिताउन बाध्य भए । त्यसैले वर्गीय भेदभाव र श्रम शोषणका क्षणमा कामदारहरू पुगेका छन् । यस कथामा पञ्चायत कालीन युगको चित्रण गरिएको छ । त्यो समयमा मालिकले काम गर्ने मजदुरलाई कम तलव दिएर काम धेरै गर्न लगाउथे र आफूले मोज गर्थे भन्ने कुरालाई पञ्चायती युगका रूपमा चित्रण गरिएको छ ।

### ४.३.९ 'नैकापे सर्किनी' कथामा क्षण

नैकापे सर्किनी कथामा म पात्रले अध्ययन गरेको सर्किनीको नीरस पट्याइलाग्दो जीवनमा देखापरेको क्षणका बारेमा वर्णन गरेकी छन् । नैकापे सर्किनीको निम्ति जीवन खालि बाँच्दै जानु जबसम्म जीवन मर्दैन तबसम्म दश नङ्ग्रा, खिसाएर बाँच्नैपर्छ भन्ने क्षणमा पुगेकी छ । विहान अँध्यारैमा उठ्नु, दु:खको मानो पकाउनु, आफूमाथि आश्रित अपाङ्ग लोग्नेलाई खुवाउनु, त्यसपछि विष्णुमतीको बगरमा बालुवा झिक्न जानु, आदि काम सर्किनी को दिनचर्या हो । सर्किनीलाई गरिबीको कारण थाहा छ । आफ्नो श्रीमान्ले कमाउन सक्दैनन् ।

उनको शारीरिक अवस्था कमजोर छ तर ऊ विष्णुमतीको बगरमा गएर सङ्घर्ष गर्छे र आफ्नो जीवनलाई बचाएकी छ ।

सर्किनी विष्णुमतीमा बालुवा झिक्दा कसैसँग बोल्दिन् । ऊ काम परेको वेलामा बालुवाको अडर गर्ने साहुसँग मात्र बोल्छे । ऊ काम गर्दा, आफ्नो जीवनलाई सम्झिदै निरासाको क्षणमा पुगेकी छ । उसलाई गाँस, बास, कपासको समस्या छ । ऊ मान्छे भएर जन्मपछि बाँचुन्जेल खानैपर्छ, आफ्नो श्रीमान्लाई पनि बचाउनु नै पर्छ भनेर विष्णुमतीको बगरमा अहोरात्र काम गरेकी छ । ऊ अरू मान्छेलाई ख्याल गर्दिन, आफ्नो काम गरिरहन्छे । यसरी सधैँभरि निरासाको क्षणमा पुगेकी छ । ऊभित्र मान्छेको भाषा एक किसिमले मरिसकेको छ । उसमा मान्छेको सहानुभूति सहयोग पनि समाप्त भएको छ । आज सम्पन्न मान्छेले विपन्न मान्छेसँग बोल्न मान्दैनन्, हेयका दृष्टिकोणले हेर्छ । त्यसैक्रममा सर्किनीले जीवनमा मानमर्यादा पाउन त प्रसस्तै पैसा चाहिदो रहेछ भन्ने क्षणमा पुगेकी छ । सर्किनीको लोग्नेले शारीरक रूपमा माया पनि गर्न सक्दैन् र घृणा पनि गर्न सक्दैन । ऊ सर्किनीलाई आँखाका सहाराले अभिव्यक्ति गर्दछ । सार्कीले सर्किनीलाई कुनै सहयोग गर्नसकेको छैन । सर्किनी आफ्नो श्रीमान्को व्यवहार देखेर दुःखी भएकी छे । सार्की निर्दयी छ त्यसैले उसको विवशताप्रति सर्किनी सचेत भएकी छैन । आफ्नो श्रीमान्को कमजोर अवस्था देखेर सर्किनीलाई यौन चाहना पनि बढेको छैन ।

सर्किनी तरुनी हुँदा नै बिहे भएको थियो तर विवाह गरेको एक वर्षभित्र उसमा धेरै जिम्मेवारी थपिए । त्यसकारण सर्किनीको हर्ष, उमङ्ग र रोमाञ्चक वातावरणको क्षण उत्पन्न भएन । सर्किनीको आर्थिक अवस्था ज्यादै कम्जोर छ । उसले आफ्नो रोजीरोटीको व्यवस्था गर्न मंसिर, पुस र माघको शीत र तुषारो पनि नभनी विष्णुमतीको बगरमा काम गरेकी छ । यस्तो मौसममा अरू मानिसहरू सिरक ओढेर आराम गरेका छन् भने सर्किनीको व्याथा अर्कै छ । नैकापे सर्किनीको लुगाकपडा काम गर्दा लगाउने र घरमा वस्दा लगाउने एउटै छ । एउटै लुगा लगाउन सर्किनी वाध्य छ । नैकापे सर्किनीलाई घामको अस्तित्वप्रति शङ्का लागेको छ जस्तैः

> उसको समय अन्धकार हो । फेरि ऊ अध्यौरोदेखि नै घुडासम्म पानीमा ढुवेर बालुवा निकाल्दै, थुपार्दै गरिरहेकी छे र आफैं पनि बालुवा जस्तै निर्जीव चिसो भइसकेकी छे । त्यसैले जाडोको खुराकको ह्याङगओभर पचाई फरकको कोट लगाएर बाह्र बजेतिर

ढल्कदै आउने घामले उसलाई कतैबाट छुँदैन । उसको चिस्याइले घामलाई चुनौती दिन्छ, घाम भाग्छ हारेर । (पृ. १३८)

सर्किनीको चिसोपनलाई घामले न्यानो दिन सक्दैन । दिउँसो बाह्र बजेको घाममा ताप हुनुपर्ने थियो तर त्यो घामले पनि सार्किनीलाई न्यानो दिन सकेको छैन । त्यसैले सर्किनीको शरीरमा चिसोको मात्रा बढी छ । चिसो लाग्छ भनेर काम नगरी बस्दा उसले केही पनि खान पाउँदिन । त्यसैले सर्किनीले आफूलाई विष्णुमतीको पयार्यवाचीका रूपमा रहेकी छे । मन्दिरमा पूजा गर्ने भक्तले सर्किनीको दुःख देखेर अलिक घाम छिप्पिएर आउनु नि । यो बगरको बालुवा कहाँ जान्छ भन्दा सर्किनीले कुनै प्रतिक्रिया दिएकी छैन ।

सर्किनीले काम गर्दा गर्दै देशमा ठुलठुला परिवर्तन आए । त्यही विष्णुमतीको पुलबाट संविधान सभाको जुलुस हिडेको थियो । धिमेबाजा, व्याण्डबाजा, नारा झाँकी ओहोरदोहोर गरेका थिए । ती परिवर्तनले सर्किनीलाई केही फाइदा पुगेको थिएन । उनीले एकनासे बालुवा निकालेर गाँस, वासको व्यवस्था गर्नु थियो । उसलाई विकासको नारा र झाँकीसँग उसलाई कुनै मतलव थिएन । यसरी देशमा हर्ष, उल्लास मनाउँदा उसमा कुनै रमाइलो क्षण उत्पन्न भएको थिएन । ऊ साँझको चार वजे ऊ बालुवाका धापबाट निस्किएकी छे र फलाम जस्तो चिसो र कठोर भएर घरतिर गएकी छे । त्यसैक्रममा सर्किनी खाना खाएर सुतीरहेको वेलामा ठगी खाने भीखारी उसलाई लुट्न त्यहाँ पसेको छ । त्यही वेला उसले भाषा र शब्दसँग होइन एउटा बलिस्ट सिङ्गो लोग्ने मान्छेको शरीरसँग जुध्नुपर्ने क्षणमा पुगेकी छे । यसरी गरिब र कमजोरीलाई लुट्ने ठग फटाहाबाट बच्नुपर्छ भन्ने क्षणमा सर्किनी पुगेकी छे । त्यसैले यस कथामा सामाजिक सुरक्षाका कारण जनताले दुःख पाएको अबस्थालाई देखाइएको छ र यस्तो अवस्था पञ्चायती कालमा भएको क्षणलाई वणर्न गरिएको छ ।

### ४.३.१० 'प्रतिकूलता' कथामा क्षण

प्रतिकूलता कथामाा अनैतिक काम गरेर जेलमा परेका महिलाहरूको क्षणलाई चित्रण गरिएको छ । जेलभित्रको नरमाइलो क्षणको वर्णन मसिनी घर्ती र मिट्ठु कार्कीका माध्यमबाट व्यक्त गरिएको छ । मसिनी घर्तिनी जेलभित्र अलिकति पानी जोगाएर नुहाउने तरखर गर्दा जेलकी नाइकेनी जेलको मूल ढोकाभित्र पसेकी छे । त्यसपछि घर्तिनी डराएर एकनासले भुईतिर घोप्टेर उभिरहन्छे । यहाँ घर्तिनीले गल्ती गरेपछि डराउन वाध्य हुने क्षणमा पुगेकी

छ । त्यसैक्रममा घर्तिनीले नुहाउन खोज्दा नाइकेनीले गाली गर्दै "तेरा पातरनी, अहिले तँलाई नुहाउन लाज ! बैसचढेको वेला हाडनाता चिनिनस् । कसो सुडेनीले ठहरै मारिन, भाग्य रहेछ र जेलको भात घिच्न आइपुगिस्, धारिला हँसिया जस्ता शब्द भन्न थाली ।" यस अवस्थामा घर्तिनी आफ्नो दुःखेको घाउमा नून हालेको जस्तो क्षणमा पुगी । त्यसैक्रममा घर्तिनीले जेलमा काम गर्ने कर्मचारीको मानवता हुँदैन भन्ने क्षणमा पुगेकी छ । जेलभित्र नुहाउनु, सरसफाई गर्नु राम्रो काम हो तर जेलकी नाइकेनीलाई त्यो कुरा मन परेको छैन् । जेलभित्र गरिएको व्यवहारलाई क्षणको साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ :

> "तेरा पातरनी, अहिले तँलाई नुहाउन लाज ! बैस चढेको वेला हाडनाता चिनिनस् । कसो सुडेनीले ठहरै मारिन, भाग्य रहेछ र जेलको भात घिच्न आइपुगिस्" धारिला हँसिया जस्ता शब्दहरू सित्थैमा छर्दै नायकेनी अघि बढ्छे । (पृ .१४०)

जेलभित्रकी अर्की महिला कैदीले जेलकी नाइकेनीले गरेको क्रियाकलापलाई आफ्नो डायरीमा कैद गरेकी छन् । जेलभित्रको चर्तिकलाको सबै रिपोर्ट लेखिकी छन् र उनीलाई पनि मनमा नरमाइलो क्षण उत्पन्न भएको छ । घर्तिनीलाई नाइकेनीले गरेको व्यवहार देख्दा घर्तिनीको मनमा अनेक प्रकारका कुराहरू खेलेका छन् । नाइकेनीको व्यवहार देखेर जेलभित्रका महिलाहरू छक्क परेका छन् । महिला भएर महिलाको समस्या नबुझ्ने नाइकेनी साह्रै कठोर स्वभावकी थिई । आजभोलि जेलमा काम गर्ने महिलाहरू किन यति धेरै कठोर हुन्छन ? किन अपशब्द बोलेर अरूलाई थर्काउँछन् ? नकरात्मक प्रतिकूलताको विचार किन जेलभित्र उत्पन्न हुन्छ भन्ने कुराको क्षणमा घर्तिनी पुगेकी छे । जेलभित्र कसरी क्रूरता, असम्झौता, विकार, अमानवीयता, प्रतिशोधको भावनाले गर्दा त्यो ठाउँ नर्क हो भनेर अर्की महिलाले डायरीमा आफ्ना अनुभूतिलाई लेखेकी छन् । जलभित्रको व्यवहार देखेर कैदी महिलाहरू नर्कको क्षणमा पुगेका छन् । जेलमा त गल्ती गरेका मानिसलाई सल्ला, सुझाव र सुधारको वातावरण हुनुपर्ने हो तर यहाँ त राक्षसीपनका व्यवहार देखाइएको छ ।

जेलभित्र थुनुवा कैदीहरूले फरक प्रकारका अपराध गरेर आएका छन् । राज्यले समाजमा नराम्रो काम गर्ने मानिसलाई सुधार्न जेल निर्माण गरेका हुन तर त्यहाँ अर्कै खालको व्यवहार देखेर घर्तिनी अच्चममा परेकी छन् । यसैक्रममा गएको हप्ता एउटी बौलाहीले ईटाले हिर्काएर अर्को महिला कैदीलाई मारिदिएको भयानक घटना सबैको आँखामा झलझली ताजै छ । सबैमा सन्त्रास उत्पन्न भएका छन् । त्यसैले जेलका महिलाहरू उदास भएका छन् ।

त्यस समयमा डायरी लेख्ने मर्यादा नाम गरेकी महिलाले आज के खाने होला ? सधैँ कति जेलको खाना खानु, एसो घरको रायोको साग खान पाए पनि हुन्थ्यो । भात पकाउन बस्यो कि उसलाई आमाको सम्झना आइ हाल्थ्यो । त्यसैले मार्यादा कैदी खानाको तयारी गर्दा उसले आफ्नो घरपरिवारमा विताएका क्षणलाई सम्झेकी छे । उनीहरू जेलभित्र कैदी कैदी मिलेर भात पकाउने, दुःख सुखका कुरा गरेर जेलको जीवन विताई रहेका थिए । मसिनी घर्तीले उसकी अर्की जेलभित्र सजाय पाएकी दैतरीसँग मनको गाँठो फुकाएर किन जेलमा बस्नुपर्‍यो भन्ने क्षणमा पुगेका छन् ।

मसिनी घर्तिनीले अर्की दौतरी अपराधिनीसँग आफ्नो परिचय दिँदै आफ्नो गल्तीको कारण बताएकी छे । उसको पेटमा अवैधानिक यौनसम्पर्कका कारणले बच्चा हुर्कदै थियो । उसलाई बाँच्नुभन्दा मर्न पाए पनि हुन्थ्यो भनेर आफूले गरेको नराम्रो कामको क्षणमा पुगेकी थिई । आफ्नो दाजुले गर्भवती बनाई दिएको थियो । त्यसपछि सुडेनी लगाउँदा सानीआमाले थाहा पाएर सुनाइ दिई भनेर आफ्नो दुःखको क्षणका कुरा अर्की कैदीलाई सुनाएकी छे । यसैक्रममा अर्की कैदी मिट्ठु कार्कीले पनि जेलमा थुनिनु परेको नमिठो क्षण वताएकी छन् । गरि खाऊँ कि भनेर गाउँबाट सहर पसेकी थिइन् । त्यसको भोलिपल्ट गाउँलेहरू भेला भएर यौनधन्दा गर्न आएकी भनेर पुलिसलाई जिम्मा लगाइदिए । जेलमा परेका महिला कैदीहरूको फरक फरक क्षण रहेको छ। उनीहरू वाध्यताले गर्दा जेलमा वस्नुपरेको छ। पुलिस प्रशासनको शासनप्रति पनि उनीहरूलाई चित्त बुझेको छैन् । सत्य तथ्य कुरा नबुझी जेलमा मानिसलाई थुनेपछि समस्याको हल हुन्छ भन्ने सोचाई गलत हो भन्ने कुरा महिलाा कैदीले प्रस्ट पारेका छन् ।

मसिनी घर्तिनीले जेलमा परेका महिलाहरूको गल्ती नभए पनि सजायको भागेदारी हुँदा नमिठो क्षणामा पुगेकी छ । कोही कैदी आफ्नो जेठाजुलाई छप्काएर जेलमा परेका छन् भने कोही ठेकेदारले तलब नदिएको रिसमा ठेकेदारलाई नै मारपिट गरेर जेलमा परेका छन् । यस्तो अवस्था देख्दा मान्छेले किन अपराध गरे त । त्यसको वारेमा लेखाजोखा गरिएको छैन । यस्तो समस्या देख्दा मर्यादा कैदीले जेलभित्र पनि सत्य र तथ्य केलाउने नियम हुनुपर्छ भन्ने क्षणका पुगेकी छन् । जेलमा वेलामौकामा बाहिरबाट निरीक्षक पनि आउँछन् तर तिनीहरूले आफ्नो औपचारिकता मात्र निभाउँछन् । उनीहरूले जेलभित्र भएका नराम्रा कुरा थाहा पाउँदैनन । त्यसैक्रममा दश वर्ष पछि जेलमा थुनिएकी घर्तिनी कहाँ जान्छे ? कोसँग बस्छे ?

उसको गाउँका मान्छेले अपराधी घोषणा गरेका छन् यस्तो कुरा सोच्दा सोच्दै मर्यादा नाम गरेकी कैदीमा उराठलाग्दो क्षण उत्पन्न भएको छ । यसरी चौकीको जीवन बिताउँदा सबै कैदीहरूले नर्कको जीवन विताएको क्षणमा पुगेका छन् । त्यसैले यस कथामा राणा काल र पञ्चायतकालीन युगको चित्रण गरिएको छ ।

### ४.३.११ 'साल्गीको बलात्कृत आँसु' काथामा क्षण

साल्गीको बलात्कृत आँसु कथामा साल्गी नाम गरेकी पात्रले वेश्यालयमा विताएको क्षणको वर्णन गरिएको छ । कथाकार पारिजातले आफ्ना गाउँ ठाउँमा भएका घटनालाई विषयवस्तु बनाएर साल्गी जस्तै धेरै सोझा सिधा मानिसहरू वेश्यालयमा पुऱ्याइने गरेको घटनाको वर्णन गरेकी छन् । यस कथामा भारतको कानपुरमा अँध्यारो कोठामा बिताएको क्षणलाई वर्णन गरिएको छ । त्यहाँ एउटी तरुनी महिलाको अस्तव्यस्त लाशजस्तो शरीर कोठाको कुनामा राखिएको खाटमाथि पल्टिएको छ । लाज उदाङ्गिएको उसको शरीरलाई हेर्दा यौनका भोका पुरुषहरूले उसलाई रातभरि बलात्कार गरेर फालिदिएका छन् । कोठामा ठर्राको हलुका गन्ध रुमल्लिएको छ । ओछ्यानभरि बेलीको फूल किच्चिएर मिश्चिएर छरिएका छन् । निर्मम हत्केलाहरू निमोठिँदै फालिदिए जस्तै ठिक त्यो तरुनीको ज्यूँदो लाशजस्तै भएका छन् । त्यहाँ जोसुकै पुगे पनि नर्कको क्षणमापुगेको अनुभूति हुन्छ ।

साल्गी वेश्यालयमा सुतेको वेलामा आफ्नी जन्मदिने आमालाई देखेकी छे । लुम्री झुम्री भएकी उसकी आमा त हरियो टपरीमा भात खाइरहेकी हुन्छिन् । साल्गीका आँखामा कचल्टिएको निद्रा विउँझाई रहेको छ । सारा शरीर दुखिरहेको छ तैपनि उसलाई आफ्नो आमा र गाउँठाउँको यादले सताएको छ । वेश्यालयमा लाजसरम भन्ने कुरा केही हुँदैन । लाज त सयौंपल्ट उग्राएर सयौंपल्ट पचिसकेको छ । त्यसैले वेश्यालयमा लाजघिन भन्ने कुरो मरिसकेको हुन्छ । शरीरसँग लाजको कुनै साइनो हुँदैन भन्ने क्षणमा वेश्यालयका युवतीहरू पुगेका छन् । वेश्यालयमा राखिएको ऐना हेरेर आफूलाई निकै बीभत्स पार्दै आफ्नो अनुहार राम्रो लागेको छैन । ओठबाट भागेर लिपिस्टिक च्यूडो र गर्धन जतासुकै लतपतिएको छ । गालाको लाली बेपत्ता र गाजल आँखाबाट गालाभरि पोतिएको छ । यस्तो अवस्था देख्दा साल्गी कुरूपताको क्षणमा पुगेकी छे । त्यही वेलामा साल्गीले कानपुरबाट आफ्नो गृह जिल्लाको याद गरेकी छे । आफ्नो गाउँ सिन्धुपाल्चोकमा घाम झलमल्ल लाग्यो होला तर वेश्यालयमा घाम देख्न पाइन । गाउँमा माली गाईको बाच्छी कराएको, आमा रुँदै गाईलाई घाँस हाल्दै होलिन्, आमा चाहिँ

मनमनमा साल्गी कहाँ गई होला भनेर सोच्दै होलिन भनेर दुःखको क्षणमा साल्गी पुगेकी छे। साल्गीको नरमाइलो क्षणलाई विश्लेषण गर्न निम्नानुसारको साक्ष्यलाई चित्रण गरिएको छ :

> आमा रूँदै गाईलाई घाँस हाल्दै होली र भन्दै होली मन मनमा बुढेसकालको टेको त्यो साल्गी कहाँ गई होली, मरिसकी कि बाँचेकी होली, कुन पापीले भगायो होला त्यसलाई नजर लाउने थुप्रै थिए, फर्केर आउली कि नआउली। भीरबाट खसेर कतै मरी पो राखेकी छ कि कोही लाठेहरू लगाएर पहराउँदो खोजे होलान्, मलाई पनि, पोहोर सुन्तली हराउँदा खोजे जस्तै। सुन्तली पनि फर्केर आइन, लाश पनि पाएन। ( पृ .१५५)

साल्गीका आमाबुबामा कुन पापीले भगायो होला भनेर चिन्तित भएका छन् । साल्गीलाई नजर लगाउने थुप्रै थिए, साल्गी फर्केर आउँली कि नआउली, भीरबाट पो खसेर मरी पो राखेकी छ कि भनी लाठेहरू लगाएर पहरातिर खोजे होलान्। पोहोर साल सुन्तली हराउँदा सुन्तली पनि फर्केर आइन, लास पनि आएन भनेर आफू हराउँदा बुवाआमालाई नराम्रो असर परेको क्षणमा साल्गी पुगेकी छे। उसले वेश्यालयमा आफ्नो वाल्यकालमा बिताएका क्षणलाई सम्झिएकी छे। जन्मिदै उसको कपाल लामो लामो थियो त्यसैले उसलाई उसकी आमाले साल्गी भनेर नाम राखिदिएको रे। ऊ समयसँगै सुन्दरताले भरिपूर्ण भएकी थिई। त्यसैगरी आफ्नो आमाले मकैको जाँडमा फिर्के लाउनुभयो होला, लस्करी बाखीले कति खोजी होला भनेर सोच्दा सोच्दै साल्गीका आँखाबाट आँसु बग्न थालेका छन्। साल्गीको ज्यानमात्र वेश्यालयमा छ तर उसको मन आफ्नै गाउँको वनपाखा र घरमा पुगेको छ। त्यही वेलामा वेश्यालयकी सरदार्नीले हिन्दी भाषामा बोल्दै नुहाइधुवाई गरेर चिटिक्क परेर बस्। ग्राहकहरू आउने वेला भयो, धन्दा गर्नलाई तयारीमा बस् भनेर थर्काउँदा साल्गी मर्नु न बाँच्नुको क्षणमा पुगेकी छे। त्यहाँ साल्गीलाई सबै कुरा बिरानो लागेको छ। उसलाई त्यहाँ एकछिन पनि बस्न मन लागेको छैन। उसलाई भागेर गाउँ जाऊ त कसरी जाऊ ? यो विरानो मूलुकमा मेरो ढोका बाहिरको सडक विरानो नै भएको छ। ऊ ल्याङ्गे घर्तीको लहलहैमा लागेर यो नर्कमा आएकी थिई। ल्वाङ्गेले फकाएको, स्वार्थ राखेको कुरा उसलाई थाहा भएन। यहाँ बस्दै गर एक छिनमा आउँछु भनेर गाउँको चिनेको दाइसँग घरबाट भाग्दा साल्गीलाई आज नर्कको ठाउँमा पुगेको क्षण भएको छ।

वेश्यालयको कोठमा सरदार्नी आएर भजनसँगै तमाखुको बासना बाहिरिँदैछ । साल्गीलाई केही गर्न मन लागेको छैन । ऊ निरास आफ्ना आमाबालाई केही पो भयो कि, आमा विरामी पो पर्नुभयो कि न बालाई केही पो भयो कि भनेर सोच्दासोच्दै रोएकी छे र आफूले गरेको गल्तीको पछुतो मानेकी छे । त्यही समयमा ऊ ल्वाङ्गे घर्तीलाई फकाएर भगाउनुभन्दा अगाडिको क्षणमा पुगेर आफ्नो गाउले जीवनलाई सम्भिmएकी छे । ऊ लस्करी बाखी चराउन गाएकी थिई । त्यो बाखी मामाघरबाट पेवा ल्याइएको थियो । त्यो उसको दसैंताकाको रमाइलो क्षण थियो, घाम र भ्mयाउँकिरीको आवाजमा दसैंको बास चल्न थालिसकेको थियो । अप्ठ्यारो डिलमा उम्रेका ऐंसेलुको फेदमा लस्करी चरिरहेकी थिई । त्यसैले अलिकपर बसेर साल्गी पोल्टाबाट मकै भटमास भ्mिक्दै खाँदै थिई । उसको भावना अर्कैतिर बगिरहेका थिए । उसलाई विवाहका लागि माग्न आउने थुप्रै भइसकेका थिए तैपनि उसका बाआमाले उसलाई उसकै मामाको छोरोसँग विवाह गरिदिने तयारी गरेका थिए । यसरी आफ्नो विवाह हुने कुरा सम्भmेर साल्गी वेश्यालयमा जिउँदो लास भएर बाँच्न बाध्य भएकी छे ।

गाउँघरमा रातदिन गर्दै हुर्केकी साल्गीलाई ल्वाङ्गेको आँखा लाग्यो । ल्वाङगेले साल्गीलाई सहरमा लगेर पैसा कमाउलिस, सुख पाउलिस भनेर फकाइ फुल्याई गरेर वेश्यलयमा पुऱ्याएको थियो । त्यसपछि साल्गीले गाउँका दाजुभाइ भनेर विस्वास गरिहाल्नु हुँदैन । तिनहरूको मानवताभित्र दानवता लुकेको हुँदोरहेछ भन्ने क्षणमा पुगेकी छे । उसले ल्लाङ्गेसँग गाउँ छाड्नुभन्दा पहिला आमाबालाई सोधेकी भए यस्तो नर्कको ठाउँमा आउनुपर्ने थिएन । उसले वेश्यालयमा असङ्ख्य आँसु बगाएकी छे । त्यहाँ पवित्र आत्माहरूले बिना अपराध आजीवन कारावासको सजाय पाएका छन् । सोभ्mा र सिधा महिलाहरूले सधैं मानसिक र शारीरिक यतना पाएका छन् । साल्गीजस्तै कौमार्यहरूको रगतले सिंगारिएको कोठाहरूमा विसङ्गत क्षणहरू रहेका छन् । ती पवित्र आत्माहरू सिफिलिस, तिरस्कार, मूल्यहीन मृत्यु र बेवारिस लास भएर जीवनको टुङ्गो लाउन वाध्य हुनुपर्ने क्षणमा साल्गी पुगेकी छे । पञ्चायतकालीन युगमा चेलीबेटी बेचबिखनका घटनाहरू घटेका थिए । गाउँघरका सोभ्mासिधा महिललाई फकाइ फुलाइ गरेर, कानुनलाई छलेर अनैतिक काम गर्दथे । त्यसैले यस कथामा बेस्यलयमा समय बिताएकी साल्गीको नरमाइलो क्षण चित्रण गरिएको छ ।

### ४.३.१२ 'वर्षा ऋतु' कथामा क्षण

वर्षा ऋतु कथामा कथाकार पारिजातले वर्षायामको क्षणमा महिलाहरूले गरेको कामको वर्णन गरेकी छन् । महिलाहरू वर्षा ऋतुमा अहोरात्र खटेर खेतीपातीको काम गर्छन । यहाँ म पात्रले बाफ्मो छोपिएका खेतका कुनामा एउटा स्वास्नी मान्छेको आकृति देखेकी छन् । उनीको चोलीभित्रको भित्री भाग, मैलो फाटेको गुन्यू, ठूटो पारी छाडेको रातो रिबन, हेयरव्यान्ड शैलीमा वाधिएको छ । कहिले ती स्वास्नी मानिसको हातमा हसिया छिटोछिटो सल्बलाई रहेको छ र कहिले टोलाएर बसिरहेकी हुन्छे भने कहिले चिसै घाँसमाथि निदाइरहेकी हुन्छे । म पात्रले ती स्वास्नी मान्छेको दुःखको क्षणलाई नजिकबाट नियालेकी छन् । ती स्वास्नी मान्छे केहिले रोइरहेकी हुन्छे र सान्नानीले सम्झाइ रहेकी हुन्छिन् । यसरी एउटा महिलालाई दुःख पर्दा अर्को महिलाले सहयोग गर्नु मानिसहरूको मेलमिलापको क्षण हो । ती स्वास्नी मानिसको भाषा बुझ्दैन । इसाराको भरमा के भनेकी हुन भनेर सान्नानीले सम्झाएकी छन् ।

वर्षा ऋतुमा असारको पन्ध्र आफूसँग उन्माद र खुशियाली बोकेर आएको छ । त्यो क्षणमा रमझम हुन्छ, चाहे भकारी रित्तै होस् चाहे चामलको भाउ जति बढोस् गाउँका मानिसमा आनन्दको क्षणमा पुगेका हुन्छन् । त्यस क्षणमा स्वास्नी मानिस सिमसिम पानी परेको वेलामा इन्द्रेणी लागे पनि त्यही सयपत्री हलीहकको भ्याङनेरै नाच्दै बसेकी छ । उसलाई त्यहाँ आनन्दको अनुभूति भएको छ । ती स्वास्नी मानिसलाई अरू महिलाले लाटी ठानेका थिए तर सद्दे रहिछ भन्ने क्षणमा पुगेका छन् । उसको नाच असाध्यै छरितो छ, त्यो नृत्य हेर्न पश्चिमतिरबाट झ्याल खोलेर एउटी किसोरी देखापरेकी छे । त्यो किसोरी आनन्दको क्षणमा पुगेर गजल गाउन थाल्छे । सान्नानी र त्यो किशोरीको मनमा कौतुहलता उत्पन्न भएको छ । ती स्वास्नी मानिसको क्रियाकलाप देखेर उसका बारेमा बुझ्न खोजिएको छ । ती स्वास्नी मानिसको नाम कान्छी र ऊ दनुवार जातकी रहिछ । ऊ हाँस्दा उनीहरूलाई नयाँ क्षणको अनुभूति भएको छ । त्यो हाँसो मात्र हाँसो थियो, त्यो हाँसोमा हर्ष, रमाइलो, सौन्दर्यको अभिव्यक्ति थिएन । कालो रोगन, थेप्चो नाक, चिम्से आँखा देख्दा ती स्वास्नी मानिसमा अरूलाई आकर्षण गर्ने शक्ति थिएन । तिनको शारीरिक अवस्था हेर्दा अरू मानिस दयालाग्दो क्षणमा पुगेका छन् । स्वस्नी मान्छेको क्षणलाई यस प्रकारले प्रस्तुत गरिएको छ :

> साँझ पर्छ । ऊ घाँसको भारी बोकेर हिड्छे । गोरेटोतिरबाट असारे गीत ठोकिँदै मेरो कोठासम्म आइसहेको छ । एउटा जिज्ञास छ, सुत्न मान्दैन मनभित्र सान्नानीलाई

बोलाउन पठाउँछु, र कुराकानी गर्नथाल्छु । आफ्नो कुरालाई सक्दो लामो पारामा भन्ने सान्नानीको त्यस अज्ञात घँसेनी बारेको कथनबाट म एउटा सानो निचोड कथा झिक्छु । कुनै खास कथा छैन उसको औसत कथा हो यतातिरको सुनिसुनाउ । व्याथा सुनिसकेपछि आफैसँग प्रश्न गर्छु के स्वास्नीमान्छेलाई रूपवती हुनु आवश्यक छ ? (पृ .१६९)

वर्षा ऋतुमा स्वास्नी मानिसले घाँस काटेर दिन बिताउने काम गरेकी छन् । म पात्रले ती स्वास्नी मानिसको क्रियाकलाप नजिकबाट ख्याल गरेकी थिइन् । अस्ति टोल्हाउने, हिजो रुने, आज हास्ने अनि नाच्ने मनस्थितिमा रहेकी छन् । यसरी उसको क्रियाकलाप देखेर म पात्रले प्रश्न शोध्न सकेकी छैनन् । ती स्वास्नी मानिस दिनभरि घाँस काटेर गोरेटोतिरबाट असारे गीत गाउँदै घरतिर गएकी छन् । त्यसैक्रममा म पात्रको मनमा जिज्ञासा भएको छ र सान्नानीसँग कुराकानी गरेकी छन् । के स्वास्नी मान्छेलाई रूपमति हुन आवश्यक छैन ? स्वास्नी मान्छे भनेर सिगारिएको डोकोको पनि बजार छ । छोराछोरी भएन, लोग्नेले सौता हाल्यो, सौताले छोरा छोरी पाई दिएपछि लोग्ने मर्‍यो । ऊ घरबाट निकालिई, आमाबाबु कोही छैनन् । यस्तो अवस्था पुग्दा म पात्र स्वास्नी मानिसको जीवन प्रति दुःखको क्षणमा पुगेकी छन् ।

स्वास्नी मान्छेले आफ्नो ज्यान पाल्न एउटा बाहुनका घरमा गोठाल्नी भएर बसेकी छ । उसले काम थुप्रै गुर्नपर्छ तर पारिश्रम भने गतिलो छैन । यसरी स्वास्नी मानिसको दिनचर्याले म पात्रलाई दुःखी बनाएको छ । ऊ सिमसिमे पानी परिरहेको वेलामा घाँस काटिरहेकी छ । त्यसलाई कुनै वास्था छैन । ऊ रातदिन काम गरेर आफ्नो जीवन मात्र बचाएकी छे । यस्तो अवस्था देखेर म पात्रलाई माया लागेको छ । उसको जीवनमा सुख होस् भन्नका लागि अर्को राम्रो ठाउँमा काम लगाइदिन पाए भन्ने क्षणमा पुगेकी छन् । म पात्रले ती मानिसलाई अर्को ठाउँमा काम गरेर अलिक धेरै पैसा कमाउँछौ भनेर शोद्धा ऊ एकसुरले आफ्नो काम गरिरहन्छे । म पात्रको सोचाइअनुसार स्वास्नी मानिसले काम गर्न मान्दिनन् । स्वास्नी मान्छेमा आजभोलि परिवर्तन देखिएको छ । ऊ खिस्स खिस्स हास्दिन् । ऊ पक्कै केही कुरा गर्न बोलाएको भनेर शान्त मुद्रामा छे । म पात्रले उसको तलवका बारेमा कुरा गर्दा राम्रो तलब नभएको कुरा वताउँछे । अर्को ठाउँमा काम गर्न जाऊ, राम्रो पैसा पाउँछौ भन्दा ऊ अन्योलको क्षणमा पुगेकी छे । बाहुनले खान लाउन दिएर काम गर्न राखेका

रहेछन् । त्यसैक्रममा ती स्वास्नी मान्छेलाई केही प्रश्न गर्दा उनीमा चेतनाको विकास नभएको क्षणमा म पात्र पुगेकी छन् । उनीलाई वाहुनका घरबाट अन्य ठाउँमा काम गर्न मन लागेको छैन । स्वास्नी मानिसलाई एउटा सिपाहीले विहे गरेर लैजान्छु भनेको रहेछ त्यसैकारणले तिनीले बाहुनका घरमा काम गरेकी रहिछन् । उनी सोझी छन, सिपाहीले भनेका कुराहरू पत्याएर त्यहाँ बसेकी रहिछिन् । त्यसैक्रममा म पात्रले एकल महिलालाई कसैले विवाह गर्छ भनेर वचन दिए भने उनीहरूले सजिलै विश्वास गर्छन भन्ने क्षणमा पुगेकी छिन् ।

स्वास्नी मानिसको चाहना सिपाहीसँग घरजम गरेर बस्ने रहेको छ। त्यसपछि म पात्रले गरिब दुःखीलाई राम्रोठाउँमा काम गर्ने अवसर मिलाइदिन खोज्दा त्यो अवसरको वास्था गर्दैनन् र आफ्नै निर्णयमा अडिक हुने अवस्थालाई देखाइएको छ । यसरी म पात्र र स्वास्नी मानिसले कुराकानी गरेको दिनदेखि घाँस काट्न आइनन् । त्यसपछि म पात्र मौन बस्छिन् र सान्नानीले गोठाल्नीका बारेमा हिजो अब उप्रान्त म यहाँ घाँस काट्न आउने छैन । अर्को घरको आइमाइले पाटनतिर भगाइ दिन्छु भनेकी थिई रे । यो कुरा सुनेपछि म पात्रलाई डर लागेको छ । म पात्रलाई हिजोसम्म कही पनि जान्न भनेको मान्छे आज नहुँदा उनी यो जमानामा कसैको भर पर्नु हुँदैन भनेर ती स्वास्नी मानिसप्रति चिन्तित भएकी छन् । म पात्र कतै उनलाई फकाइ फुल्याइ गरेर चेलीबेटी बेचविखनको सिकारमा पो परिन कि भन्ने क्षणमा पुगेकी छन् । यसरी एउटी महिलाको सङ्घर्षका कथालाई क्षणका रूपमा देखाइएको छ । यस कथामा राणाकालीन र पञ्चायत कालीन समयमा भएको बहुविवाहको कारणले उत्पन्न समस्यालाई देखाइएको छ । त्यो समयमा बहुविवाह प्रथा कायमै थियो त्यसैले बुहारीले छोराछोरी नपाएमा दोस्रो विवाह गर्नुपरेको क्षणलाई चित्रण गरिएको छ ।

### ४.३.१३ 'नाटकको चौथो' चरण कथामा क्षण

नाटकको चौथो चरण कथामा कथाकार पारिजातले नैनबहादुरले आफ्नी श्रीमतीलाई उपचार गर्दाको क्षणलाई वर्णन गरेकी छन् । नैनबहादुर अर्थिक रूपले विपन्न छ । उसको घरमा खानलाउनको समस्या छ । उसको परिवारलाई पालनपोषण गर्न धौधौ परेको छ । ऊ रातदिन काम गरेर रोजीरोटीको व्यवस्था गर्छ । यसरी सङ्घर्ष गर्दै अगाडि बढ्दा उसकी श्रीमती विरामी भई । आफ्नो घरवरिपरि राम्रा अस्पताल नभएकाले नैनबहादुरले उपचार गर्नलाई काठमाडौँ ल्याउने अवस्थामा पुगेको छ । विरामी श्रीमतीलाई अस्पताल पुऱ्याएपछि खानेकुराको चाजोपाजो मिल्दैन भनेर दही च्यूरा र आलुको तरकारी खुवाउन खोज्यो तर

उसकी श्रीमतीले केही पनि खान नसक्ने क्षणमा पुगेकी थिई । विरामीले च्यापेपछि ऊ पहेंली र ख्याउटी भएकी स्वास्नी मान्छे जो दोहोरो सास फेरिरहेकी छे तर उसलाई बाँच्छु जस्तो लागेको छैन । ऊ निराशाको क्षणमा पुगेकी छे । यसै वेलामा उसका आँखा धमिला हुँदै थिए । हिजोसम्म दाउरा घाँस गरेकी मान्छे अहिले चाहिँ के भयो यसलाई भन्दै सोच्दै थिए । त्यसपछि नैनले जसरी भएपनि अस्पताल पुऱ्याउनुपर्छ । अस्पतालमा उपचार सजिलै हुन्छ । यदि केही आपत आइपऱ्यो भने देशमा सरकार छ नि भन्ने क्षणमा पुगेर उसले अस्पतालमा ल्याएको छ ।

नैनबहादुरले बिरक्तिएर देउराली चुरोट धितमर्नै गरी तान्यो त्यसपछि उसकी श्रीमतीले पनि तानी । चुरोट खाएपछि उसले एक दुई पटक खोकी । उसले खोक्दा खकारमा रगत देखापऱ्यो । त्यसपछि उसकी श्रीमती चुरोट कहिल्यै नखाने क्षणमा पुगेकी छे । नैनबहादुरले हिड्डुल गर्न नसक्ने श्रीमतीलाई बोकेर काठमाडौँको वीर अस्पतालमा ल्यायो । उसले त्यो अस्पताललाई भगवानको रूपमा हेरेको थियो । त्यहाँ त विरामीहरूको भिड हुँदो रहेछ । एउटा मानिएले अर्को मानिसको समस्यालाई नबुझ्ने रहेछन् । त्यहाँ भएको घटना र संवादलाई यसरी बर्णन गरिएको छ :

> नैनले केही सुझाब, केही आदेश, कही प्रश्न र केही हप्की धप्की निकै कड़कदार भाषामा सुन्दै गयो । एउटा कोठाबाट घोक्रे ठ्याक पनि खायो । यहाँ होइन, उत्ता लग... । यता कता ल्याएको उत्ता....उता....जाँच्ने ठाउँ यही होइन त्यहाँ ए ! आफ्नो विरामीलाई मात्र यतिका लामो ठाउँमा सुताएर..... खैउठाएर राख हाम्रो विरामी पनि वस्नुपर्छ । (पृ.११३)

अस्पतालमा भएको छिछी र दुरदुरको व्यवहारले उसलाई दिक्क लगेको थियो । अस्पतालभित्र पनि उसले भेदभावको व्यवहार देख्यो । उसले के रोग लागेको हो ? कुन दवाई खाने हो भन्ने कुराको र सुझाव राम्रोसँग पाएन । ऊ चिन्तित भएर त्यहाँ टिभी रोग लागेको मान्छेलाई जाँचिँदैन, टेकु अस्पताल लैजाऊ भनेपछि नैनले आफ्नी श्रीमतीलाई टिभी रोग लागेको कुरा थाहा पायो । त्यसपछि उसले श्रीमतीलाई बचाउन सकिन्छ कि भनेर टेकु अस्पताल पुऱ्यायो । ऊ त्यहाँ पुगेर आफूलाई अन्योलको क्षणमा फस्दै गएको अनुभव गऱ्यो । यस्तो दुःख परेको वेलामा सरकारको सहयोग पाइन्छ । अस्पतालमा डाक्टरले राम्रोसँग उपचार

गर्छन भन्ने ठानेको थियो तर उसले कसैबाट सहयोग पाएन । टेकु अस्पतालमा पनि उसले डाक्टर भेट्न पाएन् । त्यसपछि उसले अस्पताल र सरकारको वास्तविक कुरो बुझेको छ ।

नैनकी श्रीमतीको मुखबाट रगत आउँदै थियो । डाक्टरहरूले छातीको एक्सरे खिच्न उसलाई चेष्ट क्लिनिकमा पठाए । त्यसपछि नैनबहादुर बिरामी श्रीमती भएको ठाउँमा आयो । त्यहाँ उसकी श्रीमती ओइलिएको सागको मुठा जस्तो चिसो भएकी थिई त्यसपछि नैनवहादुरलाई वास्तविकताले एकै छिनमा नै परिपक्क बनाई दिएको थियो । आफ्नी श्रीमतीको यस्तो अवस्था देख्दा नैन दुःखको क्षणमा पुगेको थियो । हिजोसम्म यो स्वास्नीमान्छे मर्ली जस्ती थिइन तर आज उसको मृत्यु भयो । त्यसपछि अस्पतालको प्रशासनले मृत्यु शरीरलाई त्यहाँ राख्न सकेन । ऊ वाध्य भएर सागको मुठोजस्तो शरीरलाई बोकेर वाहिर सडकमा आयो । त्यसपछि सडकपेटीको एकातिर लास विसाएर रिक्सा बोलाउन हिड्यो । उसले मृत्यु शरीरलाई सिन्धुपाल्चोकमा नै पुऱ्याएर दाहसंस्कार गर्न खोजेको थियो तर ऊसँग पैसाको अभाव थियो । पुलिस प्रशासनले त्यो लासलाई लिएर गयो । त्यसपछि नैनबहादुर दुःखी भएर यो सहरमा मानवता हराएछ, सरकार हराएछ अनि सिङ्गो विश्वास नै समाप्त भएको क्षणमा पुगेको छ । सडकमा मानिसको लाश देखेपछि पुलिस प्रशासनले सहयोग गर्नुपर्ने हो तर पुलिसले नै अन्यायमा पारेको छ । उसले आज सरकार चिन्यो, सहरका स्वार्थी मानिस चिन्यो अनि आफ्नो अभावका कारण श्रीमतीको लाशलाई दाह संस्कार गर्न नपाएको अवस्थालाई बुझेको छ ।

राज्यले गरेको नराम्रो व्यवहारका कारण नैनबहादुर अत्यन्तै दुःखको क्षणमा पुगेको छ । उसलाई लाग्यो, ऊ एकदमै एक्लो छ त्यसैले ऊ हुलबाट विस्तारै बाहिर निस्कियो । जीवनमा पहिलोपल्ट नैनले आज उसको स्वास्नीलाई चिनेन, उसको तीनवटा लालाबालकी आमालाई तर उसले आज महत्त्वपूर्ण वस्तुलाई चिन्यो । उसले आज सरकार चिन्यो, गरिबको सरकार भेट्यो, सरकार उसको हातमै आयो । उसले चिप्ला कुरा गर्दा हाँस्ने जिल्लाका माननीयलाई चिन्यो । अन्त्यमा भीडबाट पलायन भएको नैनले बाह्रविसे जाने बसमा चढ्यो र आफ्ना तिता क्षणहरू यस प्रकारले भन्दै गयो, “किस्नेकी आमा, मान्छेको आत्मा हुन्छ भन्ने सुनेको थिएँ । तैले मेरो दुःख देखी हालिस्, तेरो ज्यानलाई सध्ये बनाएर ल्याउन सकिन । तर मैले सरकार र सहरका मान्छे सबै सबै चिनें । के म सितिमिति विर्सन सक्छु र मेरो मुटुमा किला गाडेको दिन भनेर अब म एक्लै बाँच्नु छ” भन्ने क्षणमा नैनबहादुर पुगेको छ । यस

कथामा कथाकारले वि.स.२०४७ सालको प्रजतन्त्रको क्षणलाई चित्रण गरेकी छन् । बिरामी परेकी स्वास्नीलाई काठमाडौँमा ल्याएर उपचार गराएको छ । नैनले उपचार गराउँदा समस्या परेमा आफूले भोट दिएर जिताएको सांसदले सहयोग गर्छन भन्ने आशमा नैनबहादुरले विरामी स्वास्नीलाई अस्पतालमा पुऱ्याएको क्षणका बारेमा वर्णन गरिएको छ ।

### ४.३.१४ 'वधशाला जाँदा आउँदा' कथामा क्षण

वधशाला जाँदा आउँदा कथामा पारिजातले म पात्रका माध्यमबाट आफ्ना युगमा देखेका भोगेका क्षणलाई वर्णन गरेकी छन् । म पात्र आफ्नो कार्यालय जाँदै गर्दा एउटा परिचित अनुहारलाई देखेकी छिन् । त्यो अनुहार बाटामा जाँदा, आउँदा कतै न कतै देखेकी थिइन् । त्यो मान्छेले पारिजातलाई एउटा मोडमा भेटेको थियो । त्यो मान्छेले पाहिलादेखि अहिलेसम्म त्यही एउटा कोट, मयलपोस र सुरुवाल लाएको थियो । म पात्रले तीन वर्षदेखि एउटै पहिरन र अवस्थामा यो मान्छेलाई बाटामा देख्दा उनको आर्थिक अवस्था कम्जोर भएको क्षणमा पुगेकी छिन् । आफूले पनि तीन वर्षदेखि आजसम्म एउटा स्वीटर लगाएको र त्यही स्वीटर विस्तारै विस्तारै खुइलिएर गएको कुरा स्वीकार्दै, लुकाउँदै त्यो मान्छेलाई केही कुरा भनेकी छन् ।

परिचित मान्छेलाई म पात्रले पहिला तपाई खाली खुट्टा हिड्नुहुन्थ्यो र आज चप्पलमा लगाउन सक्नुभएछ । म चाहिँ पहिल्यैबाट चप्पल लगाउ थिए र आज आएर कार्यलय जानसक्ने भएको छु भन्दा त्यो मान्छेले आफूले प्रगति गर्न नसकेको क्षणमा पुगेको छ । तीन वर्षको अन्तरालमा उसको जीवनमा कुनै परिवर्तन आएको छैन् । म पात्रमा पनि खसै परिवर्तन आएको छैन् । त्यसैले तिमी र मेरो अवस्था एउटै हो भन्ने कुरालाई प्रस्ट पारेकी छन् । म पात्रले आफ्नो स्मरणमा आएका कुराहरू त्यस परिचितसँग व्यक्त गर्दै छन् । म पात्रका यस्ता कुरा सुनेर ऊ अवाक भयो । उसको जीवनमा प्रगति गर्न नसकेको क्षणका बारेमा उसलाई दुःख पनि लागको छ । त्यस दिन उसले म पात्रलाई “ए हजुर यता सुन्नुस त बाट नै आफ्नो सम्बोधन सुरु गरेको थियो । त्यो वेलामा देखेको परिचित अनुहारको नाम चन्द्रधर उपाध्याय थियो र उनको घर पूर्व कोशीपारि थियो ।

चन्द्रधर उपाध्याय सहरतिर सामान किन्न आएका थिए, बाटामै उनको भरिया हरायो । त्यसपछि उनीसँग भएको दुई चार पैसा पनि सिद्धिएको थियो । त्यसपछि उसलाई मागेर खान पनि लाज लाग्यो । त्यसैक्रममा म पात्रलाई भलादमी जस्तो देखेर दुई, चार रुपियाँ सहयोग

मागेर घर जान चाहेको थियो । त्यही वेलामा म पात्रले भुइँतिर हेरेर विचार गरी पाँच रूपियाँ सहयोग गरेकी थिइन् त्यसपछि म पात्र र चन्द्रधर उपाध्यको भेटघाट र कुराकानीको क्षण समाप्त भएको छ । त्यसैक्रममा म पात्र आफ्नो बाटो लागिन् र विभिन्न प्रकारका कुराहरू सोच्न थालेकी छन् । त्यो परिचित मान्छे तीन वर्ष अगाडिदेखि नै पेसेवर थियो । आज यसलाई व्यापारको सिलसिलामा काठमाडौँको हावाले जितेछ । उसले व्यापार गरेर कमाएको पैसाले आफ्ना लालाबाला पाल्न सकेको छैन । त्यो व्यपारीको दिनचर्या देख्दा म पात्र उदेक लाग्ने क्षणमा पुगेकी छन् । व्यापारमा कहिले कमाई राम्रो हुन्छ र कहिले हुँदैन । त्यस्तै गरेर काठमाडौँमा विभिन्न प्रकारका व्यापार व्यवसायहरू रहेका छन् । म पात्रको कार्यलयमा पनि पदअनुसार विभिन्न प्रकारका कर्मचारीहरू छन् । उनीहरूको स्थान फरक फरक छ, उनीहरूले आफ्नो काम गरेर दिनचर्या बिताएका छन् । म पात्र पनि कार्यलयमा जान्छिन् काम गर्छिन् र विगत तीन वर्षभरिमा उनको जीवनमा कुनै परिवर्तन आएको छैन । म पात्रको छोरो रोगी छ, सधैं पहेलो र ख्याउटे छ । उनीले आफू बस्ने डेरा जमाना हेरी सस्तोमा पाएकी छन् । घरबेटीलाई कहिलेकाही खुसी पारिदिनुपर्छ, वढी सहीदिन पर्छ, त्यसैले उनले पाएको तलब घरबहाल र रोगी छोरोको उपचार गर्दै उनले खुइलिएको स्वेटर परिवर्तन गर्न सकेकी छैनन् । यस कथामा भएको क्षणलाई निम्नानुसार साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ :

> प्रायः एक्लै हिँड्छु, बानी भनौं । यसरी एक्लै हिँड्दै कहिलेकाहीँ म सम्भावित तर निकै डरलाग्दा कुराहरू सोच्ने गर्छु । यदि डाक्टरले तेरी छोरीलाई ब्लड क्यान्सर हुन्छ भनी दिए, म रातारात छोरीलाई विदेश पुऱ्याउन सक्दिनँ, जसरी यहाँका पहुँचवालाहरूले पुऱ्याउने गर्छन्, जसरी पहुँचवालाहरूले रगत साटेर आफ्ना छोराहरूलाई बचाउने गर्छन मलाई पनि त्यसरी छोरा बचाउने चाहना हुन्छ । मायाको हिसाब एउटै हो । (पृ .२४६)

पारिजातले आफूले भोगेको समस्यालाई समाधान गर्न कार्यलयबाट पाएको तलवले पूरा नहुने क्षणमा पुगेकी छिन् । उनी कार्यालयम जाँदा डरलाग्दो कुरा सोचेक छन् । यदि डाक्टरले तेरो छोरालाई ब्लड क्यान्सर भयो भनेर भन्यो भने उनी रातारात छोरालाई विदेशमा पुऱ्याएर उपचार गर्न सक्दिनन् तर यहाँका पहुँच वालाहरूले रगत साटेर आफ्ना छोरालाई बचाएका छन् । आमाबाका लागि छोरा छोरीको माया बराबरी हो, चाहे त्यो धनी होस् वा गरिब होस । त्यसैगरी म पात्रको आफ्नो जागिरबाट आएको आम्दानीले सबै कुरा पूरा गर्न सकेकी छैनन् ।

जीवनलाई सहज रूपमा हरेकी छैनन, उनीले पहुँचवाला र सामान्य कर्मचारी भएको जीवन स्तरको क्षणलाई चित्रण गरेकी छन् । उनी कार्यलयबाट घर फर्कदा दुई वर्षअघि भेटेको एक जना गरिब पहाडिया मान्छेले अचानक बाटो छेक्यो । उसले आफ्नी सुत्केरी स्वास्नी विचेत भएर वागमती पाटीमा राखको छु, ओड्ने, ओछ्याउने केही पनि छैन, मुखमा माड हाल्ने पैसा पनि छैन भनेर रोएर विन्ती गऱ्यो । त्यो वेलामा म पात्रको गोजीमा सहयोग गर्ने पैसा थिएन । उनीले सहयोग गर्न नपाएकोमा धेरै दुःखी भइन् । यसरी पारिजातले कार्यलयमा जाँदा आउँदा अनेक प्रकारका क्षणलाई आफ्नो संस्मरणका रूपमा व्यक्त गरेकी छन् ।

पारिजात सधैं आफ्नो कार्यलयमा जान्छिन्, त्यहाँ गएर जनताका काम गर्छिन् । काम गर्दा उनी त्यो कार्यलयलाई मान्छेको भावनाको बधशाला हो, नभए पनि समय बिताउने यन्त्रशाला हो भन्ने क्षणमा पुगेकी छन् । यहाँ कुर्सीहरूको आफ्नो आफ्नो तह छ, अरू ठाउँ जस्तै र म पात्रको पनि एउटा निश्चित कुर्सी छ, त्यो दर्ताफाटमा छ । उनी त्यहाँ प्रत्यक्ष जनतासँग सम्पर्कमा हुन्छिन् र आफ्नो काम गर्छिन् । काम गर्दा एकै तरिकाले गरिरहनुपर्छ । त्यसैक्रममा उनले साथीको घडी हेर्दा साडे दश बजेको थियो । त्यो वेलामा एउटा निलो ट्र्याक सुट लगाएको एउटा अनुहार त्यहाँ आइपुग्छ । त्यो मान्छेले म पात्रलाई एउटा फाइल दर्ता गर्ने अनुरोध गरेको छ र दर्ता फाइललाई अगाडि वढाउन के गर्नुपर्छ कति पैसाको पर्छ, भनेर त्यो काम चाडो गराउन चाहेको छ । त्यसपछि उसले घुस खुवाएर भए पनि काम गराउन खोजेको छ । त्यो कुरा सुनेर उनीमा एक प्रकारको डर र त्रास उत्पन्न भएको छ र आफू त्यस्तो पैसाको कारोबार गर्ने कर्मचारी होइन भनेर पठाउँछिन् । त्यसपछि निलो ट्र्याक लगाएको मानिसले अरू कर्मचारीलाई पैसा दिएर काम गराउँछ । त्यसैक्रममा कार्यलयको समय सकिएपछि म पात्रले खल्ती छाम्छिन् र शङ्का उपसाङ्काले ग्रस्त हुँदै एक पल्ट घर सम्झिन्छिन् । छोरोलाई बदाम लैजाऊ र रायोको साग लैजाऊ तर उनीसँग पैसा हुँदैन । त्यही वेलामा पैसा दिएर काम लगाउने मानिसलाई सम्झिएकी छन् ।

कथाकारले कार्यलयमा काम गरेको समयलाई वधशालासँग तुलना गरेकी छन् । उनीले कार्यलय र घर जाने र आउने क्रममा धेरै कुरा देखेकी छन् । त्यसैक्रममा सडक पेटीमा केही युवाहरू वसपार्क, ड्राईभर, खलासी र टिकट काउन्टरका बारेमा कुरा गर्दै छन् । तिनीहरू बेरोजगारी छन् । उनीहरूले रोजगार खोजेर आफ्नो आम्दानी स्रोत वढाउन चाहेका छन् । ती

कुरा सुनेर उनीमा एक प्रकारको सकारात्मक क्षण उत्पन्न भएको छ । त्यसैक्रममा म पात्रमा आफूसँग जागिरबाट दुईचार पैसा आउँछ र परिवारसँग दुःख सुख गरेर बसेकी छु भन्ने क्षणमा पुगेकी छन् । यो समय पञ्चायत कालीन समय हो । पञ्चायती युगमा मानिसहरू गाउँबाट सहरमा आएर सामान लाने, जागिर खोज्ने र आफ्नो जीविकोपार्जन गर्ने गर्थे । त्यही कुरालाई कथाकारले क्षणका रूपमा चित्रण गरेकी छन् ।

### ४.३.१५ 'शकुन्तलाको चिन्तन' कथामा क्षण

शकुन्तलाको चिन्तन कथामा शकुन्तलाको परिवारलाई मालिकले दिएको चिसो छिडीमा विताएको क्षणलाई कथाकारले वर्णन गरेकी छन् । शकुन्तला र उसको श्रीमान् हरिप्रसाद न्यौपानेको सङ्घर्षले एउटा सामन्ती युगको चित्रणलाई देखाइएको छ । शकुन्तला चिसो छिडीमा आफ्नो छोरोसँग समय बिताएकी छे भने उसको श्रीमान् हाकिमलाई रिझाएर दुई, चार पैसा कमाउँछन् । हाकिमको चाकडी गरेर पैसा कमाउँदा शकुन्तलालाई नरमाइलो लागेको छ । हाकिमले जे भने पनि हुन्छ हजुर भनेर आज्ञाकारी हुँदा हरिप्रसादको घरमा कुनै परिवर्तन आएको छैन । हाकिमको घरमा काम गरेर हाकिम र हाकिमनीलाई खुसी पारेको दिन हरिप्रसाद रक्सी खाएर घरमा गएका छन् । ऊ घरमा जाँदा उसकी श्रीमतीले खाना पकाएर पर्खिरहेकी हुन्छे । आफ्नो श्रीमान् समयमा खाना खान नआई पुग्दा शकुन्तलालाई नराम्रो लागेको छ । शकुन्तला भोक लागेको वेलामा पनि खाना नखाएर हाकिमको चाकडी गर्नु ठिक हैन भन्ने क्षणमा पुगेकी छ ।

हरिप्रसाद हाकिमको घरमा बिहानदेखि राती नौ बजेसम्म चाकडी गरेर घरमा पुग्दा सकुन्तला दुःखी भएकी छ । उनीहरू बसेको ठाउँमा भर्खर वस्ती बसेको छ । रात हुने वित्तिकै चकमन्न हुन्छ । अरू मानिसहरूसँग त्यहाँ राम्रो चिनजान छैन । यस्तो अवस्था देखेर शकुन्तलाको निधारमा गाँठो पर्न थाल्छ । यस्तो चकमन्न रात परेका वेलामा त आफ्नो श्रीमान्सँग वार्तालाप गर्ने हो भनेर सोच्न थालेकी छे । ऊसँग हाकिमको देखभेट भएको छैन तर हाकिमनीले भने सोझो मुखले हेरेकी छैन । हाकिमहरू किन रक्सी खान्छन् । हाकिमनीले हेपेर ए बाहुन आज तेरी दुलहीलाई भनी दे है कपडा धुननाई भनेर आदेश दिएकी छ । त्यतिमात्र होइन भान्साका सामान झिकेर धोइदियोस् है भनेर पनि आदेश दिएकी छे । यसरी उच्च वर्गले निम्न वर्गलाई हेपेर गरेको व्यवहारले सामन्ती युगको अवस्थालाई देखाइएको छ । केही समयपछाडि शकुन्तलाले हाकिमनीको घरधन्दा गरिदिन गएकी छ । त्यस वेलादेखि उसले

राम्रो व्यवहार पाएकी छैन् । आफ्नो जीवन निर्वाह गर्न शकुन्तलाले अनेक प्रकारका दुःखका क्षण व्यहोर्नु परेको छ । कुनै हाकिमले चाहिँ काम गर्ने मानिसलाई सहयोग गर्छन् भने कसैले चाँहि छिछी र दुरदुर गर्दछन् ।

शकुन्तला मालिकलाई चिया पुऱ्याउन जान्ने किनभने त्यो मालिकको हेराइमा स्वार्थ लुकेको छ । सर्पको खुट्टा सर्पले देख्छ भनेझैं मालिक्नीले तेरो मालिकको नियत ठिक छैन भन्दा ऊ झसङ्ग भएकी छे । यसरी हाकिमको बानी व्यवहार हाकिमनीले भनेपछि शकुन्तला हाकिमको घरमा सुनसान भएको वेला पस्न डराएकी छे । धनी मानिसले आफ्नो रूप रङ स्वार्थअनुसार परिवर्तन गर्छन् भन्ने क्षणमा पुगेर शकुन्तला होसियारीका साथ काम गर्न थालेकी छ । हाकिमनीले हाकिमलाई खुसी पार्न नसक्नु, आफू सिगारपटार गरेर गफ लाउनु, धनाढ्यहरूको कम्जोरी हो भन्ने कुरा शकुन्तलाले सोचेकी छन् । यसरी साहुनीले भनेका कुरा सोच्दा सोच्दै उसको श्रीमान् घरभित्र दालमोठको एउटा पोको ल्याएर पसेको छ । दिनभरि चाकडी गरेर दालमोठको पोको मात्रै ल्याउँदा शकुन्तलाले उसको श्रीमान्लाई व्याङ्ग्य गरेकी छे । शकुन्तलाको व्यवहार देखेर उसको श्रीमान्ले विभिन्न प्रश्नहरू सोध्न थालेका छन् । श्रीमतीले पनि सत्यतथ्य कुरा गरेपछि उसको श्रीमान् न्यौपानेले व्याकुल आँखाले हेरेको छ । ऊ श्रीमतीलाई सम्झाउँदै विवाद नगर थाकेको छु भन्दै भात खाइसकेर चुरोट खाएर छोराको छेउमा गएर सुतेको छ । शकुन्तला भने ऊन केलाउन बस्छे र मालिकको आदेशको प्रतीक्षा गर्छे । ए न्यौपाने चनाखो भएर निदा है भनेर आदेश आउँदा उनीहरूले मालिकको काठपात र डण्डीको सुरक्षा गर्नुपर्ने भएको छ । त्यसपछि शकुन्तुलाले रातीको समयमा पनि मालिकको आदेश मान्नुपर्दा दुःखको क्षणमा पुगेकी छन् । शकुन्तलाको दुःखको क्षणलाई यस प्रकारले साक्ष्यका माध्यमबाट प्रस्ट पारिएको छ :

> शकुन्तला भन्छे, "के यहाँ हामी एकजाना सुत्ने एकजना जागाराम बस्ने, के वेलामा आएका हौं ? तपाईलाई थाहा छ, यी हाकिमनीले कुकुर ठानेकी छन्, कुकुर । सधैं राति राति ए बाहुन चनाखा भएर निदा है भन्नुपर्छ । कुकुरको जात मात्रै चनाखो भएर निदाउन सक्छ । निदाइराखेको वेला चोर आए भने कुकुरले तुरुन्त चाल पाउँछ अनि भुक्छ । के हामी कुकुर हौं, यहाँ भुक्न आएको ? यस्तो चिसो छिँडीमा के होला यो सानेको हाल ?" (पृ . २५२)

शकुन्तलाले जीवन एक्लै जिउनका लागि माकुरालाई जालो लाउन कसले सिकायो ? पुतलीलाई कसले बाँच्न सिकायो ? यसरी सोच्दा सोच्दै अब एक्लै दुःख गर्ने मालिकको आदेश नमान्ने क्षणमा पुगेकी छिन् । उनी आत्मकेन्द्रित भएर आफैँसँग विभिन्न प्रकारको कुराहरू सोच्न थाल्छे । हाकिमको घरमा सरेको पनि सात, आठ महिना भयो । हाकिमको घरको पनि ख्याल गर र डेरा पनि बस भनेर बस्न दिएका थिए । अर्काको घरमा बस्दा खटनमा वस्नुपर्छ । हाकिमनीले घरको काम र भान्साको काम गर्न सितैमा लगाउँछिन् । उनीहरूले काम लगाएपछि दाम दिनुपर्ने हो तर किन हेप्छन् भनेर गम्भीर अवस्थामा शकुन्तला पुगेकी छ । उनीले सानेका बालाई नै नराम्रो देख्न थालेकी छन् । हाकिमको मात्र आदेश मान्ने हो, हाकिमनीको होइन् । उनीहरूले जेजे भने पनि काम गर्नु तर दामको कुरा पनि गर्नुपर्छ र सधैँभरि चाकडी मात्रै गरेर पुग्दैन । उनीले मिठो खाने, राम्रो लाउने सोच पनि राख्नुपर्छ भन्ने कुरा व्यक्त गरेकी छिन् । त्यसपछि लोग्नेले सबैको लागि दुःख गरेको हुँ । आफ्नो आर्थिक अवस्था कम्जोर छ, गाँस, वास र कपासको ठेगना छैन । अरूको आदेश मान्नैपर्छ भन्दा शकुन्तला पनि दुःखी भएर लोग्नेलाई माया गरेकी छन् । शकुन्तला रातको समयमा पनि एकजना सुत्ने अर्को जना उठ्ने गरेका छन् । हाकिमले सुत्ने वेलामा चनाखो भएर सुत भन्नुको अर्थ हामीलाई कुकुरले जस्तै रेखदेख गर भनेको होइन ? के हामी कुकुर हो भुक्न आएको ? भन्दा लोग्नेको मनमा नरमाइलो क्षण उत्पन्न भएको छ । त्यसपछि लोग्नेले शकुन्तलालाई जसोतसो सहेर दिन काट्नपर्छु भनेर सम्झाएको छ ।

हाकिमले हरिप्रसादलाई काम लगाउन विभिन्न प्रकारका आस्वासन देखाएका छ । त्यो आस्वासनको बारेमा शकुन्तलाले थाहा पाएपछि बुढेसकालमा एसएलसी पास गरिस् भने जागिर बढाइदिन्छु भनेको कुरा झुट्टा हो भनेकी छ । त्यसपछि शकुन्तलाले भनेको कुरा हरिप्रसादले पत्याएका छन् । यस कथामा हाकिम र हाकिमनीले गरिब हरिप्रसाद न्यौपनिमाथि गरेको व्यवहारलाई क्षणका रूपमा प्रस्तुत गरिएको छ । धनी मानिसले गरिब मानिसलाई थोरै तलवमा काम गर्न लगाएर उनीहरूको श्रम शोषण गरेका छन् । गारिब मानिसलाई दुःख कष्ट दिएर बाँच्न वाध्य बनाउँछन् त्यसैले यस कथामा पञ्चायती युगमा घटेका घटनालाई विषय वस्तु बनाएर चित्रण गरिएको छ ।

## ४.४ निष्कर्ष

यस परिच्छेदमा पारिजातका कथामा क्षणको अध्ययन गरिएको छ । अध्ययनका क्रममा हिप्पोलाइट तेनले प्रस्तुत गरेका क्षणगत मान्यतालाई विश्लेषणको मूल आधार बनाइएको छ । पारिजातका कथामा आफ्नो युगमा घटेका घटना, आफूले देखेका र भोगेका अनुभवलाई क्षणका केन्द्रमा राखिएको छ । लेखक बाँचेको युग, राज्यको नीतिनियम र जनताले भोगेको क्षणलाई प्रस्तुत गरिएको छ । पारिजातले आफ्नो समाजमा घटेका घटनालाई समेटेर क्षणका रूपमा वर्णन गरिएको छ ।

प्रस्तुत अध्ययनमा राणाकालीन समय, पञ्चायती युग र त्यसपछि प्रजातन्त्र आएको समयलाई क्षणका माध्यमबाट वर्णन गरिएको छ । लेखकले देखेको र भोगेको अनुभूतिलाई कथामा प्रस्तुत गरेर सामन्ती सत्ता र त्यस सत्ताका कारण परिवर्तन आएको क्षणलाई पात्रका माध्यमबाट चित्रण गरिएको छ । उनका कथामा नेपाली समाजमा जीवन निर्वाह गर्न कठिन भएको, भौगोलिक कारणले गर्दा दुःख भोग्नुपरेको, बेरोजगारीले सामाजिक समस्या उत्पन्न गरेको अवस्थालाई क्षणका माध्यमबाट प्रस्ट पारिएको छ । युवायुवतीहरू रोजगारिको लागि भारतमा जाने र त्यहाँ बस्थाको नरमाइलो क्षणलाई कथामा व्यक्त गरिएको छ । सामाजिक समस्याका कारण चेलीबेटी बेचबिखन र सामन्ती वर्गको अत्यचारलाई पात्रका माध्यमबाट निरङ्कुस युगको पनि चित्रण गरिएको छ । समाजमा भएका धनी र गरिब मानिसका बिचमा भएका भेदभावका कारणले उत्पन्न नरमाइलो क्षणलाई पात्रका माध्यमबाट व्यक्त गरिएको छ । लेखकले सामाजिक अन्धविस्वासबाट र रूढीबादीले ग्रसित समाजको नरमाइलो क्षणका उदाहरण वर्षा ऋतु कथामा प्रस्तुत गरिएको छ । झरी, बादल, दुःखसुख नभनी अर्काको घरमा काम गरेर बस्दा पाएको पीडालाई दुःखको क्षणका रूपमा लिइएको छ । एक उडान कथामा पाइलटले एयर होस्टेजको अस्मितामाथि खेलबाड गरे पनि केही बोल्न नसकी नरमाइलो क्षणको अनुभूति एयर होस्टेजले गरेकी छन् । लेखकले कथामा मानवता नभएका मानिसहरूले नारीहरूलाई पीडा दिने, यौनशोषण गर्ने र घृणा गर्ने पञ्चायत कलीन युगका बारेमा चित्रण गरेकी छन् ।

सामन्ती सत्ताका कारण धनी मानिसले गरिब मानिसमाथि दुर्व्यवहार, छुवाछुत र भेदभावका कारण मानिसको जीवनमा ठुलो समस्या आएको कुरालाई व्यक्त गरिएको छ । राज्यमा भएको राजनैतिक, सामाजिक र सांस्कृतिक भेदभावलाई क्षणका रूपमा विश्लेषण

गरिएको छ । राजा महाराजाहरूले ठुलालाई चैन र सानालाई ऐनको मान्यता लागू गराएका थिए । देशमा शिक्षादीक्षाको अभावले उत्पन्न समस्यालाई पनि लेखकले कृतिमा क्षणका रूपमा प्रस्तुत गरेकी छन् । हिमाल, पहाड र तराईका ग्रामीण र सहरी भेगमा घटेका घटनालाई क्षणका रूपमा प्रस्तुत गरिएको छ ।

# पाचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१. सारांश

शोध प्रबन्धको पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ। यस परिच्छेदमा शोधविषयको परिचय, समस्या कथन, अध्ययनको उद्देश्य पूर्वकार्यको समीक्षा शोधको औचित्य, महत्त्व र उपयोगिता, शोधको सीमाङ्कन, शोधविधि, सैद्धान्तिक रूपरेखा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा उपर्युक्त शीर्षकभित्र रहेका विषयका बारेमा व्याख्या गरिएको छ । यस अन्तर्गत विषय परिचयमा शीर्षकलाई पूर्वकार्यको समीक्षा र पूर्वाध्यानका आधारमा विशिष्टकृत गरिएको कुरा प्रस्ट पारिएको छ। त्यस्तै समस्या कथनमा शीर्षक र पूर्वकार्यका आधारमा मुख्य समस्या र त्यससँग सम्बन्धित शोध प्रश्नहरूको निर्माण गरी शोध समस्यालाई स्पष्ट पारिएको छ । शोधको उद्देश्य अन्तर्गत शोधप्रश्नहरूलाई शोधको उद्देश्यका रूपमा रूपान्तरण गरिएको छ। यस परिच्छेदमा शोधको औचित्य, महत्त्व र उपयोगिता स्थापित गरिएको छ भने शोधको सीमालाई स्पष्ट पारी सामग्री सङ्कलन कार्य र विधि तथा विश्लेषणको ढाँचा र सैद्धान्तिक प्रारूप बारे प्रस्ट पारिएको छ।

प्रस्तुत शोधकार्यको दोस्रो परिच्छेदमा पारिजातका कथामा प्रयुक्त प्रजातिसम्बन्धी अध्ययन गरी विश्लेषण गरिएको छ । यसमा विषयप्रवेश, सैद्धान्तिक मान्यता, पारिजातका कथामा रहेका प्रजातिको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा प्रत्येक कथालाई उपशीर्षक मानी पाठका दृष्टान्त उल्लेख गर्दै प्रजातिको समाधान गरिएको छ। यस परिच्छेदको अन्त्यमा निष्कर्ष दिइएको छ । यसको निष्कर्षमा पारिजतका कथामा प्रजातिको अवस्था कस्तो छ भन्ने देखाइएको छ।

यस शोधको तेस्रो परिच्छेदमा पारिजातका कथामा प्रयुक्त पर्यावरणसम्बन्धी अध्ययन गरी विश्लेषण गरिएको छ । यसमा विषयप्रवेश, सैद्धान्तिक मान्यता, पारिजातका कथामा रहेका पर्यावरणको विश्लेषण गरिएको छ। यसरी विश्लेषण गर्दा प्रत्येक कथालाई उपशीर्षक मानी पाठका दृष्टान्त उल्लेख गर्दै पर्यावरणको अवस्था कस्तो रहेको छ भनी समाधान गरिएको छ । यस परिच्छेदको अन्त्यमा निष्कर्ष दिइएको । यसको निष्कर्षमा पारिजातका कथामा पर्यावरण कस्तो छ भन्ने देखाइएको छ।

प्रस्तुत शोधको चौथो परिच्छेदमा पारिजातका कथामा प्रयुक्त क्षणका बारेमा अध्ययन गरी विश्लेषण गरिएको छ । यसमा विषयप्रवेश, सैद्धान्तिक मान्यता, पारिजातका कथामा रहेका क्षणको विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा प्रत्येक कथालाई उपशीर्षक मानी पाठका आधारमा उल्लेख गर्दै क्षणको समाधान गरिएको छ । यस परिच्छेदको अन्त्यमा निष्कर्ष दिइएको छ । निष्कर्षमा पारिजातका कथामा क्षणको अवस्था कस्तो छ भन्ने जिज्ञासाको उत्तर खोजिएको छ ।

## ५.२ निष्कर्ष

पारिजातका कथाको प्रजाति, पर्यावरण र क्षण शीर्षकको प्रस्तुत अध्ययनको दोस्रो, तेस्रो र चौथो परिच्छेदमा पारिजातका १५वटा कथालाई हिप्पोलाइट तेनको सिद्धान्तका आधारमा अध्ययन गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(१) पारिजातका कथामा प्रजाति के कस्तो रहेको छ भन्ने शोध समस्याको समाधान यस अध्ययनको दोस्रो परिच्छेदमा गरिएको छ । यसबाट प्राप्त समाधानलाई निष्कर्षका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) पारिजातका कथामा नेपालमा रहेका आर्य प्रजातिलाई भन्दा मङ्गोल जातिको प्रजातिगत विशेषतालाई केन्द्रमा राखिएको छ ।

(ख) मङ्गोल जातिका अनुवांशिक गुण, प्रजातिगत संस्कृति र लेखकीय प्रजातिको प्रभाव कृतिमा परेको देखिन्छ ।

(ग) मङ्गोल र आर्य प्रजातिका मानिसहरू आफ्नो आफ्नो धर्म, संकृति र जीवनशैलीमा रमाएको पाइन्छ ।

(घ) मङ्गोल प्रजातिका मानिसहरू नेपालको शान्तिसुरक्षा कायम गर्न र देशमा सुशासन कायम गर्न अगाडि बढेको पाइन्छ ।

प्रजातिगत आधारमा पारिजातका कथालाई हेर्दा अधिकांश कथामा विभिन्न जातजातिका मानिसहरू मिलेर बसेको देखिन्छ । उनका कथामा मङ्गोल इतर जातिको उपस्थिति रहेको देखिए पनि प्रस्तुत अध्ययनबाट ती जातिलाई स्थापना गर्ने प्रयास नभएको पाइन्छ । आफ्ना पुर्खौली पेसालाई स्वीकार गरी जीवन बिताएको देखिन्छ र आफ्नो वंशानुगत गुणका कारण आफ्नो संस्कार र सभ्यतामा रमाएको पाइन्छ ।

(२) पारिजातका कथामा पर्यावरणको प्रयोग कसरी गरिएको छ भन्ने शोध प्रश्नको समाधान यस अध्ययनको तेस्रो परिच्छेदमा गरिएको छ । यसबाट निस्किएको निष्कर्ष निम्नानुसार रहेका छन् :

(क) नेपालमा भएका मानिसहरू ग्रामीण क्षेत्रबाट सहर बजारमा बसेर सङ्घर्ष गरेको पर्यावरणलाई केन्द्रमा राखिएको पाइन्छ ।

(ख) पारिजातका कथामा भएका प्राकृतिक, सामाजिक र परिवेशले निर्मित मानव मनोविज्ञानलाई चित्रण गरेको देखिन्छ ।

(ग) राणकालीन र पञ्चायती व्यवस्थाले पारेको राजनैतिक, सामाजिक र आर्थिक पर्यावरणलाई सूक्ष्म रूपमा प्रभाव पारेको पाइन्छ ।

(घ) जीवन बिताउँदै अगाडि बढ्दा मानव जीवनमा आएका सङ्घर्षलाई परिवेशले निर्मित मानव मनोविज्ञानका रूपमा प्रस्तुत गरेको देखिन्छ ।

पर्यावरणका आधारमा पारिजातका कथालाई हेर्दा अधिकांश कथामा ग्रामीण भेगबाट सहरतर्फ काम गरेर सुख खोज्न आएको देखिन्छ । शिक्षा, रोजगार, सेवा र सुविधा गाउँमा भन्दा सहरमा राम्रो भएकाले गाउँका हुनेखाने मानिसहरू सहरतिर आकर्षित भएका छन् । हाम्रो देशमा भएको प्राकृति पर्यावरणले गर्दा मानिसहरू सुखको खोजीमा लालाहित भएको पाइन्छ । गाउँ र सहरमा भएको सेवा र सुविधाले गर्दा मानिसहरूको चालचलन र जीवनशैलीले गर्दा फरक फरक प्रकारको व्यवहार देखिन्छ । सामाजिक पर्यावरणका कारण समाजमा आफ्नो इज्जत र प्रतिष्ठा उच्च राख्न वर्गअनुसारको व्यवहार गरेको पाइन्छ । राजनैतिक, आर्थिक र सामाजिक पर्यावरणका कारण मानिसमा चेतनाको स्तरमा पनि परिवर्तन आएको छ । जीवन बिताउने क्रममा नेपालीहरू एकआपसमा मेलमिलाप गरेर बसेको पर्यावरणका बारेमा वर्णन गरिएको छ ।

(३) पारिजातका कथामा क्षणको प्रयोग के कस्तो रहेको छ भन्ने समस्याको समाधान यस अध्ययनको चौथो परिच्छेदमा गरिएको छ । यस अध्ययनबाट निस्किएको निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) पारिजातले आफ्नो युगमा घटेका घटना, देखेका भोगेका व्यवहार र अनुभवलाई प्रस्तुत गरेको देखिन्छ ।

(ख) राणाकालीन र पञ्चायती शासनले पारेको प्रभावलाई क्षणका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ ।

(ग) राजनीतिक परिवर्तन भए पनि जनताको जीवनमा कुनै पनि परिवर्तन नआएको अवस्थालाई क्षणका माध्यमबाट चित्रण गरेको देखिन्छ ।

(घ) समाजमा भएको अन्धविश्वास, छुवाछुत, वर्गीय व्यवाहारले पारेको असरलाई क्षणका रूपमा प्रस्तुत गरेको देखिन्छ ।

समाजका उच्च वर्गका मानिसले निम्न वर्गका मानिसमाथि श्रमशोषण गरेर नरमाइलो क्षण उत्पन्न्न भएको कुरालाई प्रस्तुत गरिएको छ । देशमा राजनीतिक परिवर्तन आए पनि जनताले कुनै पनि सेवा र सुविधा नपाएकोले जनतामा नरमाइलो क्षण उत्पन्न भएको कुरालाई चित्रण गरिएको छ । गाउँमा भएका मानिसलाई सहरमा जागिर लगाइदिन्छु भन्दै वेश्यालयमा नेपाली बेचिनुपरेको क्षणलाई देखाइएको छ । बिरामी परेका गाउँका मानिस सहरमा उपचार गर्दा दु:ख पाउनुपरेको र सरकारका कर्मचारीले दुर्व्यवहार गरेकाले देशमा प्रजातन्त्र आए पनि सुशासन कायम हुन नसकेको क्षणलाई कथामा प्रस्तुत गरिएको छ ।

# सन्दर्भ सामग्रीसूची

अधिकारी, ज्ञानु (२०७५), 'सडक र प्रतिभा कथासङ्ग्रहका कथामा विङ्गति बोध', *भृकुटी* भाग २२, मङ्सिर, पृ.३८०-३८६ ।

एटम, नेत्र (२०६८), 'पर्यावरणीय समालोचना', *रत्न बृहत नेपाली समालोचना सैद्धान्तिक खण्ड* (सम्पा).राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम) काठमाडौँ : रत्नपुस्तक भण्डार ।

कक्षपति, सावित्री (२०७५), 'आदिम देश : सवैको कथा', *भृकुटी,* वर्ष २२, पृ. २९८-३०१ ।

कार्की, अम्भुवानी (२०५२), 'पारिजातको कथाकारिता', अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, त्रि.वि, कीर्तिपुर ।

कोइराला, कुमारप्रसाद (२०५८), *नेपाली आख्यानको अध्ययन,* काठमाडौँ : वाणी प्रकाशन ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना, अनेक रूप अनेक पठन,* ललितपुर : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (सम्पा). (२०५४), *नेपाली कथा,* काठमाडौँ : नवीन प्रकाशन ।

गौतम, दीपक (२०६३), *समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृतिहरू,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, विश्वविद्यालय कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

घिमिरे, कृष्णप्रसाद (२०५७), 'पारिजातको कथाकारिता र सडक र प्रतिभा कथाको विश्लेषण' *गरिमा,* २१०:१८/६ (पृ. ५०-५७) ।

घिमिरे, कृष्णप्रसाद र ज्ञवाली, रामप्रसाद (२०६४), *पारिजातको आख्यानकारिता,* दो.सं. काठमाडौँ : हजुरको प्रकाशन ।

चापागाई, निनु (२०६०), *संस्कृति र सांस्कृतिक रूपान्तरण,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

जैन, निर्मला (सन् १९९२) *साहित्यका समाजशास्त्रीय चिन्तन,* हिन्दीमाध्यम कार्यान्वयन निर्देशालय : दिल्ली विश्वविद्यालय ।

ढकाल, विप्लब (२०५५), *नेपाली साहित्यमा नारीलेखन, परम्परा र आधुनिकता उत्कृष्ट रचनाहरू,* काठमाडौँ : बगर फाउन्डेसन नेपाल ।

त्रिपाठी, वासुदेव (२०५१), पारिजातले सिर्जेको साहित्यिक शिखर शृङ्खला : एक चर्चा, पारिजात स्मृति ग्रन्थ , काठमाडौँ : पारिजात स्मृतिकेन्द्र ।

त्रिपाठी, सुधा (२०५७), 'महिला कथाकार र महिला' *सुनकोशी, वर्ष* ४, पृ.२०-२२ ।

त्रिपाठी, वासुदेव (२०५८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* भाग २, पुल्चोक : साझ प्रकाशन ।

दाहाल, खेमराज (२०५८), *आधुनिक नेपाली उपन्यासको समाजशास्त्रको अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि.,कीर्तिपुर : नेपाली कैन्द्रीय विभाग ।

दोषी, शम्भुलाल (सन् १९८०), *समाजशास्त्र सिद्धान्त और विश्लेषण, आगरा* : रामप्रसाद एन्ड सन्स ।

पाण्डेय, मेनेजर (सन् १९८९), *साहित्य के समाजशास्त्रकी भूमिका,* चन्दिगढ : हरियाणा साहित्यिक अकादमी ।

पाण्डेय, ताराकान्त (२०६९), 'साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन,' *मिर्मिरे,* (६/३), पृ.१८-२५ ।

पौडेल, गोपीन्द्रकुमार (२०६२), *प्रगतिवादी नेपाली कथाका प्रवृत्तिहरू,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय : नेपाली केन्द्रीय विभाग ।

बराल, कृष्णहरि, एटम नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०५९), 'नैकापे सर्किनी कथाको वहुसंस्कृति विश्लेषण', *वाङ्मय* , ११, पृ.२२-२७ ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोर्डन बुक्स ।

लुइटेल, गोविन्दप्रसाद(२०७७ ), *पारिजातका कथामा समख्यानात्मक सङ्केन्द्र* , अप्रकाशित लघु अनुसन्धान त्रि.वि. शिक्षाध्यक्षको कार्यलय, कीर्तिपुर ।

वाइवा, विष्णुकुमारी (२०५४), *पारिजातका सङ्कलित रचनाहरू,* सिक्किम : निर्माण प्रकाशन ।

शर्मा, सुकुम (२०७५), पारिजातको साहित्यिक जीवनी, *भृकुटी* भाग २२, मङ्सिर, पृ.२३-२६ ।

श्रेष्ठ, दयाराम (सम्पा). (२०६०), *नेपाली कथा भाग-४,* दो.सं., काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३), *सृजना विधाका परिधिमा पारिजात, वाराणसी* : भूमि प्रकाशन ।

Barker, C. (2004) , *The SAGE dictionary of cultural studies.* London: SAGE Publications. Learing.

Joe, R.F. & Clairece B.F. (1966) *Racial and ethnic relation* (5th Edi.) New Geordia: Prentice Hall.

Nayar, P.K. (2010), *Contemporary literary and cultural theory from structuralism to ecocriticism*. Dellhi, Chennai, Chandigud. Pearson.

Soper, K. (1995), *what is nature? culture politics and the non- Human* . Oxford and massacusetts. wiley Black well.

Taine, H. (1906) *History of English liturature*. London: The Gebbi Publishion Co. Limited.